महालेखापरीक्षकको आठौं वार्षिक प्रतिवेदन

२०८३


गण्डकी प्रदेश



महालेखापरीक्षकको कार्यालय
अनामनगर, काठमाडौं
नेपाल

महालेखापरीक्षकको
आठौँ वार्षिक प्रतिवेदन
२०८३

गण्डकी प्रदेश



महालेखापरीक्षकको कार्यालय
अनामनगर, काठमाडौँ
नेपाल

दूरदृष्टि (VISION)



जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)



स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)



स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

नेपालका महालेखापरीक्षक

अनामनगर, काठमाडौं, नेपाल
पोष्ट, बक्स नं. १३३२८

पत्र संङ्ख्या : २०८२।८३

च.नं.: ८०

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

विषय : वार्षिक प्रतिवेदन।

माननीय प्रदेश प्रमुखज्यू,
प्रदेश प्रमुखको कार्यालय,
गण्डकी प्रदेश, पोखरा, कास्की।

नेपालको संविधानको धारा २४१ बमोजिम गण्डकी प्रदेशको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ को उपधारा (३) बमोजिम वार्षिक प्रतिवेदन पेस गरेको छु।

भवदीय,

(तोयम राया)
महालेखापरीक्षक


२०८३ साल जेठ १ गते, शुक्रवार
नेपाल सम्वत् ११४६

फोन नम्बर : ०१-५९१९१६३, ईमेलः oagnep@ntc.net.np/ag@oagnep.gov.np, वेबसाइटः www.oag.gov.np

विषय-सूची

परिच्छेद	शीर्षक	पृष्ठ
महालेखापरीक्षकको भनाइ		
लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति		
एकीकृत वित्तीय विवरणमा राय		
परिच्छेद १	**लेखापरीक्षण गरिएका निकायको विवरण.....**	१
परिच्छेद २	**लेखापरीक्षणबाट देखिएका बेरुजु स्थिति.....**	५
परिच्छेद ३	**लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश.....**	९
	खण्ड-१: मन्त्रालय र निकायगत बेहोरा	
	१. प्रदेश सभा सचिवालय	१७
	२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१८
	३. आर्थिक मामिला मन्त्रालय	२४
	४. ऊर्जा, जलस्रोत `तथा खानेपानी मन्त्रालय.....	३९
	५. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय.....	४७
	६. कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय.....	६०
	७. भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय	६९
	८. सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय.....	८२
	९. प्रदेश नीति तथा योजना आयोग.....	९३
	१०. प्रदेश लोक सेवा आयोग.....	९८
	११. मुख्य न्यायाधिवक्ताको कार्यालय.....	१००
	खण्ड-२: स्थानीय तह.....	१०३
परिच्छेद ४	**लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति.....**	१०९
परिच्छेद ५	**भविष्यमा गर्नुपर्ने सुधार.....**	१११
	अनुसूचीहरू.....	११५

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ र लेखापरीक्षण ऐन, २०७५ मा सङ्घ, प्रदेश र स्थानीय तहका सरकारी कार्यालय तथा सरकारको पूर्ण स्वामित्वमा रहेका सङ्गठित संस्था वा निकायको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण गरिने उल्लेख छ। नेपालको संविधानको धारा २९४(३) र लेखापरीक्षण ऐन, २०७५ को दफा १९(४) मा महालेखापरीक्षकले प्रदेश प्रमुखसमक्ष वार्षिक प्रतिवेदन पेस गर्न सक्ने व्यवस्था रहेको छ।

प्रचलित कानुन एवं लेखापरीक्षण मानदण्ड, मार्गदर्शन, विषयगत लेखापरीक्षण निर्देशिका, वार्षिक लेखापरीक्षण योजना २०८२, लेखापरीक्षण नीति तथा वार्षिक कार्यतालिका २०८२।८३ तथा सार्वजनिक क्षेत्रको लेखापरीक्षणमा अवलम्बन गरिएका अन्तर्राष्ट्रिय असल अभ्यासका आधारमा गण्डकी प्रदेशका निकाय तथा कार्यालयहरूको आर्थिक वर्ष २०८१।८२ को विनियोजन, राजस्व, धरौटी र अन्य कोष तथा बक्यौतासमेतको लेखापरीक्षण सम्पन्न गरी यस प्रदेशको आठौँ वार्षिक प्रतिवेदन तयार गरिएको छ।

एकीकृत वित्तीय विवरणमा राय, लेखापरीक्षण गरिएका निकायको विवरण, लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति, प्रमुख बेहोराको सारांश, लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति र भविष्यमा गर्नुपर्ने सुधारका विषयहरू समावेश गरी यो प्रतिवेदन प्रस्तुत गरिएको छ।

लेखापरीक्षण कार्य नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (नाम्स) मार्फत व्यवस्थापन गरिएको छ। लेखापरीक्षण गर्दा सूचकका आधारमा जोखिम विश्लेषण गरी निकाय तथा कार्यालयहरूलाई उच्च र न्यून जोखिममा वर्गीकरण गरिएको छ। उच्च जोखिमयुक्त निकाय/कार्यालयको विस्तृत रूपमा स्थलगत लेखापरीक्षण र न्यून जोखिमयुक्त निकाय/कार्यालयको प्रमाणित वित्तीय विवरण तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनका आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ।

लेखापरीक्षणको गुणस्तर कायम गर्न प्रभावकारी सुपरीवेक्षण, गुणस्तर व्यवस्थापन र अडिट ल्याबको व्यवस्था गरिएको छ। सोको अतिरिक्त एफ.एम. रेडियो तथा कार्यालयको वेबसाइटमार्फत सूचना प्रसारण गर्नुका साथै भर्चुअल बैठकमार्फत सरोकारवालासँग छलफल, टोल फ्री नम्बर र इमेलमार्फत गुनासो सङ्कलन र सुनुवाइको व्यवस्था मिलाइएको छ। लेखापरीक्षणमा प्रवेश र बहिर्गमन बैठकमार्फत जिम्मेवार पदाधिकारीसँग छलफल गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ। सो प्रतिवेदन उपर प्राप्त जवाफको सम्बोधन पश्चात लेखापरीक्षण प्रतिवेदन जारी गरिएको छ। प्रतिक्रियाबाट फर्स्यौट नभएका विषय लेखाउत्तरदायी अधिकृत र सम्बन्धित मन्त्रीलाई जानकारी गराइएको छ।

यस आर्थिक वर्षमा १ बक्यौता सहित प्रदेशका मन्त्रालय र मातहतका सरकारी कार्यालय एवम् निकाय, समिति तथा अन्य संस्थासमेत १८० निकाय तथा कार्यालयको रु.४१ अर्ब ४५ करोड ८१ लाख ३२ हजारको लेखापरीक्षण सम्पन्न भई रु.५९ करोड ५० लाख १९ हजार बेरुजु कायम भएको छ। कुल लेखापरीक्षण रकमको तुलनामा बेरुजु १.४४ प्रतिशत रहेको छ।

यस प्रदेशअन्तर्गतका ९ निकाय तथा कार्यालयले २०८२ भाद्र २३ र २४ गते भएको आन्दोलन र घटनाको कारण स्रेस्ता पेस गर्न र लेखापरीक्षण गराउन नसकिने बेहोराको पत्र पेस गरेकाले रु.४ अर्ब ४१ करोड ११ लाख ३५ हजारको लेखापरीक्षण गरिएको छैन।

कानुनको पालना, स्रोत साधनको प्राप्ति र परिचालन, सार्वजनिक निर्माण, सेवा प्रवाह, लेखापालन एवं वित्तीय प्रतिवेदन, खरिद तथा आयोजना व्यवस्थापन, जनशक्ति व्यवस्थापन, सङ्गठनात्मक संरचना, जवाफदेहिता, पारदर्शिता र वित्तीय अनुशासनलगायतका विषयहरू लेखापरीक्षण प्रतिवेदनमा समावेश गरिएको छ।

आर्थिक कारोबार गर्दा कानुनको परिपालना नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, प्रदेशको आन्तरिक आय न्यून हुँदा सङ्घीय अनुदानमा निर्भरता बढेको, चालु खर्चमा वृद्धि भइरहेको, उत्पादनशील क्षेत्रमा बजेट परिचालन न्यून रहेको, जटिल प्रकृतिका तथा प्राविधिक ज्ञान र सीप आवश्यक पर्ने कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको एवं तीन तहबिच खर्चको दोहोरोपना कायम रहेको, सङ्गठन संरचना फेरबदल हुँदा जिम्मेवारी र जवाफदेहिता यकिन गर्न कठिनाई भएको, समयमै खरिद कार्य सम्पन्न नभई पटक-पटक म्याद थप गरेको, स्रोत बेगर योजनाहरूको बजेट सुनिश्चितता प्रदान गरेको तथा निर्माण कार्यको गुणस्तर नियन्त्रण र परीक्षण कमजोर रहेको जस्ता बेहोराहरू यो वर्षको लेखापरीक्षणमा औँल्याइएको छ।

लेखापरीक्षणबाट औँल्याइएका बेहोरा कार्यान्वयन गर्नु लेखाउत्तरदायी अधिकृत र सम्बन्धित निकाय प्रमुखको जिम्मेवारी हो। लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन पक्ष कमजोर हुँदा एकै प्रकृतिको बेहोराहरू बर्सेनि पुनरावृत्ति भएका छन्। लेखापरीक्षणको छैटौँ वार्षिक प्रतिवेदनसम्म प्रदेश सभा अन्तर्गतको सार्वजनिक लेखा समितिमा छलफल भइसकेको र सातौँ प्रतिवेदन छलफलमा रहेको छ। लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन गरी वित्तीय अनुशासन कायम गर्न सबै सम्बन्धित पक्षबिच कार्यगत समन्वय र सहकार्य आवश्यक रहेको छ। यस प्रतिवेदनको कार्यान्वयनले सार्वजनिक सदाचारिता, पारदर्शिता र जवाफदेहिताको प्रवर्धनमा सहयोग पुग्ने विश्वास लिएको छु।

अन्तमा, लेखापरीक्षण कार्यमा सुझाव दिइ सहयोग गर्नुहुने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्रीज्यू, प्रदेश सभाका माननीय सभामुखज्यू, माननीय उपसभामुखज्यू, माननीय मन्त्रीज्यूहरू, प्रदेश सभाका माननीय सदस्यज्यूहरू, पदाधिकारीहरू, कर्मचारीहरू, नागरिक समाजका प्रतिनिधिहरू तथा सञ्चारकर्मीहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु। लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका समस्त कर्मचारीहरू प्रति धन्यवाद व्यक्त गर्दछु ।

(तोयम राया)
महालेखापरीक्षक

वैशाख, २०८३

लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानुनी व्यवस्था -** नेपालको संविधानको धारा २४१ बमोजिम प्रदेश सभा, प्रदेश सरकार र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३३ मा प्रत्येक कार्यालयले सबै प्रकारका आयव्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ।

२. **उद्देश्य -** सार्वजनिक स्रोतको प्राप्ति र उपयोग तथा सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको आधारमा लेखापरीक्षण गरी उचित निष्कर्ष र सुझाव प्रदान गर्नु तथा वित्तीय प्रतिवेदनउपर राय प्रदान गर्नु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ। देहायका विषयहरू सुनिश्चित गर्नु लेखापरीक्षणको अन्य उद्देश्यहरू रहेका छन्:

- आर्थिक विवरण तोकिएको ढाँचामा तयार गरी यथार्थ स्थिति चित्रण गरेको,
- सञ्चित कोष तथा अन्य सरकारी कोषको हिसाब यथार्थपरक रहेको,
- प्रदेश विनियोजन ऐनबमोजिम स्वीकृत सीमाभित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्वलगायत समस्त आम्दानी र धरौटी असुली एवम् दाखिला गरेको,
- सरकारी सम्पत्तिको व्यवस्थापन एवम् स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको र सोको कार्यान्वयन भएको,
- आर्थिक कारोबार गर्दा प्रचलित ऐन कानुनको परिपालना गरेको एवम् पुष्ट्याइँ गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रमअनुसार निर्धारित समयभित्र लक्ष्य र उपलब्धि हासिल गरेको,
- सार्वजनिक निकायले तोकिएबमोजिम विकास निर्माण र सेवा प्रवाह गरेको,
- आर्थिक कारोबार गर्दा मितव्ययिता, कार्यदक्षता र प्रभावकारितामा पर्याप्त ध्यान दिएको,
- सार्वजनिक निकायले जवाफदेहिता वहन गरेको।

३. **क्षेत्र -** यो वर्ष प्रदेश मन्त्रालय, प्रदेश कार्यालय र समिति तथा अन्य संस्था लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ। लेखापरीक्षणको क्रममा कानुनको परिपालना, विकास निर्माण र सेवा प्रवाहको स्थिति मूल्याङ्कन गर्न सूचना तथा तथ्याङ्कसमेत सङ्कलन गरी अध्ययन एवम् विश्लेषण गरिएको छ।

४. **पद्धति -** लेखापरीक्षण ऐन, २०७५ मा उल्लिखित व्यवस्था, नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय, कार्यमूलक, प्रकोप व्यवस्थापन तथा अन्य सान्दर्भिक लेखापरीक्षण निर्देशिका, मार्गदर्शन र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षण गरिएको छ। समग्र लेखापरीक्षण गर्नुपर्ने निकायहरूलाई जोखिम मूल्याङ्कनको आधारमा न्यून र उच्च जोखिमयुक्त निकायमा वर्गीकरण गरी उच्च जोखिमयुक्त १५९ निकायको विस्तृत लेखापरीक्षण र न्यून जोखिमयुक्त २१ निकायको दूर लेखापरीक्षण कार्यविधिबाट लेखापरीक्षण गरिएको छ। विद्युतीय प्रणालीमा आधारित नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीको सफ्टवेयरमार्फत लेखापरीक्षण गरिएको छ।

यसका अलावा लेखापरीक्षणबाट देखिएका बेहोराउपर सम्बन्धित निकायका प्रमुखसँग छलफल गरेपश्चात् लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सोउपर निकायबाट प्राप्त जवाफ/प्रतिक्रियासमेतलाई आधार मानी यो प्रतिवेदन तयार गरिएको छ। लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न उच्च तहबाट सुपरीवेक्षण, स्थलगत निरीक्षण, लेखापरीक्षण सम्पन्न फाइल तथा प्रतिवेदनको पुनरावलोकन र छनोट भएका लेखापरीक्षण फाइलको गुणस्तर पुनरावलोकनसमेत गर्ने गरिएको छ। नीतिगत विषयमा राय लिन लेखापरीक्षण सल्लाहकार समिति गठन गरिएको छ।

५. **वार्षिक प्रतिवेदन -** महालेखापरीक्षकले प्रत्येक प्रदेशमा आफूले गरेको काम कारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेस गर्नसक्ने नेपालको संविधानको धारा २९४ को उपधारा (३) को व्यवस्थाअनुसार यो प्रतिवेदन तयार गरिएको छ। यस प्रतिवेदनमा ५ परिच्छेद तथा १५ अनुसूची रहेका छन्। परिच्छेद-१ मा लेखापरीक्षण गरिएका निकायको विवरण, परिच्छेद-२ मा लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति, परिच्छेद-३ मा लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश, परिच्छेद-४ मा लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति र परिच्छेद-५ मा भविष्यमा गर्नुपर्ने सुधार उल्लेख गरिएको छ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल/अनामनगर, काठमाडौँ, नेपाल
Babarmahal / Anamnagar, Kathmandu, Nepal
(अर्थ, राजस्व तथा कार्यमूलक लेखापरीक्षण विभाग)

पत्र सङ्ख्याः २०८२।८३
चलानी नम्बरः ४५

मितिः २०८३।१।२८
नेपाल सम्वत् ११४६

विषयः एकीकृत वित्तीय विवरणमा राय।

श्री प्रदेश सचिवज्यू,
आर्थिक मामिला मन्त्रालय,
गण्डकी प्रदेश, पोखरा, कास्की।

१. **कैफियतसहितको राय** - हामीले गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति तथा भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय), बजेट तुलनात्मक विवरण (बजेट निकाय), प्रदेश सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, प्रदेश सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ लगायत सम्बन्धित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियतसहितको राय व्यक्त गर्ने आधार**

२.१. प्रदेश सरकारका मन्त्रालय र मातहतको लेखापरीक्षणबाट रु.५० करोड ७० लाख ८१ हजार बेरुजु देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रु.३ करोड ६८ लाख ७५ हजार, नियमित गर्नुपर्ने रु.४१ करोड ५५ लाख ६७ हजार र पेस्की बाँकी रु.५ करोड ४६ लाख ३९ हजार रहेको छ। यसैगरी अन्य संस्था र समितितर्फ रु.८ करोड ७९ लाख ३८ हजार बेरुजु देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रु.६५ लाख ६६ हजार र नियमित गर्नुपर्ने रु.८ करोड १३ लाख ७२ हजार रहेको छ।

२.२. प्रदेश सरकार र मातहतको जिन्सी तथा सम्पत्ति रु.४ अर्ब ३२ करोड ६६ लाख ४३ हजार रहेको खुलासा गरेको छ। जिन्सी तथा सम्पत्तिको अवस्था तथा र स्वामित्व खुल्नेगरी विवरण अद्यावधिक गरेको देखिएन।

२.३. प्रदेश सरकारबाट वित्तीय हस्तान्तरणमार्फत ८५ स्थानीय तहलाई सशर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदान रु.५८ करोड २८ लाख ४२ हजार निकासा गरेको छ। उक्त रकममध्ये प्रदेश लेखा नियन्त्रक कार्यालयले २०८२ आषाढ मसान्तसम्म स्थानीय तहबाट खर्च नभई बाँकी रकमको अभिलेख राखेको छैन।

२.४. प्रदेशअन्तर्गतका ९ निकाय तथा कार्यालयले २०८२ भाद्र २३ र २४ गते भएको आन्दोलन र घटनाको कारण क्षेस्ता पेस गर्न र लेखापरीक्षण गराउन नसकिने बेहोराको पत्र पेस गरेकाले रु.४ अर्ब ४१ करोड ११ लाख ३५ हजारको लेखापरीक्षण गरिएको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने निकायसँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा हामी विश्वस्त छौं।

३. **अन्य बेहोरा** - यो वर्षको आर्थिक क्रियाकलापको मूल्याङ्कन गर्दा शासकीय प्रबन्ध, सार्वजनिक वित्त व्यवस्थापन, सार्वजनिक सम्पति व्यवस्थापन, विकास व्यवस्थापन, सूचना प्रविधि, सार्वजनिक प्रशासन र सुशासनलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन्।

४. **वित्तीय विवरणउपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ४७ (२) बमोजिम लेखा राख्ने, खर्च गर्ने तथा बेरुजु फर्स्यौट गर्ने गराउने लगायतका वित्तीय उत्तरदायित्व बहन गर्ने जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुने र उपदफा ३ बमोजिम सम्बन्धित पदाधिकारीबाट उपयुक्त अनुसार उत्तरदायित्व बहन गरे नगरेको सम्बन्धमा निगरानी गर्ने उत्तरदायित्व सम्बन्धित विभागीय मन्त्रीको हुने व्यवस्था छ। सोही ऐनको दफा २८ (१) मा प्रत्येक आर्थिक वर्षको प्रदेश सञ्चित कोषका अतिरिक्त वैदेशिक अनुदान र ऋण सहायता तथा लगानीको लेखा र विनियोजन, राजस्व, धरौटी तथा अन्य कोष सहितका प्रदेश लेखाको एकीकृत वित्तीय विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयमा रहेको छ। नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोबारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी मन्त्रालय, सम्वन्धित लेखा उत्तरदायी अधिकृत तथा मातहतका जिम्मेवार व्यक्तिमा रहेको छ।

५. **वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी** - वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्ततालेउच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(वैकुण्ठ बहादुर अधिकारी)
उप-महालेखापरीक्षक
उप–महालेखा परीक्षक

परिच्छेद

९



लेखापरीक्षण गरिएका निकायको विवरण

परिच्छेद-१

लेखापरीक्षण गरिएका निकायको विवरण

१. **समष्टिगत लेखापरीक्षणः**

(रु.हजारमा)

क्र.सं.	लेखापरीक्षण गरिएका निकाय र विषय	सङ्ख्या	रकम
१.	प्रदेश मन्त्रालय तथा निकाय (बक्यौता १ समेत)	१५९	३७३२६६७७
२.	समिति तथा अन्य संस्था	२१	४१३१४५५
जम्मा		**१८०**	**४१४५८१३२**

यो वर्ष १५९ प्रदेश मन्त्रालय तथा निकायको रु.३७ अर्ब ३२ करोड ६६ लाख ७७ हजार र समिति तथा अन्य संस्थातर्फ २१ निकायको रु.४ अर्ब १३ करोड १४ लाख ५५ हजार समेत रु.४१ अर्ब ४५ करोड ८१ लाख ३२ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण गरिएका निकायहरूको विवरण **अनुसूची-१, १(क) २ र ३** मा उल्लेख गरिएको छ।

१.१. **प्रदेश मन्त्रालय तथा निकाय -** यो वर्ष १५८ सरकारी निकायको विनियोजन/राजस्व/धरौटी र अन्य कारोबारतर्फ निम्नानुसार लेखापरीक्षण सम्पन्न गरिएको छ।

(रु.हजारमा)

क्र. सं.	कारोबार	लेखापरीक्षण सम्पन्न रकम
१.	विनियोजन खर्च	२२४९५०६७
२.	राजस्व	१०७५२४४३
३.	धरौटी	२१३०२०९
४.	अन्य कारोबार	१९४८९५८
जम्मा		**३७३२६६७७**

लेखापरीक्षण सम्पन्न निकायको विवरण **अनुसूची-१**, लेखापरीक्षण रकमको विवरण **अनुसूची-२** मा उल्लेख छ।

१.२. **समिति तथा अन्य संस्था -** यो वर्ष २१ समिति र अन्य संस्थाको रु.४ अर्ब १३ करोड १४ लाख ५५ हजारको लेखापरीक्षण गरिएको छ। उक्त रकममा स्रेस्ता पेस नभएकोले रु.२ अर्ब १७ करोड ८१ लाख ९५ हजार समावेश छैन। समितिहरूको विस्तृत विवरण **अनुसूची-३** र **४** र स्रेस्ता पेस नभएको विवरण **अनुसूची-२(ख)** मा उल्लेख छ।

लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश परिच्छेद-३ को मन्त्रालय तथा निकायगत बेहोरामा समावेश छ।

१.३. **लेखापरीक्षण बक्यौता -** लेखापरीक्षण हुन नसकी बक्यौता रहेको ३ कार्यालयको विनियोजनतर्फ रु.१ करोड ८४ लाख ७ हजार, राजस्वतर्फ रु.१० हजार र धरौटीतर्फ रु.९ लाख ३६ हजार समेत रु.१ करोड ९३ लाख ५३ हजारको लेखापरीक्षण भएको छैन। यस सम्बन्धी विवरण **अनुसूची-२ (क)** मा उल्लेख छ।

१.४. **लेखापरीक्षण नभएको -** २०८१।८२ को स्रेस्ता एवं सोसँग सम्बन्धित कागजात २०८२ भाद्र २३ र २४ मा भएको आन्दोलन तथा घटनाको कारण पेस नभएकोले ७ कार्यालयको विनियोजनतर्फ रु.३९ करोड ७६ लाख ८ हजार, राजस्वतर्फ रु.१ अर्ब ६८ करोड ९९ लाख १४ हजार, धरौटीतर्फ रु.७३ लाख ३४ हजार र अन्य कारोबारतर्फ रु.१३ करोड ८० लाख ८४ हजार समेत रु.२ अर्ब २३ करोड २९ लाख ४० हजार र २ अन्य संस्थातर्फ रु.२ अर्ब १७ करोड ८१ लाख ९५ हजारको गरी जम्मा रु.४ अर्ब ४१ करोड ११ लाख ३५ हजारको लेखापरीक्षण गरिएको छैन। यससम्बन्धी विवरण **अनुसूची-२(ख)** मा उल्लेख छ।

२. सरकारी बजेट विनियोजन, खर्च र राजस्वः

२.१. **शीर्षकगत खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०८१।८२ को बजेट विनियोजन र यथार्थ खर्च निम्नानुसार छः

(रु. हजारमा)

क्र.सं.	शीर्षक/क्षेत्र	२०७९।८० को यथार्थ खर्च	२०८०।८१ को यथार्थ खर्च	२०८१।८२ को		
				बजेट अनुमान	यथार्थ खर्च	प्रतिशत
१.	चालु	८३५३५२२	७५७६६९९	१३१३५४८२	७९०१३२२	६०.१५
२.	पुँजीगत	१५२६१३६१	१४६२९४१६	१९५४३०९३	१४९९०९२४	७६.७०
३.	वित्तीय व्यवस्था	०	०	३०००००	-	०
	जम्मा	**२३६१४८८३**	**२२२०६११५**	**३२९७८५७५**	**२२८९२२४६**	**६९.४१**

२.२. **निकायगत खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्षको कुल खर्च (चालु र पुँजीगत) को निकायगत विवरण निम्नानुसार छः

(रु.हजारमा)

मन्त्रालय	अन्तिम बजेट			खर्च			खर्च प्रतिशत		
	चालु	पुँजीगत	जम्मा	चालु	पुँजीगत	जम्मा	चालु	पुँजीगत	जम्मा
प्रदेश सभा	१६५५१०	११२८०	१७६७९०	१३३४९९	७०८५	१४०५८४	८०.६६	६२.८१	७९.५२
प्रदेश लोक सेवा	१११०२४	५८००	११६८२४	९२९०१	५२१५	९८११६	८३.६८	८९.९१	८३.९९
मुख्यन्यायाधिवक्ताको कार्यालय	२३३४५	१५००	२४८४५	१८९०७	३७९	१९२८५	८०.९९	२५.२७	७७.६२
मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय	७८९१४८	१६७२००	९५६३४८	३६३८४८	१४६७७३	५१०६२१	४६.११	८७.७८	५३.३९
आर्थिक मामिला मन्त्रालय	१४५५९९	३८४००	१८३९९९	८२८८०	७७१७	९०५९८	५६.९२	२०.१०	४९.२४
उद्योग पर्यटन तथा वन मन्त्रालय	८३५२५४	७६१८००	१५९७०५४	६०९१३१	६९६४३१	१३०५५६२	७२.९३	९१.४२	८१.७५
कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालय	१८८१८९४	१८२०२१	२०६३९१५	१३०८२०५	१०४५९९	१४१२८०४	६९.५२	५७.४७	६८.४५
ऊर्जा जलस्रोत तथा खानेपानी मन्त्रालय	३४७६८९	३९५३८००	४३०१४८९	२६३२६१	३६०४५५८	३८६७८२०	७५.७२	९१.१७	८९.९२
भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय	४४६९९५	१२२६३८७४	१२७१०८६९	३०९५२६	९४१५१९४	९७२४७२०	६९.२५	७६.७७	७६.५१
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय	४२०५८४०	१३३६९६४	५५४२८०५	२९४६६३४	९९७७८३	३९४४४१७	७०.०६	७४.६३	७१.१६
प्रदेश नीति तथा योजना आयोग	७७६००	१८०००	९५६००	२९७१८	५१९०	३४९०८	३८.३०	२८.८३	३६.५१
अर्थ वित्तीय व्यवस्था	३०००००		३०००००	०	०	०			
अर्थ आन्तरिक ऋण भुक्तानी	६०००		६०००	०	०	०			
कर्मचारी सुविधा तथा सेवा निर्वित	१००००		१००००	०	०	०			
अर्थ विविध	२०६७९४३	८०२४५४	२८७०३९७	०	०	०			
स्थानीय तह	२०२१६४०		२०२१६४०	१७४२८४२		१७४२८४२	८६.२१		८६.२१
जम्मा	**१३१३५४८२**	**१९५४३०९३**	**३२९७८५७५**	**७९०१३२२**	**१४९९०९२४**	**२२८९२२४६**	**६०.१५**	**७६.७०**	**६९.४१**

स्थानीय तह वित्तीय हस्तान्तरणमा वार्षिक बजेट लक्ष्य रु.२ अर्ब १ करोड रहेकोमा साझेदारी कार्यक्रममा रु.१ करोड १६ लाख ४० हजार थप भई रु.२ अर्ब २ करोड १६ लाख ४० हजार अन्तिम बजेट कायम भएको छ।

२.३. **स्रोतगत खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०८१।८२ को अनुमान र खर्चको स्रोतगत विवरण निम्नानुसार छः

(रु. हजारमा)

क्र.सं.	स्रोत	२०७९।८० को यथार्थ खर्च	२०८०।८१ को यथार्थ खर्च	२०८१।८२ को			अनुमानको तुलनामा खर्च प्रतिशत
				अनुमान	यथार्थ प्राप्ति	यथार्थ खर्च	
१	**सङ्घीय सरकार अनुदान**	**१०२९४७०८**	**९९१७१३२**	**१३०८३६००**	**१११९३८२०**	**९४९२७७६**	**७२.५५**
१.१	समानीकरण अनुदान	५७२४८०२	५९९६२२६	७६३८८००	७००९३६३	६५२९०४४	८५.४७
१.२	सशर्त अनुदान	३४५५३०६	२८५७२५६	३५९९३००	२३८४००७	१७५२१११	४८.६८
१.३	विशेष अनुदान	६३५८४९	६३४३६५	६५५५००	५८९९५०	४७६८१९	७२.७४
१.४	समपूरक अनुदान	४७८७५२	४२९२८६	११ ९००००	११३०५००	७३४८०२	६१.७५
२	**प्रदेश सरकार**	**१३३२०१७५**	**१२२८८९८३**	**१९८९४९७५**	**१२४४२३५८**	**१३३९९४७०**	**६७.३५**
	जम्मा	**२३६१४८८३**	**२२२०६११५**	**३२९७८५७५**	**२३५५६१७८**	**२२८९२२४६**	**६९.४१**

यो वर्ष बजेट अनुमानमा सङ्घीय सरकारको अनुदानबाट ७२.५५ प्रतिशत र प्रदेश सरकारको स्रोतबाट ६७.३५ प्रतिशत प्राप्त भई रु.२२ अर्ब ८९ करोड २२ लाख ४६ हजार खर्च भएको छ। कुल खर्चमध्ये सङ्घीय सरकारको अनुदानबाट ४१.४७ प्रतिशत र प्रदेश सरकारको राजस्वबाट ५८.५३ प्रतिशत बेहोरेको छ।

२.४. **राजस्व असुली** - प्रदेश सरकार सञ्चालनको मूल आधार राजस्व सङ्कलन र परिचालन रहेको छ। प्रदेश सरकारले २०८१।८२ मा बाँडफाँटबाट प्राप्त राजस्व सहित राजस्व तथा आयको विवरण निम्नानुसार छः

(रु.हजारमा)

क्र. सं.	राजस्व वर्गीकरण	२०७९।८० को यथार्थ असुली	२०८०।८१ को यथार्थ असुली	२०८१।८२ को		
				सुरु अनुमान	असुली	प्रतिशत
१.	कर राजस्व	८४६३१९१	९५७२६५९	११९६८७६९	१०५४७०३७	८८.१२
२.	गैह्रकर राजस्व	१२१८८६३	१६०३७३२	२९११३८८	१७४१४३८	५९.८१
३.	विविध प्राप्ति	१९५३८१	२५५८७८	३८२०४३	१५३८८२	४०.२८
कुल राजस्व		**९८७७४३५**	**११४३२२६९**	**१५२६२२००**	**१२४४२३५७**	**८१.५२**

यससम्बन्धी विवरण **अनुसूची-८** मा उल्लेख छ।

२.४.१. सरकार सञ्चालनको मूल आधार राजस्व सङ्कलन र परिचालन हो। आर्थिक वर्ष २०८१।८२ मा बाँडफाँट भई प्राप्त हुने मूल्य अभिवृद्धि कर रु.६ अर्ब ३१ करोड ७८ लाख ६१ हजार, अन्तःशुल्क रु.२ अर्ब २६ करोड ७ लाख ७३ हजार, बाँडफाँटबाट प्राप्त सवारी साधन कर रु.१ अर्ब १४ करोड ८४ लाख ७३ हजार, घर जग्गा रजिष्ट्रेसन दस्तुर रु.७७ करोड २७ लाख ३३ हजार, वन रोयल्टी रु.४ करोड ४० लाख ८८ हजार, दहत्तर बहत्तरको बिक्रीबाट रु.१५ करोड ९५ लाख १३ हजार प्राप्त गरेको छ।

२.४.२. सङ्घीय सरकारबाट २०८१।८२ मा बाँडफाँट गर्न छुट भएको असार १६ देखि मसान्तसम्मको बाँडफाँट भई प्राप्त हुने मूल्य अभिवृद्धि कर र अन्तःशुल्क यस वर्षको आयमा समावेश नभएको खुलासा गरेकोमा रकम यकिन गरेको छैन।

३. **वित्तीय हस्तान्तरण** - २०८१।८२ मा प्रदेश सञ्चित कोषबाट स्थानीय तहलाई गरेको वित्तीय हस्तान्तरण र खर्चको विवरण निम्नानुसार छः

(रु. हजारमा)

अनुदानको प्रकार	वार्षिक बजेट लक्ष्य	वित्तीय हस्तान्तरण	प्रगति प्रतिशत
समानीकरण	११६००००	११६००००	१००
सशर्त	२४०००	२४१९४	१००.८१
समपूरक	५४८०००	३४७१४३	६३.३५
विशेष	२७८०००	२११५०५	७६.०८
जम्मा	**२०१००००**	**१७४२८४२**	**८६.७१**

प्रदेश सरकारले वित्तीय हस्तान्तरणमार्फत यो वर्ष ८५ स्थानीय तहमा रु.१ अर्ब ७४ करोड २८ लाख ४२ हजार हस्तान्तरण गरेको छ। सशर्त, विशेष र समपूरक अनुदान खर्च नभई बाँकी रहेको रकमलाई मौज्दात बाँकीमा रहेको बेहोरा वित्तीय विवरणमा उल्लेख नगर्दा वास्तविक खर्चको यथार्थता प्रस्तुत भएन।

४. **अन्तरसरकारी हस्तान्तरण** - प्रदेश सरकारको विनियोजन ऐन, २०८१ को दफा ८(८) मा प्रदेश सरकारको कुनै विषयगत मन्त्रालय तथा निकायको स्वीकृत वार्षिक कार्यक्रम अर्को मन्त्रालय तथा निकायबाट कार्यान्वयन गर्नुपर्ने भएमा कार्यान्वयन गर्ने सम्बन्धित मन्त्रालय तथा निकायको पूर्व सहमति लिई माघ मसान्तभित्र प्रदेश सरकार आर्थिक मामिला मन्त्रालयमा लेखी पठाएमा मन्त्रालयले खर्च गर्ने अख्तियारीको लागि सहमति दिन सक्ने उल्लेख छ। प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटको उद्देश्य परिपूर्तिका लागि प्रदेश कानुन बमोजिम विकास निर्माण तथा सेवा प्रवाहका कार्य अगाडि बढाउनुपर्नेमा प्रदेशले विनियोजन गरेको बजेटबाट १५ मालपोत कार्यालयलाई रु.५३ लाख १४ हजार, १५ नापी कार्यालयलाई रु.२२ लाख २७ हजार, ९ प्रहरी कार्यालयलाई रु.१३ करोड ९५ लाख र १० कारागार कार्यालयलाई रु.५० लाख गरी जम्मा रु.१५ करोड २० लाख ४१ हजार पुँजीगत सुधारका लागि बजेट निकासा दिएको छ। यससम्बन्धी विवरण **अनुसूची-१२** मा समावेश छ।

५. **अन्य कोष** - यो वर्ष लेखापरीक्षण गरिएका अन्य कोषहरूमा गत वर्षको जिम्मेवारी रु.९० करोड २ लाख २८ हजार र यो वर्षको आम्दानी रु.१ अर्ब १८ करोड ६८ लाख १४ हजार समेत रु.२ अर्ब ८ करोड ७० लाख ४२ हजार आम्दानी भएकोमा रु.१ अर्ब १४ करोड ५३ लाख ६८ हजार खर्च भई वर्षान्तमा रु.९४ करोड १६ लाख ७४ हजार मौज्दात रहेको छ । यससम्बन्धी विवरण **अनुसूची-१३** मा छ ।

परिच्छेद

२



लेखापरीक्षणबाट देखिएका बेरुजु स्थिति

परिच्छेद-२

लेखापरीक्षणबाट देखिएका बेरुजु स्थिति

१. **बेरुजु -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २(त) र प्रदेशको यस सम्बन्धी कानुनमा प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रित नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औँल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजुको रूपमा परिभाषित गरेको छ।

बेरुजुलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेस्की गरी ३ वर्गमा वर्गीकरण गरिएको छ। यस कार्यालयले बेरुजु वर्गीकरण गर्दा असुल गर्नुपर्ने बेरुजुमा हिनामिना मस्यौट, हानि-नोक्सानी र अन्य असुल गर्नुपर्ने बेरुजु समावेश गरेको छ भने नियमित गर्नुपर्ने बेरुजुलाई अनियमित भएको, प्रमाण कागजात पेस नभएको, जिम्मेवारी नसारेको र शोधभर्ना नलिएको गरी ४ समूहमा वर्गीकरण गरिएको छ। पेस्कीलाई कर्मचारी, मोबिलाईजेसन र अन्य पेस्कीमा वर्गीकरण गरिएको छ।

प्रदेशको सरकारी कार्यालय र समिति तथा अन्य संस्थाको यो वर्षको लेखापरीक्षणबाट औँल्याइएको बेरुजु रु.५९ करोड ५० लाख १९ हजार रहेको छ। सो बेरुजुको वर्गीकरण निम्नानुसार छः

(रु.हजारमा)

वर्गीकरण	सरकारी कार्यालय	समिति तथा अन्य संस्था	जम्मा	कुल बेरुजुको प्रतिशत
१. असुल गर्नुपर्ने	**३६८७५**	**६५६६**	**४३४४१**	**७.३०**
२. नियमित गर्नुपर्ने	**४१५५६७**	**८१३७२**	**४९६९३९**	**८३.५२**
· अनियमित भएको	७८६९०	१५१०३	९३७९३	१५.७६
· प्रमाण कागजात पेस नभएको	३३६८७७	१२२२८	३४९१०५	५८.६७
· शोधभर्ना नलिएको	-	५४०४१	५४०४१	९.०९
३. पेस्की	**५४६३९**	**-**	**५४६३९**	**९.१८**
जम्मा बेरुजु	**५०७०८१**	**८७९३८**	**५९५०१९**	**१००**

बेरुजु वर्गीकरणको विवरण **अनुसूची-९ र १०** मा उल्लेख छ।

२. **लेखापरीक्षण अङ्कमा बेरुजु -** यो वर्ष प्रदेश मन्त्रालय र अन्य संस्था तथा समिति समेत १८० निकायको रु.४१ अर्ब ४५ करोड ८१ लाख ३२ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। जसमा रु.५९ करोड ५० लाख १९ हजार बेरुजु कायम भएको छ, जुन लेखापरीक्षण अङ्कको १.४४ प्रतिशत हुन्छ।

(रु.हजारमा)

क्र.सं.	लेखापरीक्षण गरिएका निकाय	सङ्ख्या	लेखापरीक्षण अङ्क	बेरुजु अङ्क	बेरुजु प्रतिशत
१.	प्रदेश मन्त्रालय तथा निकाय	१५९	३७३२६६७७	५०७०८१	१.३६
२.	समिति तथा अन्य संस्था	२१	४१३१४५५	८७९३८	२.१२
	जम्मा	**१८०**	**४१४५८१३२**	**५९५०१९**	**१.४४**

३. **हालसम्मको बाँकी बेरुजु** - प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षणबाट औँल्याइएको अद्यावधिक बेरुजु रु.२ अर्ब ८३ करोड ३८ लाख ९५ हजार रहेको छ। अद्यावधिक बेरुजु गत वर्षभन्दा ५.०७ प्रतिशतले घटेको छ। यस सम्बन्धी विवरण **अनुसूची-११** मा रहेको छ।

(रु.हजारमा)

विवरण	विगतको बेरुजु	सम्परीक्षण भएको बेरुजु	सम्परीक्षणबाट थप बेरुजु	विगतको खुद बाँकी बेरुजु	चालु वर्षको थप बेरुजु	हालसम्मको बाँकी बेरुजु
प्रदेश सरकारी निकाय तर्फ	२६२९०९६	७३६५५३	२३८८६	१९१६४२९	५०७०८१	२४२३५१०
समिति तथा अन्य संस्था तर्फ	३५६००६	३४५११	९५२	३२२४४७	८७९३८	४१०३८५
जम्मा	**२९८५१०२**	**७७१०६४**	**२४८३८**	**२२३८८७६**	**५९५०१९**	**२८३३८९५**

४. **बेरुजु विश्लेषण** - प्रदेश सरकारी कार्यालय, अन्य संस्था र समितिको बेरुजुको अवस्था निम्नानुसार रहेको छ :

४.१ प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३८(१)मा बेरुजु फर्स्यौंट गर्ने जिम्मेवारी सम्बन्धित लेखाउत्तरदायी अधिकृतको हुने व्यवस्था छ। सोही ऐनको दफा ३५ मा औँल्याइएको बेरुजु पैँतीस दिन वा म्याद थप भएकोमा सो म्यादभित्र फर्स्यौंट गर्ने र फर्स्यौंट नगरेमा लेखाउत्तरदायी अधिकृत र सम्बन्धित मन्त्रीलाई जानकारी दिने उल्लेख छ। सोही व्यवस्था बमोजिमको प्रक्रिया पूरा गर्दासमेत २०८१।८२ को बेरुजु फर्स्यौंट नभएकाले उक्त बेहोरा वार्षिक प्रतिवेदनमा समावेश गरिएको छ। यस सम्बन्धी विवरण **अनुसूची-१५** मा रहेको छ।

४.२ यो वर्ष प्रदेश मातहतका १५९ सरकारी कार्यालयको लेखापरीक्षण गरेकोमा ९० कार्यालयमा लगती बेरुजु देखिएको छैन। समिति तथा अन्य संस्था २१ मध्ये १० निकायमा लगती बेरुजु देखिएको छैन।

४.३ यो वर्ष प्रदेश मातहतका सरकारी कार्यालय १४० को २ हजार २८७ दफा बेरुजु देखिएकोमा १२० दफा फर्स्यौंट भई २ हजार १६७ दफा बेरुजु कायम भएको छ। सो मध्ये सैद्धान्तिक दफा १ हजार ५२५ र लगती दफा ६४२ कायम भएको छ। साथै समिति तथा अन्य संस्थातर्फ २१ को ३१४ दफा बेरुजु देखिएकोमा २६ दफा फर्स्यौंट भई २८८ दफा बेरुजु कायम भएको छ। सो मध्ये सैद्धान्तिक दफा २२५ र लगती दफा ६३ कायम भएको छ।

४.४ सरकारी कार्यालय र समिति तथा अन्य संस्था समेतको लेखापरीक्षणबाट असुली गर्नुपर्ने देखिएको मध्ये लेखापरीक्षणको क्रममा रु.१ करोड ३ लाख २ हजार, प्रारम्भिक प्रतिवेदन पठाएपछि रु.३७ लाख ३० हजार र सम्परीक्षणको क्रममा रु.९ लाख ५५ हजार असुल भएको छ। यससम्बन्धी विवरण **अनुसूची-६** मा उल्लेख छ।

४.५ प्रदेश सरकारी कार्यालयतर्फ गत वर्षसम्मको पेस्की रु.७७ करोड ४४ लाख १६ हजार बाँकी रहेको मध्ये रु.१ अर्ब ९० करोड ७६ लाख ७९ हजार समायोजनबाट थप र रु.४४ करोड २६ लाख १५ हजार फर्स्यौंट भई बाँकी रु.२ अर्ब २३ करोड ९४ लाख ८० हजार रहेकोमा यो वर्ष रु.५ करोड ४६ लाख ३९ हजार थप भई कुल रु.२ अर्ब २९ करोड ४१ लाख १९ हजार बाँकी रहेको छ।

त्यस्तै समिति तथा अन्य संस्थातर्फ गत वर्षसम्मको पेस्की रु.७२ लाख १७ हजार बाँकी रहेकोमा फस्यौंट नभएको र यो वर्ष पेस्की थप नभएकोले कुल पेस्की रु.७२ लाख १७ हजार बाँकी रहेको छ। पेस्की बाँकीको अद्यावधिक विवरण **अनुसूची-५** मा रहेको छ।

४.६ सरकारी कार्यालयतर्फ यो वर्षको लेखापरीक्षण अङ्क र बेरुजु निम्नानुसार छन्:

(रु.हजारमा)

क सं	मन्त्रालय	लेखापरीक्षण अङ्क	बेरुजु					कुल बेरुजुको प्रतिशत	ले.प.अङ्कको तुलनामा बेरुजु प्रतिशत
			असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेस नभएको	पेस्की	जम्मा		
१	भौतिक पूर्वाधार विकास तथा यातायात मन्त्रालय	११८७१००४	२८९०५	४८३०६	१७६००३	३७२७५	२९०४८९	५७.२९	२.४५
२	उर्जा जलस्रोत तथा खानेपानी मन्त्रालय	४५००४८६	४४५५	१३५९४	११४५३८	१५००८	१४७५९५	२९.११	३.२८
३	सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय	५४६१२५२	७३६	७१८३	२३७४४	२३५६	३४०१९	६.७१	०.६२
४	कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय	२५८१६५९	१८१२	११५२	९०११	०	११९७५	२.३६	०.४६
५	आर्थिक मामिला मन्त्रालय	१०१२३५३५	०	०	८०६३	०	८०६३	१.५९	०.०८
६	उद्योग, पर्यटन, वन तथा वातावण मन्त्रालय	१६८००३१	९६७	१२०४	५५१८	०	७६८९	१.५२	०.४६
७	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	९१३६०६	०	७२५१	०	०	७२५१	१.४३	०.७९
८	प्रदेश नीति तथा योजना आयोग	३५४५४	०	०	०	०	०	०.००	०.००
९	प्रदेश लोक सेवा आयोग	१५९६५०	०	०	०	०	०	०.००	०.००
१०	प्रदेश सभा सचिवालय	०	०	०	०	०	०	०	०
११	मुख्य न्यायाधिवक्ताको कार्यालय	०	०	०	०	०	०	०	०
	जम्मा	**३७३२६६७७**	**३६८७५**	**७८६९०**	**३३६८७७**	**५४६३९**	**५०७०८१**	**१००**	**१.३६**

कुल बेरुजुमध्ये सरकारी कार्यालयतर्फ भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयको सबैभन्दा बढी ५७.२९ प्रतिशत, ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयको रु.२९.११ र सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयको ६.७१ प्रतिशत रहेको छ।

४.७ प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थाको ८ वर्षको लेखापरीक्षण र बेरुजु अङ्कको तुलनात्मक स्थिति निम्नानुसार छः

(रु.हजारमा)

प्रतिवेदन	आर्थिक वर्ष	लेखापरीक्षण अङ्क	बेरुजु अङ्क	प्रतिशत	पेस्की बाहेकको बेरुजु	पेस्की बाहेकको बेरुजु प्रतिशत
पहिलो २०७५	२०७४।७५	२९६३७७	५४०	०.१८	८८	०.०३
दोस्रो २०७७	२०७५।७६	२३८९२७४३	१६४४७४५	६.८८	५२०३५८	२.१८
तेस्रो २०७८	२०७६।७७	३०७४६९०७	६०४१००	१.९६	४५८४०३	१.४९
चौथो २०७९	२०७७।७८	४०५५५४०९	५१५४४८	१.२७	४३३२०४	१.०७
पाँचौं २०७९	२०७८।७९	३९९०९२८६	४९३५५७	१.२४	४०५७३७	१.०२
छैटौं २०८१	२०७९।८०	४११७५४९६	८०१६८२	१.९५	६७७५७९	१.६५
सातौं २०८२	२०८०।८१	४१२०५८५५	५१९८३३	१.२६	४४७३८४	१.००
आठौं २०८३	२०८१।८२	४१४५८१३२	५९५०१९	१.४४	५४०३८०	१.३०

परिच्छेद

३



लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

परिच्छेद-३

लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

१. **नीति तथा कार्यक्रम -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ८ को उपदफा १ र २ मा आगामी वर्षको नीति तथा कार्यक्रममा आधारित भई बजेट प्रस्ताव गर्नुपर्ने व्यवस्था छ। यो वर्ष नीति तथा कार्यक्रममा प्रस्तुत भएका "इन्भेस्ट गण्डकी कार्यक्रम" सञ्चालन गरी निजी एवम् सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन हुने परियोजनाको विकास, लगानी प्रवर्धन र सहजीकरण, कृषि उत्पादनको न्यूनतम समर्थन मूल्य तोकी कृषि बजारको सुनिश्चितता, कृषि प्रसार सेवामा कृषकको पहुँच अभिवृद्धि लगायतका कार्यक्रममा बजेट विनियोजन गरेको छैन। नीति तथा कार्यक्रममा समावेश भएका योजना तथा कार्यक्रमहरूमा बजेट विनियोजन गरी कार्यान्वयन हुनुपर्दछ।

२. **दिगो विकास -** प्रदेशले दिगो विकास लक्ष्य आन्तरिकीकरणका लागि दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र २०७९-२०८७ तयार गरेको छ। दिगो विकासका लक्ष्यका सूचकहरूमा विनियोजनको तुलनामा सबभन्दा कम असमानता न्यूनीकरणमा ४२.८२ र सबैभन्दा बढी दिगो सफापानी तथा सरसफाइ सेवामा ११०.०४ प्रतिशतसम्म खर्च गरी औसतमा ६९.४१ प्रतिशत खर्च भएको छ। दिगो विकासका सूचकमा लक्ष्य बमोजिम प्रगति हासिल गर्नुपर्दछ।

३. **आयोजना बैङ्क -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा १६ मा बजेट प्रस्ताव गर्दा आयोजना बैङ्कमा प्रविष्टि भएका आयोजना प्रस्ताव गर्ने व्यवस्था छ। आयोगले साना, सैद्धान्तिक, बहुवर्षीय र सालबसाली गरी यसवर्ष ७४५ आयोजना अभिलेख गरेको छ। आयोजना बैङ्कबाट बजेट तथा कार्यक्रम निर्माण हुन सकेको छैन। आयोजना बैङ्कको आधारमा बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्दछ।

४. **रूपान्तरणकारी योजना -** प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय योजना (२०८१।८२-२०८५।८६) मा प्रदेश सरकारको एकल लगानीमा १०, प्रदेश तथा स्थानीय तहको साझेदारी कार्यक्रममा ११, सङ्घ प्रदेश साझेदारी कार्यक्रममा १२, सङ्घ प्रदेश स्थानीय तह साझेदारी कार्यक्रममा १२, अन्तरप्रदेश साझेदारी कार्यक्रममा ५, सार्वजनिक निजी साझेदारी कार्यक्रममा ५, निजी क्षेत्रको लगानीमा सञ्चालन हुने कार्यक्रममा ६ र वैदेशिक सहयोगको लागि प्रस्तावित कार्यक्रममा ७ समेत ६८ प्रदेश समुन्नतिका रूपान्तरणकारी कार्यक्रम तथा आयोजना कार्यान्वयन गर्ने समावेश छ। मन्त्रालयहरूले योजनामा समावेश रूपान्तरणकारी कार्यक्रम तथा आयोजनामा विनियोजन गरेको बजेट र सोको कार्यान्वयन अवस्था समावेश गरी प्रगति प्रतिवेदन तयार गरेको छैन। आवधिक योजनामा भएको रूपान्तरणकारी योजनाको कार्यान्वयन र प्रगति अवस्थाको अभिलेख राख्नुपर्दछ।

५. **बहुवर्षीय योजना** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३२ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरी तालुक निकायमा पठाउने र नियम ३३ मा तालुक निकायले भौतिक र वित्तीय पक्षको समीक्षा गर्नुपर्ने व्यवस्था छ। ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयबाट

प्राप्त विवरणअनुसार विवरणअनुसार २०७६।७७ देखि २०८१।८२ सम्म मातहत १६ कार्यालय मार्फत ४२९ वटा योजना कार्यान्वयन भएकोमध्ये उक्त योजनाहरूको लागि रु.४ अर्ब १८ करोड ६२ लाख १६ हजारको लागत अनुमान तयार भएकोमा रु.२ अर्ब ८० करोड ६८ लाख ३९ हजार बजेट व्यवस्था भई रु.२ अर्ब ५३ करोड ८४ लाख ३८ हजार खर्च (८२.९३ प्रतिशत) भएको छ। मातहत कार्यालयमा कार्यान्वयनमा रहेका बहुवर्षीय योजनाहरू सम्पन्न गर्नुपर्दछ।

६. **आयोजना छनोट तथा प्राथमिकीकरण -** आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० को दफा ६ मा प्रदेशबाट एक करोड रुपैयाँ भन्दा कम लागतका पूर्वाधार आयोजना कार्यान्वयन नगर्ने उल्लेख छ। भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय र मातहतका निकायबाट कार्यान्वयन हुनेगरी यो वर्ष १ हजार ५२८ आयोजनामा रु.१२ अर्ब १४ करोड ६० लाख ३७ हजार बजेट विनियोजन गरेकोमध्ये रु.१ करोडसम्मका १ हजार ९५ (७१.६६) प्रतिशत आयोजनामा विनियोजन भएपनि रु.२ अर्ब ७२ करोड ९४ लाख ८६ हजार मापदण्ड अनुरूप विनियोजन भएको छैन। प्रदेश सरकारले आफ्नो कार्यक्षेत्र भित्र पर्ने आयोजनाहरूको तर्जुमा तथा कार्यान्वयन गर्दा उल्लिखित मापदण्डको पालना गर्नुपर्दछ।

७. **बजेट तथा योजना निर्माण -** प्रदेश सरकारले २०८१।८२ को लागि रु.३२ अर्ब ९७ करोड ८५ लाख ७५ हजार बजेट विनियोजन गरेकोमा रु.२२ अर्ब ८९ करोड २२ लाख ४६ हजार खर्च गरेको छ। बजेट तथा योजना निर्माण गर्दा दिगो विकास लक्ष्य, सङ्घीय सरकारले अवलम्वन गरेको नीति तथा कार्यक्रम, प्रदेश सरकारको क्षेत्रगत नीति, आवधिक योजना र कार्यक्रमबीच सामञ्जस्यता हुने गरी बजेट व्यवस्था एवं कार्यान्वयन गर्नुपर्नेमा सङ्घीय सरकारको आवधिक योजना तथा क्षेत्रगत नीति अनुसार सामञ्जस्यता हुनेगरी प्रदेशको नीति कार्यक्रम तयार भएको छैन। प्रदेशको एकीकृत लक्ष्यका लागि स्थानीय तहबाट सञ्चालन हुने योजनाहरूमा समन्वय भएको छैन। स्वीकृत बजेट अनुसार कार्य प्रगति नहुनु, योजनाहरूको प्राथमिकीकरण नगरी साना योजनाहरूमा बजेट खर्च हुनु, मागका आधारमा योजना छनोट नगरी कार्यान्वयन गराइनु लगायतका कारण अपेक्षित उपलब्धि प्राप्त गरेको देखिएन। राष्ट्रिय लक्ष्यसँग सामञ्जस्यता कायम गरी नीति तथा कार्यक्रम र बजेट व्यवस्था एवं लक्ष्य अनुसार प्रगति हाँसिल हुने योजना निर्माण हुने गरी सुधार गर्नुपर्दछ।

८. **खर्च प्रतिबद्धता -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ११ मा सम्भावित दायित्व तथा प्रतिबद्धताको अभिलेख राख्ने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयले तयार गरेको एकीकृत आर्थिक विवरणअनुसार मन्त्रालयले विभिन्न मन्त्रालय, केन्द्रीय निकाय र मातहतका कार्यालयमार्फत सञ्चालन भइरहेका योजनामा यस वर्षको लागि रु.२२ अर्ब ८३ करोड ४२ लाख ४९ हजारको खर्च प्रतिबद्धता जनाएको छ। प्रतिबद्धता दिएको रकम चालु वर्षको बजेट रु.३२ अर्ब ९७ करोड ८५ लाख ७५ हजारको ६९ प्रतिशत रहेको छ। ठूलो परिमाण खर्च प्रतिबद्धता जनाउँदा आगामी वर्षको बजेट प्रभावित हुने हुँदा खर्च प्रतिबद्धता जनाउने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

९. **सम्पत्ति तथा स्रेस्ता व्यवस्थापन -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ८५(२) मा खारेज भएको वा गाभिएको कार्यालय कायम रहेको दिनसम्मको सम्पत्ति तथा जिन्सी मालसामानको त्यस्तो कार्यालय खारेज भएको वा गाभिएको मितिले पैंतीस दिनभित्र सम्पत्ति तथा जिन्सी मालसामानको जिम्मा लिने दिने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ।

गण्डकी प्रदेश मन्त्रिपरिषद्को २०८२।४।२६ को निर्णयले तोकेअनुसारका ८ कार्यालयहरू खारेज गर्ने निर्णय गरेको पाइयो। खारेज गरेको प्रादेशिक स्वास्थ्य निर्देशनालय सहित १२ स्वास्थ्य कार्यालयबाट आर्थिक वर्ष २०८०।८१ मा रु.६२ लाख ७० हजार खर्च गरी ३८२ स्वास्थ्य संस्थाहरूले प्रयोग गर्नेगरी सञ्चालनमा ल्याएको विद्युतीय स्वास्थ्य सूचना प्रणाली नवीकरण तथा सञ्चालन सम्बन्धमा आधार तयार गरेको छैन। साथै सोही निर्देशनालयले आर्थिक वर्ष २०८१।८२ मा रु.१ करोड ५२ लाख ९४ हजारमा प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रको साविकको भवनमा दुईतला थप गरी संरचना निर्माण प्रयोग सम्बन्धमा खारेजीको निर्णयमा नखुलेका कारण फरफारक दायित्वसमेत यकिन छैन।

१०. **पुँजीगत खर्च -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३३ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने केन्द्रीय निकायले त्रैमासिक प्रगति विवरण तयार गरी कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। प्रदेश सरकारको यो वर्षको विवरणअनुसार यो वर्ष रु.१४ अर्ब ९९ करोड ९ लाख २४ हजार खर्च गरेकोमा प्रथम त्रैमासिकमा १०.७० प्रतिशत (रु.१ अर्ब ६० करोड ३४ लाख १८ हजार), दोस्रो त्रैमासिकमा ११.४६ प्रतिशत (रु.१ अर्ब ७१ करोड ७९ लाख १८ हजार), तेस्रो त्रैमासिकमा २३.२२ प्रतिशत (रु.३ अर्ब ४८ करोड १ लाख ८४ हजार) र अन्तिम त्रैमासिकमा ५४.६२ प्रतिशत (रु.८ अर्ब १८ करोड ९४ लाख ३ हजार) खर्च भएको छ। चौथो त्रैमासिकमा बढी भार पर्ने गरी खर्च गर्ने अवस्थामा सुधार गर्नुपर्दछ।

११. **बजेट समर्पण -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २०(३) मा आर्थिक वर्षको दोस्रो चौमासिक अवधिसम्म परिचालन नभएको र बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा आर्थिक मामिला मन्त्रालयमा बजेट समर्पण गर्नुपर्ने उल्लेख छ। प्रदेश सरकारका विभिन्न निकायको लागि विनियोजित बजेट कार्यान्वयनको क्रममा विस्तृत परियोजना प्रतिवेदन तयार नभएको, कार्यान्वयनको लागि पर्याप्त समय नभएको र जग्गा प्राप्ति नभएको कारण जनाई बजेट पूर्ण वा आंशिकरूपमा समपर्ण गरेका छन्। अर्थ विविध र स्थानीय तहबाट रकमान्तर गरेको बाहेक मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले रु.५ करोड, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले रु.५ करोड २३ लाख ५३ हजार, प्रदेश लोक सेवा आयोगले रु.९७ लाख, वन तथा वातावरण मन्त्रालयले रु.२० लाख र गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानले रु.२ करोड गरी रु.१३ करोड ४० लाख ५३ हजार बजेट समर्पण गरेको छ। लक्ष्यअनुसार कार्ययोजना बनाइ बजेटको कार्यान्वयन गर्नुपर्दछ।

१२. **आर्थिक सहायता -** प्रदेश आर्थिक सहायतासम्बन्धी कार्यविधि, २०७६ को दफा ३ र ५ मा रु.२५ हजारसम्म व्यक्तिगत सहायता र रु.१ लाखसम्म संस्थागत सहायता मुख्यमन्त्रीको तोक आदेशबाट सोझै, सो भन्दा माथि मन्त्रिपरिषद्को निर्णयबाट भुक्तानी दिन सकिने व्यवस्था छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले २०८१।८२ मा अन्य सामाजिक सहायता शीर्षकबाट रु.३ करोड ८३ लाख ८७ हजार आर्थिक सहायतामा खर्च गरेकोमा सहायता पाउनेको विवरण सार्वजनिक गरेको छैन।

१३. **रुग्ण आयोजना** - आयोजना कार्यान्वयनमा देखिएका समस्याहरूको पहिचान र निराकरणका लागि सुझाव तथा सिफारिस प्रतिवेदन, २०८० अनुसार भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था

मन्त्रालय अन्तर्गत २० योजना निर्माण गर्न रु.१ अर्ब ३१ करोड ९३ लाख ४० हजारमा सम्झौता गरी शून्यदेखि ८५ प्रतिशत, ऊर्जा जलस्रोत तथा खानेपानी मन्त्रालय अन्तर्गत ३१ योजनाको रु.५२ करोड ९ लाख २ हजारमा सम्झौता गरी ४७ देखि ९० प्रतिशत, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय अन्तर्गत २ योजनाको रु.१३ करोड ४ लाख २४ हजारमा सम्झौता गरी ४७ देखि ७० प्रतिशत र कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय अन्तर्गत १ योजनाको रु.६ करोड ९२ लाख २० हजारमा सम्झौता गरी ५७ प्रतिशत वित्तीय प्रगति भएको समेत ४ मन्त्रालय अन्तर्गत ५४ आयोजना अधुरा रहेका छन्। आयोजनाको पूर्वतयारीका कार्यहरू सम्पन्न गरी बजेटको सुनिश्चितता गरेर मात्र आयोजना छनोट तथा कार्यान्वयन गर्नुपर्दछ।

१४. **रकमान्तर** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम २९(१) मा बजेट विनियोजन नभएको आर्थिक सङ्केत शीर्षकमा रकमान्तर गर्न नपाईने व्यवस्था छ। यस सम्बन्धमा देखिएको बेहोराहरू निम्नानुसार छन्:

१४.१ सुरु बजेट नभएको अवस्थामा नेपाल सरकार अन्तर्गत निकाय तथा स्थानीय तहहरूबाट विभिन्न योजनाहरू सञ्चालन गर्ने गरी ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयमा रु.५४ लाख, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयमा रु.७५ लाख ४१ हजार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रु.२२ करोड ३५ लाख ७७ हजार समेत रु.२३ करोड ६५ लाख १८ हजार रकमान्तर गरी रु.२० करोड ४५ लाख ४४ हजार खर्च गरेको छ।

१४.२ मन्त्रालय तथा निकायतर्फ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रु.३ करोड ११ लाख ४३ हजार, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयमा रु.१ करोड ३८ लाख ४ हजार, ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयमा रु.७७ लाख १० हजार र भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयमा रु.४४ करोड ३० लाख ८८ हजार लगायत १० निकाय समेतले रु.५० करोड ४० लाख ३५ हजार आषाढ महिनामा रकमान्तर गरेको देखियो।

सुरु बजेट व्यवस्था नभएको आर्थिक सहायता लगायत क्रियाकलापमा आर्थिक वर्षको अन्तमा समेत रकमान्तर गरी खर्च गर्दा संसदीय निगरानी नहुने देखिएकोले यस्तो कार्य नियन्त्रण गर्नुपर्दछ।

१५. **अर्थ विविध** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा १० मा सार्वजनिक निकायले बजेट प्रस्ताव गर्दा योजना तथा कार्यक्रमको क्रियाकलाप खुलाउनुपर्ने व्यवस्था छ। आर्थिक मामिला मन्त्रालयले यो वर्ष अर्थ विविधमा रु.२ अर्ब ८७ करोड ३ लाख ९७ हजार रकमान्तरपश्चात् अन्तिम बजेट कायम गरी भैपरी आउने पुँजीगतमा रु.३२ करोड ७२ लाख ८१ हजार र चालु खर्चमा रु.८ करोड १ लाख ९७ हजार समेत रु.४० करोड ७४ लाख ७८ हजार अन्तर्गत निकायमार्फत खर्च गरेको छ। अर्थ विविधमा बजेट राखी वर्षान्तमा स्थानान्तरण गरी खर्च गर्ने कार्यमा सुधार हुनुपर्दछ।

१६. **राजस्व बाँडफाँट** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ मा विज्ञापन कर, मनोरञ्जन कर, पर्यटन शुल्क र दहत्तर बहत्तर बापत प्राप्त हुने राजस्व स्थानीय तहले सङ्कलन गरी प्रदेश सरकार र स्थानीय तहबिच बाँडफाँट हुने कानुनी व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यस वर्ष प्रदेश अन्तर्गतका ८५ मध्ये ४२ स्थानीय तहबाट दहत्तर

बहत्तर अन्तर्गत बाँडफाँट भई प्राप्त हुने रकम रु.१५ करोड ९५ लाख १३ हजार, ८ स्थानीय तहबाट विज्ञापन कर अन्तर्गत रु.२१ करोड ९४ हजार र ६ स्थानीय तहबाट मनोरञ्जन कर अन्तर्गत रु.५७ लाख ५९ हजार सहित रु.३७ करोड ५३ लाख ६६ हजार दाखिला भएकोमा बाँकी ४३ स्थानीय तहले दहत्तर बहत्तर, ७७ स्थानीय तहले विज्ञापन कर र ७९ स्थानीय तहले मनोरञ्जन कर प्रदेश सञ्चित कोषमा दाखिला गरेका छैनन्। प्रभावकारी रूपमा अनुगमन गरी प्रदेश आर्थिक ऐनले तोकेबमोजिमको राजस्व समयमै सङ्कलन तथा बाँडफाँट हुने व्यवस्था गर्नुपर्दछ।

१७. **प्रदेश समन्वय परिषद् -** सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २४ र २५ मा क्रमशः प्रदेश तथा स्थानीय तहबीच वा प्रदेशभित्रका जिल्लाका स्थानीय तहबीचको समन्वय वा अन्तरसम्बन्ध व्यवस्थित गर्न मुख्यमन्त्रीको संयोजकत्वमा एक प्रदेश समन्वय परिषद् रहने र परिषद्को बैठक वर्षको कम्तीमा एकपटक बस्ने व्यवस्था छ। परिषद्को २०८१।१०।१८ मा बसेको आठौं बैठकले स्थानीय तह वा प्रदेशभित्रको जग्गाको भोगचलन तथा व्यवस्थापनको कानुन बनाइ सम्बन्धित तहलाई नै हस्तान्तरण गर्न नेपाल सरकारलाई अनुरोध गर्ने, प्रदेशको अधिकार क्षेत्रको प्रहरी प्रदेशमा समायोजन गर्न नेपाल सरकारलाई अनुरोध गर्ने, अन्नपूर्ण संरक्षण क्षेत्र र मनास्लु संरक्षण क्षेत्रभित्र पर्ने वन प्रदेश सरकार मातहत ल्याउन पहल गर्ने, स्थानीय तहबाट निर्णय भई प्रदेश सरकारसँग माग हुन आएका आयोजनाहरूलाई प्रदेश सरकारको आयोजना बैङ्कमा प्रविष्टि गरी बजेट विनियोजन गर्दा सिलिङ्ग तोक्ने व्यवस्था गर्ने, योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा श्रमिक मजदुर वर्गको समेत पहुँच विस्तार गर्ने लगायतका १० निर्णय गरेको पाइयो। निर्णय कार्यान्वयन अवस्थाको अनुगमन गरेको देखिएन।

१८. **प्राकृतिक स्रोतको शुल्क -** प्रदेश आर्थिक ऐन, २०८१ को दफा ८(४) मा माटो, ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल, खरिढुङ्गा र दहत्तर बहत्तरको उत्खनन्, सङ्कलन, प्रशोधन वा बिक्री वितरण तथा जरिबाना स्थानीय तहले सङ्कलन गरी स्थानीय तहको विभाज्य कोषमा जम्मा गर्नुपर्ने र सोही ऐनको उपदफा ५ मा स्थानीय विभाज्य कोषमा भएको रकम बाँडफाँट गरी साठी प्रतिशत स्थानीय तहको सञ्चित कोषमा र चालिस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्ने व्यवस्था छ। प्रदेशभित्रका स्थानीय तहबाट सङ्कलन हुने शुल्क प्रदेश सरकारले राजस्व बाँडफाँट गरी लेखाङ्कन गरेको पाइएन। अन्तिम लेखापरीक्षणअनुसार यसवर्ष १५ स्थानीय तहहरूले प्रदेश सरकारलाई प्राकृतिक स्रोतबापत बाँडफाँट गरी बुझाउनुपर्ने रु.१८ करोड ७७ लाख ५७ हजार बाँडफाँट गराएको पाइएन। स्थानीय तहहरूमा विभाज्य कोषको नियमित तथ्याङ्क सङ्कलन लेखाङ्कन गरी बाँकी रकम प्रदेश सञ्चित कोषमा प्राप्त गर्नुपर्दछ।

१९. **विद्युत महसुल अनुदान -** सिँचाइ प्रणालीमा विद्युत महसुल अनुदानसम्बन्धी मापदण्ड, २०८० को बुँदा नं. ७ मा तोकिए बमोजिमको आधारमा लिफ्टिङ्ग वा भूमिगत सिँचाइ प्रणालीमा शतप्रतिशतसम्म विद्युत महसुल अनुदान वितरण गर्न सकिने व्यवस्था छ। प्रदेशको बजेट वक्तव्य, २०८१।८२ को बुँदा नं. ११३ मा प्रदेशभित्र सञ्चालित लिफ्टिङ्ग खानेपानी र सिँचाइ आयोजनामा शतप्रतिशतसम्म विद्युत महसुलमा अनुदानलाई निरन्तरता दिएको छ। ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय अन्तर्गतका कार्यालयहरूबाट २०७९।८० देखि २०८१।८२ सम्म खानेपानीतर्फ १ हजार २३ योजनाका लागि रु.१० करोड ६ लाख ४८ हजार तथा सिँचाइतर्फ ४७ आयोजनाका लागि रु.२९ लाख ८१ हजार

गरी कुल १ हजार ७० योजनाका लागि रु.१० करोड ३६ लाख २९ हजार विद्युत महसुल अनुदान भुक्तानी गरेको छ।

२०. **होमस्टे निर्माण** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयले आफू मातहतका कार्यालयबाट भएको कामको अनुगमन गर्नुपर्दछ। यो वर्ष पर्यटन, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयबाट २० होमस्टेको पूर्वाधार निर्माण तथा मर्मतको लागि रु.१ करोड बजेट विनियोजन गरी रु.९४ लाख खर्च लेखेको छ। होमस्टे सञ्चालन गर्दा स्थानीय उत्पादनको उपयोग, संस्कृति प्रवर्द्धन, निर्मित पूर्वाधारको सामुदायिक प्रयोग, पहुँच मार्गहरू निर्माणलाई प्राथमिकता दिएको देखिएन। ताचै घरबास व्यवस्थापन समिति, पाखाथर होमस्टे, लप्सीबोट सामुदायिक होमस्टे लगायतलाई गत विगत वर्षदेखिनै चालु तथा पुँजीगत अनुदान प्रदान गर्दै आएकोमा प्रतिफल विश्लेषण गरेको छैन। होमस्टे अनुदानको प्रतिफल तथा प्रभावकारिता विश्लेषण गरिनुपर्दछ।

२१. **वन रोयल्टी** - वन नियमावली, २०७९ को नियम ९३(४) मा वृक्षारोपण गरी वा प्राकृतिक पुनरुत्पादनको पाँच बर्षसम्म स्याहार, सम्भार र व्यवस्थापन गर्न लागत अनुमान अनुसार वन विकास कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। राष्ट्रिय वन क्षेत्रको जग्गा प्रयोग गर्दा हटाइने रुख र पोलको सङ्ख्याको आधारमा बिरुवाको वृक्षारोपण सम्बन्धित उपयोगकर्ताले गर्नुपर्ने व्यवस्था छ। डिभिजन वन कार्यालय, तनहुँको क्षेत्राधिकारस्थित एक केवलकार प्रा.लि. ले रु.६९ लाख ४६ हजार र अर्को एक प्रा.लि.ले रु.२ करोड ६७ लाख ६४ हजार गरी रु.३ करोड ३७ लाख १० हजार वन विकास कोषमा दाखिला गरेको छैन। तसर्थ सम्बन्धित कम्पनीहरूबाट नियमानुसार उक्त रकम असुल हुनुपर्दछ।

२२. **सहकारी संस्था अनुगमन** - गण्डकी प्रदेश सहकारी ऐन, २०७५ को दफा ७६ को उपदफा (१) मा दर्ता गर्ने अधिकारीले सहकारी संस्थाको जुनसुकै बखत निरीक्षण तथा हिसाब जाँच गर्न गराउन सक्ने व्यवस्था छ। साथै गण्डकी प्रदेश सहकारी नियमावली, २०७६ को नियम ३८(७) मा दर्ता अधिकारीले रु.५ करोड भन्दा बढी कारोबार भएका संस्थाहरूको नियमित अनुगमन र रु.२५ करोड भन्दा बढी कारोबार भएका संस्थाहरूको सघन अनुगमन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले यो वर्ष १०४ संस्थाको नियमित अनुगमनबापत रु.३ लाख ७० हजार र ९ सहकारी संस्थाको छानबिन तथा अनुगमन प्रयोजनका लागि एक परामर्शदाता छनोट गरी रु.१३ लाख ५० हजार खर्च लेखेको छ। कार्यालयको प्रगति विवरणअनुसार १० सहकारी संस्थाको अनुगमन तथा छानबिन गर्दा शेयर, बचत सहित रु.१ अर्ब ९३ करोड ५८ लाख ७० हजार हिनामिना भएको उक्त परामर्शदाताको प्रतिवेदनले जनाएको छ। परामर्शदाताबाट प्राप्त प्रतिवेदनको यथार्थता यकिन गरी कार्यान्वयन गर्नुपर्दछ।

२३. **बजेट विनियोजन** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ९ मा सम्भाव्यता अध्ययन भई स्वीकृत भइसकेका, आगामी वर्ष खर्च हुन सक्ने, बढी प्रतिफल वा उपलब्धि प्राप्त हुने, तुलनात्मक लाभ बढी भएका र सामाजिक लाभ उच्च भएका आयोजना तथा कार्यक्रम प्रस्ताव गर्नुपर्ने उल्लेख छ। भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयले रु.१५ करोड २० लाख ५१ हजार बजेट विनियोजन गरी मन्त्रालय मातहतका १२ निकायबाट कार्यान्वयन हुनेगरी मन्त्रीस्तरीय निर्णयबाट स-साना ११८ आयोजनामा रु.१३ करोड १६ लाख ९७ हजार बाँडफाँट गरी रु.११ करोड ४४ लाख ८७ हजार (९६.९३ प्रतिशत) खर्च गरेको पाइयो। बहुवर्षीय

आयोजनाहरूमा बजेट अभाव हुने गरेको साथै २०८०।८१ मा कार्यसम्पन्न भई बिल पेस भएका आयोजनामा समेत २०८१।८२ मा बजेट विनियोजन नभएको कारण सो दायित्व २०८२।८३ लाई सार्नुपरेको अवस्थामा पूर्व तयारी बेगरका साना टुक्रे आयोजनामा एकमुष्ट बजेट विनियोजन गरी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

२४. **कर तथा शुल्क** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन गर्ने कार्य आर्थिक मामिला मन्त्रालयको रहेको छ। प्रदेशले घर जग्गा रजिष्ट्रेसन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन सेवा शुल्क, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, दण्ड जरिबाना कानुन बनाइ कर तथा शुल्कका दर तोक्न सक्ने व्यवस्था छ। यस वर्ष कृषि आयमा कर, पर्यटन शुल्क, घर जग्गा रजिष्ट्रेसन शुल्क, सवारी साधन कर शुल्क असुली लगायतका शीर्षकमा रु.१५ अर्ब २१ करोड ४० लाख १० हजार असुली गर्ने अनुमान गरेकोमा रु.१० अर्ब ३० करोड ९ लाख २३ हजार अर्थात् अनुमानको ६७.७१ प्रतिशत र कुल आय रु.२३ अर्ब ५५ करोड ६१ लाख ७८ हजारको ४३.७३ प्रतिशत मात्र आन्तरिक आय प्राप्त भएकोले लक्ष्य अनुसार कार्य योजना बनाइ कर तथा शुल्क असुली हुनुपर्दछ।

२५. **सम्पत्तिको अभिलेख** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २५(५) मा प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश सरकारको सम्पत्ति र दायित्वको एकीकृत विवरण तयार गर्ने तथा दफा ५२ मा सरकारी सम्पत्तिको संरक्षणको प्रबन्ध गर्नुपर्ने उल्लेख छ। प्रदेश लेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको पाम्स तथ्याङ्क अनुसार प्रदेशको रु.४ अर्ब ३२ करोड ६६ लाख ४३ हजार सम्पत्तिको लगत कायम गरिएको देखिन्छ। सरकारी जग्गा तथा भवन लगायत सम्पूर्ण सवारी साधनहरूको मूल्य अभिलेखीकरण गरेको छैन। सम्पत्तिको यथार्थ अभिलेख अद्यावधिक हुनुपर्दछ।

खण्ड

१

मन्त्रालय र निकायगत बेहोरा

प्रदेश सभा सचिवालय

प्रदेश सभाको काम कारबाही सञ्चालन र व्यवस्थापन गर्न नेपालको संविधानको धारा १९५ बमोजिम प्रदेश सभा सचिवालय स्थापना भएको हो। प्रदेश सभाको प्रमुख कार्य सरकार निर्माण गर्नु, प्रादेशिक कानुन बनाउनु, प्रदेश सरकारको काम कारबाहीको निगरानी गर्नु र प्रादेशिक जनसरोकारको विषयमा प्रदेश सभामा छलफल गर्नु रहेको छ।

१. **लेखापरीक्षण नभएको** – प्रदेशको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३३(१) मा प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। सचिवालयको २०८१।८२ को स्रेस्ता एवं सोसँग सम्बन्धित कागजात २०८२ भाद्र २३ र २४ मा भएको घटनाको कारण क्षति भएको भनी पत्र प्राप्त भएको तर स्रेस्ता पेस नभएकोले विनियोजनतर्फ रु.१४ करोड ५ लाख ८४ हजार, राजस्वतर्फ रु.३३ हजार, धरौटीतर्फ रु.७ लाख ४१ हजार र अन्य कारोबारतर्फ रु.१३ करोड ७९ लाख ७८ हजार समेत रु.२७ करोड ९३ लाख ३६ हजारको लेखापरीक्षण गरिएको छैन।

२. **बजेट तथा खर्च** – प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त सचिवालयको यस वर्षको आर्थिक सङ्केत तथा वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु. हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक/सुविधा	११९५१८	११९९५८	९९६६२	८३.०८
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	३९२	३९२	१०५	२६.७९
२२१०० सेवा महसुल	२६५२	२६५२	२१९३	८२.६९
२२३०० कार्यालय सामान तथा सेवा	२८२१	२८२१	२४५१	८६.८८
२२४०० सेवा तथा परामर्श खर्च	६३८५	६३८५	४८१५	७५.४१
२२५०० कार्यक्रमसम्बन्धी खर्च	१२८००	१११००	४९२६	४४.३८
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	४३००	४३००	२९५९	६८.८१
२२७०० विविध खर्च	४५६०	४५६०	४२३७	९२.९२
अन्य (बाँकी खर्च शीर्षकहरू)	११६४२	१३३४२	१२१५१	९१.०७
जम्मा	**१६५०७०**	**१६५५१०**	**१३३४९९**	**८०.६६**
पुँजीगत खर्च				
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	११२८०	११२८०	७०८५	६२.८१
कुल जम्मा	**१७६३५०**	**१७६७९०**	**१४०५८४**	**७९.५२**

उल्लिखित विवरणअनुसार चालुतर्फ ८०.६६ प्रतिशत, पुँजीगततर्फ ६२.८१ प्रतिशत र समग्रमा ७९.५२ प्रतिशत खर्च भएको छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार कार्यालयले देहायका प्रमुख कार्यहरूको नियमन, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन, नियमन र र प्रतिवेदनसम्बन्धी कार्यहरू गर्दछ।

- प्रदेश भित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन,
- प्रदेश मन्त्रिपरिषद्मा पेस हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण,
- प्रदेशमा शान्ति सुरक्षा र सुव्यवस्थासम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा र कार्यान्वयन तथा सङ्घसँगको समन्वय र सहकार्यमा आन्तरिक प्रशासन सञ्चालन,
- प्रदेश सरकारको कार्यसम्पादन नियमावली तर्जुमा र कार्यान्वयन, प्रदेशस्तरीय मानव संसाधन विकास योजना तर्जुमा र कार्यान्वयन,
- स्थानीय तहको कर्मचारी र कार्यालयको व्यवस्थापनसम्बन्धी कानुन तर्जुमा,
- प्रदेश सरकारको नीति, योजना तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
- आवश्यक पर्ने नीति एवम् कानुनहरूको तर्जुमा, संशोधन र फैसला कार्यान्वयन,
- श्रमजीवी सञ्चारकर्मीहरूको न्यूनतम पारिश्रमिक अनुगमन,
- विवाद व्यवस्थापन,
- निःशुल्क कानुनी सहायतासम्बन्धी,
- आधारभूत मानव अधिकारको संरक्षण, नागरिक स्वतन्त्रताको रक्षा तथा प्रवर्धनमा सहयोग,
- फौजदारी कार्यविधि कानुनको कार्यान्वयन,
- सत्य निरुपण तथा मेलमिलाप र बेपत्ता पारिएका व्यक्ति सम्बन्धी,
- साईवर सुरक्षा अनुगमन,
- विपद् व्यवस्थापन, जोखिम न्यूनीकरण र विपद् प्रतिकार्यसम्बन्धी प्रदेशको नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन।

१. **लेखापरीक्षण अङ्क -** यो वर्ष कार्यालयको रु.९१ करोड ३६ लाख ६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य	जम्मा
५१०६२१	४३५७४	२२५४१	३३६८७०	९१३६०६

उल्लिखित लेखापरीक्षण रकममा यस कार्यालयमा विनियोजन भई गण्डकी प्रदेश प्रहरी कार्यालयबाट खर्च भएको रु.१४ करोड ४५ लाख समावेश छ।

यो वर्ष १ समिति तथा अन्य संस्थातर्फ रु.४ करोड ३३ लाख ७७ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

२. **बजेट तथा खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त कार्यालयको यस वर्षको आर्थिक वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु. हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक/सुविधा	८१०३४	८२४६९	५११९६	६२.०८
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	२७७१	२७७१	२९३	१०.५७
२२१०० सेवा महसुल	५६८६	५६८६	३८४५	६७.६२
२२३०० कार्यालय सामान तथा सेवा	८७३०	८७३०	७७९९	८९.३४
२२४०० सेवा तथा परामर्श खर्च	२७३२९	२८०५३	२४६७६	८७.९६
२२५०० कार्यक्रम सम्बन्धी खर्च	४५४१८१	३८९०४३	१३५६८६	३४.८८
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	१०३०६	१०३०६	६३५४	६१.६५
२२७०० विविध खर्च	७७२९	८०७९	७८९७	९७.७५
२७२०० सामाजिक सहायता	२००२५०	२२६२५०	१००९१०	४४.६०
२८१०० सम्पत्ति सम्बन्धी खर्च	१५००	१५००	१०४४	६९.६०
२८९०० भैपरी आउने चालु खर्च	१०००	५००	०	०.००
अन्य (बाँकी खर्च शीर्षकहरू)	१७७८२	२५७६१	२४१४८	९३.७४
जम्मा	**८१८२९८**	**७८९१४८**	**३६३८४८**	**४६.११**
पुँजीगत खर्च				
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	१८७२००	१६७२००	१४६७७३	८७.७८
जम्मा	**१८७२००**	**१६७२००**	**१४६७७३**	**८७.७८**
कुल जम्मा	**१००५४९८**	**९५६३४८**	**५१०६२१**	**५३.३९**

उल्लिखित विवरणअनुसार चालुतर्फ ४६.११ प्रतिशत, पुँजीगततर्फ ८७.७८ प्रतिशत र समग्रमा ५३.३९ प्रतिशत खर्च भएको छ।

३. **एकीकृत वित्तीय विवरण** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २५ र प्रदेश आर्थिक कार्यविधि तथा वित्तय उत्तरदायित्व नियमावली, २०७९ को नियम ६५ बमोजिम वित्तीय विवरण तयार गरी भाद्र मसान्तभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। कार्यालयले यो वर्ष वित्तीय विवरण तयार गरेको छैन। कानुन बमोजिम तोकिएको ढाँचामा एकीकृत वित्तीय विवरण तयार गरी पेस गर्नुपर्दछ।

४. **शून्य प्रगति** - कार्यालयले चालु कार्यक्रमतर्फ प्रदेश किताबखानाको स्थापना, विपद् व्यवस्थापन कोष स्थापना, गण्डकी प्रदेश प्रहरी अस्पताल व्यवस्थापन तथा सञ्चालन, प्रदेश गोदामघरको लागि विपद् उद्दार सामग्री खरिद, विद्युतीय सुशासन गुरुयोजना अन्तर्गतका क्रियाकलापहरूको कार्यान्वयन लगायतका ४६ शीर्षकमा रु.११ करोड १० लाख ७० हजार, पुँजीगत कार्यक्रमतर्फ वेगनास तालमा विपद् उद्दारको लागि मोटर बोट खरिद, प्रदेश किताबखानाको लागि फाईलिङ्ग क्याबिनेट लगायत अभिलेख व्यवस्थापनसम्बन्धी संरचना स्थापना/निर्माण, कारागारमा भौतिक पूर्वाधार निर्माण/मर्मत सम्भार लगायतका ४ शीर्षकमा रु.९५ लाख र सङ्घ सशर्त अनुदान कार्यक्रमतर्फ नवप्रवर्तन साझेदारी कोष परियोजना कार्यान्वयन, गुनासो व्यवस्थापन प्रणाली निर्माण तथा सञ्चालन, स्थानीय तहहरूको

लागि सूचना तथा संचार प्रयोगशाला सहयोग, स्थानीय तहहरूसँग नीतिगत सम्वाद, प्रदेश मन्त्रालयहरूमा लैंगिक उत्तरदायी बजेट अडिट सञ्चालन लगायत ३१ शीर्षकमा रु.७ करोड ६२ लाख गरी जम्मा रु.१९ करोड ६७ लाख ७० हजार विनियोजन गरेकोमा खर्च नहुँदा प्रगति शून्य देखिएको छ। कार्यान्वयनयोग्य कार्यक्रम बजेटमा समावेश गरी प्रगति हासिल गर्नुपर्दछ।

५. **सम्पत्ति तथा स्रेस्ता व्यवस्थापन -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ८५(२) मा खारेज भएको वा गाभिएको कार्यालय कायम रहेको दिनसम्मको सम्पत्ति तथा जिन्सी मालसामानको त्यस्तो कार्यालय खारेज भएको वा गाभिएको मितिले पैंतीस दिनभित्र त्यस्तो सम्पत्ति तथा जिन्सी मालसामानको जिम्मा लिने दिने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ। गण्डकी प्रदेश मन्त्रिपरिषद्को २०८२।४।२६ को निर्णयले तोकेअनुसारका ८ कार्यालयहरू खारेज गर्ने निर्णय गरेको पाइयो। खारेज गरेको प्रादेशिक स्वास्थ्य निर्देशनालय सहित १२ स्वास्थ्य कार्यालयबाट आर्थिक वर्ष २०८०।८१ मा रु.६२ लाख ७० हजार खर्च गरी ३८२ स्वास्थ्य संस्थाहरूले प्रयोग गर्नेगरी सञ्चालनमा ल्याएको विद्युतीय स्वास्थ्य सूचना प्रणाली नवीकरण तथा सञ्चालन सम्बन्धमा आधार तयार गरेको छैन। साथै सोही निर्देशनालयले आर्थिक वर्ष २०८१।८२ मा रु.१ करोड ५२ लाख ९४ हजारमा प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रको साविक भवनमा दुईतला थप गरी संरचना निर्माण गरेकोमा सोको प्रयोग सम्बन्धमा खारेजीको निर्णयमा नखुलेका कारण फरफारक दायित्वसमेत यकिन छैन। प्रदेश कार्यालयहरूको जिम्मेवारीमा हेरफेर गर्दा साविक कार्यालयको सम्पत्ति, दायित्व, स्रेस्तालगायतका विषयसमेत व्यवस्थापन गर्नुपर्ने देखिन्छ।

६. **निर्णय कार्यान्वयन** – प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको कार्य जिम्मेवारी अन्तर्गत प्रदेश मन्त्रिपरिषद्बाट भएका निर्णयको कार्यान्वयन र अनुगमन गर्ने उल्लेख छ। मन्त्रिपरिषद्बाट २०७४।७५ देखि २०८१।८२ सम्म २६४ बैठकबाट १ हजार ३८१ वटा निर्णय भएको पाइयो। निर्णय कार्यान्वयन सम्बन्धमा अभिलेख राखी अनुगमन एवम् प्रतिवेदन तयार गरेको छैन। बैठकबाट भएका निर्णय कार्यान्वयन अवस्थाको अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्दछ।

७. **खर्च सहमति -** प्रदेश सरकारको विनियोजन ऐन, २०८१ को दफा ५(४) मा प्रदेश सरकारको कुनै विषयगत मन्त्रालय तथा निकायको स्वीकृत वार्षिक कार्यक्रम अर्को मन्त्रालय तथा निकायबाट कार्यान्वयन गर्नुपर्ने भएमा कार्यान्वयन गर्ने सम्बन्धित मन्त्रालय तथा निकायको पूर्व सहमति लिई माघ मसान्तभित्र प्रदेश सरकार आर्थिक मामिला मन्त्रालयमा लेखी पठाएमा मन्त्रालयले खर्च गर्ने अख्तियारीको लागि सहमति दिन सक्ने उल्लेख छ। यस कार्यालयले भौतिक संरचना निर्माणमा नेपाल प्रहरी अन्तर्गतका ९ निकायहरूलाई रु.१३ करोड ९५ लाख र १० कारागार कार्यालयहरूलाई रु.५० लाखसमेत रु.१४ करोड ४५ लाख निकासा दिई खर्च गरेकोमा पूर्व सहमति लिएको छैन। ऐनको व्यवस्था अनुसार पूर्व सहमतिबेगर सङ्घीय कार्यालय मार्फत यस प्रकृतिका खर्च गरेको उपयुक्त देखिएन।

८. **कर्मचारी अभिलेख -** प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १३१(१) मा कर्मचारीको अभिलेख प्रदेश निजामती किताबखाना वा प्रदेश सरकारले तोकेको निकायले राख्ने व्यवस्था छ। प्रदेश निजामती किताबखानामार्फत प्रदेशका सरकारी कार्यालयको ३ हजार ४११ दरबन्दीको २०८१ कार्तिकदेखि

विवरण प्रविष्टिको काम सुरु गरेको छ। यसअनुसार प्रदेश लोकसेवा आयोगबाट सिफारिस भई प्रदेश कार्यालयहरूमा नियुक्त भएका ६०३ कर्मचारीको अभिलेख हेर्न मिल्नेगरी प्रविष्टि गरी अद्यावधिक गरेको भएपनि सङ्घबाट समायोजन भएका २ हजार ६६९ कर्मचारीको हकमा प्रदेश निजामती किताबखानामा हेर्न मिल्ने गरी अभिलेख अद्यावधिक गरेको छैन। प्रदेशअन्तर्गत रहेका ८५ स्थानीय तहका कर्मचारीको अभिलेख राख्ने सम्बन्धमा राष्ट्रिय निजामती किताबखानासँग २०८२ कार्तिकदेखि सञ्चालन अनुमति लिएको जनाए पनि हालसम्म विवरण प्रविष्टि गरेको छैन।

९. **प्रदेश समन्वय परिषदको निर्णय -** सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २४ र २५ मा क्रमशः प्रदेश तथा स्थानीय तहबीच वा प्रदेशभित्रका जिल्लाका स्थानीय तहबीचको समन्वय वा अन्तरसम्बन्धलाई व्यवस्थित गर्न मुख्यमन्त्रीको संयोजकत्वमा एक प्रदेश समन्वय परिषद् रहने र परिषद्को बैठक वर्षको कम्तीमा एकपटक बस्ने व्यवस्था छ। परिषद्को २०८१।१०।१८ मा बसेको आठौं बैठकले स्थानीय तह वा प्रदेशभित्रको जग्गाको भोगचलन तथा व्यवस्थापनको कानुन बनाइ सम्बन्धित तहलाई नै हस्तान्तरण गर्न नेपाल सरकारलाई अनुरोध गर्ने, प्रदेशको अधिकार क्षेत्रको प्रहरी प्रदेशमा समायोजन गर्न नेपाल सरकारलाई अनुरोध गर्ने, अन्नपूर्ण संरक्षण क्षेत्र र मनास्लु संरक्षण क्षेत्रभित्र पर्ने वन प्रदेश सरकार मातहत ल्याउन पहल गर्ने, स्थानीय तहबाट निर्णय भई प्रदेश सरकारसँग माग हुन आएका आयोजनाहरूलाई प्रदेश सरकारको आयोजना बैङ्कमा प्रविष्टि गरी बजेट विनियोजन गर्दा सिलिङ्ग तोक्ने व्यवस्था गर्ने, योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा श्रमिक मजदुर वर्गको समेत पहुँच विस्तार गर्ने लगायतका विभिन्न १० निर्णय गरेको पाइयो। निर्णय कार्यान्वयन अवस्थाको अनुगमन भएको नदेखिएकोमा परिषद्को निर्णय कार्यान्वयनको सुनिश्चतता गर्नुपर्दछ।

१०. **आर्थिक सहायता -** प्रदेश आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७६ मा रु.२५ हजारसम्म व्यक्तिगत सहायता र रु.१ लाखसम्म संस्थागत सहायता मुख्यमन्त्रीको तोक आदेशबाट सोझै, सो भन्दा माथिको हकमा मन्त्रिपरिषद्को निर्णयबाट भुक्तानी दिन सकिने व्यवस्था छ। कार्यालयले २०८१।८२ मा कडा रोगहरू र अन्य सामाजिक सहायता शीर्षकबाट रु.३ करोड ८३ लाख ८७ हजार आर्थिक सहायतामा खर्च गरेको छ। आर्थिक सहायता पाउनेको विवरण सार्वजनिक गर्नुपर्दछ।

११. **विपद् व्यवस्थापन कोष -** प्रदेश विपद् व्यवस्थापन नियमावली, २०७७ को नियम १२(१क) मा विपद् प्रभावित वा सम्भावित विपद्को जोखिममा रहेका व्यक्तिको प्रारम्भिक पुनर्स्थापना र सम्पत्ति संरक्षण गर्ने प्रयोजनको लागि कोषको प्रयोग गर्ने व्यवस्था छ। सम्भावित जोखिमको क्षति न्यूनीकरण गर्न विभिन्न मितिको बैठकबाट निर्णय गरी पर्वत, गोरखा, बागलुङ, स्याङ्जा, तनहुँ र लमजुङ्ग गरी ६ जिल्ला प्रशासन कार्यालयलाई रु.२ करोड ८९ लाख ९५ हजार उपलब्ध गराएको पाइयो। उपलब्ध गराएको रकमको खर्च अवस्था र उपलब्धि सम्बन्धमा समीक्षा गरेको पाइएन। रकम उपयोगको प्रभावकारिताका सम्बन्धमा समीक्षा हुनुपर्दछ।

१२. **विपद् पूर्वतयारी** - प्रदेश विपद् व्यवस्थापन नियमावली, २०७७ को नियम १२(१घ) मा विपद् पूर्वयारीका लागि उद्धार तथा राहत सामग्री खरिद तथा भण्डारण गर्ने उल्लेख छ। कार्यालयले विपद् व्यवस्थापन रणनीतिक योजना, पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा, विपद् व्यवस्थापनसम्बन्धी सचेतना अभिवृद्धि कार्यक्रम (निर्माण, प्रकाशन, प्रसारण), प्रदेशस्तरीय विपद् व्यवस्थापन गोष्ठी, विपद्

सम्पर्क व्यक्तिहरूको समन्वय बैठक, विपद् व्यवस्थापन अभ्यास, विपद्मा आपत्कालीन राहत सामग्री खरिद तथा वितरण लगायत १० क्रियाकलापमा रु.८५ लाख बजेट व्यवस्था गरी ४ क्रियाकलाप सञ्चालनमा रु.३२ लाख २९ हजार खर्च गरेको छ। गत वर्ष आपतकालीन राहत सामग्री वितरणको लागि खरिद गरिएका रु.१९ लाख ६९ हजारका सामाग्री भण्डारमा नै रहेकोले यस वर्ष रु.२० लाख बजेट विनियोजन गरेकोमा खर्च भएको छैन। कार्यक्रमअनुसार खरिद सामग्री उद्देश्यअनुरूप उपयोग हुने व्यवस्था मिलाउनु पर्दछ।

१३. **रुग्ण आयोजना** - आयोजना कार्यान्वयनमा देखिएका समस्याहरूको पहिचान र निराकरणका लागि सुझाव तथा सिफारिस प्रतिवेदन, २०८० अनुसार भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गत २० योजना निर्माण गर्न रु.१ अर्ब ३१ करोड ९३ लाख ४० हजारमा सम्झौता गरी शून्यदेखि ८५ प्रतिशत, ऊर्जा जलस्रोत तथा खानेपानी मन्त्रालय अन्तर्गत ३१ योजनाको रु.५२ करोड ९ लाख २ हजारमा सम्झौता गरी ४७ देखि ९० प्रतिशत, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय अन्तर्गत २ योजनाको रु.१३ करोड ४ लाख २४ हजारमा सम्झौता गरी ४७ देखि ७० प्रतिशत र कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय अन्तर्गत १ योजनाको रु.६ करोड ९२ लाख २० हजारमा सम्झौता गरी ५७ प्रतिशत वित्तीय प्रगति भएको समेत ४ मन्त्रालय अन्तर्गत ५४ आयोजना अधुरा रहेका छन्। आयोजनाको पूर्वतयारीका कार्यहरू सम्पन्न गरी बजेटको सुनिश्चितता गरेर मात्र आयोजना छनोट तथा कार्यान्वयन गर्नुपर्दछ।

१४. **राजस्व बाँडफाँट** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ मा विज्ञापन कर, मनोरञ्जन कर, पर्यटन शुल्क र दहत्तर बहत्तर बापत प्राप्त हुने राजस्व स्थानीय तहले सङ्कलन गरी प्रदेश सरकार र स्थानीय तहबीच बाँडफाँट हुने कानुनी व्यवस्था छ। प्रदेश अन्तर्गतका ८५ मध्ये ४२ स्थानीय तहबाट दहत्तर बहत्तर अन्तर्गत बाँडफाँट भई प्राप्त हुने रकम रु.१५ करोड ९५ लाख १३ हजार, ८ स्थानीय तहबाट विज्ञापन कर अन्तर्गत रु.२१ करोड ९४ हजार र ६ स्थानीय तहबाट मनोरञ्जन कर अन्तर्गत रु.५७ लाख ५९ हजार सहित रु.३७ करोड ५३ लाख ६६ हजार दाखिला भएकोमा बाँकी ४३ स्थानीय तहले दहत्तर बहत्तर, ७७ स्थानीय तहले विज्ञापन कर र ७९ स्थानीय तहले मनोरञ्जन कर प्रदेश सञ्चित कोषमा दाखिला गरेका छैनन्। कार्यालयले प्रभावकारी रूपमा अनुगमन गरी प्रदेश आर्थिक ऐनले तोकेबमोजिमको राजस्व समयमै सङ्कलन तथा बाँडफाँट हुने व्यवस्था गर्नुपर्दछ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०७५ अनुसार प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारी एवम् निर्वाचित जनप्रतिनिधिहरूको क्षमता विकास र कार्यसम्पादनमा सुधार गर्ने, प्रदेश सरकारका कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्ने, प्रदेश अन्तर्गतका सरकारी तथा अर्धसरकारी निकाय र स्थानीय तहको संस्थागत सुधार एवम् शासकीय क्षमताको अभिवृद्धि गर्ने यस प्रतिष्ठानको कार्य जिम्मेवारी रहेको छ।

१५. **लक्ष्य प्रगति** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३२ (१) मा अनुसूची-२ को ढाँचामा बजेट खर्च देखिने गरी प्रगति प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ।

प्रतिष्ठान अन्तर्गत विभिन्न ३७ कार्यक्रममा रु.७ करोड ६५ लाख ३३ हजार विनियोजन भएकोमा प्रशिक्षण सामग्री प्रकाशन, युवा नेतृत्व क्षमता विकास तालिम कार्यक्रम, पेसागत क्षमता विकाससम्बन्धी तालिम, अपाङ्गमैत्री स्थानीय शासन प्रवर्धन अभिमूखीकरण, सेवाकालीन तालिम लगायतका ११ कार्यक्रममा विनियोजन भएको रु.१ करोड ७७ लाखबाट न्यूनतम ३ प्रतिशतदेखि ३९ प्रतिशत प्रगति हुनेगरी रु.३९ लाख ९४ हजार खर्च गरेको छ। त्यसैगरी अनुभव आदानप्रदानसम्बन्धी राष्ट्रिय/अन्तर्राष्ट्रिय कार्यशाला, प्रशिक्षार्थी प्रशिक्षण कार्यक्रम, ज्ञान केन्द्रको स्तरउन्नति, तालिम सञ्चालनका लागि आधारभूत कार्यसञ्चालन कार्यविधि निर्माण, तालिम व्यवस्थापन सूचना प्रणालीको विकास, स्थलगत अनुगमन अनुशिक्षण कार्यक्रम, कार्यमूलक अनुसन्धान, लेख तथा प्रकाशन लगायतका २६ कार्यक्रममा रु.२ करोड २९ लाख बजेट विनियोजन भए पनि खर्च हुन नसकी शून्य प्रगति देखिएको छ। कार्यान्वयनयोग्य कार्यक्रममा बजेट विनियोजन तथा खर्च दक्षता अभिवृद्धि गरी प्रगति हासिल गर्नुपर्दछ।

१६. **तालिम आवश्यकता पहिचान** - प्रतिष्ठानबाट प्राप्त विवरणअनुसार प्रतिष्ठानले हालसम्म १९३ वटा तालिम सञ्चालन गरी ७ हजार ५२८ जना प्रशिक्षार्थीलाई तालिम दिएको देखिन्छ। यस प्रतिष्ठानले आर्थिक वर्ष २०८१।८२ मा तालिम कार्यक्रमको लागि रु.३ करोड ७० लाख बजेट विनियोजन गरेकोमध्ये रु.९५ लाख ५५ हजार खर्च गरेको छ। सञ्चालित १९३ तालिममध्ये ८ वटा सेवाकालीन तालिम सञ्चालन गरी २२८ जना प्रशिक्षार्थीलाई तालिम उपलब्ध गराएको देखिन्छ भने बाँकी १८५ वटा तालिमका विषय र प्रशिक्षार्थीसम्बन्धी अभिलेख राखेको देखिएन। तालिम प्राप्त जनशक्तिको आवश्यकता पहिचान र अभिलेख अद्यावधिक गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन तयार नगरेको, कार्यक्रम अनुसार प्रगति हासिल नगरेको, तहगत दोहोरो संरचना भएको, विद्युतीय सुशासन आयोजनाको गुरुयोजना अनुसारको कार्य नभएको लगायतका बेहोरा औंल्याइएकोमा सुधार भएको देखिएन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** - यो वर्ष कार्यालय र मातहत समेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजु रकमको विवरण देहायअनुसार छः
  - कार्यालयको यो वर्ष रु.७९ लाख ९५ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिक्रियाबाट रु.७ लाख ४४ हजार फर्स्यौंट गरेकोले रु.७२ लाख ५१ हजार बेरुजु बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ।
  - समिति र अन्य संस्थातर्फ यो वर्ष रु.६ लाख ५४ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्रतिक्रियाबाट फर्स्यौंट नगराएकोले सोही रकम बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-१०** मा संलग्न छ।

आर्थिक मामिला मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरीवेक्षण, अनुगमन, मूल्याङ्कन तथा नियमन र प्रतिवेदनसम्बन्धी कार्यहरू गर्दछ।

- प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन,
- प्रदेशस्तरको आर्थिक स्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन,
- प्रदेशस्तरको वित्त सन्तुलन नीति तर्जुमा, कार्यान्वयन र नियमन,
- सङ्घको स्वीकृतिमा वैदेशिक सहयोग, वैदेशिक ऋण र अनुदान प्राप्ति, उपयोग, लेखाङ्कन र प्रतिवेदन,
- प्रदेश स्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी राजस्व लगत तथा असुल उपर,
- प्रदेश राजस्व नीति तथा कानुनको तर्जुमा, कार्यान्वयन र नियमन,
- सङ्घीय नीति अनुरूप सहवित्तीयकरण,
- प्रदेश आर्थिक कार्यविधि नीति तथा कानुनको निर्माण, कार्यान्वयन र नियमन,
- प्रदेश विनियोजन ऐन तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन,
- प्रदेश सञ्चित कोषको सञ्चालन तथा व्यवस्थापन र प्रदेश लेखा नियन्त्रण एवं व्यवस्थापन,
- प्रदेश पूरक अनुमान तथा पेस्की खर्च, प्रदेशको उधारो खर्च र प्रदेश आकस्मिक कोष,
- प्रदेश सार्वजनिक खर्च नीतिको तर्जुमा, कार्यान्वयन र नियमन तथा स्थानीय तह अनुदान।

१. **लेखापरीक्षण अङ्क -** मन्त्रालय र मातहतका समेत १३ निकायको निम्नानुसार रु.१० अर्ब १२ करोड ३५ लाख ३५ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

(रु. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य	जम्मा
१८३३४४०	८२१२८५६	२२४५०	५४७८९	१०१२३५३५

उल्लिखित विवरणमा स्थानीय तह वित्तीय हस्तान्तरणको रकम रु.१ अर्ब ७४ करोड २८ लाख ४२ हजार समावेश रहेको छ।

२. **बजेट तथा खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणाली बमोजिम मन्त्रालयको यस वर्षको आर्थिक सङ्केत वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक/सुविधा	४७९४९	४७९४९	२७१८९	५६.७०
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	३२०	३२०	५१	१५.९४
२२१०० सेवा महसुल	२४७९	२४७९	१८५८	७४.९५

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
२२३०० कार्यालय सामान तथा सेवा	६०९८	६२७१	४४९९	७१.७४
२२४०० सेवा तथा परामर्श खर्च	७०६१	७०६१	५४९४	७७.८१
२२५०० कार्यक्रम सम्बन्धी खर्च	५४९२४	५२१६१	२२५७३	४३.२८
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	६९५०	७७९०	४४५७	५७.२१
२२७०० विविध खर्च	४२५०	४३५०	३२६०	७४.९४
२६४०० सामाजिक सेवा अनुदान	०	४०००	४०००	१००.००
२८१०० सम्पत्ति सम्बन्धी खर्च	१८९६	१९२३	१०३४	५३.७७
अन्य (बाँकी खर्च शीर्षकहरू)	९६७२	११२९५	८४६५	७४.९४
जम्मा	**१४१५९९**	**१४५५९९**	**८२८८०**	**५६.९२**
पुँजीगत खर्च				
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	२९९००	३८४००	७७१७	२०.१०
कुल जम्मा	**१७१४९९**	**१८३९९९**	**९०५९७**	**४९.२४**

उल्लिखित विवरणअनुसार चालुतर्फ ५६.९२ प्रतिशत, पुँजीगततर्फ २०.१० प्रतिशत र समग्रमा ४९.२४ प्रतिशत खर्च भएको छ।

३. **एकीकृत वित्तीय विवरण** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २५ र प्रदेश आर्थिक कार्यविधि तथा वित्तय उत्तरदायित्व नियमावली, २०७९ को नियम ६५ बमोजिम वित्तीय विवरण तयार गरी भाद्र मसान्तभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। यस मन्त्रालयले पेस गरेको एकीकृत वित्तीय विवरणअनुसार यो वर्ष राजस्व, अनुदान र अन्य प्राप्ति समेत गरी रु.९ अर्ब ९७ करोड ३१ लाख २४ हजार प्राप्ति भएको छ। त्यसैगरी चालु तथा पुँजीगत शीर्षकमा रु.५ करोड ३७ लाख ६६ हजार भुक्तानी भएको छ। वित्तीय विवरणमा रु.७ करोड २४ लाख ९४ हजारको जिन्सी तथा भौतिक सम्पत्ति देखिएकोमा प्रदेश लेखा नियन्त्रक कार्यालयको अभिलेखअनुसार मन्त्रालयको जिन्सी तथा भौतिक सम्पत्ति रु.६ करोड ९६ लाख ६९ हजार उल्लेख भएकोले रु.२८ लाख २५ हजार फरक परेको छ। मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयको लेखाङ्कनमा फरक परेको विषय पहिचान तथा समायोजन गरी एकरूपता कायम हुनुपर्दछ।

४. **दिगो विकास -** प्रदेशले दिगो विकास लक्ष्य आन्तरिकीकरणका लागि दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र २०७९-२०८७ तयार गरेको छ। प्रदेश नीति तथा योजना आयोगको विवरणअनुसार प्रदेशको दिगो विकास विनियोजन र खर्चको उपलब्धि स्थिति निम्नानुसार छः

(रु. हजारमा)

सङ्केत नम्बर	विवरण	विनियोजन	खर्च	विनियोजनको तुलानामा खर्च प्रतिशत
०	साङ्केतीकरण नगरिएको	९७२२१०३	४२५४६८८	४३.७६
१	गरिबीको अन्त्य	९१६६१	६६७५३	७२.८३
२	शून्य भोकमरी	१८८७३५४	१२६०६४४	६६.७९
३	स्वस्थ जीवन	२९३७१६२	२०७४३५२	७०.६२
४	गुणस्तरीय शिक्षा	५७७९३९	३८१३६०	६५.९९
५	लैङ्गिक समानता	५४८७३	४९१२९	८९.५३
६	दिगो सफा पानी तथा सरसफाइ सेवा	१९१८४३०	२१११०७८	११०.०४

सङ्केत नम्बर	विवरण	विनियोजन	खर्च	विनियोजनको तुलानामा खर्च प्रतिशत
८	समावेशी आर्थिक वृद्धि तथा मर्यादित काम	६५६१	३०६४	४६.७
९	उद्योग, नवीन खोज र पूर्वाधार	११९२१९६०	९६३७५६३	८०.८४
१०	असमानता न्यूनीकरण	९११४९	३९०२७	४२.८२
११	दिगो शहर र बस्तीहरू	३९६६५७	२६०९७४	६५.७९
१२	दिगो उपभोग तथा उत्पादन	१९६३०९५	१६०२१०३	८१.६१
१३	जलवायु परिवर्तन अनुकूलन	१५०२५५	१२६०८६	८३.९१
१५	भूसतह स्रोतको उपयोग	११५२३०	९१९२६	७९.७८
१६	शान्तिपूर्ण, न्यायपूर्ण र सशक्त समाज	१०२६०४६	८३३३१४	८१.२२
१७	दिगो विकासको लागि साझेदारी	११८१००	१००२१६	८४.८६
	जम्मा	**३२९७८५७५**	**२२८९२२४६**	**६९.४१**

उपरोक्त अनुसार दिगो विकासका लक्ष्यका सूचकहरूमा विनियोजनको तुलनामा सबभन्दा कम असमानता न्यूनीकरणमा ४२.८२ र बढी दिगो सफापानी तथा सरसफाइ सेवामा ११०.०४ प्रतिशतसम्म खर्च गरी औसतमा ६९.४१ प्रतिशत खर्च भएको छ। दिगो विकासका सूचकमा लक्ष्य बमोजिम प्रगति हासिल गर्नुपर्दछ।

५. **आवधिक योजना -** प्रदेशको दोस्रो पञ्चवर्षीय योजना (२०८१।८२-२०८५।८६) मा विभिन्न क्षेत्रको परिमाणात्मक लक्ष्य निर्धारण गरेको छ। योजनाले "आत्मनिर्भर र समुन्नत प्रदेशः सुखी प्रदेशबासी" को सोच लिएको छ। दोस्रो आवधिक योजनाको सूचकको लक्ष्य तथा अनुमानको विवरण देहायअनुसार रहेको छ।

क्र. सं.	आवधिक योजनाको विवरण	लक्ष्य	२०७९।८० को यथार्थ अवस्था	२०८०।८१ को अनुमान	२०८३।८४ मध्यमकालीन खर्चको लक्ष्य	२०८५।८६ को लक्ष्य
१	आर्थिक वृद्धि	प्रतिशत	३.६९	४.२३	८.८५	१०.३८
२	कुल गार्हस्थ्य उत्पादन	दश लाखमा	४२९१७१	४५७६६५	५७३८५१	६९३८०३
३	गरिबी दर	प्रतिशत	११.८८	११	८.६	७
४	बहुआयमिक गरिबी	प्रतिशत	९.६	१०	७.	६
५	प्रति व्यक्ति आय	डलर	१४९९	१५९६	२०००	२५००
६	रोगजारीमा औपचारिक क्षेत्रको हिस्सा	प्रतिशत	४४	४४.१	५०	५५
७	वित्तीय तथा बिमा क्रियाकलाप कुल गार्हस्थ्य उत्पादनमा	प्रतिशत	५.९८	४.५५	८.१	८.३६
८	आन्तरिक राजस्व सङ्कलन	रु. करोड	५०९	५१७	५५७	७२६
९	कुल बजेट खर्च	रु. करोड	३५९१	३३४३	३७७९	४२१७
१०	आन्तरिक ऋण परिचालन	रु. करोड	२००	१७०	१९४	२३२

आवधिक योजनामा वार्षिक परिमाणात्मक लक्ष्य उल्लेख नभएतापनि मध्यमकालीन खर्च संरचनाले वार्षिक लक्ष्य उल्लेख गरेकोमा २०८१।८२ को प्रगति मूल्याङ्कन गरेको देखिएन। आवधिक योजनाका विषयलाई बजेट तथा कार्यक्रममा आबद्ध गरी लक्ष्य हासिल गर्नुपर्दछ।

६. **नीति तथा कार्यक्रम -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ८ को उपदफा १ र २ मा आगामी वर्षको नीति तथा कार्यक्रममा आधारित भई बजेट प्रस्ताव गर्नुपर्ने व्यवस्था छ। यो वर्ष नीति तथा कार्यक्रममा प्रस्तुत भएका "इन्भेस्ट गण्डकी कार्यक्रम" सञ्चालन गरी निजी एवम् सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन हुने परियोजनाको विकास, लगानी प्रवर्धन र सहजीकरण, कृषि उत्पादनको न्यूनतम समर्थन मूल्य तोकी कृषि बजारको सुनिश्चितता, कृषि प्रसार सेवामा कृषकको पहुँच अभिवृद्धि, स्थानीयस्तरमा उन्नत कृषि प्रविधि प्रदर्शन तथा कृषकसँग विज्ञ कार्यक्रम, यातायातको सहज सुविधा नपुगेका ग्रामीण क्षेत्रमा कृषि उपज तथा कृषि सामाग्रीको ओसारपसार गर्न सम्भावनायुक्त ठाँउमा ग्राभिटी रोपवे सेवा सञ्चालन, वन, वातावरण, जैविक विविधता संरक्षण र जलाधारको नीतिगत पूर्वाधार तयार गर्न तथ्याङ्क सङ्कलन, जैविक विविधता प्रोफाइल कार्यमा बजेट विनियोजन गरेको छैन। नीति तथा कार्यक्रममा समावेश भएका योजना तथा कार्यक्रमहरूमा बजेट विनियोजन गरी कार्यान्वयन हुनुपर्दछ।

७. **बजेट कार्यान्वयन -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा १८ मा स्वीकृत बजेट तथा कार्यक्रमको लक्ष्य र प्रगतिको समीक्षा गर्नुपर्ने व्यवस्था छ। गण्डकी प्रदेशको "पहिले घरदेश अनि परदेश कार्यक्रम" मा विनियोजित रु.१५ लाखमध्ये रु.१ लाख २६ हजार, झोलुङ्गेपुल निर्माण तथा सम्भार कार्यक्रममा विनियोजन रु.५२ लाख १४ हजारमध्ये रु.१६ लाख ९८ हजार, कोसेली घर स्थापना र सञ्चालनमा विनियोजित रु.१५ लाखमध्ये रु.७ लाख ३७ हजार खर्च गरेकोमा प्रगति सन्तोषजनक रहेको पाइएन। समग्रमा २४ कार्यक्रममा ८.४२ देखि १०० प्रतिशतसम्म प्रगति भएको पाइयो। विनियोजन दक्षता वृद्धि गरी निर्धारित लक्ष्य हासिल गर्नुपर्दछ।

८. **बजेट र खर्च** – प्रदेश सरकारको विगत ५ वर्षको विनियोजन र खर्च स्थिति देहाय बमोजिम रहेको छः

(रु. हजारमा)

आर्थिक वर्ष	सुरू बजेट	खर्च	खर्च प्रतिशत
२०८१।८२	३२९७८५७५	२२८९२२४६	६९.४१
२०८०।८१	३३४२७२००	२२२०६११६	६६.४३
२०७९।८०	३५९०९०००	२३६१४८८३	६५.७६
२०७८।७९	३००५६७००	२२०८२५४४	७३.४७
२०७७।७८	३४८४२१६०	२५६५३८२१	७३.६३

उल्लिखित तालिकाअनुसार बजेटको तुलनामा प्रथमदेखि पाँचौ वर्षसम्म क्रमशः पहिलो दुई वर्ष स्थिर, त्यस्तै दोस्रो दुई वर्ष पनि स्थिर रहेतापनि अन्तिम वर्ष खर्च वृद्धि भएको छ।

९. **रूपान्तरणकारी योजना -** प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय योजना (२०८१।८२-२०८५।८६) मा प्रदेश सरकारको एकल लगानीमा १०, प्रदेश तथा स्थानीय तहको साझेदारी कार्यक्रममा ११, सङ्घ प्रदेश साझेदारी कार्यक्रममा १२, सङ्घ प्रदेश स्थानीय तह साझेदारी कार्यक्रममा १२, अन्तरप्रदेश साझेदारी कार्यक्रममा ५, सार्वजनिक निजी साझेदारी कार्यक्रममा ५, निजी क्षेत्रको लगानीमा सञ्चालन हुने कार्यक्रममा ६ र वैदेशिक सहयोगको लागि प्रस्तावित कार्यक्रममा ७ समेत ६८ प्रदेश समुन्नतिका रूपान्तरणकारी कार्यक्रम तथा आयोजना कार्यान्वयन गर्ने समावेश छ। मन्त्रालयले योजनामा समावेश कार्यक्रम तथा आयोजनामा विनियोजन गरेको बजेट र सोको कार्यान्वयन अवस्था समावेश गरी प्रगति

प्रतिवेदन तयार गरेको छैन। मन्त्रालयले आवधिक योजनामा भएको रूपान्तरणकारी योजनाको कार्यान्वयन र प्रगति अवस्थाको अभिलेख राख्नुपर्दछ।

१०. **पुँजीगत खर्च -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३३ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने केन्द्रीय निकायले त्रैमासिक प्रगति विवरण तयार गरी कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। प्रदेश सरकारको यो वर्षको पुँजीगत त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छः

(रु.हजारमा)

खर्च शीर्षक	खर्च	प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेश्रो त्रैमासिक	चौथो त्रैमासिक	आषाढ महिनाको मात्र
पुँजीगत	१४९९०९२४	१६०३४१८	१७१७९१८	३४८०१८४	८१८९४०४	५३९६७६४
प्रतिशत	**१००**	**१०.७०**	**११.४६**	**२३.२२**	**५४.६२**	**३६.००**

उल्लिखित विवरणअनुसार यो वर्ष रु.१४ अर्ब ९९ करोड ९ लाख २४ हजार खर्च गरेकोमा प्रथम त्रैमासिकमा १०.७० प्रतिशत (रु.१ अर्ब ६० करोड ३४ लाख १८ हजार), दोस्रो त्रैमासिकमा ११.४६ प्रतिशत (रु.१ अर्ब ७१ करोड ७९ लाख १८ हजार), तेस्रो त्रैमासिकमा २३.२२ प्रतिशत (रु.३ अर्ब ४८ करोड १ लाख ८४ हजार) र अन्तिम त्रैमासिकमा ५४.६२ प्रतिशत (रु.८ अर्ब १८ करोड ९४ लाख ४ हजार) र आषाढ महिनामा मात्र ३६ प्रतिशत (रु.५ अर्ब ३९ करोड ६७ लाख ६४ हजार) खर्च भएको छ। चौथो त्रैमासिकमा भार हुने गरी खर्च अवस्थामा सुधार गर्नुपर्दछ।

११. **बजेट समर्पण -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २०(३) मा आर्थिक वर्षको दोस्रो चौमासिक अवधिसम्म परिचालन नभएको र बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा आर्थिक मामिला मन्त्रालयमा बजेट समर्पण गर्नुपर्ने उल्लेख छ। प्रदेश सरकारका विभिन्न निकायको लागि विनियोजित बजेट कार्यान्वयनको क्रममा विस्तृत परियोजना प्रतिवेदन तयार नभएको, कार्यान्वयनको लागि पर्याप्त समय नभएको र जग्गा प्राप्ति नभएको कारण जनाई बजेट पूर्ण वा आंशिकरूपमा समपर्ण गरेका छन्। अर्थ विविध र स्थानीय तहबाट रकमान्तर गरेको बाहेक मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले रु.५ करोड, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले रु.५ करोड २३ लाख ५३ हजार, प्रदेश लोक सेवा आयोगले रु.९७ लाख, वन तथा वातावरण मन्त्रालयले रु.२० लाख र गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानले रु.२ करोड गरी रु.१३ करोड ४० लाख ५३ हजार बजेट समर्पण गरेको छ। लक्ष्यअनुसार कार्ययोजना बनाइ बजेटको कार्यान्वयन गर्नुपर्दछ।

१२. **अर्थ विविध -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा १० मा सार्वजनिक निकायले बजेट प्रस्ताव गर्दा योजना तथा कार्यक्रमको क्रियाकलाप खुलाउनुपर्ने व्यवस्था छ। मन्त्रालयले यो वर्ष अर्थ विविधमा रु.२ अर्ब ८७ करोड ३ लाख ९७ हजार रकमान्तरपश्चात् अन्तिम बजेट कायम गरी भैपरी आउने पुँजीगतमा रु.३२ करोड ७२ लाख ८१ हजार र चालु खर्चमा रु.८ करोड १ लाख ९७ हजार समेत रु.४० करोड ७४ लाख ७८ हजार अन्तर्गत निकायमार्फत खर्च गरेको छ। अर्थ विविधमा बजेट राखी वर्षान्तमा स्थानान्तरण गरी खर्च गर्ने कार्यमा सुधार हुनुपर्दछ।

१३. **रकमान्तर** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम २९(१) मा बजेट विनियोजन नभएको आर्थिक सङ्केत शीर्षकमा रकमान्तर गर्न नपाइने व्यवस्था छ। यस सम्बन्धमा देखिएको बेहोराहरू निम्नानुसार छन्:

१३.१. सुरु बजेट नभएको अवस्थामा नेपाल सरकार अन्तर्गत निकाय तथा स्थानीय तहहरूबाट विभिन्न योजनाहरू सञ्चालन गर्ने गरी ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयमा रु.५४ लाख, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयमा रु.७५ लाख ४१ हजार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रु.२२ करोड ३५ लाख ७७ हजार समेत रु.२३ करोड ६५ लाख १८ हजार रकमान्तर गरी रु.२० करोड ४५ लाख ४४ हजार खर्च गरेको छ।

१३.२. मन्त्रालय तथा निकायतर्फ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रु.३ करोड ११ लाख ४३ हजार, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयमा रु.१ करोड ३८ लाख ४ हजार, ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयमा रु.७७ लाख १० हजार र भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयमा रु.४४ करोड ३० लाख ८८ हजार लगायत १० निकाय समेतले रु.५० करोड ४० लाख ३५ हजार आषाढ महिनामा रकमान्तर गरेको देखियो।

सुरु बजेट व्यवस्था नभएको आर्थिक सहायता लगायत क्रियाकलापमा आर्थिक वर्षको अन्तमा समेत रकमान्तर गरी खर्च गर्दा संसदीय निगरानी नहुने देखिएकोले यस्तो कार्य नियन्त्रण गर्नुपर्दछ।

१४. **खर्च प्रतिबद्धता** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ११ मा सम्भावित दायित्व तथा प्रतिबद्धताको अभिलेख राख्ने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयले तयार गरेको एकीकृत आर्थिक विवरणअनुसार मन्त्रालयले विभिन्न मन्त्रालय, केन्द्रीय निकाय र मातहतका कार्यालयमार्फत सञ्चालन भइरहेका योजनामा यस वर्षको लागि रु.२२ अर्ब ८३ करोड ४२ लाख ४९ हजारको खर्च प्रतिबद्धता जनाएको छ। प्रतिबद्धता दिएको रकम चालु वर्षको बजेट रु.३२ अर्ब ९७ करोड ८५ लाख ७५ हजारको ६९ प्रतिशत रहेको छ। ठूलो परिमाण खर्च प्रतिबद्धता जनाउँदा आगामी वर्षको बजेट प्रभावित हुने देखिन्छ।

१५. **आयोजना बैङ्क** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा १६ मा प्रदेशबाट सञ्चालन हुने कार्यक्रममा आयोजना बैङ्कमा अभिलेख गरी प्रस्ताव गर्ने व्यवस्था छ। आयोजना बैङ्कमा यसवर्ष कार्यान्वयन हुनेगरी प्रविष्ट भएका बहुवर्षीय र सालबसाली प्रकृतिका ७४५ आयोजनाको लागि कार्यक्रम निर्धारण गरी बजेट व्यवस्थापन भएको छैन। आयोजना बैङ्कमा अभिलेख भएका योजना कार्यान्वयन हुने गरी व्यवस्थापन गर्नुपर्दछ।

१६. **स्रोत व्यवस्थापन** - प्रदेशको गत र यसवर्षको स्रोत व्यवस्थापनको लक्ष्य र प्रगतिको तुलनात्मक विवरण निम्न बमोजिम रहेको छः

(रु. लाखमा)

क्र.सं.	शीर्षक	२०८०।८१			२०८१।८२		
		वार्षिक लक्ष्य	प्राप्ति	प्रतिशत	वार्षिक लक्ष्य	प्राप्ति	प्रतिशत

क्र.सं.	शीर्षक	२०८०।८१			२०८१।८२		
		वार्षिक लक्ष्य	प्राप्ति	प्रतिशत	वार्षिक लक्ष्य	प्राप्ति	प्रतिशत
१	प्रदेश सरकारको राजस्व प्रशासन	५९६९२	४१७७९	६९.९९	२५४०६	१३८१८	५४.३९
२	समानीकरण अनुदान	७६२२५	५६४९०	७४.११	७६३८८	७००९४	९१.७६
३	सशर्त अनुदान	४९४१५	२९९३१	६०.५७	३५९९३	२३८४०	६६.२४
४	विशेष अनुदान	७०००	६९५०	९९.२९	६५५५	५८९९	८९.९९
५	समपूरक अनुदान	८४००	७२००	८५.७१	११९००	११३०५	९५.००
६	बाँडफाँट भई प्राप्त हुने मु.अ.कर	७२४२६	५७६९७	७९.६६	७६८८९	६३१७९	८२.१७
७	बाँडफाँट भई प्राप्त हुने अन्तःशुल्क	१८१०६	१९०६७	१०५.३१	१९२२२	२२६०८	११७.६२
८	रोयल्टी बाँडफाँटबाट प्राप्त	४००८	३४४१	८५.८५	४८१०	३५१९	७३.१६
९	बाँडफाँट भई प्राप्त हुने घरजग्गा रजिष्ट्रेसन दस्तर	-	-	-	१०१६४	७७२७	७६.०२
१०	बाँडफाँट भई प्राप्त हुने विज्ञापन, मनोरञ्जन तथा दहत्तर बहत्तर बिक्री कर	-	-	-	२८१६	१६७५	५९.४८
११	गत वर्षको नगद मौज्दात	३००००	२९२७५	९७.५८	२९३२८	११८९७	४०.५७
१२	सवारी साधन कर बाँडफाँट	-८०००	-७६६१	९५.७६	१३३१४	११८९७	८९.३६
१३	आन्तरिक ऋण	१७०००	०		१७०००	०	०.००
	जम्मा	**३३४२७२**	**२४४१६९**	**७३.०४**	**३२९७८५**	**२४७४५८**	**७५.०४**

प्रदेशले गतवर्ष उल्लिखित ११ शीर्षकबाट रु.३३ अर्ब ४२ करोड ७२ लाख स्रोत व्यवस्थापन हुने गरी लक्ष्य निर्धारण गरेकोमा ७३.०४ प्रतिशत प्राप्ति गरेको र यसवर्ष १३ शीर्षकमा रु.३२ अर्ब ९७ करोड ८५ लाख स्रोत व्यवस्थापनको लक्ष्यमध्ये ७५.०४ प्रतिशत अर्थात् रु.२४ अर्ब ७४ करोड ५८ लाख प्राप्ति गरेको छ। स्रोत व्यवस्थापन गर्न सम्भव हुने क्षेत्रमा लक्ष्य तोकी तोकिएको लक्ष्य हासिल गर्नुपर्दछ।

१७. **हस्तान्तरित आयोजना** - नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयानुसार प्रदेश तथा स्थानीय तहबाट कार्यान्वयन हुनेगरी हस्तान्तरण भएका सङ्घीय आयोजना नेपाल सरकार अर्थ मन्त्रालयले २०७९।७।१५ मा पुनः सङ्घीय अर्थ मन्त्रालयबाट नै सञ्चालन गर्ने गरी पत्राचार भएको छ। पत्राचार भएपश्चात नेपाल सरकार अर्थ मन्त्रालयबाट बजेट रोक भएकोले प्रदेश सरकार अन्तर्गत सञ्चालित देहायका रु.१ अर्ब १९ करोड ९९ लाख ७६ हजारका २४१ आयोजनामा रु.५८ करोड ८५ लाख ४ हजार खर्च भएपश्चात सम्पन्न हुन बाँकी रहेको छ।

(रु. हजारमा)

क्र.सं.	कार्यक्रम	सङ्ख्या	विनियोजन	खर्च
१	ग्रामीण सडक सञ्जाल सुधार आयोजना	१०	७७०३७६	३४११६८
२	झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम	४	१४०००	०
३	स्थानीय स्तरका सडकपुल तथा सामुदायिक पहुँच सुधार परियोजना	२५	१६७४००	३२८१३
४	खानेपानी सेवा विस्तार तथा पुनर्स्थापना कार्यक्रम	४१	२८४००	२६५४१
५	जलवायु अनुकुलित वृहत खानेपानी आयोजना	१४४	११९४००	११५०५७
६	ढल निर्माण तथा प्रशोधन कार्यक्रम	१	४००	१००
७	मर्मत सम्भार आयोजनाहरू (खानेपानी र सिँचाइ)	१६	१०००००	७२८२५
	जम्मा	**२४१**	**११९९९७६**	**५८८५०४**

चालु तथा निर्माणाधीन रहेका योजना तथा कार्यक्रमको बजेट रोक्का भएकोले आयोजनाको प्रगति प्रभावित भएको छ। खर्च भएको रकम उपयोग हुनेगरी आयोजना सम्पन्न गर्नुपर्दछ।

१८. **दायित्व बाँकी -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६(२) मा कार्यालयले चालु आर्थिक वर्षको बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्न नहुने व्यवस्था छ। प्रदेशका ४ मन्त्रालय र सो मातहतका कार्यालयले लेखाङ्कन गर्दा दायित्व सिर्जना भएको तर विनियोजित बजेटले नखामेको स्वीकृत दरबन्दीको तलब, महङ्गी भत्ता र स्थानीय भत्ता, सरुवा भ्रमण खर्च, घर भाडा, पोसाक, खाद्यान्न, औषधी उपचार तथा पुँजीगत प्रकृतिको कार्यक्रम लगायतको दायित्व रु.२८ करोड १८ लाख ५६ हजार आर्थिक वर्ष २०८२।८३ मा जिम्मेवारी सारेको देखियो। बजेटले नखाम्ने र बजेटभन्दा बढी खर्च हुने अवस्थामा सुधार गर्नुपर्दछ।

१९. **आन्तरिक ऋण -** अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १४ मा प्रदेशले घाटा बजेट पूरा गर्न आन्तरिक ऋण उठाउन सक्ने व्यवस्था छ। प्रदेशले उक्त व्यवस्था अनुसार आन्तरिक ऋण उठाउने प्रक्रियासम्बन्धी थप कानुनी आधार तयार नगरी आर्थिक वर्ष २०७८।७९ मा रु.२ अर्ब, २०७९।८० मा रु.२ अर्ब, २०८०।८१ मा रु.१ अर्ब ७० करोड र २०८१।८२ मा रु.१ अर्ब ७० करोड आन्तरिक ऋण उठाई बजेट व्यवस्था गर्ने प्रक्षेपण गरेको छ। बजेट निर्माण गर्दा आन्तरिक ऋणको प्रक्षेपण गरेतापनि यसवर्ष आन्तरिक ऋण लिएको छैन। प्रदेशले स्पष्ट कानुनी आधार तयार गरी सोही अनुसार आन्तरिक ऋणलाई बजेट प्रक्षेपणको आधार बनाउनुपर्दछ।

२०. **आन्तरिक नियन्त्रण -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३० मा प्रदेशका सबै सरकारी कार्यालयले आफ्नो र मातहतको कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले ऐनको व्यवस्था अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको छैन। उपलब्ध स्रोतको उच्चतम परिचालन तथा प्रभावकारी सेवा प्रवाहको लागि आन्तरिक नियन्त्रण प्रणाली तयार पारी लागु गर्नुपर्दछ।

२१. **खर्च क्षमता -** प्रदेश सरकारले यसवर्ष चालुतर्फ रु.१३ अर्ब १३ करोड ५४ लाख ८२ हजार, पुँजीगततर्फ रु.१९ अर्ब ५४ करोड ३० लाख ९३ हजार र अर्थ वित्तीय व्यवस्था रु.३० करोड समेत रु.३२ अर्ब ९७ करोड ८५ लाख ७५ हजार अन्तिम बजेट कायम गरेकोमा चालुतर्फ रु.७ अर्ब ९० करोड १३ लाख २२ हजार र पुँजीगततर्फ रु.१४ अर्ब ९९ करोड ९ लाख २४ हजारसमेत रु.२२ अर्ब ८९ करोड २२ लाख ४६ हजार खर्च गरी बजेटको तुलनामा ६९.४१ प्रतिशत खर्च भएको देखिन्छ। खर्चमध्ये चालुतर्फ ३४.५२ प्रतिशत र पुँजीगततर्फ ६५.४८ प्रतिशत रहेको छ। निकायगत खर्च स्थिति यस प्रकार छः

(रु. हजारमा)

मन्त्रालय	अन्तिम बजेट			खर्च			खर्च प्रतिशत		
	चालु	पुँजीगत	जम्मा	चालु	पुँजीगत	जम्मा	चालु	पुँजीगत	जम्मा
प्रदेश सभा	१६५५१०	११२८०	१७६७९०	१३३४९९	७०८५	१४०५८४	८०.६६	६२.८१	७९.५२
प्रदेश लोक सेवा	१११०२४	५८००	११६८२४	९२९०१	५२१५	९८११६	८३.६८	८९.९१	८३.९९
मुख्यन्यायाधिवक्ताको कार्यालय	२३३४५	१५००	२४८४५	१८९०७	३७९	१९२८५	८०.९९	२५.२७	७७.६२
मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय	७८९१४८	१६७२००	९५६३४८	३६३८४८	१४६७७३	५१०६२१	४६.११	८७.७८	५३.३९
आर्थिक मामिला मन्त्रालय	१४५५९९	३८४००	१८३९९९	८२८८०	७७१७	९०५९८	५६.९२	२०.१०	४९.२४
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	८३५२५४	७६१८००	१५९७०५४	६०९१३१	६९६४३१	१३०५५६२	७२.९३	९१.४२	८१.७५
कृषि, भूमि व्यवस्था तथा सहकारी	१८८१८९४	१८२०२१	२०६३९१५	१३०८२०५	१०४५९९	१४१२८०४	६९.५२	५७.४७	६८.४५

मन्त्रालय	अन्तिम बजेट			खर्च			खर्च प्रतिशत		
	चालु	पुँजीगत	जम्मा	चालु	पुँजीगत	जम्मा	चालु	पुँजीगत	जम्मा
मन्त्रालय									
ऊर्जा जलस्रोत तथा खानेपानी मन्त्रालय	३४७६८९	३९५३८००	४३०१४८९	२६३२६१	३६०४५५८	३८६७८२०	७५.७२	९१.१७	८९.९२
भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय	४४६९९५	१२२६३८७४	१२७१०८६९	३०९५२६	९४१५१९४	९७२४७२०	६९.२५	७६.७७	७६.५१
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय	४२०५८४०	१३३६९६४	५५४२८०५	२९४६६३४	९९७७८३	३९४४४१७	७०.०६	७४.६३	७१.१६
प्रदेश नीति तथा योजना आयोग	७७६००	१८०००	९५६००	२९७१८	५१९०	३४९०८	३८.३०	२८.८३	३६.५१
अर्थ वित्तीय व्यवस्था	३०००००		३०००००	०	०	०			
अर्थ आन्तरिक ऋण भुक्तानी	६०००		६०००	०	०	०			
कर्मचारी सुविधा तथा सेवा निर्वित	१००००		१००००	०	०	०			
अर्थ विविध	२०६७९४३	८०२४५४	२८७०३९७	०	०	०			
स्थानीय तह	२०२१६४०		२०२१६४०	१७४२८४२		१७४२८४२	८६.२१		८६.२१
जम्मा	**१३१३५४८२**	**१९५४३०९३**	**३२९७८५७५**	**७९०१३२२**	**१४९९०९२४**	**२२८९२२४६**	**६०.१५**	**७६.७**	**६९.४१**

२१.१. विनियोजित बजेट बढी खर्च गर्ने ३ निकायमा ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयले ८९.९२ प्रतिशत, लोक सेवा आयोगले ८३.९९ प्रतिशत र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले ८१.७५ प्रतिशत खर्च गरेको देखिन्छ। सबभन्दा न्यून खर्च गर्ने ३ निकायमा प्रदेश नीति तथा योजना आयोगले ३६.५१ प्रतिशत, आर्थिक मामिला मन्त्रालयले ४९.२४ प्रतिशत र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले ५३.३९ प्रतिशत खर्च गरेको देखिन्छ। खर्च क्षमतामा विकास गरी बजेटको पूर्ण कार्यान्वयन गर्नुपर्दछ।

२२. **आयोजना प्राथमिकता -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा १० मा बजेट तथा कार्यक्रमको सिद्धान्त र प्राथमिकताको विवरण तयार गरी प्रदेश सभामा पेस गर्नुपर्ने व्यवस्था छ। प्रदेश सरकारले पहिलो प्राथमिकताका योजनाको लागि विनियोजन गरेको रु.३० अर्ब ७३ करोड ९८ लाख ३७ हजारमध्ये ७१.५९ प्रतिशत अर्थात् रु.२२ अर्ब ७५ लाख २८ हजार खर्च भएको र दोस्रो प्राथमिकताका योजनाको लागि विनियोजन भएको रु.२ अर्ब २३ करोड ८७ लाख ३८ हजारमध्ये ३९.५२ प्रतिशत अर्थात् रु.८८ करोड ४७ लाख १८ हजार खर्च भई समग्रमा विनियोजनको ६९.४१ प्रतिशत खर्च भएको देखिन्छ। प्राथमिकताको योजनामामा उद्देश्य अनुरूप खर्च गर्नुपर्दछ।

२३. **स्रोत अनुमान र बजेट -** प्रदेश आर्थिक तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ६ मा नीति तथा योजना आयोगले आर्थिक मामिला मन्त्रालयसँगको समन्वयमा मध्यकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट र कार्यक्रम तर्जुमा गर्ने प्रयोजनका लागि आगामी बजेटको सीमा तथा मार्गदर्शन जारी गर्ने व्यवस्था रहेको छ। प्रदेशको ३ वर्षको स्रोत अनुमान समितिको सिफारिस, बजेट विनियोजन र खर्चको स्थितिको देहायबमोजिम रहेको छः

(रु. हजारमा)

आ.व.	स्रोत अनुमान समितिको सिफारिस	बजेट विनियोजन	वास्तविक खर्च	खर्च प्रतिशत
२०८१।८२	३४७२१९०८	३२९७८५७५	२२८९२२४६	६९.४१
२०८०।८१	३३४२७२००	३३४२७२००	२२२०६११५	६६.४३
२०७९।८०	३५९०९०००	३५९०९०००	२३६१४८८३	६५.७६

नीति तथा योजना आयोगले आर्थिक मामिला मन्त्रालयलाई उपलब्ध गराएको स्रोत अनुमानको सिफारिस बमोजिम आर्थिक वर्ष २०७९।८० र २०८०।८१ मा बजेट विनियोजन भएको देखिएपनि २०८१।८२ को स्रोत अनुमान सिफारिस रु.३४ अर्ब ७२ करोड १९ लाख ८ हजारको ५ प्रतिशतभन्दा कम हुनेगरी रु.३२ अर्ब ९७ करोड ८५ लाख ७५ हजार बजेट विनियोजन भएको देखियो। वास्तविक खर्च रु.२२ अर्ब ८९ करोड २२ लाख ४६ हजार देखिएकोमा बजेट विनियोजनको तुलनामा न्यून रहेको छ। विनियोजन अनुसार खर्च व्यवस्थापन गर्नुपर्दछ।

२४. **राजस्वको प्रक्षेपण -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा १३(१) बमोजिम राजस्व र व्ययको अनुमान तयार गरी प्रदेश सभामा पेस गर्नुपर्ने व्यवस्था छ। प्रदेश सरकारको कृषि, घरजग्गा रजिष्ट्रेसन, मूल्य अभिवृद्धि कर, अन्तशुल्क, मनोरञ्जन कर, विज्ञापन कर, समानीकरण, सशर्त र विशेष अनुदान, व्यवसाय रजिष्ट्रेसन, वन क्षेत्रको आय लगायत ४९ राजस्व शीर्षकमा रु.३२ अर्ब ९७ करोड ८५ लाख ७५ हजार उठाउने लक्ष्य लिएको मध्ये रु.२४ अर्ब ७४ करोड ५८ लाख ८९ हजार (७५.०४ प्रतिशत) प्राप्त भएको छ। आय प्रक्षेपण नगरेको समपूरक अनुदान चालु, नहर तथा कुलो उपयोग शुल्क, न्यायिक दस्तुर र बिमा दाबी गरी ४ शीर्षकमा रु.३९ करोड २८ लाख ३ हजार आय प्राप्त गरेको, अन्य मनोरञ्जन कर, बाँडफाँट भई प्राप्त हुने जलस्रोत रोयल्टी र विद्युत सेवाशुल्क गरी ३ शीर्षकमा रु.३ लाख ७ हजार अनुमान रहेकोमा राजस्व प्राप्त नगरेको, कृषि आयमा कर, सरकारी सम्पत्तिको बहाल आय, अन्य सेवाशुल्क र अनुदान फिर्ता समेत ४ शीर्षकमा रु.६ करोड ६३ लाख ८५ हजार प्रक्षेपणमध्ये रु.१ लाख २६ हजार प्राप्त गरी १ प्रतिशतभन्दा कम आय गरेको देखिन्छ। कृषि उत्पादनको बिक्री आय, पर्यटन शुल्क, पदयात्रा, वन रोयल्टी, बाँडफाँट, विशेष अनुदान पुँजीगत, धरौटी सदरस्याहा, अन्य राजस्व र बाँडफाँट भई प्राप्त हुने अन्तशुल्क लगायत ८ शीर्षकमा रु.२ अर्ब ५२ करोड ७ लाख ६ हजार प्रक्षेपणमध्ये रु.२ अर्ब ९० करोड ४० लाख ६८ हजार प्राप्ति भई शतप्रतिशतभन्दा बढी सङ्कलन भएको देखिन्छ। सबैभन्दा बढी पर्यटन शुल्क बापत रु.७६ हजार आय प्रक्षेपण गरेकोमा रु.६३ लाख ४७ हजार प्राप्त भएको देखियो। जुन प्रक्षेपणको तुलनामा ८४ गुणा हुन आउँछ।

२४.१. प्रदेश आर्थिक ऐन, २०८१ मा आन्तरिक आय सङ्कलन गर्ने व्यवस्था छ। यो वर्ष पर्यटन शुल्क, घर जग्गा रजिष्ट्रेसन शुल्क लगायतका शीर्षकमा रु.१५ अर्ब २६ करोड २२ लाख सङ्कलन गर्ने अनुमान गरेकोमा रु.१२ अर्ब ४४ करोड २३ लाख ५८ हजार (८१.५२ प्रतिशत) सङ्कलन भएको छ। गतको नगद मौज्दात बाहेक कुल आय रु.२३ अर्ब ५५ करोड ६१ लाख ७८ हजारको तुलनामा ५२.८२ प्रतिशत आन्तरिक आय प्राप्त भएको छ।

२४.२. प्रदेश आर्थिक ऐन, २०८१ को दफा ६(१) मा कृषि आयमा अनुसूची ५ बमोजिम वार्षिक दश लाख रुपैयाँसम्म कर नलगाउने, दशदेखि बीस लाख रुपैयाँसम्म १ प्रतिशत, बीस लाख रुपैयाँ माथि २ प्रतिशत कर लगाउने प्रावधान छ। प्रदेश सरकारको एकल अधिकार क्षेत्रभित्र रहेको कृषि क्षेत्रको कर सम्बन्धमा सरकारले यसवर्ष राजस्व शीर्षक १११३६ मा रु.३ लाख ४२ हजार सङ्कलन गर्ने लक्ष्य राखेकोमा रु.२ हजार अर्थात् ०.५८ प्रतिशत सङ्कलन गरेको छ।

२४.३. प्रदेश आथिक ऐन, २०८१ को दफा ५(१) को अनुसूची ३ र ४ मा गण्डकी प्रदेशभित्रको चलचित्र, नाटक घर लगायत प्रदर्शनमा टिकट बिक्री गरेको प्रतिटिकटमा पाँच प्रतिशत, बञ्जीजम्प, जिपलाइन

लगायतमा प्रतिटिकट पाँच प्रतिशत, क्यासिनो प्रवेश गर्ने ग्राहकबाट प्रतिटिकट रु.१००।-, फनपार्क वा गार्डेन, बालउद्यन, दोहोरीसाँझ लगायतमा प्रतिटिकट रु.२५।-, टेलिभिजन नेटवर्क शुल्कमा एक प्रतिशत, सर्कसखेल मेलामा प्रतिदिन रु.२ हजार देखि ३० हजारसम्म दर निर्धारण छ। मनोरञ्जन कर राजस्व शीर्षक नम्बर ११४७१ बाट रु.७० लाख सङ्कलन गर्ने लक्ष्य राखेकोमा रु.५७ लाख ५९ हजार रुपैयाँ सङ्कलन गरी ८२.२८ प्रतिशत सङ्कलन भएको छ।

२४.४. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ मा घरजग्गा रजिष्ट्रेसन सम्बन्धी दस्तुर सम्बन्धित स्थानीय तहले सङ्कलन गरी प्रदेश र स्थानीय तहबीच बाँडफाँट हुने कानुनी व्यवस्था छ। हाल रजिष्ट्रेसन दस्तुर जिल्लास्थित मालपोत कार्यालयहरूबाट सङ्कलन गरी बाँडफाँट भएको अवस्था छ। रजिष्ट्रेसन दस्तुर बापत यस वर्ष रु.१ अर्ब १ करोड ६३ लाख लक्ष्य रहेकोमा रु.७७ करोड २७ लाख ३३ हजार अर्थात् ७६.०३ प्रतिशत राजस्व प्राप्त भएको छ।

वस्तुपरक विश्लेषण गरी राजस्व प्रक्षेपण तथा सङ्कलन गर्नुपर्दछ।

२५. **प्राकृतिक स्रोतको शुल्क -** प्रदेश आर्थिक ऐन, २०८१ को दफा ८(४) मा माटो, ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल, खरिढुङ्गा र दहत्तर बहत्तरको उत्खनन्, सङ्कलन, प्रशोधन वा बिक्री वितरण तथा जरिबाना स्थानीय तहले सङ्कलन गरी स्थानीय तहको विभाज्य कोषमा जम्मा गर्नुपर्ने र सोही ऐनको उपदफा ५ मा स्थानीय विभाज्य कोषमा भएको रकम बाँडफाँट गरी साठी प्रतिशत स्थानीय तहको सञ्चित कोषमा र चालिस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्ने व्यवस्था छ। स्थानीय तहबाट सङ्कलन हुने शुल्क प्रदेश सरकारले राजस्व बाँडफाँट गरी लेखाङ्कन गरेको पाइएन। यसवर्ष देहायका स्थानीय तहहरूले प्रदेश सरकारलाई प्राकृतिक स्रोतबाट सङ्कलित राजस्व बाँडफाँट गराएको पाइएन।

(रु. हजारमा)

क्र.सं.	पालिकाको नाम	जम्मा सङ्कलन गरेको रकम	प्रदेश सरकारलाई प्राप्त हुनुपर्ने रकम मू. अ. कर बाहेक	प्राप्त भएको रकम	बाँकी रकम
१	पालुङ्गटार नगरपालिका	११६१४	४६४६	४५३६	११०
२	धार्चे गाउँपालिका	८२३	३०२	०	३०२
३	हुप्सेकोट गाउँपालिका	२७७४	१११०	३८७	७२३
४	पोखरा महानगरपालिका	१६८८७५	६७५५०	६७९८	६०७५१
५	मादी गाउँपालिका	४८९१	१९५६	०	१९५६
६	रुपा गाउँपालिका	४०६९	१६२७	६०१	१०२६
७	मर्स्याङ्दी गाउँपालिका	२६३२	१०५३	०	१०५३
८	कावासोती नगरपालिका	२४७६६	९९०७	०	९९०७
९	मध्यविन्दु नगरपालिका	५१४६४	२०५८६	०	२०५८६
१०	देवचुली नगरपालिका	४७६८	१९०७	०	१९०७
११	म्याग्दे गाउँपालिका	२०००८	८००३	०	८००३
१२	शुक्लागण्डकी नगरपालिका	७३०१७	२९२०७	१०७२२	१८४८५
१३	विनयी त्रिवेणी गाउँपालिका	९३६११	३७४४५	०	३७४४५
१४	गैंडाकोट नगरपालिका	५२७६५	२११०६	०	२११०६
१५	गोरखा नगरपालिका	११९८८	४३९७	०	४३९७
	जम्मा	**५२८०६५**	**२१०८०२**	**२३०४४**	**१८७७५७**

स्थानीय तहबाट विभाज्य कोषको नियमित तथ्याङ्क सङ्कलन, लेखाङ्कन गरी प्राप्त हुन बाँकी रु.१८ करोड ७७ लाख ५७ हजार प्रदेश सञ्चित कोषमा प्राप्त गर्नुपर्दछ।

२६. **सङ्घीय वित्त हस्तान्तरण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा सङ्घीय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण भएको अनुदानमध्ये सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र खर्च नभएमा सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने उल्लेख छ। बजेट वक्तव्यमा अनुदान रु.१३ अर्ब ८ करोड ३६ लाख अनुमान गरेकोमा सशर्त अनुदान रु.२ अर्ब ३८ करोड ४० लाख ७ हजार, समपूरक अनुदान रु.१ अर्ब १३ करोड ५ लाख, समानीकरण अनुदान रु.७ अर्ब ९३ लाख ६३ हजार र विशेष अनुदान रु.५८ करोड ९९ लाख ५० हजार समेत रु.११ अर्ब ११ करोड ३८ लाख २० हजार प्राप्त गरेकोमा क्रमशः सशर्तमा रु.१ अर्ब ७५ करोड २१ लाख १० हजार, विशेष अनुदान रु.४७ करोड ६८ लाख १९ हजार, समानीकरण अनुदान रु.६ अर्ब ५२ करोड ९० लाख ४४ हजार र समपूरकमा रु.७३ करोड ४८ लाख १ हजार समेत जम्मा रु.९ अर्ब ४९ करोड २७ लाख ७४ हजार खर्च गरेको छ। यससम्बन्धी विस्तृत तालिका देहायबमोजिम रहेको छ।

(रु. हजारमा)

अनुदान शीर्षक	बजेट लक्ष्य	अनुदान प्राप्ति	खर्च रकम
समानीकरण अनुदान	७६३८८००	७००९३६३	६५२९०४४
सशर्त अनुदान	३५९९३००	२३८४००७	१७५२११०
विशेष अनुदान	६५५५००	५८९९५०	४७६८१९
समपूरक अनुदान	११९००००	११३०५००	७३४८०१
जम्मा	**१३०८३६००**	**१११११३८२०**	**९४९२७७४**

आर्थिक वर्षभित्र खर्च नभएको रु.१ अर्ब १४ करोड ७ लाख २६ हजार अनुदान सङ्घीय सञ्चित कोषमा फिर्ता गरेको पाइयो। प्रदेशले सङ्घबाट प्राप्त हुने अनुदानको उच्चतम उपयोग गर्नुपर्दछ।

२७. **वित्तीय हस्तान्तरण -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ४० अनुसार प्रदेश सरकारबाट स्थानीय तहलाई हस्तान्तरण भएको समानीकरण अनुदान बाहेकको खर्च नभएको अनुदान प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। यसवर्ष प्रदेश सरकारमार्फत ८५ स्थानीय तहलाई समानीकरण अनुदान बाहेक वित्तीय हस्तान्तरणमा रु.८५ करोड विनियोजन गरी सशर्त, समपूरक र विशेष अनुदानमा रु.५८ करोड २८ लाख ४२ हजार निकासा गराएको मध्ये स्थानीय तहबाट खर्च नभई फिर्ता हुनुपर्ने विवरण अद्यावधिक गरेको छैन। खर्च विवरण लिई सशर्त, समपूरक र विशेष अनुदानको बाँकी रकम फिर्ता गर्नुपर्दछ।

(रु. हजारमा)

अनुदानको प्रकार	वार्षिक बजेट लक्ष्य	वित्तीय हस्तान्तरण	प्रगति प्रतिशत
समानीकरण	११६००००	११६००००	१००
सशर्त	२४०००	२४१९४	१००.८१
समपूरक	५४८०००	३४७१४३	६३.३५
विशेष	२७८०००	२११५०५	७६.०८
जम्मा	**२०१०००० **	**१७४२८४२**	**८६.७१**

प्रदेश लेखा नियन्त्रक कार्यालय

२८. **प्रदेश सञ्चित कोष -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३(२) बमोजिम प्रदेश सञ्चित कोषको लेखा अद्यावधिक रूपमा राख्ने तथा वार्षिक वित्तीय विवरण तयार गर्ने कर्तव्य र उत्तरदायित्व प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था छ। प्रदेशको २०८१।८२ को सञ्चित कोषको प्राप्ति तथा भुक्तानीको एकीकृत आर्थिक विवरण निम्नानुसार रहेको छ।

(रु. हजारमा)

विवरण	आर्थिक वर्ष २०८१।८२	आर्थिक वर्ष २०८०।८१
१. राजस्व, अनुदान र अन्य प्राप्ति	**२३५५६१७८**	**२०४६८३०९**
१.१. राजस्व	१२२८८४७५	१०६४८३८५
क. कर	१०५४७०३७	९०१८८२५
ख. अन्य राजस्व	१७४१४३८	१६२९५६०
१.२. अनुदान	१११११३८२०	९५६९९४२
क. अन्तरसरकारी वितीय हस्तान्तरण	१११११३८२०	९५६९९४२
१.३. बेरूजु तथा अन्य प्राप्ति	१५३८८३	२४९९८२
२. वित्तीय व्यवस्थाबाट प्राप्ति	०	०
३. यस वर्षको खुद प्राप्ति	२३५५६१७९	२०४६८३०९
४. भुक्तानी	**२४०३२९७२**	**२२२०६११६**
४.१. सञ्चित कोष माथि व्ययभार हुने रकमबाट खर्च	१०८०६	१०३१८
क. चालु खर्च	१०८०६	१०३१८
ख. वित्तीय खर्च	०	०
४.२. विनियोजन ऐनद्वारा भएको खर्च	२२८८१४४०	२२१९५७९७
क. चालु खर्च	७८९०५१६	७५६६३८१
ख. पुँजीगत खर्च	१४९९०९२४	१४६२९४१६
५. सङ्घीय अनुदान फिर्ता	११४०७२६	०
६. यस वर्षको जम्मा भुक्तानी	२४०३२९७२	२२२०६११६
७. यस अवधिको कोषमा भएको थपघट	-४७६७९३	-१७३७८०६
८. आर्थिक वर्षको सुरूवातको मौज्दात	**११८९७११**	**२९२७५१७**
९. आर्थिक वर्षको अन्त्यको मौज्दात	**७१२९१८**	**११८९७११**

उल्लिखित एकीकृत आर्थिक विवरणअनुसार चालु वर्षको मौज्दात रु.४७ करोड ६७ लाख ९३ हजार ऋणात्मक रहेको छ। गत वर्षको जिम्मेवारी रु.१ अर्ब १८ करोड ९७ लाख ११ हजार रहेकोमा यो वर्षको ऋणात्मक मौज्दात समायोजन गरेकोले चालु वर्षको सञ्चित कोषको मौज्दात रु.७१ करोड २९ लाख १८ हजार देखिएको र गत वर्षको तुलनामा मौज्दात ४०.०७ प्रतिशत कम भएको छ। तोकिएको लक्ष्यअनुसार राजस्व सङ्कलन गरेर स्रोतले धान्ने गरी बजेट तथा खर्च व्यवस्थापन हुनुपर्दछ।

२९. **सरकारी सम्पत्ति -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २५(४) मा मन्त्रालयले आफ्नो र मातहतका निकायको सम्पूर्ण चल अचल सम्पत्ति र दायित्वको अभिलेख राखी तोकिएको समयभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था र सोही ऐनको दफा ५२ मा सरकारी सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख छ। प्रदेशको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा यो वर्षसम्म रु.४ अर्ब ३२ करोड ६६ लाख ४३ हजारको सम्पत्तिको लगत कायम रहेको छ। सरकारी जग्गा तथा भवन लगायत सम्पूर्ण सवारी साधनहरूको मूल्य अभिलेखीकरण गरेको छैन। सम्पत्तिको यथार्थ अभिलेख अद्यावधिक हुनुपर्दछ।

३०. **समपूरक अनुदान -** समपूरक अनुदानसम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२ को बुँदा नं. ९(१) मा नेपाल सरकारले छनोट गरेको आयोजनाको लागत, प्रकृति, कार्यान्वयन गर्नुपर्ने आवश्यकता, प्राथमिकता, कार्यान्वयनबाट हुनसक्ने उपलब्धि तथा आर्थिक, सामाजिक तथा पूर्वाधार विकास अवस्था र राजस्व क्षमताको आधारमा प्रदेश वा स्थानीय तहलाई कुल लागतको अधिकतम पचास प्रतिशतसम्म समपूरक अनुदान उपलब्ध गराउने उल्लेख छ। यो वर्ष सङ्घीय सरकारबाट प्राप्त अनुदानमा प्रदेश सरकारको योगदान खुल्ने गरी अद्यावधिक अभिलेख राखेको छैन।

प्रदेशको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ को बुँदा नं. १०(७) मा प्रदेश सरकारले स्थानीय तहलाई समपूरक अनुदान प्रदान गर्दा रु.६० लाखसम्म उपलब्ध गराउनसक्ने उल्लेख भएकोमा यो वर्ष प्रदेश समपूरक अनुदान रु.३४ करोड ७१ लाख ४३ हजार स्थानीय तहलाई हस्तान्तरण भए तापनि स्थानीय तहको योगदानको अंश खुल्ने अभिलेख राखेको छैन। अभिलेख अद्यावधिक हुनुपर्दछ।

३१. **धरौटी -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ५६ मा धरौटी कारोबारको लेखा राख्ने सम्बन्धी व्यवस्था छ। प्रदेश अन्तर्गत १५१ कार्यालयमा गतवर्षको धरौटी मौज्दात रु.१ अर्ब ४६ करोड ९४ लाख १३ हजार रहेकोमा यस वर्ष रु.६६ करोड ८१ लाख २८ हजार समेत रु.२ अर्ब १३ करोड ७५ लाख ४१ हजार आम्दानीमध्ये रु.४८ करोड ९७ लाख ८३ हजार सदरस्याहा र फिर्ता समायोजनपश्चात् वर्षको अन्तमा रु.१ अर्ब ६४ करोड ७७ लाख ५८ हजार बाँकी देखिन्छ।

३२. **कार्यसञ्चालन कोष -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम १०७(ख) मा प्रदेश लेखा नियन्त्रक कार्यालयको काम, कर्तव्य र जिम्मेवारी अन्तर्गत प्रदेश सञ्चित कोष, आकस्मिक कोष र अन्य सरकारी कोषको हिसाब राख्ने र राख लगाउने जिम्मेवारी उल्लेख छ। कार्यालयले पेस गरेको विवरणअनुसार ११८ कार्यालयमा गतवर्षको मौज्दात रु.९० करोड २ लाख २८ हजार र यस वर्षको आम्दानी रु.१ अर्ब १८ करोड ६८ लाख १४ हजारसमेत रु.२ अर्ब ८ करोड ७० लाख ४२ हजार मध्ये रु.१ अर्ब १४ करोड ५३ लाख ६८ हजार खर्च भई रु.९४ करोड १६ लाख ७४ हजार अन्तिम मौज्दात रहेको छ। कोषको समुचित परिचालन गर्नुपर्दछ।

३३. **गैरबजेटरी निकाय -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ७ मा प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश सञ्चित कोषको एकीकृत वित्तीय विवरण तयार गर्नुपर्ने व्यवस्था छ। कार्यालयको एकीकृत वित्तीय विवरणअनुसार गण्डकी विश्वविद्यालयको कुल प्राप्ति रु.१७ करोड ३४ लाख २९ हजार रहेकोमा चालु खर्च रु.९ करोड ८४ लाख २१ हजार र पुँजीगत खर्च रु.८ करोड ३४ लाख ९६ हजार समेत रु.१८ करोड १९ लाख १७ हजार खर्च भएकोमा उक्त विश्वविद्यालयको आन्तरिक स्रोत तर्फको रु.५ करोड १८ लाख १७ हजार समेत समावेश गरेको छ। सबै गैरबजेटरी निकायको समावेश गरी एकीकृत वित्तीय विवरण तयार गर्नुपर्दछ।

३४. **आन्तरिक लेखापरीक्षण -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३२(८ र ९) मा आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएका बेहोरा अन्तिम लेखापरीक्षण हुनु अघि फर्स्यौंट तथा सम्परीक्षण गराउनुपर्ने उल्लेख छ। ७७ कार्यालयको आन्तरिक लेखापरीक्षणबाट

रु.३ करोड ३९ लाख १९ हजार नियमित गर्नुपर्ने, रु.९२ लाख ३३ हजार असुलउपर गर्नुपर्ने र रु.८० लाख ९३ हजार म्याद नाघेको पेस्की गरी कुल रु.५ करोड १२ लाख ४५ हजार बेरूजु कायम भएकोमा अन्तिम लेखापरीक्षण अवधिसम्म फर्स्यौंट बेरुजुको विवरण तयार गरेको छैन। बेरुजु फर्स्यौंटको अवस्था यकिन हुनेगरी अन्तिम लेखापरीक्षण अघि फर्स्यौंट गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा सरकारी पेस्की बाँकी रहेको, बेरुजुउपर विभागीय कारबाही, साना र टुक्रे आयोजना बजेट विनियोजन, सरकारी जग्गाको अनधिकृत प्रयोग तथा अतिक्रमण, आयोजना बैङ्क अनुसार बजेट विनियोजन, विस्तृत अध्ययन प्रतिवेदन बेगर बजेट विनियोजन, अवण्डा बजेट राखी खर्च गरेको, आर्थिक वर्षको अन्तमा तथा सुरु बजेट विनियोजन नभई रकमान्तर गरेको, स्रोत सुनिश्चितता बेगर आयोजनाहरू कार्यान्वयन, बहुवर्षीय आयोजनाहरूलाई पर्याप्त बजेट विनियोजन नगरेको, बजेटमा आन्तरिक ऋणको व्यवस्था गरेतापनि तदनुसार कानुनी व्यवस्था गरी कार्यान्वयन नगरेको लगायतका बेहोरा औंल्याइएकोमा यस सम्बन्धमा सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण -** मन्त्रालयको यो वर्ष रु.८० लाख ६३ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपश्चात् फर्स्यौंट नभएकोले सोही रकम बेरुजु बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची-९ मा संलग्न छ।

ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन, प्रतिवेदन र नियमनसम्बन्धी कार्यहरू गर्दछ।

- प्रदेशस्तरको ऊर्जा, विद्युत, सिँचाइ, खानेपानी, जल उत्पन्न प्रकोपसम्बन्धी अध्ययन अनुसन्धान, नीति, कानुन, मापदण्ड, गुरुयोजना, योजना तथा आयोजना निर्माण कार्यान्वयन, सञ्चालन, मर्मत सम्भार, समन्वय र नियमन,
- प्रदेशस्तरमा ऊर्जा, विद्युत, सिँचाइ तथा खानेपानीसम्बन्धी सेवाको गुणस्तर र सेवा शुल्कको आधार निर्धारण र नियमन,
- ऊर्जा, विद्युत, सिँचाइ सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रवर्धन सम्बन्धी नीति तथा मापदण्ड निर्धारण र नियमन,
- राष्ट्रिय जलस्रोत नीति र सङ्घीय योजना बमोजिम प्रदेशका नदी तथा सीमा नदीका जलउपयोग सम्बन्धी आयोजनाको पहिचान, निर्माण, सञ्चालन, सम्भार र व्यवस्थापन,
- प्रदेशभित्रको जलस्रोत उपयोग तथा नदी संरक्षणसम्बन्धी योजना तथा गुरुयोजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन,
- मौसम र जलमापन सञ्चार सञ्चाल व्यवस्थापन,
- खानेपानी तथा सरसफाइ सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्धन सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन लगायत।

१. **लेखापरीक्षण अङ्क -** यो वर्ष मन्त्रालय तथा मातहतका १७ कार्यालयको रु.४ अर्ब ५० करोड ४ लाख ८६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य	जम्मा
३८६७८२०	१६८६६	५८९८५६	२५९४४	४५००४८६

२. **बजेट तथा खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक वर्गीकरण अनुसारको खर्च विवरण देहायबमोजिम रहेको छः

(रु. हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु खर्च				
२१००० पारिश्रमिक/सुविधा	१८४४६६	१८४४६६	१२३७३५	६७.०८
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	३०१७	३०१७	९९०	३२.८१
२२१०० सेवा महसुल	७४५३	७४५३	६२८९	८४.३८
२२३०० कार्यालय सामान तथा सेवा	१५३४३	१५३४३	१४४१८	९३.९७
२२४०० सेवा तथा परामर्श खर्च	२५४९२	२५१९२	१९९७४	७९.२९
२२५०० कार्यक्रमसम्बन्धी खर्च	८८५५	८७३०	५७६६	६६.०५
२२६०० अनुगमन,मूल्यांकन र भ्रमण खर्च	११८४६	११८४६	११०८१	९३.५४

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
२२७०० विविध खर्च	६४०३	६४०३	६१४८	९६.०२
२६४०० सामाजिक सेवा अनुदान	५०७२०	५०७२०	४१५४८	८१.९२
२८१०० सम्पत्ति सम्बन्धी खर्च	६०३३	६०३३	५३३८	८८.४८
अन्य (बाँकी शीर्षकहरू)	२८०६१	२८४८६	२७९७५	९८.२१
जम्मा	**३४७६८९**	**३४७६८९**	**२६३२६२**	**७५.७२**
पुँजीगत खर्च				
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	३६७७७००	३९५३८००	३६०४५५८	९१.१७
कुल जम्मा	**४०२५३८९**	**४३०१४८९**	**३८६७८२०**	**८९.९२**

उल्लिखित विवरणअनुसार चालुतर्फ ७५.७२ प्रतिशत, पुँजीगततर्फ ९१.१७ प्रतिशत र समग्रमा ८९.९२ प्रतिशत खर्च भएको छ।

३. **एकीकृत वित्तीय विवरण** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २५ र प्रदेश आर्थिक कार्यविधि तथा वित्तय उत्तरदायित्व नियमावली, २०७९ को नियम ६५ बमोजिम वित्तीय विवरण तयार गरी भाद्र मसान्तभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। यस मन्त्रालयले पेस गरेको एकीकृत वित्तीय विवरणअनुसार यो वर्ष राजस्व, अनुदान र अन्य प्राप्ति समेत गरी रु.३ अर्ब ८८ करोड ४६ लाख ८६ हजार प्राप्ति भएको छ। त्यसैगरी चालु तथा पुँजीगत शीर्षकमा रु.३ करोड ८६ लाख ७८ हजार भुक्तानी भएको छ। वित्तीय विवरणमा रु.४० करोड ९१ लाख ४६ हजारको जिन्सी तथा भौतिक सम्पत्ति देखिएकोमा प्रदेश लेखा नियन्त्रक कार्यालयको अभिलेखअनुसार मन्त्रालयको जिन्सी तथा भौतिक सम्पत्ति रु.२२ करोड ४६ लाख ८० हजार उल्लेख भएकोले रु.१८ करोड ४४ लाख ६६ हजार फरक परेको छ। मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयको लेखाङ्कनमा फरक परेको विषय पहिचान तथा समायोजन गरी एकरूपता कायम हुनुपर्दछ।

४. **आवधिक योजनाको कार्यान्वयन** - प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय योजना (२०८१।८२-२०८५।८६) मा यस मन्त्रालयसँग सम्बन्धित १२ कार्यक्रम कार्यान्वयन गर्ने लक्ष्य राखेकोमा योजनाको कार्यसम्पादन अवस्था निम्नानुसार छः

क्र.सं.	सूचक	एकाइ	२०८०।८१ सम्मको लक्ष्य	२०८३।८४ सम्मको लक्ष्य	२०८५।८६ सम्मको लक्ष्य	२०८१।८२ सम्मको उपलब्धि
१.	विद्युत उत्पादन (जडित क्षमता)	मेगावाट	९००	१६००	२५००	९९८
२.	विद्युतमा पहुँच पुगेको जनसङ्ख्या	प्रतिशत	९९.७५	१००	१००	९९.८
३.	प्रतिव्यक्ति विद्युत खपत	किलोवाट घण्टा	२६०	३००	५००	३००
४.	संस्थागत सौर्य ऊर्जा प्रणालीबाट विद्युत उत्पादन	किलोवाट घण्टा	२००	२५०	३००	२३४
५.	आधारभूतस्तरको खानेपानी सुविधा प्राप्त जनसङ्ख्या	प्रतिशत	९५	९८	१००	९२.९
६.	मध्यम र उच्चस्तरको खानेपानी सुविधा प्राप्त जनसङ्ख्या	प्रतिशत	२५	६५	९०	१९
७.	निजी धारा जडान भएका घरधुरी	प्रतिशत	६५	८४	९५	६५
८.	फ्लस भएको चर्पी सुविधा उपलब्ध घरधुरी	प्रतिशत	८३	९३	१००	८०
९.	आधुनिक सिँचाइ पूर्वाधारबाट सिँचित क्षेत्रफल	हेक्टर	६७५००	६९०००	७००००	६९५११

क्र.सं.	सूचक	एकाइ	२०८०।८१ सम्मको लक्ष्य	२०८३।८४ सम्मको लक्ष्य	२०८५।८६ सम्मको लक्ष्य	२०८१।८२ सम्मको उपलब्धि
१०.	बाह्रैंमहिना सिँचाइ सुविधा पुगेको क्षेत्र	प्रतिशत/हेक्टर	३६०००	३९०००	४१०००	३३८८४
११.	निर्माण भएको तटबन्धनको लम्बाइ (प्रदेशबाट)	किलोमिटर	१००	१५०	२००	१३७९७
१२.	जग्गा उकास कार्यसञ्चालन भएको क्षेत्रफल (प्रदेशबाट)	हेक्टर	३२००	४०००	४५००	३४०४

*(**स्रोत**: प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय योजना र प्रगति प्रतिवेदन)*

समग्रमा १२ सूचकमध्ये २०८०।८१ को लक्ष्यको आधारमा २०८१।८२ को उपलब्धिको तुलना गर्दा ९ सूचकमा उपलब्धि हासिल भएको देखिएपनि आधारभूत खानेपानी सुविधा प्राप्त जनसङ्ख्या ९५, मध्यम र उच्चस्तरको खानेपानी सुविधा प्राप्त जनसङ्ख्या २५ र फ्लस भएको चर्पी सुविधा उपलब्ध घरधुरी ८३ प्रतिशत पुऱ्याउने लक्ष्य रहेपनि क्रमशः ९२.९, १९, ८० प्रतिशत पुगेको छ। यसैगरी बाह्रै महिना सिँचाइ सुविधा पुगेको क्षेत्र ३६ हजार हेक्टर पुऱ्याउने लक्ष्यमध्ये ३३ हजार ८८४ हेक्टर पुगेको छ। लक्ष्य अनुसारको उपलब्धि हासिल गर्नुपर्दछ।

५. **बजेट वक्तव्य** - प्रदेश सरकारको बजेट वक्तव्य २०८१।८२ को स्वच्छ ऊर्जा, जलस्रोत तथा खानेपानी विषय अन्तर्गत गरिने कार्यहरूलाई बुँदा नं. ११० देखि ११६ सम्म मन्त्रालयसँग सम्बन्धित उज्यालो गण्डकी प्रदेश घोषणा कार्यक्रम, प्रदेश सरकारको अधिकार क्षेत्रभित्रका विद्युत आयोजनाको सर्वेक्षण, उत्पादन, प्रसारण र वितरणका लागि आगामी आर्थिक वर्षमा नीतिगत व्यवस्था गर्ने लगायत ७ वटा लक्ष्य लिएकोमा उज्यालो गण्डकी प्रदेश अभियानका लागि बजेट व्यवस्था गरी २०८१।८२ मा उज्यालो गण्डकी प्रदेश घोषणा गर्ने कार्यक्रममा ७८.४४ प्रतिशत र प्रदेशभित्रका जोखिमयुक्त नदी किनारका बस्ती, भौतिक संरचना, खेतीयोग्य जमिन र सांस्कृतिक सम्पदा लगायतको संरक्षण गर्ने तथा जग्गा उकास कार्यका लागि विशेष कार्यक्रममा ८५.६ प्रतिशत वित्तीय प्रगति भएको छ। मन्त्रालयले बजेट वक्तव्यमा समावेश भएका कार्यक्रमको प्राथमिकता साथ कार्यान्वयन गरी अपेक्षित प्रतिफल हासिल गर्नुपर्दछ।

६. **योजना छनोट तथा कार्यान्वयन** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ९ मा आयोजना तथा कार्यक्रमको लागि योजना छनोट एवम् बजेट प्रस्ताव गर्दा बढी प्रतिफल प्राप्त हुने, तुलनात्मक लाभ बढी भएका र सामाजिक लाभ उच्च भएका आयोजना तथा कार्यक्रम छनोट गर्नुपर्ने उल्लेख छ। यो वर्ष मन्त्रालय र मातहतका कार्यालयमा खानेपानीतर्फ १ हजार ३५९, सिँचाइतर्फ ८७१ र ऊर्जातर्फ २४ गरी जम्मा २ हजार २५४ योजना सञ्चालनमा रहेकोमा रु.१० लाख र सोभन्दा भन्दा कम बजेटका आयोजना ३९५, रु.१० लाख देखि रु.२० लाखसम्म बजेट विनियोजन भएका आयोजना १ हजार ५१४ र त्यसभन्दा माथिका आयोजना ३४५ रहेको विवरण प्राप्त भएको छ। नीति तथा कार्यक्रम र वार्षिक बजेट तयारीका क्रममा समीक्षा गरी तुलनात्मक लाभ बढी भएका योजना छनोट गरी कार्यान्वयन गर्नुपर्दछ।

७. **बहुवर्षीय योजना** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३२ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरी तालुक निकायमा पठाउने र नियम ३३ मा तालुक निकायले

भौतिक र वित्तीय पक्षको समीक्षा गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार २०७६।७७ देखि २०८१।८२ सम्म सञ्चालनमा आएको बहुवर्षीय योजनाको कार्यान्वयन अवस्था देहायअनुसार छ।

(रु. हजारमा)

क्र.सं.	क्षेत्र	आयोजना सङ्ख्या	लागत अनुमान	सम्झौता रकम	खर्च रकम
१	सिँचाइ	१८७	१९९१८००	१३७६३९७	११४००९२
२	खानेपानी	२४१	२१६७०४८	१६६६९६०	१३८२५०६
३	ऊर्जा	१	२७३६८	१७७०३	१५८४०
	जम्मा	**४२९**	**४१८६२१६**	**३०६१०६०**	**२५३८४३८**

उपर्युक्त विवरणअनुसार २०७६।७७ देखि २०८१।८२ सम्म मन्त्रालय मातहत १६ कार्यालय मार्फत ४२९ वटा योजना कार्यान्वयन भएकोमा उक्त योजनाहरूको लागि रु.४ अर्ब १८ करोड ६२ लाख १६ हजारको लागत अनुमान तयार भएकोमा र रु.२ अर्ब ८० करोड ६८ लाख ३९ हजार बजेट व्यवस्था भई रु.२ अर्ब ५३ करोड ८४ लाख ३८ हजार खर्च (८२.९३ प्रतिशत) भएको छ। मातहत कार्यालयमा कार्यन्वयनमा रहेका बहुवर्षीय योजनाहरू सम्पन्न गर्नुपर्दछ।

८. **रूपान्तरणकारी आयोजना -** प्रदेशको दोस्रो पञ्चवर्षीय योजना (२०८१।८२-२०८५।८६) ले उत्तरगंगा जलाशययुक्त जलविद्युत आयोजनालाई सङ्घीय र प्रदेश सरकारको साझेदारीमा सञ्चालन गरिने प्रदेश रूपान्तरणकारी आयोजनाको रूपमा उल्लेख गरेको छ। प्रदेशको प्रथम पञ्चवर्षीय योजनाले समेत रूपान्तरणकारी आयोजनाको रूपमा उल्लेख गरेको बाग्लुङ जिल्लाको ढोरपाटन क्षेत्रमा जलाशययुक्त विद्युत आयोजनाको निर्माण गरी प्रदेशको सन्तुलित विकास र औद्योगिकरण गर्ने उद्देश्यसहित ८२८ मेगावाट क्षमताको उक्त आयोजनाको कुल लागत रु.१ खर्ब ३ अर्ब हुने र २०७७।७८ मा सुरु गरी २०८२।८३ मा सम्पन्न गर्ने लक्ष्य रहेकोमा हालसम्म सम्भाव्यता अध्ययनको काम समेत भएको छैन।

९. **कार्यसञ्चालन स्तरीय कार्य -** गण्डकी प्रदेशका विभिन्न स्थानमा मन्त्रालय मार्फत खर्च गर्नेगरी सौर्य ऊर्जा प्रविधि जडानमा रु. ३६ लाख बजेट विनियोजन गरी रु.३५ लाख ८७ हजार खर्च भएको तथा ऊर्जा विस्तार कार्यक्रममा रु.३ करोड ७० लाख बजेट विनियोजन बराबरनै खर्च गरी दुई कार्यक्रममा जम्मा रु.४ करोड ६ लाख विनियोजन भएकोमा कुल रु.४ करोड ५ लाख ८७ हजार खर्च गरेको छ। २०८२ भदौ २४ को घटनाका कारण सो खर्चसँग सम्बन्धित प्रमाण कागजात नष्ट भएको जनाइ लेखापरीक्षणमा पेस नभएकोले कार्यक्रम कार्यान्वयन तथा खर्च सम्बन्धमा यकिन गर्न सकिएन।

१०. **विस्तृत आयोजना प्रतिवेदन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा कार्यालयका आफ्नै जनशक्तिबाट हुने कामको लागि परामर्श सेवा लिन नहुने उल्लेख छ। मन्त्रालय मातहतका जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, लमजुङले विभिन्न योजनामा रु.६ लाख १० हजार, तनहुँले १२ वटा योजनामा रु.११ लाख ६९ हजार, बागलुङले विभिन्न योजनामा रु.४ लाख ८१ हजार, खानेपानी, जलस्रोत तथा सिँचाइ विकास सव-डिभिजन कार्यालय, मनाङले २ वटा योजनामा रु.१२ लाख ९२ हजार, म्याग्दीले ९ वटा योजनामा रु.८ लाख १३ हजार, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, गोरखाले ३२ वटा योजनामा रु.५३ लाख ८५ हजार, तनहुँले ६ वटा योजनामा

रु.१४ लाख ४९ हजार, स्याङ्जाले १६ वटा योजनामा रु.१० लाख ७५ हजार र बागलुङले विभिन्न योजनामा रु.४ लाख ६४ हजार समेत विस्तृत आयोजना प्रतिवेदनका लागि रु.१ करोड २७ लाख ३८ हजार खर्च गरेको छ। अध्ययन प्रतिवेदन तयारीमा कार्यालयमा विद्यमान जनशक्तिको उपयोग गरी अध्ययन प्रतिवेदन तयार गरेका योजनाहरू कार्यान्वयन गर्ने व्यवस्था गर्नुपर्दछ।

११. **कन्टिन्जेन्सी खर्च -** प्रदेश खर्चको मापदण्ड, २०७९ को बुँदा नं. १४ मा पाँच करोड रुपैयाँसम्म लागत अनुमान भएका आयोजनामा चार प्रतिशतसम्म र पाँच करोड रुपैयाँभन्दा बढी लागत अनुमान भएको आयोजनामा तीन प्रतिशतसम्म रकम छुट्याई प्रचलित सार्वजनिक खरिद कानुनबमोजिम वर्कचार्ज, स्टाफ खर्च र अन्य सानातिना खर्चमा लागत अनुमान तयार गर्दा नै खुलाई कन्टिन्जेन्सीबाट खर्च गर्नुपर्ने उल्लेख छ। मन्त्रालय र मातहत समेतका १७ कार्यालयले यो वर्ष रु.११ करोड ६३ लाख ३० हजार कन्टिन्जेन्सी खर्च गरेको छ। कन्टिन्जेन्सी खर्चमध्ये चालु खर्चमा रु.९ करोड १३ लाख ४७ हजार (७८.५२ प्रतिशत) र पुँजीगत खर्चमा रु.२ करोड ४९ लाख ८३ हजार (२१.४८ प्रतिशत) खर्च गरेको छ। कन्टिन्जेन्सी खर्च गर्दा आयोजनागत रूपमा अभिलेख नराखेको र नापी किताबमा उल्लेख नगरेको बेहोरा विगतको प्रतिवेदनमा समेत औँल्याइएकोमा स्थिति यथावत छ।

१२. **रकमान्तर** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा १९ मा विनियोजन ऐनमा तोकिएको कुनै शीर्षकमा रकम नपुग भएमा सो नपुग भएको रकम कुनै शीर्षकमा बचत हुने भएमा विनियोजन ऐनमा तोकिएको सीमाभित्र रही आर्थिक मामिला तथा योजना मन्त्रालयले रकमान्तर गर्नसक्ने व्यवस्था रहेको छ। मन्त्रालय र मातहत कार्यालयको लागि रु.४ अर्ब २ करोड ५३ लाख ८९ हजार बजेट विनियोजन भएकोमा रकमान्तरबाट रु.९० करोड ८९ लाख २६ हजार थप र रु.६३ करोड २८ लाख २६ हजार घट भई खुद बजेट रु.४ अर्ब ३० करोड १४ लाख ८९ हजार कायम भएको छ। कुल रकमान्तरमध्ये जेठ र असार महिनामा मात्र रु.२७ करोड ६१ लाख रकमान्तर भएको छ। बजेट कार्यान्वयनयोग्य/यथार्थपरक बनाइ रकमान्तर गर्ने परिपाटीमा सुधार हुनुपर्दछ।

१३. **विद्युत महसुल अनुदान** - सिँचाइ प्रणालीमा विद्युत महसुल अनुदानसम्बन्धी मापदण्ड, २०८० को बुँदा नं. ७ मा तोकिए बमोजिमको आधारमा लिफ्टिङ्ग वा भूमिगत सिँचाइ प्रणालीमा शतप्रतिशतसम्म विद्युत महसुल अनुदान वितरण गर्न सकिने व्यवस्था छ। प्रदेशको बजेट वक्तव्य, २०८१।८२ को बुँदा नं. ११३ मा प्रदेशभित्र सञ्चालित लिफ्टिङ्ग खानेपानी र सिँचाइ आयोजनामा शतप्रतिशतसम्म विद्युत महसुलमा अनुदानलाई निरन्तरता दिएको छ। यस मन्त्रालय अन्तर्गतका कार्यालयहरूबाट २०७९।८० देखि २०८१।८२ सम्म खानेपानीतर्फ १ हजार २३ योजनाका लागि रु.१० करोड ६ लाख ४८ हजार तथा सिँचाइतर्फ ४७ आयोजनाका लागि रु.२९ लाख ८१ हजार गरी कुल १ हजार ७० योजनाका लागि रु.१० करोड ३६ लाख २९ हजार विद्युत महसुल अनुदान भुक्तानी गरेको छ। क्षमता सुदृढ गरी विद्युत महसुल भुक्तानी गर्दा सम्बन्धित योजनाको आयसँग आबद्ध गर्नुपर्दछ। भुक्तानी गरेको अनुदानबाट लक्षित वर्गलाई लाभ पुगेको सम्बन्धमा सुनिश्चित हुनुपर्दछ।

१४. **निर्माण प्रगति** - आयोजना कार्यान्वयनमा देखिएका समस्याहरूको पहिचान र निराकरणका लागि मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको सुझाव तथा सिफारिस प्रतिवेदन, २०८० मा ऊर्जा जलस्रोत तथा खानेपानी मन्त्रालय अन्तर्गत २०७७।१०।१४ मा रु.२ करोड ३१ लाख ९९

हजारमा सम्झौता भएको वार्दिखोला मुङ्ग्रेवेशी सिँचाइ योजनामा रु.१ करोड विनियोजन भएकोमा खर्च भई नसकेको, २०७७।१०।१८ मा रु.३३ लाख ८७ हजारमा सम्झौता भएको दुईखोलाको मुहानबाट विजयपुर क्यानल निर्माण योजनामा रु.२८ लाख २८ हजार खर्च भए तापनि कार्यसम्पन्न नभएको, २०७८।८।२१ मा रु.२२ लाख ४ हजारमा सम्झौता भएको फिर्के खोला जलाधार संरक्षण तथा कास्की अदालत पछाडि तटबन्ध निर्माण योजनाको हालसम्म खर्च नभएको र २०७८।८।२१ मा रु.२५ लाख ७६ हजारमा सम्झौता भएको मर्दी खोला तटबन्ध निर्माण कार्यको हालसम्म खर्च नभई काम सुरुनै नभएको पाइयो। ठेक्का व्यवस्थापन गर्नुपूर्वका तयारी तथा स्रोत व्यवस्थापन र सम्झौताका सर्त पालना गराइ आयोजना सम्पन्न गर्नुपर्दछ।

खानेपानी तथा सरसफाइ र सिँचाइ डिभिजन कार्यालयहरू

१५. **सङ्घीय सशर्त कार्यक्रम** - अर्थ मन्त्रालयको सशर्त अनुदानसम्बन्धी २०७६।२।२० को परिपत्र अनुसार सङ्घीय सरकारबाट हस्तान्तरित कार्यक्रममा थप बजेट माग भई आएमा अर्थ मन्त्रालयले प्रगति र खर्चको प्रतिवेदनको आधारमा थप रकम उपलब्ध गराउने उल्लेख छ। सङ्घ सरकारबाट सशर्त अनुदान अन्तर्गत २०७५।७६ देखिका खानेपानीतर्फ ५ र सिँचाइतर्फ ५ गरी जम्मा १० वटा योजना सञ्चालन गरी रु.४ करोड ९९ लाख ५८ हजार भुक्तानी भएको देखिन्छ। सङ्घ सशर्त अनुदानमा सञ्चालित खानेपानी तर्फका १९६ आयोजना सम्पन्न गर्न रु.१ अर्ब ७० करोड लाग्ने देखिएकोमा २०८१।८२ मा सशर्त अनुदानमा जम्मा रु.१४ करोड ८२ लाख विनियोजन भएको छ। जसअनुसार विनियोजित रकम प्रतियोजना रु.७ लाख ५६ हजार हुन आँउछ। पर्याप्त बजेट व्यवस्था नहुँदा र बजेट कटौती हुँदा योजना अधुरो रहेको पाइयो। बजेट व्यवस्था मार्फत समय र लागत बढोत्तरी नहुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ।

१६. **अधुरो योजना** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२ मा बोलपत्रदाताले खरिद सम्झौता तथा सम्झौताको सर्तपालना गर्नुपर्ने व्यवस्था छ। मन्त्रालय अन्तर्गत गोरखा, तनहुँ र लमजुङ्ग लगायतका जिल्लामा २०७६ देखि २०७९ मा सुरु भएका रु.५२ करोड ९ लाख २ हजार सम्झौता रकमका ३१ खानेपानी योजनाका निर्माण कार्य सम्झौतामा पटकपटक म्याद थप गर्दा पनि अधुरो रहेका छन्। यी ठेक्काहरूको प्रगति ४७ देखि ९० प्रतिशतसम्म रहेको छ। बजेट व्यवस्थापन र कार्यान्वयन पक्ष प्रभावकारी बनाइ कार्यसम्पन्न गर्नुपर्दछ।

१७. **पाइप तथा फिटिङ्गस** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा सार्वजनिक निकायले खरिद आवश्यकताको पहिचान गरी मालसामान खरिद गर्नुपर्ने व्यवस्था छ। यो वर्ष तपसिलको खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयले पाइप तथा फिटिङ्गतर्फ गरेको खरिद, खर्च र मौज्दातको अवस्था देहायअनुसार रहेको देखिन्छः

(रु. हजारमा)

क्र.सं.	कार्यालय	गत वर्षको मौज्दात	यस वर्ष प्राप्ति	खर्च	मौज्दात
१	खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, बागलुङ्ग	९०३१९	३१८३१	५४४४४	६७७०६
२	खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, स्याङ्जा	९१९३	६०१८५	५३५७३	१५८०५
३	खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, तनहुँ	५०१५	३७५४४	३८५५४	४००५
४	खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, गोरखा	३६१७५	६२७०८	७७६२०	२१२६३
	जम्मा	**१४०७०२**	**१९२२६८**	**२२४१९१**	**१०८७७९**

यो वर्षको अन्त्यमा माथि उल्लिखित चार खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयमा रु.१० करोड ८७ लाख ७९ हजारको पाइप तथा फिटिङ्गस मौज्दात रहेको छ। पाइप तथा फिटिङ्गस उपयोग हुने गरी खरिद व्यवस्थापन गर्नुपर्दछ।

१८. **तारजाली मौज्दात -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ८६ (५) मा कार्यालयले आवश्यकता भन्दा बढी हुने गरी सम्पत्ति तथा जिन्सी मालसामान खरिद गर्नु गराउनु नहुने व्यवस्था छ। यस वर्ष खानेपानी, जलस्रोत तथा सिँचाइ विकास सव-डिभिजन, मनाङ्ग, जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, पर्वत, नवलपरासी र स्याङ्जाले क्रमश: रु.२० लाख ६९ हजार, रु.७९ लाख ६१ हजार, रु.२४ लाख २० हजार र रु.१९ लाख गरी रु.१ करोड ४३ लाख ५० हजार मूल्यका तारजाली खरिद गरी मौज्दात राखेका छन्। मागका आधारमा आवश्यकता पहिचान गरी प्रयोग हुने सुनिश्चित भएर मात्र तारजाली खरिद गर्नुपर्दछ।

१९. **लगानीको प्रतिफल -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २३(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने गरी मितव्ययी तवरले गर्नुपर्ने व्यवस्था छ। मनाङ्ग जिल्लाको भिम्ताङमा खानेपानी उपभोक्ता समिति र जलस्रोत तथा सिँचाइ विकास सब-डिभिजन कार्यालय, मनाङ मार्फत कार्यान्वयन हुने गरी प्रदेश सरकारको लगानीमा ३० किलोवाट क्षमताको लघु जलविद्युत आयोजना २०७७।७८ मा सम्झौता भई गत वर्षसम्म रु.१ करोड ५४ लाख ५२ हजार भुक्तानी भएको छ। त्यसैगरी, मनाङ्ग जिल्लाको मेता लघु जलविद्युत योजना निर्माण उपभोक्ता समितिसँग २०८२।३।२२ मा काम सम्पन्न गर्नेगरी २०८२।३।१ मा रु.५५ लाख ५२ हजारको सम्झौता भएकोमा उपभोक्ता समितिलाई रु.४८ लाख ६ हजार भुक्तानी दिएको छ। विद्युत बिक्री गरी आम्दानी गर्ने उद्देश्यका साथ सञ्चालन हुने उक्त लघु जलविद्युत आयोजनाको पूर्वाधार निर्माणमा सरकारले गरेको लगानीबाट सम्बन्धित क्षेत्रका उपभोक्ताले प्राप्त गर्ने लाभ विश्लेषण गरेको छैन। लाभ लागत विश्लेषणका आधारमा लगानी गर्ने व्यवस्था गर्नुपर्दछ।

२०. **सिँचाइ संरचना -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३७ (छ) मा अधिकार प्राप्त अधिकारीले उपलब्ध स्रोत साधन तथा सम्पत्तिको समुचित उपयोग भएको र सम्पत्ति हानी नोक्सानी नहुने गरी सम्भार तथा संरक्षणको उचित व्यवस्था गरेको सुनिश्चित भएर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ। खानेपानी तथा सरसफाइ विकास सब-डिभिजन कार्यालय, पर्वतले चिर्दिखोलाको नहर र संरचाना निर्माण गर्न एक प्रा.लि. सँग २०७६।६।१७ सम्म निर्माण सम्पन्न गर्ने गरी २०७५।११।७ मा मूल्य अभिवृद्धि करसहित रु.१ करोड २२ लाख १६ हजारको सम्झौता गरेको छ। उक्त ठेक्काको पटकपटक म्याद थप गरी २०८३।२।२३ सम्म म्याद कायम भएकोमा पछिल्लो चौथो रनिङ बिलसम्म रु.६८ लाख ३३ हजार भुक्तानी भएको छ। सुरु सम्झौताको म्याद सकिएको ७२ महिना व्यतित भइसक्दा ५५.९३ प्रतिशत मात्र वित्तीय प्रगति भएको छ। बजेट व्यवस्था र कार्यान्वयन पक्ष प्रभावकारी बनाइ कार्यसम्पन्न गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा विनियोजन दक्षता प्रभावकारी नभएको, परामर्श सेवा खरिदसम्बन्धी नर्म्स र स्पेशिफिकेसन तयार नगरेको, कन्टिन्जेन्सी खर्चको आयोजनागत अभिलेख नराखेको र नापी किताबमा पनि उल्लेख नगरेको, कार्यसञ्चालनस्तरीय कार्यहरू मन्त्रालयबाट सम्पादन गरेको विनियोजन नगरेको शीर्षकमा रकमान्तर गरेको, मन्त्रालय र मातहत कार्यालय समेतको एकीकृत वार्षिक प्रतिवेदन तयार नगरेको, उपभोक्ता समितिबाट सामग्री खरिद गरेको लगायतका बेहोरा औँल्याइएकोमा यस सम्बन्धमा सुधार नभएकोले पुनरावृत्ति नहुनेगरी कार्य सम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण -** मन्त्रालय तथा मातहतसमेत निकायमा यो वर्ष रु.१४ करोड ४९ लाख ९१ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.३ करोड ६१ लाख ८६ हजार फर्स्यौंट र प्रतिक्रियाबाट रु.३ करोड ८७ लाख ९० हजार थप समेत रु.१४ करोड ७५ लाख ९५ हजार बेरुजु बाँकी रहेको छ। सोमध्ये रु.१ करोड ५० लाख ८ हजार म्याद नाघेको पेस्की रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन, नियमन र प्रतिवेदनसम्बन्धी कार्यहरू गर्दछ।

- पर्यटन, उद्योग, व्यापार, वाणिज्य, आपूर्ति एवम् उपभोक्ता हित संरक्षण सम्बन्धमा नीति, कानुन, मापदण्ड एवम् कार्यक्रमको तर्जुमा र कार्यान्वयन गरी सोको अनुगमन र मूल्याङ्कन,
- खानी तथा खनिज पदार्थको अन्वेषण सम्बन्धी नीति तर्जुमा र कार्यान्वयन,
- औद्योगिक वस्तुको निर्यात प्रवर्द्धन,
- ढुवानी परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन,
- प्रदेश तथा स्थानीय स्तरमा उपभोक्ता अदालत स्थापना र सञ्चालन,
- प्रदेशमा इन्धनको गुणस्तर अनुगमन, उद्योगमा श्रममूलक प्रविधि र नेपाली श्रमिकहरूको उपयोग, कानुन र मापदण्ड निर्धारण,
- प्रदेशस्तरमा वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलाधार तथा वातावरण संरक्षणसम्बन्धी नीति, कानुन, मापदण्ड एवम् कार्यक्रमको तर्जुमा र कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन,
- प्रदेशस्तरको जलवायु परिवर्तन सम्बन्धी कानुन र मापदण्ड निर्माण गर्ने,
- प्रदेशस्तरमा वातावरण संरक्षण तथा स्वच्छतासम्बन्धी प्रविधि विकास र व्यवस्थापन,
- आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौता,
- उद्योग दर्ता, अनुगमन, नवीकरण, खारेजी तथा औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्धन र नियमन,
- वन्य जन्तु र वन पैदावार ओसारपसारसम्बन्धी नियमन र अपराध नियन्त्रण,
- प्रदेशभित्र जडिबुटी तथा अन्य गैर काष्ठ वन पैदावारसम्बन्धी व्यवस्थापन,
- अन्तरप्रदेशीय नदी उकास तथा सडक किनारा वृक्षारोपण व्यवस्थापन।

१. **लेखापरीक्षण अङ्क** - यो वर्ष मन्त्रालय र मातहतका कार्यालय समेत २७ निकायको रु.१ अर्ब ६८ करोड ३१ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

(रु. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य	जम्मा
११३८०८४	२७१०५८	१३५२६७	१३५६२२	१६८००३१

यो वर्ष एक समितितर्फ रु.२ करोड ३० लाख ८८ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

२. **लेखापरीक्षण** – प्रदेशको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७८ को दफा ३३(१) मा प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ।

निम्नानुसार १ मन्त्रालय (वन तथा वातावरण मन्त्रालयतर्फ) र १ कार्यालयको २०८१।८२ को स्रेस्ता एवं सोसँग सम्बन्धित कागजात २०८२ भाद्र २३ र २४ मा भएको आन्दोलन र घटनाको कारण क्षति जनाई पत्र प्राप्त भएको तर स्रेस्ता पेस नभएकोले विनियोजनतर्फ रु.१६ करोड ७४ लाख ७८ हजार, राजस्वतर्फ रु.५ लाख ६ हजार र धरौटीतर्फ रु.१२ लाख ७४ हजार गरी जम्मा रु.१६ करोड ९२ लाख ५८ हजारको लेखापरीक्षण गरिएको छैन।

(रु. हजारमा)

क्र.सं.	कार्यालयको नाम	विनियोजन	राजस्व	धरौटी	जम्मा
१	वन तथा वातावरण मन्त्रालयतर्फ	७९५७८	१९	१०७४	८०६७१
२	पर्यटन, वाणिज्य तथा उपभोक्ता हकहित संरक्षण निर्देशनालय	८७९००	४८७	२००	८८५८७
	जम्मा	**१६७४७८**	**५०६**	**१२७४**	**१६९२५८**

३. **बजेट तथा खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक/सुविधा	५०६२६२	५०६२६२	३५३९३०	६९.९१
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	५६१२	५६१२	२६०९	४६.४९
२२१०० सेवा महसुल	१२५५४	१२८५२	१०३३९	८०.४५
२२३०० कार्यालय सामान तथा सेवा	२३६२३	२३९२३	२२६९०	९४.८५
२२४०० सेवा तथा परामर्श खर्च	४८५०७	४८५०७	४०६९९	८३.९०
२२५०० कार्यक्रमसम्बन्धी खर्च	१३३६९३	१४०११४	८९१५८	६३.६३
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	१५९०२	१६४९९	१५२१४	९२.२१
२२७०० विविध खर्च	५६२५	५७२५	५६१४	९८.०६
२६४०० सामाजिक सेवा अनुदान	१११००	१११००	९६५९	८७.०२
२७१०० सामाजिक सुरक्षा	६०	६०	०	०.००
२७२०० सामाजिक सहायता	१७८८५	२२०८५	२२०८३	९९.९९
२८१०० सम्पत्ति सम्बन्धी खर्च	५३९३	५३९३	३५६३	६६.०७
अन्य (बाँकी खर्च शीर्षकहरू)	३५७१४	३७१२२	३३५७३	९०.४४
जम्मा	**८२१९३०**	**८३५२५४**	**६०९१३१**	**७२.९३**
पुँजीगत खर्च				
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	७६२५००	७६१८००	६९६४३१	९१.४२
कुल जम्मा	**१५८४४३०**	**१५९७०५४**	**१३०५५६२**	**८१.७५**

उल्लिखित विवरणअनुसार चालुतर्फ ७२.९३ प्रतिशत, पुँजीगततर्फ ९१.४२ प्रतिशत र समग्रमा ८१.७५ प्रतिशत खर्च गरेको छ।

४. **वित्तीय विवरण -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २५ र प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ६५ बमोजिम वित्तीय विवरण तयार गरी भाद्र मसान्तभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। वित्तीय विवरण बमोजिमको बजेट र खर्च विवरणअनुसार मन्त्रालयको चालु आर्थिक वर्षको लागि रकमान्तर पश्चात् चालु खर्चतर्फ रु.८३ करोड ५२ लाख ५४ हजार र पुँजीगत खर्चतर्फ रु.७६ करोड १८ लाख गरी रु.१ अर्ब ५९ करोड ७० लाख ५४ हजार विनियोजन गरेको छ। सोमध्ये

चालु खर्चतर्फ प्रदेश सरकारको रु.७९ करोड र सशर्त अनुदानतर्फ रु.३ करोड १९ लाख ३० हजार रहेको छ भने पुँजीगततर्फ प्रदेश सरकारको रु.४४ करोड ७२ लाख, वित्तीय समानीकरण अनुदानबाट रु.२१ करोड र सशर्त अनुदानतर्फ रु.१० करोड ५३ लाख विनियोजन भएको छ। विनियोजित रकममध्ये आर्थिक वर्षको अन्त्यसम्म चालु खर्चतर्फ रु.६० करोड ९१ लाख ३१ हजार र पुँजीगत खर्चतर्फ रु.६९ करोड ६४ लाख ३१ हजार समेत कुल रु.१ अर्ब ३० करोड ५५ लाख ६२ हजार खर्च भई मन्त्रालयबाट विनियोजनको ८१.७५ प्रतिशत खर्च भएको छ। विनियोजनअनुसार कार्य गर्ने दक्षता वृद्धि गर्नुपर्दछ।

५. **सरकारी सम्पत्ति -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायितत्व ऐन, २०७८ को दफा ४९ मा प्रत्येक कार्यालयले आफ्नो जिम्मामा रहेको घरजग्गा, सवारी साधन लगायत जिन्सी मालसामानको लगत अद्यावधिक गराइ राख्नुपर्ने व्यवस्था छ। वार्षिकरूपमा तालुक निकाय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा आर्थिक वर्ष समाप्त भएको ३५ दिनभित्र लगत सहितको प्रतिवेदन पेस गर्नुपर्ने र मन्त्रालयले आफ्नो र मातहत कार्यालयको जिन्सी एकीकृतरूपमा तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। सङ्घीय सरकार अन्तर्गत रहेका वन तथा पर्यटन लगायतका कार्यालयहरू प्रदेश सरकार अन्तर्गत रुपान्तरण तथा गाभिएको अवस्थामा साविक कार्यालयहरूले प्रयोग गरेको सम्पत्तिको एकीकृत विवरण तयार गरी सम्पत्तिको संरक्षण तथा सरकारी बाँकी रकमको लगत तयार गरेको छैन। कानुनमा व्यवस्था भए वमोजिम सम्पत्तिको अभिलेख अद्यावधिक गर्नुपर्दछ।

६. **आन्तरिक नियन्त्रण -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३० मा प्रदेशका सबै सरकारी कार्यालयले आफ्नो र अन्तर्गत कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने उल्लेख छ। मन्त्रालयबाट सम्पादन गरिने कार्य स्वच्छ, पारदर्शी, नियमित, मितव्ययी, गुणस्तरीय, प्रभावकारी र कार्यदक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न तथा वित्तीय प्रतिवेदन प्रणाली विश्वसनीय बनाउन, स्रोत साधनको उच्चतम परिचालन गर्न, आर्थिक अनुशासन कायम गर्न, प्रचलित कानुन बमोजिम सम्पादन गर्नुपर्ने कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा तयार गरेको पाइएन। आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्दछ।

७. **विनियोजन तथा खर्च -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २८(२) बमोजिम लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आयव्ययको एकीकृत विवरण तयार गरी तोकिएको अवधिभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखा नियन्त्रकको कार्यालयमा पेस गर्नुपर्ने उल्लेख छ। प्रदेश सरकारको एकीकृत वित्तीय विवरणअनुसार मन्त्रालयको विगत ३ वर्षको समग्र विनियोजन तथा खर्चको अवस्था निम्नानुसार पाइयो।

(रु. हजारमा)

आर्थिक वर्ष	पुँजीगत खर्च		चालु खर्च		कुल बजेट	कुल खर्च	खर्च प्रतिशत
	बजेट	खर्च	बजेट	खर्च			
२०७९।०८०	८०७६३३	६९९३४९	७९८६०८	५६१७६८	१६०६२४१	१२६१११७	७८.५१
२०८०।०८१	८१४५६०	६९८४०७	७४५१६७	५६१४२८	१५५९७२७	१२५९८३६	८१.००
२०८१।०८२	७६१८००	६९६४३१	८३५२५४	६०९१३१	१५९७०५४	१३०५५६२	८२.००
जम्मा	**२३८३९९३**	**२०९४१८७**	**२३७९०३०**	**१७३२३२८**	**४७६३०२३**	**३८२६५१६**	**८०.००**

मन्त्रालय तथा मातहतका कार्यालयको आर्थिक वर्ष २०७९।८० मा बजेटको तुलनामा चालु खर्च ७०.३४ प्रतिशत, पुँजीगत खर्च ८६.६० प्रतिशत र समग्र खर्च ७८.५१ प्रतिशत रहेको छ। यसैगरी आर्थिक वर्ष २०८०।८१ को चालु तर्फको खर्च ७५.३४ प्रतिशत, पुँजीगत खर्च ८५.७४ प्रतिशत र समग्र खर्च ८१ प्रतिशत छ। आर्थिक वर्ष २०८१।८२ को चालु खर्च ७३, पुँजीगत खर्च ९१ र समग्र खर्च ८२ प्रतिशत रहेको छ। विनियोजन दक्षता वृद्धि गर्नुपर्दछ।

उद्योग तथा पर्यटन मन्त्रालयतर्फ

८. **मध्यमकालीन खर्च संरचना -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम १० अनुसार मध्यमकालीन खर्च संरचना तयार गरेतापनि योजना वा कार्यक्रमको क्रियाकलापगत वितरण, प्रति एकाइ लागत, अनुमानित समय र प्राप्त हुने प्रतिफल समेत खुलाई प्राथमिकीकरण गरेको छैन। विगत तीन आर्थिक वर्षको आम्दानी र खर्च प्रक्षेपणको विवरण देहायअनुसार छः

(रु. हजारमा)

विवरण	शीर्षक	२०८०।८१	२०८१।८२	त्रिवर्षीय अनुमान		
		(यथार्थ)	(संशोधित प्रक्षेपण)	२०८२।८३	२०८३।८४	२०८४।८५
खर्च	चालु	१९८८००	२३५२००	२२५३००	२३५३००	२४८०००
	पुँजीगत	४२०७००	४१५८००	४३०८००	४५१२००	४७६८००
	वित्तीय व्यवस्था	०	०	०		०
	जम्मा	**६१९५००**	**६५१०००**	**६५६१००**	**६८६५००**	**७२४८००**
स्रोत	प्रदेश सरकार	५६२५००	५०१०००	४३६१००	४५५६००	४८०३००
	वित्तीय समानीकरण अनुदान	०	१५००००	२२००००	२३०९००	२४४५००
	विशेष अनुदान	०	०	०	०	०
	समपूरक अनुदान	०	०	०	०	०
	सशर्त अनुदान	५७०००	०	०	०	०
	जम्मा	**६१९५००**	**६५१०००**	**६५६१००**	**६८६५००**	**७२४८००**

९. **आवधिक योजना -** प्रदेशको प्रथम पञ्चवर्षीय योजना (२०७६।७७-२०८०।८१) को समीक्षा नगरी २०७९।८० लाई आधार मानी दोस्रो पञ्चवर्षीय योजना (२०८१।८२-२०८५।८६) कार्यान्वयनमा ल्याएको देखिन्छ। उद्योग तथा पर्यटन मन्त्रालयसँग सम्बन्धित क्रियाकलाप सूचक र लक्ष्यहरू यस प्रकार रहेको छ।

क्र.सं.	लक्ष्य	एकाइ	२०७९।८० को यथार्थ अवस्था	२०८०।८१ को लक्ष्य	२०८५।८६ को लक्ष्य
१	उत्पादनमूलक उद्योग कुल ग्राहस्थ उत्पादन	प्रतिशत	-२	-१	११
२	होटल तथा रेष्टुरेण्ट कुल उत्पादन	प्रतिशत	१९	२३	२२
३	निर्माण क्षेत्र कुल ग्राहस्थ उत्पादन	प्रतिशत	९	८	८
४	थोक तथा खुद्रा व्यापार	प्रतिशत	८	८	८
५	दर्ता भएको वाणिज्य फर्म	सङ्ख्या	७१४३५	७८६९६	११५०००
६	दर्ता भएका उद्योग	सङ्ख्या	७८०८४	८५९०३	१२५०००
७	औद्योगिक ग्राम सञ्चालन	सङ्ख्या	०	३	१५
८	सामुदायिक होमस्टे	वटा	३२४	३२८	३५०
९	बाह्य पर्यटकको औसत बसाँई अवधि	दिन	१३	१६	१८

*(**स्रोत**: प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय योजना)*

होटल तथा रेष्टुरेण्टको कुल ग्राहस्थ उत्पादनमा १९ बाट २२ प्रतिशत पुऱ्याउने, दर्ता भएका वाणिज्य फर्म ७१ हजार ४३५ बाट रु.१ लाख १५ हजार तथा औद्योगिक ग्राम १५ वटा सञ्चालनमा ल्याउने लक्ष्य राखेकोमा बजेट व्यवस्थापन गरी कार्यान्वयन गर्नुपर्दछ।

१०. **वार्षिक नीति तथा कार्यक्रम -** मन्त्रालयसँग सम्बन्धित प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम २०८१।८२ मा उल्लेख भएकामध्ये बुँदा नं. ६४ मा "पोखरा जाऔं, प्रकृति र संस्कृतिमा रमाऔं" कार्यक्रममा ११ पर्यटकीय स्याटलाइट गन्तव्य, घान्द्रुक देउराली मुल्डे पदमार्ग, श्रवणकुमार चक्रीय लगायतमा रु.३ करोड ५० लाख विनियोजन गरी रु.३ करोड ३४ लाख ४६ हजार खर्च गरेको छ। यसैगरी "उद्यमी बनौः स्वदेशमा केही गरौं" अभियानमा स्थानीय तहको सहकार्य र सहलगानीमा उद्यमशीलता र रोजगार प्रवर्धन कार्यक्रममा ३७ प्रतिशत प्रगति भएको छ। नीति तथा कार्यक्रम र बजेट वक्तव्य कार्यान्वयन गरिनुपर्दछ।

११. **रूपान्तरणकारी योजना -** प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय योजना (२०८१।८२-२०८५।८६) मा प्रदेश सरकारको लगानी, प्रदेश तथा स्थानीय तह साझेदारी, प्रदेश तथा सङ्घ साझेदारी, सङ्घ, प्रदेश, स्थानीय तह साझेदारी, अन्तरप्रदेश साझेदारी, सार्वजनिक निजी साझेदारी, वैदेशिक सहयोग, निजी क्षेत्रको लगानीमा विकास तथा सञ्चालन हुनेगरी प्रदेश समुन्नतिका रूपान्तरणकारी कार्यक्रम तथा आयोजना घोषणा गरी ८ क्षेत्रमा ६८ कार्यक्रम तथा आयोजनालाई रूपान्तरणकारी योजना उल्लेख गरिएको छ। मन्त्रालयसँग सम्बन्धित लोकाहाखोला औद्योगिक क्षेत्र पूर्वाधार विकास आयोजना, मध्यपहाडी लोकमार्ग केन्द्रित औद्योगिक विकास आयोजना, भिमसेन थापा स्मृतिपार्क तथा संग्रहालय निर्माण आयोजना, अजिरकोट सिरानडाँडा नागपोखरी एकीकृत विकास आयोजना, पुँडीटार औद्योगिक क्षेत्र विकास आयोजना, खानी तथा खानीजन्य उद्योग प्रवर्धन लगायतका कार्यक्रम रहेकोमा कार्यान्वयन अवस्था देखिने प्रगति विवरण तयार गरेको छैन। आवधिक योजनामा भएका रूपान्तरणकारी योजनाको कार्यान्वयन अवस्थाको अभिलेख राख्नुपर्दछ।

१२. **कार्य विशिष्टिकरण -** प्रदेश सरकार कार्य विभाजन नियमावली, २०७४ बमोजिम मन्त्रालयलाई तोकिएको कार्य जिम्मेवारी बमोजिमका कार्यहरू विशिष्टिकरण हुनेगरी योजना छनोट हुनुपर्नेमा १३ स्याटलाइट निर्माणमा ९६ प्रतिशत, ५ स्थानमा कोसेलीघर निर्माणमा ५९ प्रतिशत, मेलामहोत्सवमा ८६ प्रतिशत, पार्क निर्माणमा ९६ प्रतिशत, ५ उद्योगग्राम निर्माणमा ६३ प्रतिशत खर्च गरेको छ। हिमाल आरोहण, प्रदेश औद्योगिक ग्राम निर्माणमा शून्य प्रगति रहेको छ। लक्ष्य अनुसार प्रगति हासिल गर्नुपर्दछ।

१३. **बजार अनुगमन -** उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा २५, २७ र २८ मा केन्द्रीय, प्रदेश र स्थानीय बजार अनुगमन समिति रहने व्यवस्था छ। यो वर्ष मन्त्रालय मातहत जिल्लास्थित पर्यटन तथा उद्योग कार्यालय प्रमुखको संयोजकत्वमा गठित जिल्ला बजार अनुगमन टोलीले १६१ पटकमा १ हजार ८७५ व्यापारिक फर्मको बजार अनुगमन गरी गुणस्तर अनुसारको कार्य नगरेको आधारमा ९२ फर्ममार्फत रु.१५ हजार जरिबाना गरी रु.११ लाख ३२ हजारका म्याद नाघेका र गुणस्तर नपुगेका सामान नष्ट गरेको छ। बजार अनुगमन चाडपर्व लक्षित तथा निर्देशनात्मक प्रकृतिको देखिएकोमा मूल्य वृद्धि नियन्त्रण, कृत्रिम अभाव, कालोबजारी नियन्त्रण लगायतका क्षेत्रसमेत समेटी अनुगमन व्यवस्था प्रभावकारी बनाउनुपर्दछ।

१४. **गौरवका योजना** - प्रदेशको प्रथम आवधिक योजनाले मन्त्रालय अन्तर्गतका ३ प्रदेश गौरवका आयोजना कार्यान्वयन गर्न छनोट गरी घरबास (होमस्टे) विस्तार र सुदृढीकरण आयोजनामा यो वर्ष रु.९४ लाख समेत हालसम्म रु.४९ करोड ७२ लाख ५५ हजार खर्च गरेको छ। नवलपुरको लोकाहाखोलामा प्रदेशस्तरीय औद्योगिक क्षेत्र निर्माणमा रु.१५ लाख खर्च भएपनि यो वर्ष वित्तीय प्रगति नभएको र सङ्घीय सरकारले प्रदेश सरकारलाई कार्यसम्पन्न गर्नेगरी कास्की तथा तनहुँको बीचमा पर्ने तल्लो पुँडीटारमा औद्योगिक क्षेत्र निर्माणमा हालसम्म रु.१५ लाख खर्च गरेको छ। गौरवका योजनामा कुल रु.५० करोड २ लाख ५५ हजार खर्च भएकोमा तोकिए अनुसार सम्पन्न गर्नुपर्दछ।

१५. **बजेट तथा कार्यक्रम** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा १८ मा बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी व्यवस्था छ। प्रदेशको पहिले घरदेश अनि परदेश कार्यक्रम सञ्चालनमा ८.४२, होमस्टे पूर्वाधार विकास कार्यक्रममा ९८.९५ र कोसेली घर स्थापना र सञ्चालन निर्माणमा ४९.१३ प्रतिशत प्रगति रहको छ। बजेट तथा कार्यक्रममा भएको विनियोजन अनुसार प्रगति हासिल गर्नुपर्दछ।

१६. **न्यून प्रगति** - विनियोजित बजेट उद्देश्यपरकरूपमा खर्च गर्नुपर्नेमा प्रगति विवरणअनुसार प्रदेश व्यवसाय मञ्च सञ्चालन रु.४ लाख, पदमार्ग सूचनापाटी तथा सङ्केत चिन्ह रु.२० लाख, प्रदेशभित्रका पर्वतारोहीलाई सहयोग तथा सम्मान रु.१० लाख, नयाँ उद्यमीहरू बीच सफल उद्यमीका सफलता सुत्र रु.५ लाख, मर्दी हिमाल आरोहणका लागि रुट फुटिङ्ग, एन्करिङ, एक्सप्लोरिङ कार्यक्रम रु.१० लाख, औद्योगिकग्राम पूर्वाधार निर्माण रु.६० लाख, लोकाहाखोला र पुँडिटारमा प्रदेशस्तरका औद्योगिक क्षेत्रमा पूर्वाधार निर्माण रु.१ करोड ६० लाख, पर्यटकीय गन्तव्यहरूको क्याटलग निर्माणमा रु.५ लाख, अन्य संस्थाहरूलाई पुँजीगत अनुदान रु.२५ लाख र हिमाल आरोहणसम्बन्धी तालिम प्रशिक्षण सञ्चालन रु.२० लाखसहित रु.३ करोड १५ लाख बजेट विनियोजन गरेतापनि खर्च नभई न्यून प्रगति देखिएको छ। प्रगति हासिल हुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

१७. **पदमार्ग निर्माण** - प्रदेश सरकारको २०८१।८२ को बजेट बक्तव्यमा प्रदेशका सम्भाव्य पदमार्ग तथा पर्यटकीय स्थलहरू (अन्नपूर्ण, माछापुच्छ्रे, धवलागिरी पदमार्ग, मिलेनियम ट्रेक, डा. हर्क गरुङ्ग ट्रेल, राइनासकोट, लिगलिगकोट, लार्के भञ्ज्याङ्ग पास, रानीवन पर्यटकीय क्षेत्र, फेवा पदमार्गमा सम्भाव्यता अध्ययन तथा पूर्वाधार निर्माण गर्ने व्यवस्था छ। आर्थिक वर्ष २०७६।७७ मा ३० कि.मि. रहेको पदमार्ग २०८१।८२ सम्म ३३० कि.मि. पुऱ्याएकोमा पदमार्ग निर्माण गर्दा ती क्षेत्रमा पर्यटक आगमनको विश्लेषण गरी प्राथमिकतापूर्वक निर्माण भएको नदेखिएकोले निर्मित पूर्वाधारमा स्थानीयको स्वामित्व र अपनत्व सुनिश्चित हुने प्रणाली तयार नभएको, मर्मत तथा दिगो सञ्चालनका लागि स्थानीय तहसँग समन्वय र साझेदारी भएको देखिएन।

आर्थिक वर्ष	२०७६-७७	२०७७-७८	२०७८-७९	२०७९-८०	२०८०-८१	२०८१-८२
सम्बन्धित वर्षको मात्र	३०	२५	३६	५६	९२	९१
हालसम्मको कि.मि.	३०	५५	९१	१४७	२३९	३३०

निर्मित पदमार्गको दिगोरूपमा सञ्चालन गर्न, प्रवर्धन मार्फत स्थानीय रोजगारी सिर्जना गर्न र पदमार्ग मर्मत सम्भारको उपयुक्त व्यवस्थापन गर्न सम्बन्धित निकायसँग समन्वय र सहकार्य गर्नुपर्दछ।

१८. **होमस्टे निर्माण -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयले आफू मातहतका कार्यालयबाट भएको कामको अनुगमन गर्नुपर्दछ। यो वर्ष पर्यटन, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयबाट २० होमस्टेको पूर्वाधार निर्माण तथा मर्मतको लागि रु.१ करोड बजेट विनियोजन गरी रु.९४ लाख खर्च लेखेको छ। होमस्टे सञ्चालन गर्दा स्थानीय उत्पादनको उपयोग, संस्कृति प्रवर्द्धन, निर्मित पूर्वाधारको सामुदायिक प्रयोग, पहुँच मार्गहरू निर्माणलाई प्राथमिकता दिएको देखिएन। ताचै घरबास व्यवस्थापन समिति, पाखाथर होमस्टे, लप्सीबोट सामुदायिक होमस्टे लगायतलाई गत विगत वर्षदेखिनै चालु तथा पुँजीगत अनुदान प्रदान गर्दै आएकोमा प्रतिफल विश्लेषण गरेको छैन। होमस्टे अनुदानको प्रतिफल तथा प्रभावकारिता विश्लेषण गरिनुपर्दछ।

वन तथा वातावरण मन्त्रालयतर्फ

१९. **आवधिक योजना -** दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गर्नको लागि प्रदेशको दोस्रो पञ्चवर्षीय योजना(२०८१।८२-२०८५।८६) मा विभिन्न परिमाणात्मक लक्ष्यहरू निर्धारण गरेको छ। यस आवधिक योजनाको केही सूचकहरूको लक्ष्य र अनुमान निम्नानुसार रहेको छ।

क्र.सं.	लक्ष्य	एकाइ	२०७९।८० को यथार्थ अवस्था	२०८०।८१ को लक्ष्य	२०८५।८६ को लक्ष्य
१	वन क्षेत्रको भूभाग	प्रतिशत	४७.४	४७.४	५०
२	निजी वन सङ्ख्या	सङ्ख्या	४१२	४५०	६००
३	सामुदायिक वन सङ्ख्या	सङ्ख्या	३९६६	३९८०	४०००
४	वार्षिक मानव वन्यजन्तु द्वन्द्वका घटना	वटा	११००	११००	५००
५	चोरी शिकारी नियन्त्रण एकाइ	वटा	२००	२००	३००
६	दिगो वन व्यवस्थापनमा सामुदयिक वन	वटा	११९	११९	२००
७	वायु गुणस्तर सूचकाङ्क	मान	८४	८०	५०
८	विपद्बाट प्रभावित जनसङ्ख्या	प्रति हजार	१८	१७	१२
९	विद्युतीय सवारी साधनको हिस्सा	प्रतिशत	१	१	१५

*(**स्रोत** प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय योजना)*

दोस्रो पञ्चवर्षीय योजनाले लिएको लक्ष्य अनुरूप उपलब्धि हासिल गर्न आवधिक योजनालाई वार्षिक बजेट तथा कार्यक्रमहरूसँग आवद्ध गरी निर्धारित लक्ष्य हासिल गर्नुपर्दछ।

२०. **वार्षिक नीति तथा कार्यक्रम -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ८ मा वार्षिक नीति तथा कार्यक्रममा समावेश भएको कार्यक्रमलाई कार्यान्वयन गर्नुपर्नेमा यो वर्षको नीति तथा कार्यक्रममा उल्लिखितमध्ये प्रदेश एकल विन्दु सेवा केन्द्र, वन सम्वर्धन प्रणालीमा आधारित वन व्यवस्थापन गर्ने, खाली तथा बाँझो जमिनमा फलफूल सहितको कृषि प्रणाली निर्माण गर्ने, ढोरपाटन शिकार आरक्ष तथा चितवन राष्ट्रिय निकुञ्जमा वन्यजन्तु उद्धार केन्द्रको स्थापना गर्ने, वन, वातावरण तथा जैविक विविधता व्यवस्थापनको लागि जैविक विविधता प्रोफाइल तयार गर्ने, चङ्गपरुदेखि मग्रेबगरसम्म पर्यटकीय आकर्षणको रूपमा ट्रसको निर्माण गर्ने तथा ढोरपाटन तथा गजेन्द्रमोक्षधामको एकीकृत विकास गुरुयोजना निर्माण गर्ने, धौलागिरी जलजला ढोरपाटन हुँदै बुकीसम्म पर्यटन पदमार्गको सम्भाव्यता खोजी गर्ने लगायत कार्यक्रमहरू कार्यान्वयन गरेको छैन।

कार्यान्वयनयोग्य नीति तथा कार्यक्रम तयार गरी बजेटसँग तादाम्यता कायम हुनेगरी कार्यान्वयन गर्नुपर्दछ।

२१. **रूपान्तरणकारी योजना** - प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय योजना (२०८१।८२-२०८५।८६) मा प्रदेश सरकारको लगानी, प्रदेश तथा स्थानीय तह साझेदारी, प्रदेश तथा सङ्घ साझेदारी, सङ्घ प्रदेश स्थानीय तह साझेदारी, अन्तरप्रदेश साझेदारी, सार्वजनिक निजी साझेदारी, वैदेशिक सहयोग, निजी क्षेत्रको लगानीमा विकास तथा सञ्चालन हुनेगरी प्रदेश समुन्नतिका रूपान्तरणकारी कार्यक्रम तथा आयोजना घोषणा गरी यसको लागि ८ क्षेत्रमा ६८ कार्यक्रम तथा आयोजना रहेकोमा वनसम्बन्धी रूपान्तरणकारी योजनाहरूमा कार्बन व्यापार आयोजना, कृषि, वन र जडिबुटीजन्य उत्पादन तथा प्रशोधन उद्योग विकास कार्यक्रम, राउण्ड फेवा तथा भ्यू फेवा विकास कार्यक्रम र हिमाली तथा उच्च पहाडी ताल संरक्षण विकास आयोजना रहेका छन्। यो वर्षको बजेट तथा खर्चको अवस्था बारेमा मन्त्रालयको प्रगति विवरण तयार गरेको देखिएन। आवधिक योजनामा भएका रूपान्तरणकारी योजनाको कार्यान्वयन र प्रगति अवस्थाको अभिलेख राख्नुपर्दछ।

२२. **वन व्यवस्थापन** - वन ऐन, २०७६ को दफा ११ मा नेपाल सरकारसँग प्रदेशभित्रको राष्ट्रिय वन र अन्तर प्रादेशिक वन व्यवस्थापनको लागि प्रदेशले परामर्श गरी एकीकृत वा प्रदेशगत रणनीतिक योजनाको अधीनमा रही प्रदेश सरकारले प्रदेशभित्रको राष्ट्रिय वन र अन्तर प्रादेशिक वनको संरक्षण, विकास र सदुपयोग गर्नसक्ने व्यवस्था छ। मन्त्रालय र मातहत कार्यालयको पञ्चवर्षीय वन व्यवस्थापन कार्य योजनाको म्याद २०७८।७९ मा सकिएकोमा नयाँ रणनीतिक वन व्यवस्थापन कार्य योजना २०८१ कार्तिकमा तर्जुमा भएको छ। वन व्यवस्थापन कार्य योजना अनुसार कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

२३. **वन क्षेत्र प्रयोग** - वन नियमावली, २०७९ को नियम ९० मा विकास आयोजनाको सञ्चालनको लागि राष्ट्रिय वनक्षेत्रको कुनै भाग तोकिएबमोजिम उपलब्ध गराउन सकिने व्यवस्था छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार डिभिजन वन कार्यालय कास्की, तनहुँ, पर्वत तथा लमजुङ्गले वनक्षेत्रको जग्गा हाइड्रोपावर प्रोजेक्ट, प्रसारण लाइन निर्माण, केवलकार परियोजना, रिसोर्ट तथा सार्वजनिक भवन समेतलाई उपलब्ध गराएकोमा यससम्बन्धी देखिएको बेहोरा निम्नानुसार छन्:

२३.१ उपलब्ध विवरणअनुसार ५५ आयोजनाले ९१०.१८ हेक्टर वनक्षेत्र प्रयोगमा लिएकोमा वन क्षेत्र प्रयोगको रु.१७ लाख ३६ हजार तथा वृक्षारोपणको रु.३ करोड ५१ लाख ९० हजार गरी रु.३ करोड ६९ लाख २६ हजार सरकारलाई प्राप्त भएको देखिन्छ। सम्झौताअनुसार वनक्षेत्रको जग्गा उपयोग र रोयल्टी प्राप्तिको अभिलेख अद्यावधिक गर्नुपर्दछ।

२३.२ प्रवर्द्धकले सङ्घीय सरकार अन्तर्गत वन तथा वातावरण विभागमा सम्झौता गरेतापनि प्रदेश सरकारको कार्यक्षेत्रमा पर्ने विषयमा अन्य प्रयोगमा उपयोग गर्ने गरी गरेको सम्झौता कार्यान्वयन सम्बन्धमा प्रदेश मन्त्रालयले एकीकृत अभिलेख राखी असुली भएको र बाँकी रकमको लगत राख्नुपर्दछ।

२३.३ वन नियमावली, २०७९ को नियम ४ मा राष्ट्रिय वनको भोगाधिकार प्राप्त निकायले वृक्षारोपण गर्न र ५ वर्षसम्म संरक्षण गर्न लाग्ने रकम डिभिजन वन कार्यालयले वन विकास कोषमा लागत रकम जम्मा गर्नुपर्ने व्यवस्था छ। डिभिजन वन कार्यालय पर्वत, नवलपुर, म्याग्दी, कास्की, तनहुँ तथा लमजुङले

९१० हेक्टर वन क्षेत्र जलविद्युत प्रवर्द्धक तथा निकायलाई उपलब्ध गराइएको मध्ये १९ जलविद्युत उत्पादन, १० प्रसारण लाइन, एक टावर निर्माण लिजबापत रु.१७ लाख २६ हजार तथा वृक्षारोपणबापत रु.३ करोड ५१ लाख ९० हजार प्राप्त भएको छ। कानुनले तोकेको रकम वन विकास कोषमा जम्मा गर्नुपर्दछ।

२३.४ नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय बमोजिम वन तथा भू-संरक्षण विभाग र सम्बन्धित पक्ष (विकासकर्ता) बीच सर्तसहित सम्झौता गरी वन क्षेत्र प्रयोगको अनुमति दिने गरेको छ। जलविद्युत आयोजना, विद्युत प्रसारण लाईन, पर्यापर्यटन, होटल/रिसोर्ट, केबलकार, अन्य सरकारी लगायत १२ वर्गीकृत प्रयोजनमा प्रदेशभित्र हालसम्म २१ हजार ९०० हेक्टर वनक्षेत्र प्रयोग गर्ने अनुमति दिएकोमा सम्झौतामा वन तथा भू-संरक्षण विभागको उपमहानिर्देशकको संयोजकत्वमा अनुगमन संयन्त्र हुने व्यवस्था गरिएतापनि नियमित अनुगमन भएको देखिँदैन। सम्झौता पालना सम्बन्धमा अभिलेख राखी अनुगमन गर्नुपर्दछ।

२४. **वन विकास कोष** - वन नियमावली, २०७९ को नियम ९० बमोजिम वनक्षेत्रको जग्गा विकास आयोजनालाई भोगाधिकार दिन सकिने व्यवस्था छ। सम्बन्धित प्रवर्द्धक र वन तथा भू-संरक्षण विभागबीच भएको सम्झौता अनुसार प्रवर्द्धकले आफूलाई भोगाधिकार प्रदान गरिएको जग्गाको क्षेत्रफल बराबर सट्टाभर्ना स्वरुप सोही बमोजिमको अनुकूलित वातावरण भएको स्थानमा जग्गा प्राप्त गरी प्रति हेक्टर १ हजार ६ सयका दरले वृक्षारोपण गरी सम्बन्धित डिभिजन वन कार्यालयलाई हस्तान्तरण गर्नुपर्ने र सो बमोजिम गर्न नसकेमा सो कार्यको लागि लाग्ने लागत गणना गरी वन विकास कोषमा रकम जम्मा गर्नुपर्ने उल्लेख छ। मन्त्रालयले वन विकास कोषमा दाखिला गर्नुपर्ने रकम र प्रवर्द्धकको अभिलेख राखेको छैन। डिभिजन वन कार्यालय, लमजुङ्ग तथा पर्वतको कार्यक्षेत्रमा पर्ने आयोजनाका लागि प्रवर्द्धकबाट रु.५१ लाख ७४ हजार वन विकास कोषमा दाखिला भएको देखिन्छ। प्रवर्द्धकले सङ्घीय सरकार अन्तर्गत वन तथा भू-संरक्षण विभागसँग गरेको सम्झौतामा वन विकास कोषमा रकम जम्मा गर्ने व्यवस्था भए तापनि प्रदेश सरकारको कार्यक्षेत्रमा पर्ने वनक्षेत्रको जग्गा प्रयोग गर्ने गरी समन्वय गर्नुपर्दछ।

२५. **काठ, दाउरा मौज्दात** - प्रदेश वन नियमावली, २०८१ को नियम ८४ मा सामुदायिक वन, साझेदारी वन र वन संरक्षण क्षेत्रबाट उत्पादन भई समूह बाहिर लिलाम बिक्रीसम्बन्धी व्यवस्था छ। प्राप्त विवरणअनुसार गत आर्थिक वर्षमा ११ डिभिजन वन कार्यालयमा २ लाख २९ हजार घनफिट काठ र ७ हजार चट्टा दाउरा मौज्दात रहेकोमा मुस्ताङ्ग बाहेकका १० जिल्ला वन पैदावर आपूर्ति समितितर्फ यो वर्ष २४ लाख ३ हजार ३७० क्यूफिट काठ तथा २ हजार ६६७ चट्टा दाउरा उत्पादन भई २४ लाख ३२ हजार ९८३ क्यू फिट काठ तथा २ हजार ७९९ चट्टा दाउरा सदुपयोग भएकोमा बाँकी १ लाख ९९ हजार ३८७ क्यू फिट काठ तथा ६ हजार ८६८ चट्टा दाउरा मौज्दात रहेको देखिन्छ। सबै डिभिजन वन कार्यालयले अभिलेख अद्यावधिक गरी मौज्दात रहेको काठदाउराको गुणस्तर ह्रास हुन नदिन समयमै लिलाम बिक्री गर्नुपर्दछ।

२६. **अतिक्रमण नियन्त्रण** - वन ऐन, २०७६ को दफा ३ मा नेपाल सरकारको स्वीकृति बेगर भू-उपयोग परिवर्तन गर्न नपाईने र दफा ४ मा राष्ट्रिय वनको जग्गाधनी पूर्जा तयार गरी अभिलेख राख्नुपर्दछ। प्रदेशमा रहेको वन क्षेत्रको मालपोत कार्यालयमा दर्ता गरी संरक्षणका लागि डिभिजन वन

कार्यालयलाई हस्तान्तरण गरेको छैन। प्राप्त विवरणअनुसार प्रदेशका ११ जिल्लामध्ये ७ जिल्लामा ७५.२ हेक्टर वनक्षेत्र अतिक्रमण भएकोमा यो वर्ष १२.२१ हेक्टर अतिक्रमित वन फिर्ता भएको छ। वनक्षेत्रको सीमा निर्धारण गरी जग्गाधनी पुर्जा प्राप्त गर्नुपर्दछ।

२७. **बिरुवा संरक्षण -** मन्त्रालयबाट प्राप्त विवरणअनुसार ११ डिभिजन वन कार्यालयमा गत वर्ष १ लाख २७ हजार ३८५ बिरुवा मौज्दात रहेको र यो वर्ष ६ लाख २० हजार ५०१ बिरुवा उत्पादन र ५५ हजार ५५६ खरिद सहित ६ लाख ७६ हजार ५७ बिरुवा रहेकोमा यस वर्ष ४ लाख ४८ हजार ९१२ बिरुवा रोपण भई ३ लाख ५४ हजार ५३० बिरुवा मौज्दात रहेका छन्। सालबसाली कार्यक्रमको रूपमा उत्पादित बिरुवाको वितरण एवम् रोपण गर्ने कार्य भए तापनि बिरुवाको संरक्षण गर्ने कार्य भएको छैन। मातहतका कार्यालयबाट रोपण गरिएका बिरुवाको संरक्षण भए नभएको सम्बन्धमा मन्त्रालयले समय समयमा अनुगमन गरी सुनिश्चित गर्नुपर्दछ।

२८. **क्षतिको राहत -** प्रदेशमा ३७.१ प्रतिशत भू-भाग वनजङ्गल र ९.६ प्रतिशत भू-भाग बुट्यानले ढाकेको छ। वनजङ्गल र बुट्यानको उच्च घनत्वको कारण गण्डकी प्रदेशको ग्रामीण क्षेत्रमा बाँदर, बँदेल, मृग, जङ्गली कुखुरा, दुम्सी लगायतका वन्यजन्तुले उच्च क्षति भएको छ। क्षतिको राहत वितरणको लागि वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका, २०८० बमोजिम डिभिजन वन कार्यालय, लमजुङ्गबाट ६६, गोरखाबाट १५८, स्याङ्जाबाट ६६६, म्याग्दीबाट ७, नवलपुरबाट ७, तनँहुबाट ५९, कास्कीबाट ६५, बागलुङ्गबाट ७० र पर्वतबाट ९४ समेत कुल १ हजार १९२ पीडितलाई रु.२ करोड २० लाख ८३ हजार क्षतिपूर्ति उपलब्ध गराएको छ। प्रदेश सरकारले स्थानीय तहहरूसँग समन्वय/सहकार्य गर्दै एकीकृत कार्ययोजना निर्माण गरी मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्नुपर्दछ।

२९. **सामुदायिक वन -** प्रदेश भित्रका वन क्षेत्रले ओगटेको क्षेत्रफल २ लाख ९३ हजार ८७९ हेक्टर जग्गामध्ये हस्तान्तरण भएको समूह ५ हजार ५८९ रहेको छ। प्रदेशभित्र ३ हजार ९७२ सामुदायिक वनले २ लाख ८३ हजार ७२ हेक्टर, १ हजार १४७ कबुलियतवनले ५ हजार ७७२ हेक्टर, ३९ धार्मिक वनले ३९४ हेक्टर, ४२९ निजी वनले २१८ हेक्टर, एक साझेदारी वनले ५८५ हेक्टर एक चक्लाबन्दी वनले ३ हजार ८३८ हेक्टर क्षेत्रफल ओगेटेको छ। आफ्नो कार्यक्षेत्रभित्र पर्ने सामुदायिक वन क्षेत्रको संरक्षण र प्रवर्धन गर्नुपर्दछ।

३०. **वन पैदावर -** राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको लागि राष्ट्रिय वन क्षेत्रको प्रयोग गर्ने सम्बन्धी मापदण्ड कार्यविधि, २०७६ को दफा १७(१) मा योजना कार्यान्वयन गर्न राष्ट्रिय वन क्षेत्रको वन पैदावर आफ्नै खर्चमा कटान, मुछान र घाटगद्दी गरी सम्बन्धित वन कार्यालयलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ। प्रदेशमा विभिन्न प्रयोजनको लागि वन क्षेत्रको रुख, बिरुवा तथा अन्य वन पैदावर हटाउन अनुमति पाएको परियोजनाले वन पैदावरहरूको कटान, मुछान, सङ्कलन र घाटगद्दी गरी सम्बन्धित वन कार्यालयलाई हस्तान्तरण गरेको छैन। राजस्व आम्दानीसँग आबद्ध गरी वन पैदावरबाट उत्पन्न घाटगद्दीको उचित व्यवस्थापन गर्नुपर्दछ।

३१. **निजी वन व्यवस्थापन -** वन ऐन, २०७६ को दफा ३६(३) मा व्यवसायिक प्रयोजनको लागि निजी वन वा निजी आवादीमा रहेको वन पैदावरको सङ्कलन तथा ओसारपसार गर्नुपरेमा सम्बन्धित स्थानीय

तहबाट स्वीकृति लिनुपर्ने व्यवस्था रहेकोमा वन कार्यालयबाट स्वीकृति लिने गरेको पाइयो। ऐनको व्यवस्थाको पालना हुनुपर्दछ।

३२. **मुद्दा व्यवस्थापन -** वन ऐन, २०७६ को दफा ६७(१) मा दुई लाख रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुने मुद्दा नेपाल सरकारको डिभिजन वन अधिकृतले कारबाही र किनारा गर्ने व्यवस्था छ। यसवर्ष प्रदेशभित्र दर्ता भएका काठदाउरा सम्बन्धी २१, वन्यजन्तु र ओखटोपहारसम्बन्धी २, जडिबुटी सम्बन्धी ५, ढुङ्गागिट्टीसम्बन्धी १, अन्य ९ गरी ३८ मुद्दा रहेकोमा किनारासम्बन्धी अभिलेख रहेको देखिएन। मुद्दा फर्स्यौटको अभिलेख अद्यावधिक गर्नुपर्दछ।

डिभिजन वन कार्यालयहरू

३३. **उद्धार केन्द्र** - डिभिजन वन कार्यालय, कास्कीले वन्यजन्तुको संरक्षण गरी प्रजनन्, अनुसन्धान, संरक्षण शिक्षा र मनोरञ्जनमा टेवा पुऱ्याउन र भविष्यमा चिडियाखाना तथा प्राणी उद्धार केन्द्र स्थापना कार्यका लागि रु.३५ करोड ३५ लाख ९१ हजार लागत अनुमानको विस्तृत परियोजन प्रतिवेदन तयार गरेको छ। यो वर्ष पचभैया प्राणी उद्यान तथा वन्यजन्तु उद्धार केन्द्र सञ्चालनमा रु.८० लाख ६० हजार विनियोजन गरी वन्यजन्तु राख्ने प्रयोजनका लागि ट्रस तथा तारजाली सहितका टहरा निर्माण लगायतका कार्यमा रु.७२ लाख ६४ हजार खर्च गरेको छ। विस्तृत परियोजना प्रतिवेदनमा उल्लेख भएका प्रवेशद्वार, शौचालय र चमेनागृह, चितुवा खोर, रूपाताल कराउने फुट ट्याक, विदेशी चराको लागि ईन्क्लोजर तथा पानी ट्याङ्की निर्माण लगायतका कार्य भएको छैन।

३४. **वन रोयल्टी -** वन नियमावली, २०७९ को नियम ९३(४) मा वृक्षारोपण गरी वा प्राकृतिक पुनरुत्पादनको पाँच वर्षसम्म स्याहार, सम्भार र व्यवस्थापन गर्न लागत अनुमान अनुसार वन विकास कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। राष्ट्रिय वन क्षेत्रको जग्गा प्रयोग गर्दा हटाइने रुख र पोलको सङ्ख्याको आधारमा बिरुवाको वृक्षारोपण सम्बन्धित उपयोगकर्ताले गर्नुपर्ने व्यवस्था छ। डिभिजन वन कार्यालय, तनहुँको क्षेत्राधिकार स्थित एक केवलकार प्रा.लि. ले रु.६९ लाख ४६ हजार र अर्को एक प्रा.लि.ले रु.२ करोड ६७ लाख ६४ हजार गरी रु.३ करोड ३७ लाख १० हजार वन विकास कोषमा दाखिला गरेको छैन। तसर्थ सम्बन्धित कम्पनीहरूबाट नियमानुसार उक्त रकम असुल हुनुपर्दछ।

३५. **सट्टाभर्ना तथा क्षतिपूर्ति -** वन नियमावली, २०७९ को नियम ९२ मा वृक्षारोपण गर्ने जग्गाबाट प्राप्त रकम अनुसूची १ बमोजिमको वन विकास कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। डिभिजन वन कार्यालय, तनहुँले नेपाल विद्युत प्राधिकरणको स्वामित्वमा रहेको एक हाईड्रोपावर लिमिटेडबाट प्रस्ताव गरिएको रिजर्भायर, पावरहाउस पहुँचमार्ग लगायतका संरचनाहरू निर्माण गर्नको लागि तनहुँ जिल्लास्थित साविकका काँहुशिवपुर, व्यास, कोटदरवार, छाँड, रिरिङ रानीपोखरी, जामुने गाउँ विकास समितिमा पर्ने २५ सामुदायिक वनले व्यवस्थापन गरिरहेको राष्ट्रिय वन क्षेत्रको ४१७ हेक्टर जग्गा प्रयोग गर्न तथा त्यहाँ रहेका विभिन्न प्रजातिका १ लाख ८१ हजार ५७१ रुख बिरुवाहरू समेत हटाउन स्वीकृति दिने नेपाल सरकार, मन्त्रिपरिषद्को २०७४।५।२६ को निर्णयअनुसार वन तथा

भूसंरक्षण मन्त्रालय, वन विभाग तथा हाईड्रोपावर लिमिटेडबीच सम्झौता भएको छ। यस सम्बन्धमा देहायका बेहोरा देखिएका छन्:

३५.१ सम्झौताको बुँदा नम्बर ३ मा प्रवर्द्धकले राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्बन्धी कार्यविधि, २०७४ को दफा (८) बमोजिम जलविद्युत आयोजना निर्माण गर्दा बनाइने स्थायी भौतिक संरचनाहरू (नहर, बाँध, पावरहाउस आदि) ले वन क्षेत्र ओगट्ने र स्थायी तवरले वन क्षेत्रको भू-उपयोग परिवर्तन गर्ने कुल क्षेत्रफल ४१७ हेक्टर भन्दा कम नहुने गरी नेपाल सरकारलाई सट्टाभर्ना स्वरुप जग्गा उपलब्ध गराउनुपर्ने अन्यथा तोकिएको रकम नेपाल सरकारलाई बुझाउनुपर्ने व्यवस्था छ। वन तथा भू-संरक्षण विभाग, काठमाडौंले २०८१।११।२१ मा यस कार्यालयलाई २०७४।७।१५ मा भएको सम्झौता कार्यान्वयन सम्बन्धमा प्रस्तावकले सट्टाभर्ना जग्गा प्रति हेक्टर रु.३० लाखले हुने रु.१ अर्ब २५ करोड १० लाख तथा सट्टाभर्ना जग्गामा वृक्षारोपणमा प्रति हेक्टर रु.१२ लाख ६० हजारका दरले हुने रु.५२ करोड ५४ लाख २० हजार र त्यहाँ रहेका विभिन्न प्रजातिका १ लाख ८१ हजार ५७१ रुख बिरुवाको १:२५ का दरले क्षतिपूर्ति रु.३ अर्ब ५७ करोड ५८ लाख ८० हजार गरी कुल रु.५ अर्ब ३५ करोड २३ लाखको लागत अनुमान तयार गरी वन तथा भू-संरक्षण विभाग, काठमाडौंमा पठाएको छ।

पर्यटन तथा उद्योग कार्यालयहरू

३६. **राजस्व सङ्कलन** - प्रदेश आर्थिक ऐन, २०८१ ले तोके बमोजिमको कर र शुल्क सङ्कलन गर्नुपर्ने व्यवस्था छ। यो वर्ष वाणिज्य, उद्योग, पर्यटन लगायत शीर्षकमा पर्यटन तथा उद्योग कार्यालय, कास्की, नवलपुर, तनहुँ र म्याग्दीले क्रमशः रु.२ करोड ९१ लाख १६ हजार, रु.१ करोड ३४ लाख ८ हजार, रु.८५ लाख ७० हजार र रु.३० लाख २५ हजार राजस्व सङ्कलन गरेको छ। राजस्व उठ्ने क्षेत्रहरूको पहिचान गरी राजस्व सङ्कलन गर्नुपर्दछ।

३७. **प्रविधि हस्तान्तरण** - बजेट तथा कार्यक्रम कार्यान्वयनसम्बन्धी एकीकृत कार्यविधि, २०८१ को बुँदा नं. १४ मा मन्त्रालय मातहतका जिल्लामा उद्योग दर्ता गरी सञ्चालन गरिरहेका उद्यमीलाई व्यावसायिक विकासका लागि निजहरूको बीसदेखि पचास प्रतिशत लागत साझेदारीमा उपयुक्त तथा आधुनिक प्रविधि हस्तान्तरण गरिने व्यवस्था भएअनुसार पर्यटन तथा उद्योग कार्यालय कास्कीले ५, नवलपरासी (ब.सु.पू.) ९, गोरखा १६, तनहुँ १७, पर्वत १६, स्याङजा २१, म्याग्दी १२ उद्योग समेतलाई साझेदारीमा प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गरी अनुदानमा रु.३७ लाख २५ हजार खर्च गरेको छ। हस्तान्तरित प्रविधिको सदुपयोग सम्बन्धमा नियमित अनुगमन गरी अनुदानग्राही व्यक्ति तथा फर्मको विवरण सार्वजनिक हुनुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा होमस्टे विस्तार तथा सुदृढिकरण आयोजना अन्तर्गत होमस्टे सञ्चालन अनुदानको उपयोग, पर्यटन गुरुयोजना अनुसार कार्य नगरेको, वन क्षेत्र अतिक्रमण नियन्त्रण गर्ने

कार्ययोजना कार्यान्वयन, काठको लिलाम बिक्री नगरेको लगायतका बेहोरा औँल्याइएकोमा यस सम्बन्धमा सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ।

- **बेरुजु रकमको विवरण** - यो वर्ष कार्यालय र मातहत समेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजु रकमको विवरण देहायअनुसार छः
  - मन्त्रालय तथा मातहतसमेत निकायमा यो वर्ष रु.१ करोड ५४ लाख ६६ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.७७ लाख ७७ हजार फर्स्यौंट भई रु.७६ लाख ८९ हजार बेरुजु बाँकी रहेको छ। यस सम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ।

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन, प्रतिवेदन र नियमसम्बन्धी कार्यहरू गर्दछ।

- कृषि, कृषि उत्पादन, पशु विकास तथा खाद्य पोषण, खाद्य पोषणसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन,
- प्रदेशभित्रको भूमि प्रशासन र जग्गा नापजाँच,
- कृषि तथा पशुपन्क्षी बिमा, कृषि मल, बीउ तथा विषादी आपूर्ति तथा व्यवस्थापन,
- जलवायूमैत्री कृषि गाउँ निर्माण,
- जग्गाको अभिलेख व्यवस्थापन, गुठी व्यवस्थापन, सहकारी व्यवस्थापन, गरिबी निवरण,
- चरन तथा खर्क सम्बन्धी प्रदेश नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन,
- भूमि सम्बन्धी मापदण्ड निर्धारण र कार्यान्वयन,
- नापनक्साका नियन्त्रण विन्दुहरूको सञ्जाल स्थापना,
- जग्गा दर्ता, रजिष्ट्रेसन, जग्गाधनी पूर्जा, दाखिला खारेज, स्वामित्व हस्तान्तरण सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा र कार्यान्वयन।
- सुरक्षित बसोबास र जग्गा एकीकरण सम्बन्धी नीति कार्यान्वयन,
- सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी प्रादेशिक मापदण्ड निर्धारण र नियमन,

१. **लेखापरीक्षण अङ्क -** यो वर्ष मन्त्रालय र मातहत समेत ३७ कार्यालयको निम्नानुसार रु.२ अर्ब ५८ करोड १६ लाख ५९ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य	जम्मा
१४१३२३२	११४११४०	२५४०७	१८८०	२५८१६५९

उल्लिखित लेखापरीक्षण रकममा यस मन्त्रालयमा विनियोजन भई १५ मालपोत कार्यालयहरूबाट खर्च भएको रु.४९ लाख १५ हजार र १४ वटा नापी कार्यालयको रु.१८ लाख ९८ हजार समेत रु.६८ लाख १३ हजार तथा १ कार्यालयको बक्यौताको रु.४ लाख २९ हजारसमेत समावेश छ।

२. **बजेट तथा खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त आर्थिक सङ्केत तथा वर्गीकरणअनुसार मन्त्रालयको यस वर्षको खर्चको विवरण देहायबमोजिम छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक/सुविधा	३७१३२४	३७१३२४	२१७६९२	५८.६३
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	७०३८	७०३८	२६००	३६.९४
२२१०० सेवा महसुल	२०३३४	२०३३४	१५२८७	७५.१८

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
२२३०० कार्यालय सामान तथा सेवा	२४९७४	२५५२४	२४४१५	९५.६६
२२४०० सेवा तथा परामर्श खर्च	८६६५९	९९६८३	९२२२६	९२.५२
२२५०० कार्यक्रम सम्बन्धी खर्च	८७१७७१	८४२०९४	६२०३०९	७३.६६
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	२७९६६	२७९६६	२२९१८	८१.९५
२२७०० विविध खर्च	८८००	८८००	७८३०	८८.९८
२६४०० सामाजिक सेवा अनुदान	३९२८६१	३९९९११	२३४९४४	५८.७५
२७२०० सामाजिक सहायता	२५००	४५००	३३५५	७४.५६
२८१०० सम्पत्ति सम्बन्धी खर्च	७३४१	७३४१	५९७६	८१.४१
अन्य (बाँकी खर्च शीर्षकहरू)	६६७८९	६७३७९	६०६५३	९०.०२
जम्मा	**१८८८३५७**	**१८८१८९४**	**१३०८२०५**	**६९.५२**
पुँजीगत खर्च				
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	२०३७५०	१८२०२१	१०४५९८	५७.४७
कुल जम्मा	**२०९२१०७**	**२०६३९१५**	**१४१२८०३**	**६८.४५**

उल्लिखित विवरणअनुसार चालु खर्च ६९.५२ प्रतिशत, पुँजीगत खर्च ५७.४७ प्रतिशत र समग्रमा ६८.४५ प्रतिशत खर्च भएको छ।

३. **एकीकृत वित्तीय विवरण** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २५ र प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ६५ बमोजिम वित्तीय विवरण तयार गरी भाद्र मसान्तभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। यस मन्त्रालयले पेस गरेको एकीकृत वित्तीय विवरणअनुसार यो वर्ष राजस्व, अनुदान र अन्य प्राप्ति समेत गरी रु.२ अर्ब ५५ करोड ३९ लाख ४३ हजार प्राप्ति भएको छ। त्यसैगरी चालु तथा पुँजीगत शीर्षकमा रु.१ अर्ब ४१ करोड २८ लाख ३ हजार भुक्तानी भएको छ। वित्तीय विवरणमा रु.५३ करोड ५९ लाख १९ हजारको जिन्सी तथा भौतिक सम्पत्ति देखिएकोमा प्रदेश लेखा नियन्त्रक कार्यालयको अभिलेखअनुसार मन्त्रालयको जिन्सी तथा भौतिक सम्पत्ति रु.५३ करोड ५५ लाख १९ हजार उल्लेख भएकोले रु.४ लाख फरक परेको छ। मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयको लेखाङ्कनमा फरक परेको विषय पहिचान तथा समायोजन गरी एकरूपता कायम हुनुपर्दछ।

४. **आवधिक योजना** - दोस्रो पञ्चवर्षीय योजना (२०८१।८२-२०८५।८६) मा यस मन्त्रालयसँग सम्बन्धित कृषि, पशुपन्छी तथा मत्स्यपालन, खाद्य सुरक्षा, भूमि व्यवस्थापन र सहकारी क्षेत्रको ३० परिमाणात्मक लक्ष्यहरू निर्धारण गरेकोमा योजनाको लक्ष्य प्रगतिको स्थिति देहायबमोजिम रहेको छः

सूचक	एकाइ	आधार वर्ष (२०७९।८०)	२०८१।८२ लक्ष्य	२०८१।८२ को उपलब्धि	२०८५।८६ को लक्ष्य
धान बालीको उत्पादकत्व	मे.टन/हे.	३.६२	३.८	३.९	४
मकैको उत्पादकत्व	मे.टन/हे.	३.०२	३	३.१	३.५
गहुँको उत्पादकत्व	मे.टन/हे	२.५९	२.६२	२.६४	३.२
आलु बालीको उत्पादकत्व	मे.टन/हे.	१६.८१	१७.४	१९.१	१८.५३
फलफूलको उत्पादकत्व	मे.टन/हे.	१०.३९	११.२	११	१२
दलहनको उत्पादकत्व	मे.टन/हे.	१.०८	१.०९	१.०५	१.१०

सूचक	एकाइ	आधार वर्ष (२०७९।८०)	२०८१।८२ लक्ष्य	२०८१।८२ को उपलब्धि	२०८५।८६ को लक्ष्य
तरकारी उत्पादकत्व	मे.टन/हे.	१२.७४	१३.३	१२.९५	१४
प्रमुख मसला बालीको उत्पादकत्व	मे.टन/हे.	८.४४	९	८.८८	१०
कृत्रिम गर्भाधान सङ्ख्या	हजारमा	८१.६	८३	९८.८	८५
मासु उत्पादन (मे.टन)	हजारमा	५१.१५	५९	५१.२	७६.५
दुध उत्पादन (मे.टन)	हजारमा	२४४.३	२७९	२७२.५	४४८
अण्डा उत्पादन (गोटा)	लाख	१२९.४८	१३४.८	१५४.०६१	१४८७

*(**स्रोत**: प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय योजना)*

समग्रमा विश्लेषण गर्दा ३० मध्ये १८ सूचकमा आवधिक योजनाको लक्ष्य निर्धारण गरेको छैन भने आवधिक योजनामा लिएको १२ लक्ष्यमध्ये तरकारी उत्पादकत्व, मासु र दुध उत्पादन लगायत ६ कार्यक्रममा लक्ष्यको तुलनामा कम प्रगति भएको छ। आवधिक योजनामा समावेश कार्यक्रममा लक्ष्यअनुसार प्रगति हासिल गर्ने गरी क्रियाकलापहरू सञ्चालन गर्नुपर्दछ।

५. **मध्यमकालीन खर्च संरचना** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ५ मा प्रदेश मन्त्रालयले आवधिक योजना र क्षेत्रगत नीति तथा योजनाको आधारमा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मन्त्रालयगत मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयको मध्यमकालीन खर्च संरचना अनुसार तीन वर्षको प्रक्षेपण तथा विनियोजनको अवस्था देहायअनुसार रहेको छ।

(रु.हजारमा)

२०७९।०८०		२०८०।०८१		२०८१।०८२		कुल प्रक्षेपण	कुल विनियोजन	प्रक्षेपणको तुलनमा विनियोजन प्रतिशत
प्रक्षेपण	विनियोजन	प्रक्षेपण	विनियोजन	प्रक्षेपण	सुरु विनियोजन			
२५३०१६६	२०५४५९८	२५४१५५२	२२४४६९७	२८२६६९७	२०९२१०७	७८९८४१५	६३९१४०२	८०.९२

तीन वर्षको प्रक्षेपण तथा विनियोजनको अवस्थालाई विश्लेषण गर्दा प्रक्षेपणको तुलनामा ८०.९२ प्रतिशत बजेट विनियोजन भएको छ। मध्यमकालीन खर्च संरचनाको उद्देश्य अनुसार विनियोजन तथा कार्य हुनुपर्दछ।

६. **वार्षिक नीति तथा कार्यक्रम** - प्रदेश सरकारको २०८१।८२ को वार्षिक नीति तथा कार्यक्रममा उल्लेख भएका मन्त्रालयसँग सम्बन्धित स्थानीय तहसँगको समन्वयमा भूमि बैङ्कको निर्माण गरी एक निर्वाचन क्षेत्र एक प्रविधिमैत्री स्मार्ट कृषि फर्मको सम्भाव्यता अध्ययन गरी सामूहिक एकीकृत कृषि विकास कार्यक्रम र बाँदरको अतिक्रमणबाट प्रभावित क्षेत्रमा बालीनालीको संरक्षण गर्न समुदाय, स्थानीय तह र प्रदेश सरकारको साझेदारीमा आवश्यकताका आधारमा कृषि हेरालुको कार्यक्रममा बजेट व्यवस्था नभएकोले सो कार्य भएको देखिएन। नीति तथा कार्यक्रमलाई बजेटसँग तादाम्यता कायम गरी कार्यान्वयन गर्नुपर्दछ।

७. **बजेट वक्तव्य** - प्रदेश सभाबाट पारित भएको बजेट वक्तव्यमा उल्लिखित कार्यहरूको लक्ष्य बमोजिम प्रगति हासिल गर्नुपर्दछ। यो वर्षको बजेट वक्तव्यमा उल्लेख भएका कार्यक्रमहरूमध्ये स्थानीय तथा रैथाने बाली र पशुपन्क्षीको संरक्षण, उत्पादन, सम्बर्द्धन तथा उपयोगमा वृद्धि गर्ने गरी प्रवर्द्धनात्मक

कार्यक्रमलाई निरन्तरता, प्राकृतिक प्रकोपबाट मौसमी रूपमा तथा महामारी रोगका कारण क्षति बेहोरेका कृषकहरूलाई व्यवसाय पुनर्स्थापनाका लागि सहयोग उपलब्ध गराउने, असल कृषि अभ्यास, असल पशुपालन अभ्यास, असल उत्पादन अभ्यास, पशु कल्याण जस्ता अवधारणाको अवलम्बन कार्यक्रममा शून्य र कृषि व्यवसायमा हुनसक्ने जोखिम न्यूनीकरण गरी कृषकको हित संरक्षण गर्न बिमा प्रिमियममा सहुलियत र व्यवसाय प्रवर्धनका लागि कृषि कर्जामा ब्याज अनुदान न्यून खर्च भएको पाइयो। बजेट वक्तव्यमा तोकिएको कार्यक्रममा खर्च नभएको वा न्यून खर्च भएको कारण उद्देश्यअनुरूपको लक्ष्य हासिल भएको छैन। बजेट वक्तव्यमा समावेश गरेको कार्यक्रम प्रभावकारी रुपले कार्यान्वयन गर्नुपर्दछ।

८. **रूपान्तरणकारी कार्यक्रम -** दोस्रो पञ्चवर्षीय योजना (२०८१।८२-२०८५।८६) मा प्रदेश सरकारको लगानी, प्रदेश तथा स्थानीय तह साझेदारी, प्रदेश तथा सङ्घ साझेदारी, सङ्घ-प्रदेश-स्थानीय तह साझेदारी, अन्तरप्रदेश साझेदारी, सार्वजनिक निजी साझेदारी, वैदेशिक सहयोग, निजी क्षेत्रको लगानीमा विकास तथा सञ्चालन हुने गरी समावेश भएको ६८ आयोजनामध्ये यस मन्त्रालयसँग सम्बन्धित मनाङ-नासोङ प्राङ्गारिक कृषि विकास आयोजना, प्रमुख टारमा आधारित कृषि तथा सिँचाइ विकास आयोजना, मध्य पहाडी लोकमार्ग केन्द्रित कृषि तथा पशुपन्छीजन्य उत्पादनमा आधारित औद्योगिक विकास आयोजना, विशिष्टिकृत कृषि तथा पशुसेवा विकास आयोजना, स्याउ, सुन्तलाजात तथा उदीयमान कृषि बाली विशेष कार्यक्रम, निर्यातयोग्य वस्तु उत्पादन तथा प्रवर्धन कार्यक्रम, कृषि तथा पशुपन्छी उत्पादन, विविधीकरण, सामुहिकीकरण, औद्योगिकीकरण र बजारीकरण कार्यक्रम, कृषि उपज गुणस्तर परीक्षण तथा स्तरीकरण प्रयोगशाला विकास आयोजना र कृषि, वन र जडिबुटीजन्य उत्पादन तथा प्रशोधन उद्योग विकास कार्यक्रम लगायत ९ प्रदेश समुन्नतिका रूपान्तरणकारी कार्यक्रम तथा आयोजना सञ्चालन गर्न यसवर्ष भएको बजेट व्यवस्था तथा खर्चको प्रगति विवरण तयार गरेको छैन। आवधिक योजनामा घोषणा भएको रूपान्तरणकारी कार्यक्रम तथा आयोजनाको प्रगति सम्बन्धमा स्पष्ट देखिने गरी अभिलेख अद्यावधिक गर्नुपर्दछ।

९. **प्रगति विवरण -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३२ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने निकायले अनुसूची-२ बमोजिमको ढाँचामा प्रगति विवरण तयार गर्नुपर्ने तथा सोको समीक्षा गरी सुधारको उपायहरू पहिचान गर्नुपर्ने उल्लेख छ। मन्त्रालयले विभिन्न ५१ वटा कार्यक्रममा रु.८९ करोड ९६ लाख ५२ हजार विनियोजन गरेकोमा रु.७० करोड ५४ लाख ९० हजार (७८.४२ प्रतिशत) खर्च गरेको छ। प्रगति विवरणअनुसार ५१ कार्यक्रममध्ये कृषि उत्पादन प्रवर्धन कार्यक्रम र प्रदेशस्तरीय टिओटी कार्यक्रममा रु.४७ लाख बजेट विनियोजन गरेकोमा शून्य प्रगति रहेको र २२ कार्यक्रममा ७० प्रतिशतभन्दा कम प्रगति भएको देखिन्छ। मन्त्रालयले वार्षिक कार्यक्रम अनुसारका कार्य सम्पन्न गर्नुपर्दछ।

१०. **कृषि अनुदान -** कृषि समूह, सहकारी तथा कृषि उद्यमीहरूका लागि अनुदान व्यवस्थापन कार्यविधि, २०८१ को दफा १७ मा मन्त्रालय, कृषि ज्ञान केन्द्र, स्थानीय तह र अन्य सरोकारवाला निकायले आवश्यकता अनुसार अनुदानको अनुगमन गरी पृष्ठपोषण गर्न सक्ने र तोकिएको ढाँचामा प्रतिवेदन तयार गरी पेस गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार विगत ३ वर्षको अनुदानको लागि विनियोजित बजेट र खर्चको तुलनात्मक अवस्था निम्नानुसार छ।

(रु.हजारमा)

क्र.सं.	कार्यालयहरू	२०७९।८०		२०८०।८१		२०८१।८२	
		विनियोजित	अनुदान खर्च	विनियोजित	अनुदान खर्च	विनियोजित	अनुदान खर्च
१	कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय	८८८८	७७५५	१३७००	५४४०	६०००	२३५४
२	कृषि विकास निर्देशनालय	७०००	५०११	६७७५०	१२६१७	१३३००	११०५९
३	पशुपन्छी विकास निर्देशनालय	१५१३९८	१२१९३१	२३०००	१६२६१	८३००	५९०३
४	कृषि ज्ञान केन्द्रहरू	५५९०६१	४०४४७९	६०७३२४	३८८१७०	४२९०२१	३२४८६५
५	भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरू	२३०१०५	१७५२२५	१८२४७०	९५१८५	१७८१९९	१२३५९९
६	अन्य	११३०८	७८८८	१२५००	७४४०	२७२६८	१४२४३
जम्मा		**९६७७६०**	**७२२२८९**	**९०६७४४**	**५२५११३**	**६६२०८८**	**४८२०२३**

उल्लिखित अनुदान मकै बीउ उत्पादन तथा मकै बाली, फलफूलबाली विकास आयोजना, खाद्यान्न बाली प्रवर्धन आयोजना, बीउ उत्पादन प्रवर्धन आयोजना, रैथानेबाली प्रवर्धन आयोजना, पोषण सुरक्षा कार्यक्रम, जलवायुमैत्री प्रविधि प्रवर्धन कार्यक्रम, तरकारी बाली प्रवर्धन आयोजना, मसला तथा निर्यातयोग्य बाली प्रवर्धन आयोजना, सुन्तलाजात फलफूल विकास आयोजना, चैतेधान प्रवर्धन आयोजना, समुदायस्तरमा प्रशोधनयोग्य/खायन आलु प्रवर्धन आयोजना, प्राङ्गारिक कृषि उत्पादन प्रवर्धन कार्यक्रम लगायतका कार्यक्रमहरूमा वितरण गरेको छ। मन्त्रालयले अनुदानको प्रभावकारिताको अनुगमन गरी एकै अनुदानग्राहीलाई हरेक वर्ष वा एक आर्थिक वर्षमा एकभन्दा बढी अनुदान गए नगएको सम्बन्धमा समेत यकिन गरेको छैन। अनुदान उपलब्ध गराउँदा कृषि व्यवसाय सञ्चालन, अनुदानबाट कृषकको जीवनस्तरमा भएको सुधार तथा उत्पादन अभिवृद्धि, रोजगारीमा पारेको प्रभाव, दोहोरो परे नपरेको सुनिश्चित गरी अनुदानग्राहीको विवरणसमेत सार्वजनिक गर्नुपर्दछ।

११. **चक्लाबन्दी कार्यक्रम** - चक्लाबन्दी प्रवर्धन कार्यविधि, २०७५ मा जग्गाको नापी नक्सा तयार गरी एकीकृत गर्ने, जग्गालाई सम्याउने, कृषि उत्पादन कार्यका लगि आवश्यक यन्त्र उपकरण, मल बिऊ खरिदका लागि अनुदान दिने व्यवस्था छ। प्रदेश अन्तर्गत गतवर्षसम्म ५ हजार ४२० रोपनी जग्गा एकीकृत गरेकोमा २ हजार ५२७ रोपनी जग्गा चक्लाबन्दी गरी १५ सहकारी संस्था तथा कृषक समूहका लागि पूर्वाधार निर्माण गर्न रु.३ करोड ६५ लाख २३ हजार खर्च भएको छ। मन्त्रालयले यो वर्ष नयाँ चक्लाबन्दी कार्यक्रममा रकम खर्च नगरेतापनि चक्लाबन्दी सम्पन्न भएका ४ हजार ९०२ रोपनी जग्गामा नापनक्सा गर्ने कार्य गर्नका लागि १ महिनाभित्र सो कार्यसम्पन्न गर्नेगरी २०८२।२।३० मा एक प्रा.लि. सँग रु.३८ लाख ७६ हजारमा सम्झौता गरेकोमा जम्मा २ हजार ७७० रोपनी मात्रको नापनक्सा सम्पन्न भई रु.२१ लाख ९० हजार भुक्तानी गरेको छ। मन्त्रालयले सम्झौता अनुरूपको बाँकी कार्य समयमानै सम्पन्न गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

१२. **सहकारी संस्था** - प्रदेश सरकारले सहकारी संस्था दर्ता तथा नियमन गर्न सहकारी ऐन, २०७५ तथा सहकारी नियमावली, २०७६ तयार गरी लागु गरेको छ। सहकारी नियमनका सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

१२.१. प्रदेशभित्र २ हजार ६७१ सहकारी सञ्चालित रहेकोमध्ये प्रदेश क्षेत्राधिकारभित्र रही सञ्चालित सहकारी संस्था ९०५ रहेको छ। सहकारी रजिष्ट्रारको कार्यालयमा सम्पर्कमा नआएको र निष्क्रिय भएका सहकारीको सङ्ख्या ३३२ रहेको र ५७३ सहकारीले मात्र वार्षिक रूपमा विवरण बुझाएको

देखिन्छ। प्रदेश मातहतका सहकारीको कुल शेयर पुँजी रु.१३ अर्ब ९३ करोड ५४ लाख १४ हजार, कुल निक्षेप रु.६० अर्ब ४७ करोड १० लाख ४२ हजार तथा कुल लगानी रु.६३ अर्ब ६२ करोड ७ लाख ६८ हजार, जगेडा कोष रु.४ अर्ब ७३ करोड ६४ लाख ६ हजार, अन्य कोष रु.२ अर्ब २ करोड ६६ लाख १५ हजार रहेको र कुल शेयर सदस्य सङ्ख्या ६ लाख ९४ हजार २१९ रहेको छ। निष्क्रिय सहकारीको शेयर सदस्यको पुँजी निक्षेप सुरक्षित गर्नुपर्दछ।

१२.२. प्रदेश सहकारी ऐन, २०७५ को दफा ४७ मा सहकारीमा राखेको बचतको व्याज र ऋणको व्याजदरको अन्तर ५ प्रतिशत भन्दा बढी हुन नहुने, सहकारी संस्थाले प्रदान गरेको ऋणमा लाग्ने व्याजलाई मूल ऋणमा पुँजीकृत गरी सो को आधारमा व्याज लगाउन नपाइने, सहकारीले अचल सम्पत्ति खरिद, पूर्वाधार निर्माण, कारोबारमा लगानी आदि जस्ता प्रयोजनमा रकम खर्च गर्न नपाइने र कुल ऋण लगानीको ३० प्रतिशत रकम कृषि उत्पादन तथा प्रशोधन वा उत्पादनशील क्षेत्रमा लगानी गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले ऐनको व्यवस्थाको पालना भए नभएको सम्बन्धमा नियमित अनुगमन गरी कार्यान्वयनको सुनिश्चितता गर्नुपर्दछ।

१२.३. प्रदेश सहकारी ऐन, २०७५ को दफा ७६ मा सहकारी निरीक्षण तथा अनुगमन, दफा ७७ मा संस्थाको व्यवसायिक कारोबार सन्तोषजनक नभएको, उद्देश्य विपरीत कार्य गरेको, सदस्यको हित विपरीत कार्य गरेमा सहकारी रजिष्ट्रारको कार्यालयले छानबिन गर्न सक्ने व्यवस्था छ। सहकारी रजिष्ट्रारको कार्यालय, पोखराले आफ्नो कार्यक्षेत्र अन्तर्गत दर्ता भएका कुल ९०५ सहकारी संस्थामध्ये ७५ सहकारी संस्थाको नाममा उजुरी परेकोमा ६६ फर्स्यौट भई ९ सहकारीका विरुद्ध कारबाही प्रक्रियामा रहेको जनाएको छ।

१३. **परामर्श सेवा -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायले सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा वा दातृपक्षसँगको सम्झौता बमोजिम वैदेशिक सहायता स्रोतबाट बेहोरिने गरी परामर्शदाताबाट सेवा प्राप्त गर्नुपर्ने भएमा परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ। मन्त्रालयले यो वर्ष खोरेत रोग उन्मुलनका लागि वस्तुस्थिति मूल्याङ्कन तथा भावी कार्ययोजना तर्जुमा र पिपिआर रोग उन्मुलनका लागि कार्ययोजना तयारीका लागि २ परामर्शदाता छनोट गरी रु.१५ लाख ८० हजार खर्च गरेको छ। सो सम्बन्धमा देखिएका बेहोरा देहाय अनुसार रहेका छन्:

१३.१. मन्त्रालय र मातहतका निकायहरूमा कृषि क्षेत्रसँग सम्बन्धित पर्याप्त विज्ञ कर्मचारीहरू कार्यरत रहेको अवस्थामा उपलब्ध जनशक्तिबाट उक्त कार्य हुन सक्नेमा परामर्शदाताबाट खरिद गरी उपरोक्तानुसारका कार्ययोजना तयारीमा भएको खर्च मितव्ययी देखिएन। सार्वजनिक खरिद गर्दा मितव्ययीतालाई ध्यान दिई खरिद गर्नुपर्दछ।

१३.२. परामर्शदाताबाट प्राप्त कार्ययोजना कार्यान्वयनका लागि सम्बन्धित नीतिमा आवश्यक परिमार्जन तथा कार्ययोजनामा औंल्याईएका प्रदेश अन्तर्गतका जिल्लाहरूमा खोरेत तथा पिपिआर रोग उन्मुलनका लागि सिफारिस गरिएका सुझावहरूलाई आगामी बजेटमा समावेश गरी कार्यान्वयन गर्नुपर्नेमा सो गरेको नपाईएकाले परामर्श खर्चको सार्थकता एवं प्रभावकारीता हासिल हुन सकेको पाइएन।

कृषि विकास निर्देशनालय

१४. **अनुदान वितरण -** निर्देशनालयले यो वर्ष निम्न बमोजिम ५ कार्यक्रम अन्तर्गत ३२ अनुदानग्राहीलाई रु.१ करोड १० लाख ६० हजार अनुदान वितरण गरेको छ।

(रु. हजारमा)

क्र.सं.	कार्यक्रमको नाम	स्वीकृत लक्ष्य	प्रति आयोजना अधिकतम अनुदान रकम	आवेदक सङ्ख्या	अनुदानग्राही सङ्ख्या	खर्च रकम
१.	कोल्ड रुम निर्माण कार्यक्रम	३	१० लाख	१०	१	९३५
२.	कृषि उपज प्रशोधन केन्द्र सञ्चालन सहयोग कार्यक्रम	१०	८ लाख	२७	१५	४९९९
३.	उन्नत बीउ उत्पादकका लागि पूर्वाधार तथा प्रशोधन विकास कार्यक्रम	१	३० लाख	४	२	४१४०
४.	स्रोत बीउ उत्पादकका लागि पूर्वाधार तथा प्रशोधन विकास कार्यक्रम	१	२० लाख	१	१	
५.	मागमा आधारित कार्यक्रम	१	१ लाख	१३	१३	९८६
			जम्मा	**५५**	**३२**	**११०६०**

यस सम्बन्धमा देखिएका बेहोराहरू निम्नानुसार छन्:

१४.१. निर्देशनालयले स्वीकृत वार्षिक कार्यक्रमअनुसार अनुदानग्राहीहरू छनोटका लागि २०८१।४।३१ मा ३० दिने सूचना प्रकाशन गरेकोमा २०८१।१०।२४ मा मात्र छनोट कार्य गरेकोमा ढिला निर्णय गर्दा वर्षान्तमा मात्र कार्यक्रम सम्पन्न भई भुक्तानी गरेको छ। जसले गर्दा छनोट गरिएका कतिपय आवेदकहरू सम्झौता गर्न नआएकोमा वैकल्पिक सूचीमा रहेका आवेदकहरूसँग सम्झौता गर्न सकिने सम्भावना न्यून भएको र वर्षान्तमा कार्य गर्दा कामको गुणस्तरमा समेत प्रभाव पर्न सक्ने देखिन्छ। समयमै आवेदक छनोट गरी सम्झौता गर्नेतर्फ ध्यान दिनुपर्दछ।

१४.२. निर्देशनालयबाट प्रकाशित सूचना अनुसार कोल्ड रुम निर्माण कार्यक्रमका लागि १० आवेदकहरू मध्येबाट ३ वटा फर्मलाई छनोट गरी २ फर्मलाई बैकल्पिक सूचीमा राखिएकोमा ३ फर्ममध्ये म्याग्दी र कास्कीको १/१ फर्म सम्झौता गर्न आएको पाइएन। उक्त फर्महरू सम्झौता गर्न नआएकोमा वैकल्पिक सूचीमा परेका फर्मलाई सोको जानकारी गराइ सम्झौता गर्न आउन पत्राचार गर्नुपर्नेमा सो गरेको छैन। जसले गर्दा स्वीकृत लक्ष्य बमोजिम कार्यक्रम सञ्चालन हुन सकेको पाइएन। अनुदान छनोटमा परेर पनि सम्झौता गर्न नआउनुको कारण विश्लेषण गरी अनुदान नीतिमा समायनुकुल सुधार गरी अनुदानको प्रभावकारिता बढाउने तर्फ ध्यान दिनुपर्दछ।

१४.३. कृषि उपज प्रशोधन केन्द्र सञ्चालन सहयोग कार्यक्रमतर्फ स्वीकृत वार्षिक लक्ष्य १० रहेकोमा १५ वटा अनुदानग्राही छनोट गरिएको, उन्नत बीउ उत्पादकका लागि पूर्वाधार तथा प्रशोधन विकास कार्यक्रमतर्फ स्वीकृत वार्षिक लक्ष्य १ रहेकोमा २ वटा अनुदानग्राही छनोट गरिएको पाइयो। स्वीकृत वार्षिक लक्ष्यभन्दा बढी सङ्ख्यामा अनुदानग्राही छनोट गरिदा स्वीकृत मापदण्डको पालना भएको पाइएन।

१४.४. स्रोत बीउ उत्पादकका लागि पूर्वाधार तथा प्रशोधन विकास कार्यक्रममा प्रति आयोजना अधिकतम अनुदान रकम रु.२० लाख र स्वीकृत लक्ष्य १ रहेकोमा प्रकाशित सूचना अनुसार देवचुली

नगरपालिका, नवलपरासी (बर्दघाट सुस्तापूर्व) को एक मात्र आवेदन परी रु.१८ लाख ९४ हजार अनुदान उपलब्ध गराएको छ। अनुदान वितरणको सूचना अधिकाधिक कृषकहरूसम्म पुग्ने गरी प्रभावकारी सूचना प्रवाहमार्फत कार्यक्रमलाई प्रतिस्पर्धी र प्रभावकारी बनाउनुपर्दछ।

१४.५. निर्देशनालयले यस वर्ष नाफा आर्जन गर्ने उद्देश्यले स्थापित विभिन्न ३ सहकारी संस्थाहरूलाई समेत रु.१० लाख ६५ हजार अनुदान उपलब्ध गराएको पाइयो। यसमा सुधार हुनुपर्दछ।

१५. **सफ्टवेयर निर्माण -** निर्देशनालयले यो वर्ष एक प्रा.लि. मार्फत तथ्याङ्क सङ्कलन तथा प्रतिवेदन सम्बन्धी सफ्टवेयर निर्माणमा रु.५ लाख ६५ हजार र एकीकृत व्यवस्थापन सफ्टवेयर निर्माणमा रु.९ लाख ५० हजार गरी रु.१५ लाख १५ हजार बजेट खर्च लेखेको छ। उक्त दुई वटा सफ्टवेयरहरू अलगअलग रूपमा खरिद नगरी सोसँग सम्बन्धित कार्यहरू एकै सफ्टवेयरमा समाविष्ट गरी निर्माण गर्दा मितव्ययी हुन सक्नेतर्फ विश्लेषण गरेको पाइएन। उक्त सफ्टवेयरहरू निर्देशनालयको पाम्समा जिन्सी दाखिला नहुनुका साथै लेखापरीक्षण अवधि २०८२ माघ मसान्तसम्म प्रयोगमा नआएको हुँदा सोको प्रयोग गरी जिन्सी दाखिलाको प्रमाण पेस हुनुपर्दछ।

सहकारी रजिष्ट्रारको कार्यालय

१६. **सहकारी संस्था अनुगमन -** गण्डकी प्रदेश सहकारी ऐन, २०७५ को दफा ७६ को उपदफा (१) मा दर्ता गर्ने अधिकारीले सहकारी संस्थाको जुनसुकै बखत निरीक्षण तथा हिसाब जाँच गर्न गराउन सक्ने व्यवस्था छ। साथै गण्डकी प्रदेश सहकारी नियमावली, २०७६ को नियम ३८(७) मा दर्ता अधिकारीले रु.५ करोड भन्दा बढी कारोबार भएका संस्थाहरूको नियमित अनुगमन र रु.२५ करोड भन्दा बढी कारोबार भएका संस्थाहरूको सघन अनुगमन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले यो वर्ष १०४ संस्थाको नियमित अनुगमनबापत रु.३ लाख ७० हजार र ९ सहकारी संस्थाको छानबिन तथा अनुगमन प्रयोजनका लागि एक परामर्शदाता छनोट गरी रु.१३ लाख ५० हजार खर्च लेखेको छ। कार्यालयको प्रगति विवरणअनुसार १० सहकारी संस्थाको अनुगमन तथा छानबिन गर्दा शेयर, बचत सहित रु.१ अर्ब ९३ करोड ५८ लाख ७० हजार हिनामिना भएको उक्त परामर्शदाताको प्रतिवेदनले जनाएको छ। परामर्शदाताबाट प्राप्त प्रतिवेदनको यथार्थता यकिन गरी कार्यान्वयन गर्नुपर्दछ।

१७. **दण्ड जरिबाना -** गण्डकी प्रदेश सहकारी नियमावली, २०७६ को नियम ३८ मा मन्त्रालय र दर्ता अधिकारीले प्रदेश अन्तर्गतका सहकारी संस्थाहरूको निरीक्षण तथा अनुगमन गर्नुपर्ने, त्यसरी अनुगमन गर्दा सहकारी ऐन, नियमावली, विनियम तथा प्रचलित कानुन बमोजिम सञ्चालन तथा व्यवस्थापन भए गरेको नपाइएमा प्रचलित कानुन बमोजिम त्यस्ता सहकारी सङ्घ, संस्था, सञ्चालक, व्यवस्थापन, जिम्मेवार सदस्य तथा कर्मचारीहरूलाई कारबाही गर्नुपर्ने र आर्थिक हिनामिना भएको देखिएमा हिनामिना भएको रकम निजहरूबाट असुलउपर तथा दण्ड जरिबाना गर्नुपर्ने व्यवस्था छ। कार्यालयले यस वर्ष विभिन्न २५ वटा सहकारी संस्थालाई कारबाही गरी रु.३४ लाख ५२ हजार राजस्व दाखिला गरेको छ। नियमावली बमोजिम अन्य सहकारी संस्थाहरूको समेत निरीक्षण तथा अनुगमन गर्नुपर्दछ।

भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रहरू

१८. **पशुपालन अनुदान** - गण्डकी प्रदेश सरकारको २०८१।६।२२ मा स्वीकृत बृहत्तर पशु विकास कार्यक्रम सञ्चालन मापदण्ड, २०८१ को दफा ४ बमोजिम कृषक समूह/समिति/ सहकारीहरूले अनुदान रकम प्राप्त गर्न कम्तिमा १०० गोटा गाई/याक/चौरी तथा १५० गोटा भेडा/बाख्रा पालन गरेको हुनुपर्ने व्यवस्था छ। भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र, मुस्ताङले सो बमोजिमको सङ्ख्यामा पशुपालन भएको यकिन नगरी ७ अनुदानग्राहीलाई रु.२९ लाख ६५ हजार अनुदान दिएको छ।

१९. **पशु सेवा घुम्ती कोष** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम १०७(ख) मा प्रदेश लेखा नियन्त्रक कार्यालयको काम, कर्तव्य र जिम्मेवारी अन्तर्गत प्रदेश सञ्चित कोष, आकस्मिक कोष र अन्य सरकारी कोषको हिसाब राख्ने र राख्न लगाउने जिम्मेवारी उल्लेख छ। भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र, कास्की अन्तर्गत कार्यसञ्चालन कोषको रूपमा रहेको घुम्ती कोषमा गत विगत वर्षको जिम्मेवारी सारिएको रु.६ लाख २० हजार मौज्दात रहेको पाइयो। सो कोषको प्रयोजन सम्बन्धमा यकिन गरी नियमानुसार कोषको व्यवस्थापन हुनुपर्दछ।

२०. **ऋण असुली** - पशु सेवा घुम्ती कोष व्यवस्थापन निर्देशिका, २०७३ को दफा ५(ङ) मा म्याद गुजारी ऋण चुक्ता गर्ने व्यक्तिलाई भाखा नाघेको समयको प्रचलित बैङ्क ऋणमा लाग्ने औसत ब्याज लिइने र पुनः ऋण नदिइने उल्लेख छ। सोही निर्देशिकाको दफा ६(क) मा नयाँ व्यासाय सुरु गर्नका लागि दिइएको ऋण ३ वर्षभित्र ६।६ महिनाको अन्तरमा बराबरी ६ किस्तामा साँवा भुक्तानी गर्नुपर्ने, व्यवसाय सुदृढीकरण वा विस्तारको लागि लिएको ऋण २ वर्षभित्र प्रत्येक ४।४ महिनामा बराबरी बुझाउन चाहेमा ६ किस्तामा बुझाउनुपर्ने र नियमित रूपमा किस्ता बुझाएमा व्याज नलाग्ने तर भाखा नाघेकोमा प्रचलित नियम बमोजिम व्याज लाग्ने व्यवस्था छ। भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र, कास्कीले कोषबाट विभिन्न मितिमा ५५ जना ग्रामीण पशु सेवा कार्यकर्ताहरूलाई ऋण प्रवाह भएकोमा २८ जनाले ऋण फिर्ता गरे तापनि २७ जनाले रु.९ लाख ८५ हजार फिर्ता गर्न बाँकी रहेको छ। ऋण रकम फिर्ता गर्न बाँकी रहेका ऋणीहरूले कोषबाट ऋण लिएको कम्तिमा ८ वर्षदेखि बढीमा २४ वर्ष भईसकेको देखिँदा नियमानुसार साँवा व्याज समेत असुल हुनुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा बजेट कार्यान्वयन, चक्लाबन्दी कार्यक्रम सञ्चालन गर्दा जग्गाधनीको अनुमति, प्रतिबद्धता तथा मापदण्ड एवं प्राविधिक पक्षहरू पूरा नगरेको, सहकारी संस्थाले परिचालन गरेको ऋण रकमको उपयोगको अनुगमन नगरेको, अनुदानमा एकद्धार नीति अवलम्बन नगरेको लगायतका बेहोरा औँल्याइएकोमा यस सम्बन्धमा सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** - मन्त्रालय तथा मातहत समेत यो वर्ष रु.१ करोड ५७ लाख ७४ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.३७ लाख ९९ हजार फर्स्यौट भई रु.१ करोड १९ लाख ७५ हजार बेरुजु बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ।

भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयले देहायका विषयहरूको योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन, नियमन र प्रतिवेदनसम्बन्धी कार्यहरू गर्दछ।

- प्रदेश लोकमार्ग, सडक तथा पुल, झोलुङ्गे पुल र यातायातसम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा र निर्माण, स्तरोन्नति, मर्मतसम्भार, तथ्याङ्क व्यवस्थापन, सडक प्रविधिसम्बन्धी अध्ययन अनुसन्धान, कार्यान्वयन,
- रज्जुमार्ग, जलमार्ग लगायतका वैकल्पिक यातायात प्रविधिको प्रवर्धन, सम्भाव्यता अध्ययन, आयोजना कार्यान्वयन, सञ्चालन र व्यवस्थापन कार्यान्वयन नभएको,
- प्रदेशभित्र सवारी साधन तथा चालक अनुमति पत्र दर्ता, नवीकरण, रुट अनुमति, मापदण्ड, गुणस्तर, भाडा दर निर्धारण,
- प्रदेश तहमा वातावरणमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्धन, यातायात सुरक्षा र प्रदूषण नियन्त्रणसम्बन्धी नीति, कानुन, मापदण्ड, योजना निर्माण र कार्यान्वयन,
- प्रदेशभित्रको सहरी विकास, भवन निर्माण तथा प्रादेशिक सहरको विकास, योजना तर्जुमा, पूर्वाधार निर्माण, सञ्चालन, मर्मतसम्भार र आवास तथा भवनसम्बन्धी योजनाको कार्यान्वयन र मार्ग निर्देशन,
- सुरक्षित बसोबास र जग्गा एकीकरणसम्बन्धी नीति तर्जुमा र कार्यान्वयन,
- प्रदेशस्तरका सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन र निर्माणसम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमनसम्बन्धी मापदण्ड निर्माण।

१. **लेखापरीक्षण अङ्क -** यो वर्ष मन्त्रालय तथा मातहतका समेत १८ निकायको निम्नानुसार रु.११ अर्ब ८७ करोड १० लाख ४ हजारको कारोबारको लेखापरीक्षण सम्पन्न भएको छ।

(रु. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य	जम्मा
९६५७५२३	९८२४०५	१२१८७५९	१२३१७	११८७१००४

२. **लेखापरीक्षण** – प्रदेशको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७८ को दफा ३३(१) मा प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। निम्नानुसार २ कार्यालयको २०८१।८२ को स्रेस्ता एवं सोसँग सम्बन्धित कागजात २०८२ भाद्र २३ र २४ मा भएको आन्दोलको कारण क्षति भएको जनाई पत्र प्राप्त भएको तर स्रेस्ता पेस नभएकोले विनियोजनतर्फ रु.६ करोड ७१ लाख ९७ हजार, राजस्वतर्फ रु.१ अर्ब ६८ करोड ९३ लाख ३८ हजार र धरौटी तर्फ रु.५२ लाख १८ हजार गरी जम्मा रु.१ अर्ब ७६ करोड १७ लाख ५३ हजार र अन्य संस्थातर्फ पोखरा उपत्यका नगर विकास समितिको रु.१९ करोड ५८ लाख ५ हजारको लेखापरीक्षण गरिएको छैन।

(रु. हजारमा)

क्र.सं.	कार्यालयको नाम	विनियोजन	राजस्व	धरौटी
१.	यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमती पत्र, कास्की	४१९९१	२१८२५२	४९१०
२.	यातायात व्यवस्था कार्यालय, सवारी, कास्की	२५२०६	१४७१०८६	३०८
	जम्मा	**६७१९७**	**१६८९३३८**	**५२१८**
३.	पोखरा उपत्यका नगर विकास समिति, कास्की	१९५८०५		

३. **बजेट तथा खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त आर्थिक वर्गीकरण अनुसार मन्त्रालयको यस आर्थिक वर्षको खर्चको विवरण देहाय बमोजिम रहेको छ।

(रु. हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक/सुविधा	२३५७८७	२३५५९१	१५१८४०	६४.४५
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	३२५९	३२५९	६४०	१९.६४
२२१०० सेवा महसुल	१२२०९	१२६५९	९३१३	७३.५७
२२२०० इन्धन/मर्मत सम्भार	३९७२०	३९७२०	३३२४५	८३.७०
२२३०० कार्यालय सामग्री	२६९३८	२७७३८	२३६५९	८५.२९
२२४०० सेवा परामर्श सम्बन्धी खर्च	५१३६६	५३०४२	३४७००	६५.४२
२२५०० कार्यक्रम सम्बन्धी खर्च	२५१२८	३२७५१	२४८०७	७५.७४
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	१६५७१	१६५७१	१४६०९	८८.१६
२२७०० विविध खर्च	८२७१	८२७१	६९२३	८३.७०
२८१०० सम्पत्ति सम्बन्धी खर्च	१३००१	१२७०१	९७१५	७६.४९
२८२०० राजस्व फिर्ता	०	७५	७५	१००.००
२८९०० भैपरी आउने खर्च	८५९३	४६१७	०	०.००
जम्मा	**४४०८४३**	**४४६९९५**	**३०९५२६**	**६९.२५%**
पुँजीगत खर्च				
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	१२२५८५२८	१२२६१५७९	९४१५१९४	७६.७९
३१४०० जग्गा प्राप्ति	२२९५	२२९५	०	०.००
जम्मा	**१२२६०८२३**	**१२२६३८७४**	**९४१५१९४**	**७६.७७**
कुल जम्मा	**१२७०१६६६**	**१२७१०८६९**	**९७२४७२०**	**७६.५१%**

उल्लिखित विवरणअनुसार चालुतर्फ ६९.२५ प्रतिशत, पुँजीगततर्फ ७६.७७ र समग्रमा ७६.५१ प्रतिशत खर्च भएको छ।

४. **एकीकृत वित्तीय विवरण -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २५ र प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ६५ बमोजिम वित्तीय विवरण तयार गरी भाद्र मसान्तभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। मन्त्रालयले पेस गरेको एकीकृत वित्तीय विवरणअनुसार यो वर्ष रु.१० अर्ब ४१ करोड ६९ लाख ३९ हजार प्राप्ति भई शतप्रतिशत खर्च भएको छ। धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातमा गत आर्थिक वर्षको नगद तथा बैङ्क मौज्दात रु.७६ करोड ५४ लाख २९

हजारमा रु.१८ करोड ५५ लाख ९० हजार थप भई यो वर्षसम्मको नगद तथा बैङ्क मौज्दात रु.९५ करोड १० लाख १९ हजार रहेको छ। मन्त्रालय मातहत पुँजीगततर्फ ६ निकायको रु.८ करोड ३९ लाख २३ हजार र चालुतर्फ १ कार्यालयको रु.१ लाख ८० हजार गरी जम्मा रु.८ करोड ४१ लाख ३ हजार भुक्तानी दिन बाँकी दायित्व रहेको छ। वित्तीय विवरणमा गरेको खुलासा अनुसार रु.३३ करोड ४७ लाख ९३ हजारको जिन्सी तथा भौतिक सम्पत्ति देखिएकोमा प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २८ को उपदफा १ बमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालयले पेस गरेको एकीकृत वित्तीय विवरणअनुसार यस मन्त्रालयको जिन्सी तथा भौतिक सम्पत्ति रु.३१ करोड ६४ लाख १५ हजार उल्लेख भएकोले रु.१ करोड ८३ लाख ४७ हजार फरक परेको छ। मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयको लेखाङ्कनमा फरक परेको विषय पहिचान तथा समायोजन गरी एकरूपता कायम हुनुपर्दछ।

५. **आवधिक योजना -** मन्त्रालयको कार्य जिम्मेवारी अन्तर्गत गण्डकी प्रदेश सरकारको दोस्रो आवधिक योजना (२०८१।८२ देखि २०८५।८६) मा उल्लेखित प्रमुख सूचकहरूको लक्ष्य र २०८१।८२ सम्मको प्रगति स्थिति देहायबमोजिम रहेको छः

क्र.सं.	सूचक	एकाइ	आधार वर्ष ०७९।८० को अवस्था	०८३।८४ सम्मको लक्ष्य	०८५।८६ सम्मको लक्ष्य	०८१।८२ सम्मको प्रगति	मध्यावधि लक्ष्य (०८३।८४) को तुलनामा ०८१।८२ सम्मको प्रगति प्रतिशत
१	सडक कालोपत्रे र ढलान	कि.मि.	१०९९	१५००	२०००	१३४४.८८	९०
२	सडक ग्राभेल	कि.मि.	१३१९	२४००	३०००	१३८५.७३	५८
३	सडक पुल	सङ्ख्या	१३१	४३३	४७३	१४२	३३
४	झोलुङ्गे पुल	सङ्ख्या	२०७०	२४७०	२७७०	२०७५	८४

*(**स्रोतः** भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय)*

आधार वर्ष २०७९।८० र लक्ष्यका सूचकहरू बमोजिम तुलना गर्दा २०८१।८२ सम्म सडक कालोपत्रे तथा ढलानमा ९० प्रतिशत, ग्राभेलमा ५८ प्रतिशत र पुलमा ३३ प्रतिशत प्रगति देखिएकोमा २०८५।८६ को लागि तोकिएको लक्ष्य हासिल हुने गरी कार्यसम्पादन हुनुपर्दछ।

६. **मध्यमकालीन खर्च संरचना -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ५(२) मा प्रत्येक मन्त्रालयले आवधिक योजना र क्षेत्रगत नीति तथा योजनाको आधारमा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मन्त्रालयगत मध्यमकालीन खर्च संरचना तयार गरी नीति तथा योजना आयोग र आर्थिक मामिला मन्त्रालयमा पठाउनुपर्ने व्यवस्था छ। सोही मुताविक प्रदेश नीति तथा योजना आयोगले त्रिवर्षीय मध्यमकालीन खर्च संरचना (२०७९।८०-२०८१।८२) जारी गरेकोमा यस मन्त्रालयले खर्च संरचना प्रक्षेपण सहितको खाका पेस गरेको देखिँदैन। मध्यमकालीन खर्च संरचना अनुसार यस वर्ष मन्त्रालय र मातहतको चालुतर्फ रु.४२ करोड ११ लाख ४३ हजार र पुँजीगततर्फ रु.१० अर्ब ५५ करोड ९८ लाख ९० हजार गरी कुल रु.१० अर्ब ९८ करोड १० लाख ३३ हजार बजेट प्रक्षेपण गरेकोमा चालुतर्फ रु.४४ करोड ६९ लाख ९५ हजार र पुँजीगततर्फ रु.१२ अर्ब २६ करोड ३८ लाख ७४ हजार गरी जम्मा रु.१२ अर्ब ७१ करोड ८ लाख ६९ हजार बजेट विनियोजन भई चालुतर्फ रु.३० करोड ९५ लाख २६ हजार र पुँजीगततर्फ रु.९ अर्ब ४१ करोड ५१ लाख ९४ हजार गरी कुल रु.९ अर्ब ७२ करोड ४७ लाख

२० हजार खर्च भएको छ। मध्यमकालीन खर्च संरचनाको बजेट प्रक्षेपणको तुलनामा मन्त्रालयको लागि चालु र पुँजीगततर्फ क्रमशः १०६ र ११६ प्रतिशत बजेट विनियोजन भएको छ भने मध्यमकालीन खर्च संरचनाको तुलनामा क्रमशः ७३.५२ र ८९.१६ प्रतिशत खर्च भएको छ। यसै गरी चालु वर्षको विनियोजनको तुलनामा क्रमशः ६९.२५ र ७६.७७ प्रतिशत खर्च भएको छ। बजेट विनियोजन गर्दा मध्यमकालीन खर्च संरचनाले प्रक्षेपण गरे भन्दा चालु तथा पुँजीगततर्फ क्रमशः ६ र १६ प्रतिशत बढी विनियोजन गरेतापनि खर्च संरचनाको प्रक्षेपण भन्दा क्रमशः २६.४८ र १०.८४ प्रतिशत घटी खर्च भएको अवस्थामा बजेटको आकार बढाउनुअघि कार्य दक्षतामामा समेत वृद्धि गर्नुपर्ने देखिन्छ।

(रु. हजारमा)

खर्च प्रक्षेपण			२०८१।८२ को विनियोजन			२०८१।८२ को खर्च		
चालु	पुँजीगत	जम्मा	चालु	पुँजीगत	जम्मा	चालु	पुँजीगत	जम्मा
४२११४३	१०५५९८९०	१०९८१०३३	४४६९९५	१२२६३८७४	१२७१०८६९	३०९५२६	९४१५१९४	९७२४७२०

(स्रोतः भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय)

७. **बजेट कार्यान्वयन -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३३(१) मा सोही नियमावलीको नियम ३२ बमोजिमको त्रैमासिक प्रगति विवरण प्राप्त भएपछि केन्द्रीय निकायले त्यसको भौतिक र वित्तीय पक्षको कार्यालयगत र केन्द्रीय निकायगत समीक्षा गर्नुपर्ने, उपनियम १ बमोजिम समीक्षा गर्दा प्रगति कम देखिएमा सोको कारण पहिचान गरी सुधारको लागि चाल्नुपर्ने कदमसमेत उल्लेख गर्नुपर्ने व्यवस्था छ। मन्त्रालय तथा मातहतका ११ कार्यालयले देउरालीचोक सुल्डाँडा हुँदै खहरे सडकको पैह्रो नियन्त्रण, बागलुङ नगरपालिका, अर्चले नयाँबस्ती सडक स्तरोन्नति, फलेवास, पर्वत, मनाङ गुम्बा भवन निर्माण तथा मर्मत, निस्याङ्ग, मनाङ, बुढा पोखरी सडक पुल निर्माण, बेनी, म्याग्दी लगायतका ८८ योजनामा विनियोजन भएको रु.३३ करोड ९७ लाख ८९ हजार खर्च गरेको छैन। कार्यान्वयन नभएको सम्बन्धमा मन्त्रालयले समीक्षा गरेको छैन। बजेट तथा कार्यक्रममा उल्लेखित क्रियाकलाप कार्यान्वयन हुनुपर्दछ।

८. **आयोजना छनोट तथा प्राथमिकीकरण -** आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० को दफा ६ मा प्रदेशबाट एक करोड रुपैयाँ भन्दा कम लागतका पूर्वाधार आयोजना कार्यान्वयन नगर्ने उल्लेख छ। मन्त्रालय र मातहतका निकायबाट कार्यान्वयन हुनेगरी यो वर्ष १ हजार ५२८ आयोजनामा रु.१२ अर्ब १४ करोड ६० लाख ३७ हजार विनियोजन गरेकोमध्ये रु.१ करोडसम्मका १ हजार ९५ (७१.६६) प्रतिशत आयोजनामा विनियोजन भएपनि सोभन्दा कम बजेटको रु.२ अर्ब ७२ करोड ९४ लाख ८६ हजारका योजना मापदण्ड अनुरूप विनियोजन भएको छैन। प्रदेश सरकारले आफ्नो कार्यक्षेत्रभित्र पर्ने आयोजनाहरूको तर्जुमा तथा कार्यान्वयन गर्दा उल्लेखित मापदण्डको पालना गर्नुपर्दछ।

९. **आयोजना बैङ्क -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम २४(५) मा आयोजना बैङ्कमा समावेश भएको आयोजनालाई प्राथमिकताको आधारमा बजेट विनियोजन गरिने उल्लेख छ। मन्त्रालय मातहतका कार्यालयबाट सञ्चालन हुने बहुवर्षीय आयोजनाहरू आयोजना बैङ्कमा समावेश भए तापनि मन्त्रालय मातहतका १२ निकायबाट रु.२ अर्ब ७२ करोड ९४ लाख ८६ हजार बजेट विनियोजन भई रु.२ अर्ब २६ करोड ७३ लाख ५८ हजार खर्च भएको १ हजार

९५ सालबसाली आयोजना र एकमुष्ट रु.१५ करोड २० लाख ५१ हजार विनियोजन भएको मध्येबाट मन्त्रीस्तरको निर्णयले ११८ आयोजनामा रु.१३ करोड १६ लाख ९७ हजार बजेट बाँडफाँट गरी रु.११ करोड ४४ लाख ८७ हजार खर्च भएकोमा ती आयोजनाहरू आयोजना बैङ्कमा समावेश रहेका छैनन्।

१०. **एकमुष्ट बजेट विनियोजन -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ९ मा सम्भाव्यता अध्ययन भई स्वीकृत भइसकेका, आगामी वर्ष खर्च हुन सक्ने, बढी प्रतिफल वा उपलब्धि प्राप्त हुने, तुलनात्मक लाभ बढी भएका र सामाजिक लाभ उच्च भएका आयोजना तथा कार्यक्रम प्रस्ताव गर्नुपर्ने उल्लेख छ। सो विपरीत रु.१५ करोड २० लाख ५१ हजार बजेट विनियोजन गरी मन्त्रालय मातहतका १२ निकायबाट कार्यान्वयन हुनेगरी मन्त्रीस्तरीय निर्णयबाट स-साना ११८ आयोजनामा रु.१३ करोड १६ लाख ९७ हजार बाँडफाँट गरी रु.११ करोड ४४ लाख ८७ हजार (८६.९३ प्रतिशत) खर्च गरेको पाइयो। बजेट अभावका कारण बहुवर्षीय आयोजनाहरू कार्यान्वयनमा समस्या रहेको, आ.व. २०८०।८१ मा कार्यसम्पन्न भई बिल पेस भएका आयोजनामा समेत २०८१।८२ मा बजेट विनियोजन नभएको कारण २०८२।८३ का दायित्व सार्नुपरेको देखिएकोमा पूर्व तयारी बेगरका साना टुक्रे आयोजनामा एकमुष्ट बजेट विनियोजन गरी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

११. **रकमान्तर -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा १९ मा कुनै एक उपशीर्षकमा रकम अपुग भएमा अर्को बजेट उपशीर्षकबाट आर्थिक मामिला मन्त्रालयले रकमान्तर गर्न सक्ने व्यवस्था छ। मन्त्रालयको सुरु बजेट विनियोजन रु.१२ अर्ब ७० करोड १६ लाख ६६ हजार भएकोमा रकमान्तरबाट रु.२ अर्ब २४ करोड ९५ लाख ६३ हजार थप तथा रु.२ अर्ब २४ करोड ३ लाख ६० हजार घटाई अन्तिम बजेट रु.१२ अर्ब ७१ करोड ८ लाख ६९ हजार कायम भएको छ। रकमान्तरमध्ये चौथो त्रैमासिकमा रु.१ अर्ब ४८ करोड ६५ लाख ८७ हजार र सोमध्ये आषाढमा मात्रै रु.८० करोड ५३ लाख ३७ हजार रकमान्तर गरिएको छ। कार्यान्वयनयोग्य आयोजना तथा कार्यक्रममा यथार्थपरक विनियोजन गरी कानुनले तोकेको सीमाभित्र रही रकमान्तर गर्नुपर्दछ।

१२. **भुक्तानी दिन बाँकी दायित्व -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६(१४) मा कार्यालयले स्वीकृत दरबन्दीको तलब, महङ्गी भत्ता र स्थानीय भत्ता, सरुवा भ्रमण खर्च, घर भाडा, पोसाक, खाद्यान्न, औषधी उपचार, बिरामी र बन्दीको सिधा, सेवा निवृत्त सुविधा तथा स्वीकृत कार्यक्रममा रहेको कुनै व्यक्ति वा फर्मसँग भएको सम्झौता अनुसारको रकम भुक्तानी दिन नसकिएमा अर्को वर्ष भुक्तानी दिन बाँकीको विवरण स्वीकृत गरी दायित्व सार्न सकिने व्यवस्था छ। यातायात व्यवस्था कार्यालय, बागलुङमा पारिश्रमिक तथा सेवा सुविधा शीर्षकमा बजेट अभाव भई रु.१ लाख ८० हजार पूर्वाधार विकास कार्यालय, कास्कीसमेत ६ निकायमा रु.८ करोड ३९ लाख २३ हजार, पुँजीगत शीर्षकमा भुक्तानी बाँकी रहेको छ। मन्त्रालयले बजेट विनियोजन गर्दा अवण्डा राखी मन्त्रीस्तरीय निर्णयबाट बाँडफाँट गरी खर्च गरेको तर बहुवर्षीय र सम्पन्न आयोजनाको दायित्व भुक्तानी दिन पुग्ने गरी बजेट व्यवस्था नभएकोले आवश्यकता र प्राथमिकताका आधारमा बजेट व्यवस्था तथा कार्यान्वयन हुनुपर्दछ।

१३. **हस्तान्तरित आयोजना -** यस मन्त्रालय अन्तर्गतका कार्यालयबाट कार्यान्वयन भएकामध्ये लामो समयदेखि कार्यप्रगति सुस्त भई चालु रहेका रु.१ अर्ब ३ करोड ५६ लाख ५२ हजारको ठेक्का सम्झौता भएको तपसिल बमोजिम २०७५।७६ का ४, आ.व. २०७६।७७ का १, आ.व. २०७७।७८ का ३, आ.व. २०८१।८२ का १ र आ.व. नखुलेका २ समेत ११ आयोजनामा यो वर्षसम्म रु.५६ करोड १ लाख ९१ हजार खर्च भएको पाइयो।

(रु. हजारमा)

क्र.सं.	आयोजनाको नाम	सम्बन्धित पूर्वाधार विकास कार्यालय	हस्तान्तरण वर्ष	सम्झौता रकम	यो वर्ष सम्मको खर्च	सम्झौताको तुलनामा खर्च प्रतिशत
१	काली गण्डकी नदी पुल (लेते कुँजो छ्योमा)	मुस्ताङ्ग	०७६।७७	१४१९६९	३९७७९	२८.०२
२	मर्स्याङ्गदी खोला मोटोरेबल पुल	मनाङ	०७७।७८	४५७३८	३०७६४	६७.२६
३	दुधखोला सडक पुल (थोंचे तिल्चे सडक)	मनाङ	०७७।७८	४०१६२	३८९०५	९६.८७
४	चामे टंकी मनाङ सडक (चामे पुल देखि स्वर्गद्वारी पुल खण्ड)	मनाङ	०७७।७८	१०७९१४	१०३४४७	९५.८६
५	मिर्मी बिर्घा रानीघाट	स्याङ्जा	०७५।७६	१९६६४९	११८२३३	६०.१२
६	बुल्दी खोला सडक पुल	तनहुँ	-	५१२३३	२०३७३	३९.७७
७	कास्की पुम्दीभुम्दी-स्याङ्जा फेदीखोला सडक	कास्की	०७५।७६	६२२१३	५५२१३	८८.७५
८	फुर्से खोला रायोदी मट्टीखान सडक	कास्की	०७५।७६	३१८९२८	१२८२५५	४०.२१
९	बेगनास ताल - आनन्द ज्योति मा.वि. - माझथाना सडक	कास्की	०७५।७६	७०८४६	२५२२२	३५.६०
	जम्मा	-	-	**१०३५६५२**	**५६०१९१**	**५४.०९**

उल्लिखित विवरणअनुसारका आयोजनाहरूको वित्तीय प्रगति २८ देखि ९६ प्रतिशत देखिए तापनि पूर्वाधार विकास कार्यालय, लमजुङबाट कार्यान्वयन हुने गरी २०८१।८२ मा हस्तान्तरण भएको स्यागे सडकपुल कार्यान्वयन भएको पाइएन। बजेट विनियोजन भएको समयमा निर्माण व्यवसायीले कार्य नगर्ने, निर्माण व्यवसायी कार्य गर्न परिचालित हुँदा बजेट विनियोजन नहुने जस्ता कारणले २०७५।७६ देखि सङ्घीय सरकारबाट हस्तान्तरित आयोजनाहरू अधुरो अवस्थामा रहेको र खरिद नियमावलीमा भएको संशोधनको आधारमा पटकपटक म्याद थप हुने गरेको कारण आयोजनाहरू अधुरो रहेको छ। समयमा आयोजना सम्पन्न नहुँदा नागरिक र राज्यले प्रतिफल नपाउने साथै समय र खर्च वृद्धि हुने देखिएकाले सम्झौताबमोजिम कार्यसम्पन्न गर्नुपर्दछ।

१४. **रुग्ण आयोजना -** निर्माण व्यवसायीसँग भएको सम्झौताको सर्तबमोजिम निर्माण कार्य समयमै सम्पन्न हुनुपर्दछ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार पर्याप्त पूर्व तयारी बेगर आयोजना छनोट हुनु, सङ्घबाट प्रदेशमा हस्तान्तरण पश्चात् कार्यान्वयन जटिलता देखिनु, प्रदेशबाट सञ्चालित योजना समेत रुग्ण देखिनु ठेक्का सम्झौताको सर्तभन्दा खरिद नियमावलीमा भएको परिवर्तनलाई आधार लिई पटकपटक म्याद थप हुनु र थपिएको म्यादमा समेत निर्माण व्यवसायीले कार्यसम्पन्न गर्न पर्याप्त समय, स्रोत र साधन परिचालन नगर्नु, आयोजना कार्यान्वयन गर्ने निकायको सम्झौता कार्यान्वयन गराउने सक्षमता र मन्त्रालयको अनुगमन पक्ष कमजोर रहेको लगायतको कारण आयोजना रुग्ण हुन पुगेको छ। मन्त्रालय अन्तर्गत ८ कार्यालयबाट सञ्चालित, प्रदेशबाट विनियोजित तथा सङ्घबाट हस्तान्तरितसमेत

रु.१ अर्ब ३१ करोड ९३ लाख ४० हजार सम्झौता मूल्यका २०८१।८२ सम्म रु.५८ करोड ३ लाख ७ हजार भुक्तानी भएका २० आयोजनाहरू रुग्ण देखिएकोले सम्झौताका सर्तबमोजिम आवश्यक कारबाही गरी ठेक्का फरफारक गर्नुपर्दछ।

१५. **पुँजीगत खर्च -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ७ मा प्राप्त बजेटको सीमा र मार्गदर्शन भित्र रही आफू र मातहत कार्यालयको लागि नीति र कार्यक्रमसहित बजेट प्रस्ताव गर्नुपर्ने उल्लेख छ। मन्त्रालयको पुँजीगत खर्च निम्नानुसार छ।

(रु. हजारमा)

आर्थिक वर्ष	बजेट	खर्च	खर्च प्रतिशत
२०७८।७९	९२५१७३८	६८८८३७७	७४
२०७९।८०	१३६०५९८२	७८१६४८३	५७
२०८०।८१	१२१८२३०५	८७३९५२९	७२
२०८१।८२	१२२६३८७४	९४१५१९४	७७

उल्लिखित विवरणअनुसार २०७८।७९ मा ७४ प्रतिशत, २०७९।८० मा ५७ प्रतिशत, २०८०।८१ मा ७२ प्रतिशत र २०८१।८२ मा ७७ प्रतिशत खर्च गरेको देखिन्छ। स्वीकृत बजेट अनुसारको कार्यक्रम सञ्चालन गरी कार्य दक्षता वृद्धि गर्नुपर्दछ।

१६. **कन्टिन्जेन्सी खर्च -** प्रदेश खर्चको मापदण्ड, २०७९ को बुँदा नं. १४ मा कन्टिन्जेन्सी रकम निर्धारण गर्दा पाँच करोड रुपैयाँसम्म लागत अनुमान भएको आयोजनामा ४ प्रतिशतसम्म र पाँच करोड रुपैयाँभन्दा बढी लागत अनुमान भएको आयोजनामा ३ प्रतिशतसम्म रकम छुट्याउन सकिने व्यवस्था छ। मन्त्रालय र मातहतका १३ कार्यालयले यो वर्ष रु.१४ करोड ४५ लाख ६ हजार कन्टिन्जेन्सी खर्च गरेका छन्। कन्टिन्जेन्सी खर्चमध्ये चालुतर्फ रु.११ करोड ६४ लाख ८३ हजार र पुँजीगततर्फ रु.२ करोड ८० लाख २३ हजार भएको छ। कन्टिन्जेन्सी खर्च गर्दा आयोजनागत रूपमा अभिलेख नराखेको र नापी किताबमा समेत समावेश नगरेको बेहोरा गत विगत वर्षदेखि लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएकोमा यसमा सुधार भएको छैन।

पूर्वाधार विकास निर्देशनालय

१७. **डिजाइन स्वीकृति -** डिजाइन एण्ड बिल्ड विधिबाट निर्माण गरिने पुलको लागि तयार भएको बोलपत्रसम्बन्धी कागजातमा सम्झौता मितिले ६ महिनाभित्र डिजाइन पेस हुनुपर्ने र डिजाइन पेस भएको ३ महिनाभित्र स्वीकृत गराउनुपर्ने व्यवस्था छ। मन्त्रालय मातहत साविक पूर्वाधार विकास निर्देशनालयले स्वीस सरकारको प्राविधिक सहयोग अन्तर्गत स्थानीय सडक पुल (MLRBP) कार्यक्रम अन्तर्गतको पोखरा कार्यालयले डिजाइन एण्ड बिल्ड विधिबाट निर्माण गरिने पुलको डिजाइन पुनरावलोकन गरी स्वीकृतिको लागि सिफारिस गर्ने गरेकोमा हाल प्राविधिक सहयोग गर्न सो कार्यालय नरहेको र गण्डकी प्रदेश सरकारको २०८२।०४।२६ को निर्णय अनुसार पूर्वाधार विकास निर्देशनालय खारेज भई निर्देशनालयको कार्य जिम्मेवारी सहरी विकास तथा भवन कार्यालयमा रहने गरी व्यवस्था भएको छ। नयाँ जिम्मेवारी तोकिएको कार्यालयमा पुलहरूको अवस्था र डिजाइन पुनरावलोकन गर्ने संस्थागत तथा प्राविधिक जनशक्तिको अभाव देखिन्छ। निर्देशनालयबाट पर्वतको

कुश्मा र बागलुङ जोड्ने ३ वटा पाइल फाउण्डेसनसहित २ स्पानको १०० मिटर लम्बाइ भएको पुल निर्माण गर्न एक निर्माण व्यवसायीसँग रु.१६ करोड ९५ लाख २६ हजारमा सम्झौता भएकोमा पुलको डिजाइन निर्माण व्यवसायीबाट २०८२।९।१६ मा पेस भएकोमा लेखापरीक्षण अवधिसम्म विषयगत जनशक्ति अभावको कारण डिजाइन पुनरावलोकन तथा स्वीकृति सम्बन्धी कार्य भएको छैन। सम्झौताको समयावधिमै पेस भएको डिजाइन पुनरावलोकन गरी स्वीकृतिको लागि सिफारिस गर्न आवश्यक व्यवस्था हुनुपर्दछ।

१८. **निर्माण कार्य फरफारक** - निर्देशनालय र एक सयुंक्त उपक्रमबीच पर्वतको फलेवास देवीस्थान र अर्जेवा सडकखण्डको कालीगण्डकी नदीको सुम्साघाटमा डिजाइन एण्ड बिल्ड विधिबाट मोटरेबल पुल निर्माण सम्झौता मितिले ३० महिनाभित्र रु.१४ करोड १८ लाख १ हजारमा सम्पन्न गर्नेगरी २०७७।७।३ मा सम्झौता भएकोमा विभिन्न कारण देखाई पहिलोपटक २०८०।१।२ र दोस्रो पटक २०८२।१२।३० सम्म म्याद थप भए तापनि उक्त आयोजना हालसम्म रुग्ण अवस्थामा रहेको छ। यससम्बन्धमा देखिएका बेहोराहरू निम्नानुसार छन्:

१८.१. आ.व. २०८०।८१ सम्म विस्तृत परियोजना प्रतिवेदनको रु.३८ लाख र फाउण्डेशन स्ट्रक्सचरको रु.१ करोड ४ लाख ७४ हजार गरी जम्मा रु.१ करोड ४२ लाख ७४ हजार खर्च भई १०.०६ प्रतिशत वित्तीय प्रगति र ७.५ प्रतिशत भौतिक प्रगति भएको छ।

१८.२. प्रथम किस्ताको मोविलाइजेसन पेस्की बापत रु.१ करोड २३ लाख ९० हजार भुक्तानी दिएकोमा सम्झौताको सर्तअनुसार कार्य नगरेको र जुन प्रयोजनको लागि पेस्की दिएको हो सोही प्रयोजनमा उपयोग नभएकाले पेस्की बापतको बैङ्क जमानत रकम पठाउन २०८२।१।१७ मा सम्बन्धित बैङ्कलाई पत्राचार गरेकोमा बैङ्कले जमानत बापतको रकम नपठाएकोले उक्त किस्ताको पेस्की फर्स्यौंट हुन सकेको छैन। यस सम्बन्धमा महालेखापरीक्षकको आ.व. २०७९।८० (छैटौं) प्रतिवेदनमा औंल्याइएकोमा प्रतिवेदनको सुझाव कार्यान्वयन भएको छैन।

१८.३. निर्माण व्यवसायीलाई प्रथम किस्ता पेस्की भुक्तानी दिएकोमा पेस्की बराबरको निर्माण कार्य नभएतापनि फाउण्डेसनको केही कार्य भएको उल्लेख गरी सम्झौता मितिले २५ महिना पछि सुरु ठेक्का म्याद थप भएको अवस्थामा दोस्रो किस्ता पेस्की २०८१।२।२२ मा रु.१ करोड २३ लाख ९० हजार भुक्तानी दिएकोमा निर्माण व्यवसायी निर्माण स्थलमा परिचालित भएको देखिँदैन।

तोकिएको समयावधिमा कार्य नगर्ने निर्माण व्यवसायीलाई भुक्तानी भएको पेस्की सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(६) बमोजिम फर्स्यौंट गरी सम्झौताका सर्तबमोजिम कार्यसम्पन्न गरी ठेक्का फरफारक गर्नुपर्दछ।

१९. **मूल्य समायोजन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ अनुसार सार्वजनिक निकायले मूल्य समायोजन गर्न सकिने कुरा खरिद सम्झौताको विशेष सर्तमा उल्लेख गरी मूल्य समायोजन भुक्तानी गर्न सकिने व्यवस्था भए तापनि जनरल आइटममा मूल्य समायोजन दिन सकिने व्यवस्था छैन। यसमा देखिएका बेहोरा देहायबमोजिम छन्:

१९.१. मर्स्याङ्दी नदीमा डिजाइन एण्ड बिल्ड विधिबाट पुल निर्माण गर्न एक निर्माण व्यवसायीसँग रु.१३ करोड ७३ लाख ८५ हजारको सम्झौता भएको छ। सम्झौता मितिले ३० महिनाभित्र निर्माण सम्पन्न

गर्ने गरी २०७६।७।७ मा सम्झौता भएकोमा ४ पटक म्याद थप गरी २०८२।१२।१८ सम्म म्याद कायम भई आर्थिक वर्ष २०८१।८२ सम्म मूल्य समायोजनसहित रु.१३ करोड ३२ लाख १२ हजार भुक्तानी दिएकोमा सम्झौतानुसार सबै इनपुट प्रयोग नहुने जनरल आइटममा रु.६ लाख २५ हजार मूल्य समायोजन बापत भुक्तानी भएको छ।

१९.२. कालीगण्डकी नदी-बिर्घा-अरुवा-ठूलो लुम्पेक-पहाडी सडक पुल निर्माणका लागि एक निर्माण व्यवसायीसँग ३० महिना भित्र निर्माण सम्पन्न गर्ने गरी २०७७।७।२ मा रु.१४ करोड ११ लाख ७९ हजारको खरिद सम्झौता भएकोमा २०८२ चैत्र मसान्तसम्म म्याद थप भएकोमा मूल्य समायोजनसहित रु.१४ करोड ७१ लाख ८० हजार भुक्तानी भएको छ। सम्झौतानुसार सबै इनपुट प्रयोग नहुने जनरल आईटममा रु.४ लाख ९३ हजार मूल्य समायोजन भुक्तानी भएको छ।

सम्झौताको सर्तअनुसार नहुने गरी जनरल आइटमको रकममा मूल्य समायोजन बापत भुक्तानी गरिएको रकम सम्बन्धितबाट असुल हुनुपर्दछ।

२०. **लागत अनुमान -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को अनुसूची-१ बमोजिम निर्माण कार्यको लागत अनुमान स्वीकृत गर्नुपर्दछ। आर्थिक वर्ष २०६५।६६ देखि २०७२।७३ सम्म नेपालका विभिन्न स्थानमा निर्मित पुलहरूको लागत अनुमानको औसत रकममा सम्बन्धित वर्षको थोक मूल्य वृद्धिको सूचकाङ्कले गणना गरी आउने रकमलाई लागत अनुमान कायम गर्ने गरेको छ। नर्म्स स्वीकृत गर्दा १८ वर्ष अघि सडकसँग नजोडिएका जुम्ला, डोटी, दार्चुला लगायतका दुर्गम स्थानका पुलसमेत रहेको अवस्थमा हाल सो स्थानमा समेत सडक सञ्जालको विस्तारले निर्माण सामग्री ढुवानीमा सहजता तथा निर्माणमा प्रयोग गरिने मेसिन उपकरणहरू अत्याधुनिक रहेको अवस्थामा दुई दशक अघिको औसत रकमलाई आधार लिई सबै क्षेत्रमा निर्माण हुने पुलको लागि प्रयोग गर्नु नियमसम्मत देखिँदैन। निर्देशनालय अन्तर्गत ६ र पूर्वाधार विकास कार्यालय अन्तर्गत १ गरी रु.१ अर्ब १९ करोड ९९ लाख ५१ हजार लागतका ७ वटा पुल निर्माणको चरणमा रहेकोमा निर्माणको लागि लाग्ने लागत निर्माण हुने स्थान, उपलव्ध नदीजन्य निर्माण सामग्री, पुलको किसिम र पुल निर्माण हुने क्षेत्रको ज्याला दरका आधारमा एउटै प्रकारको पुलको लागत समेत फरक फरक हुने अवस्थामा समेत प्रदेश अन्तर्गत जुनसुकै स्थानमा निर्माण गरिने पुलमा एकै दर लागु गर्नु नियमसम्मत देखिदैन। नियमावली बमोजिम वास्तविक आधारमा लागत अनुमान तयार गर्नुपर्दछ।

सहरी विकास तथा भवन कार्यालय, कास्की

२१. **प्रदेश सभा भवन -** गण्डकी प्रदेशको सभा भवन निर्माणको लागि रु.३७ करोड ३९ लाख ८२ हजारको लागत अनुमान बनाइ बोलपत्र आह्वान गरिएकोमा न्यूनतम रूपमा प्रभावग्राही बोलपत्रदाताको रूपमा रु.२५ करोड ३७ लाख ८३ हजार कबोल गर्ने एक संयुक्त उपक्रमसँग खरिद सम्झौता भएको छ। सम्झौता भएको ३६ महिनाभित्र निर्माण सम्पन्न गर्नेगरी २०८१।१०।१८ मा सम्झौता भएकोमा निर्माण व्यवसायीलाई यस आर्थिक वर्षमा रु.४ करोड ४३ लाख ८० हजार पेस्की र प्रथम रनिङ्ग बिल बापत रु.३० लाख ६९ हजार भुक्तानी भएकोमा देखिएका बेहोरा निम्न अनुसार रहेका छन्:

२१.१. सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(क) बमोजिम त्रुटिपूर्ण डिजाइन गरेको कारणले खरिद कार्य प्रभावित भएमा त्यस्तो डिजाइन वा लागत अनुमान तयार, जाँच वा स्वीकृत गर्ने पदाधिकारी र सो कार्यमा संलग्न परामर्शदाता प्रचलित कानुन बमोजिम कारबाहीको भागिदार हुने व्यवस्था रहेको छ। प्रदेश सभाको भवन डिजाइन गर्न २०७७।७८ मा एक परामर्शदाता नियुक्ति गरी कार्य गराएकोमा रु.१ अर्ब ४५ करोड ९८ लाख ३५ हजारको लागत अनुमानसहित डिजाइन पेस गरेको पाइयो। लागत बढी भएको कारण कार्यान्वयनयोग्य नहुने जनाई अर्को परामर्शदातामार्फत रु.४५ करोड ८९ लाख १९ हजारको लागत अनुमान सहित नयाँ डिजाइन तयार गराएको देखियो। संशोधित गरिएको भवनको डिजाइन पुनः तेस्रो परामर्शदतामार्फत पुनरावलोकन गराइ रु.४४ करोड ९९ लाख ६० हजार लागतमा निर्माण गर्ने मन्त्रालयबाट स्वीकृत पश्चात् निर्माण व्यवसायीसँग रु.२५ करोड ३७ लाख ८३ हजारमा ठेक्का सम्झौता भएको छ। कार्यालयले सुरु स्वीकृत डिजाइन अनुसारको लागत व्यहोर्न नसकिने हुँदा आवश्यक संरचना मात्र निर्माण गर्ने गरी कार्य बढाएको जानकारी दिएको छ। एकै प्रकृतिको कार्यमा पटकपटक परामर्शदाता नियुक्ति गरी खर्च गर्नु उपयुक्त देखिएन।

२१.२. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई बोलपत्र आह्वान गर्न नहुने व्यवस्था रहेको छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको २०७७।१२।२ को पत्रानुसार नगर विकास तथा गण्डकी प्रदेश प्रशिक्षण केन्द्रको नाममा रहेको कित्ता नं. ९८ को ३२५३६.४ वर्ग मिटर क्षेत्रफलको भोगाधिकार प्राप्त जग्गामा बन्ने भवनमा पोखरा महानगरपालिकाको प्राविधिक समिति र प्रदेश सभा सचिवालयले निर्माण हुने संरचनामा ऊर्जा प्रभावकारिता नर्म्स पालना गर्ने गरी डिजाइन स्वीकृत गर्ने निर्णय गरेकोमा निर्माण व्यवसायी परिचालन भइसक्दासमेत यस सम्बन्धमा यकिन गरेको छैन। निर्णयअनुसार ऊर्जा प्रभावकारिता नर्म्स पालना हुने गरी निर्माण कार्य गर्नुपर्दछ।

२१.३. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २६ मा दुई करोड भन्दा बढीको लागत अनुमान भएको निर्माण कार्यमा बोलपत्रदाताको योग्यताको आधार निर्धारण गर्नुपर्ने उल्लेख छ। निर्माण कार्यमा प्रतिस्पर्धा गर्न फ्लोर एरिया २४०० वर्ग मिटर र न्यूनतम रु.२० करोड लागत बराबरको निर्माण कार्य गरेको योग्यता माग गरेकोमा नेपाल निर्माण व्यवसायी महासङ्घले निर्धारित योग्यता पालना गर्दा बोलपत्रमा स्वस्थ प्रतिस्पर्धा नहुने सिफारिस गरेको र सार्वजनिक खरिद अनुगमन कार्यालयले सार्वजनिक खरिद ऐन, नियमावली अनुकूल हुने गरी सच्याउन निर्देशन दिए अनुसार फ्लोर एरिया सम्बन्धि योग्यता हटाएको छ।

पूर्वाधार विकास कार्यालयहरू

२२. **प्रिमिक्स कार्पेट -** सडक विभागबाट जारी स्ट्यान्डर्ड स्पेसिफिकेशन फर रोड एण्ड ब्रिज वर्क्स, २०७५ को सि.नं. १३१० अनुसार प्रिमिक्स कार्पेटको मोटाइ २० एम.एम. हुने उल्लेख छ। पूर्वाधार विकास कार्यालय, लमजुङले क्लोज ग्रेडेड प्रिमिक्स कार्पेटको मोटाइ ३० एम.एम. राखी देहायबमोजिमका निर्माण कार्य गराउदा प्रदेश सरकारलाई रु.५२ लाख ७५ हजार थप व्ययभार परेको छ।

ठेक्का नं.	मोटाइ अनुसारको परिमाण (घ.मि.)	प्रति घ.मि. दर रु.	थप व्ययभार भएको रु.

	३० एम.एम.	२० एम.एम.	फरक		
०७५।७६-०१	६३६.४०	४२४.२७	२१२.१३	१५८२०	३३५५८९६.६०
०८०।८१-०५	३००.००	२००.००	१००.००	१६९५०	१६९५०००.००
०८१।८२-०५	४८.५८	३२.३८	१६.२०	१३८४२	२२४२४०.४०
जम्मा	**९८४.९८**	**६५६.६५**	**३२८.३३**	**-**	**५२७५१३७.००**

२३. **पेस्की जमानत -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ को उपनियम ५ र ६ मा सार्वजनिक निकायले निर्माण व्यवसायीलाई दिएको पेस्की रकम खरिद सम्झौतामा उल्लेख भएबमोजिम रनिङ बिलबाट कट्टा गर्नुपर्ने र पेस्की फर्स्यौट हुन नसकेमा पेस्की बापतको बैङ्क जमानत जफत गरी असुल गर्नुपर्ने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय, तनहुँले बेलचौतारास्थित सेती खोला पुल निर्माण कार्यका लागि २०७७।८।२४ मा एक संयुक्त उपक्रमसँग २०८०।२।२३ सम्ममा कार्यसम्पन्न गर्नेगरी रु.१५ करोड ५९ लाख १८ हजारमा सम्झौता गरेकोमा दशौं रनिङ बिलसम्मको रु.९ करोड ४० लाख ३० हजार भुक्तानी भई वित्तीय प्रगति ६० प्रतिशत तथा भौतिक प्रगति ५२ प्रतिशत भएको छ। कार्यालयले उक्त निर्माण व्यवसायीलाई दुई पटक गरी रु.२ करोड ७० लाख पेस्की भुक्तानी गरेकोमा प्रथम किस्ताको रु.१ करोड ३५ लाखमध्ये रु.७९ लाख २० हजार रनिङ बिल भुक्तानी गर्दा कट्टी गरी रु.५५ लाख ८० हजार बैङ्क जमानत जफत गरेको छ। जमानत जफत पछि फर्स्यौट हुन बाँकी दोस्रो किस्ता पेस्की रकम रु.१ करोड ३५ लाखको सम्बन्धमा बैङ्कलाई पटकपटक अनुरोध गरेपनि जमानत रकम प्राप्त भएको देखिएन। निर्माण कार्य अगाडि नबढेको र पेस्की जमानत फिर्ता नभएकोले पेस्की जोखिममा परेको पाइयो। नियमानुसार पेस्की फर्स्यौट हुनुपर्दछ।

२४. **निर्माण कार्य -** पूर्वाधार विकास कार्यालय, तनहुँले बन्दीपुर खुदी खोला कटुसे रह पक्की पुल निर्माणका लागि २०८०।११।१६ मा एक संयुक्त उपक्रमसँग २०८२।५।१२ मा कार्यसम्पन्न गर्नुपर्ने गरी रु.७ करोड ४६ लाख १० हजारमा सम्झौता गरेकोमा २०८३।५।१२ सम्म म्याद थप भएको छ। निर्माण व्यवसायीलाई दुई किस्तामा गरी रु.१ करोड ३० लाख ४० हजार पेस्की भुक्तानी भएकोमा एक पटक म्याद थप भइसक्दा समेत निर्माण कार्यको प्रगति देखिने बिल भुक्तानीका लागि पेस गरेको छैन। पाइल फाउण्डेसनको बोरहोल खन्ने क्रममा परामर्शदाताबाट तयार गरेको डिजाइन गहिराइभन्दा अगावै कडा चट्टान भेटिएकोले निर्माण कार्य रोक्नु परेको साथै समयमै डिजाइन संशोधन नभएको जनाई कार्यतालिका बमोजिम कार्य प्रगति गर्न सकेको छैन। निर्माण स्थलको पर्याप्त विश्लेषण नगरी डिजाइन पेस गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ।

२५. **खरिद सम्झौता -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) मा सार्वजनिक निकायसँग खरिद सम्झौता गर्ने बोलपत्रदाताले सम्झौता बमोजिम काम सुरु नगरेमा सम्झौता अन्त्य गर्न सक्ने, सम्झौता अन्त्य भएमा जमानत जफत हुने र सम्झौता बमोजिम बाँकी रहेको कार्य पूरा गर्न आवश्यक रकम त्यसरी सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल उपर गरिने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय, तनहुँले दमौली केशवटार सुखौरा सडक निर्माण कार्यका लागि २०७६।११।२ मा एक निर्माण व्यवसायीसँग २०७७।३।२ सम्ममा कार्यसम्पन्न गर्नेगरी रु.९८ लाख ५० हजारको सम्झौता गरेको छ। सम्झौता बमोजिम कार्य गर्न पटकपटक ताकेता गर्दा

पनि निर्माण कार्य सुरु नगरेकोले खरिद सम्झौता अन्त्य गर्ने निर्णय गरी कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा पठाएको र कार्यसम्पादन जमानत बापतको रु.१७ लाख ५० हजार जफत गरी राजस्व दाखिला भएको तर खरिद सम्झौता बमोजिमको बाँकी कार्य सम्पन्न गर्न प्राविधिक मूल्याङ्कन बमोजिम लाग्ने रकम रु.१ करोड ६१ लाख ४९ हजार उक्त निर्माण व्यवसायीबाट सरकारी बाँकी सरह असुलीको लागि कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयमा पठाउने निर्णय भएकोमा हालसम्म असुली भएको वा कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयमा लगत कसेको छैन। कानुन बमोजिम असुल वा लगत कायम गर्नुपर्दछ।

२६. **निर्माण अवस्था -** पूर्वाधार विकास कार्यालय, म्याग्दीले बेनी दर्बाङ-उल्लेरी-ताकम-मुना-जलजला सडक निर्माणको लागि सम्झौता मितिले २४ महिनाभित्र कार्यसम्पन्न गर्ने गरी मूल्य अभिवृद्धि कर र प्रोभिजनल समसमेत रु.२२ करोड ५७ लाख ६० हजारमा एक निर्माण व्यवसायीसँग सम्झौता गरेकोमा दोस्रो पटकको भेरिएसनपश्चात सम्झौता रकम रु.२५ करोड ९९ लाख ५० हजार पुगेकोमा निर्माण व्यवसायीलाई १८ औँ रनिङ बिलसम्म रु.२० करोड ४५ लाख ५२ हजार भुक्तानी भएको छ। सम्झौता अवधि २०८१।७।३० सम्म म्याद थप भए तापनि हालसम्म कार्यसम्पन्न नभएकोले सम्झौताका सर्तबमोजिम कार्यसम्पन्न गर्नुपर्दछ।

२७. **मर्मतसम्भार तथा स्तरोन्नति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैंले सम्पन्न गर्नुपर्ने र निर्माण व्यवसायी वा सब-कन्ट्रयाक्टरबाट गराउन नसकिने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय, बागलुङले उपभोक्ता समितिमार्फत १२ योजना सञ्चालन गर्दा उपभोक्ता समिति प्रत्यक्षरूपमा निर्माण कार्यमा संलग्न नभएको अवस्थामा समेत शतप्रतिशत कार्य निर्माण व्यवसायीमार्फत मेसिन प्रयोग गरी निर्माण व्यवसायीबाट जारी बिजक संलग्न गरी रु.२ करोड ८१ लाख ६७ हजार भुक्तानी गरेको छ।

२८. **पेस्की जमानत -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ को उपनियम (३) मा पेस्की दिँदा निर्माण व्यावसायीबाट पेस्की रकम खाम्ने गरी निजले सम्झौता बमोजिम काम नगरेमा सो निकायले अनुरोध गरेपछि तत्काल त्यस्तो निकायलाई भुक्तानी गर्नेगरी बैङ्क जमानत लिई पेस्की भुक्तानी हुनुपर्ने व्यवस्था रहेकोमा पूर्वाधार विकास कार्यालय, बागलुङ र पर्वतबाट ठेक्का व्यवस्थापन भएका रानीवासघाट पुल र मिलनचोक रातामाटा भोटेडाँडा सडक निर्माण सम्झौतामा निर्माण व्यवसायीले जमानत राखेको बैङ्कको तोकिएको खातामा पेस्की रकम जम्मा हुने सर्तसहितको पेस्की जमानतका आधारमा क्रमशः रु.४० लाख र रु.१५ लाख ९३ हजार गरी जम्मा रु.५५ लाख ९३ हजार पेस्की भुक्तानी गरेको छ। सर्तसहितको जमानतका आधारमा भुक्तानी गर्दा पेस्कीको सुरक्षा हुने देखिएन।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा आयोजनाको प्राथमिकीकरण, आर्थिक कारोबारको वार्षिक प्रतिवेदन, एकीकृत वित्तीय विवरण, पुँजीगत बजेट खर्च क्षमता, निर्माण अवधिको अनुमान, लमसम्म प्रकृतिको

डिजाइन एण्ड विल्ट खरिद सम्झौतामा मूल्य समायोजन भुक्तानी गरेको, सम्झौताका बखत पेस गरेको मूल्य समायोजन डाटा भन्दा फरक हुनेगरी बढी मूल्य समायोजन दिएको, कन्टिन्जेन्सी खर्चको योजनागत अभिलेख नराखेको, परामर्श सेवा खरिदको नर्म्स तयार नगरेको लगायतका बेहोरा औँल्याइएकोमा यस सम्बन्धमा सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्य सम्पादन हुनुपर्दछ।

- **बेरुजु रकमको विवरण** - मन्त्रालय तथा मातहत समेत निकायमा यो वर्ष रु.३७ करोड ५३ लाख १६ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.८ करोड ५१ लाख १४ हजार फर्स्यौट र प्रतिक्रियाबाट रु.२ लाख ८७ हजार थप समेत रु.२९ करोड ४ लाख ८९ हजार बेरुजु बाँकी रहेको छ। सो मध्ये रु.३ करोड ७२ लाख ७५ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ। यस सम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ।

सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन, नियमन र प्रतिवेदनसम्बन्धी कार्यहरू गर्दछ।

- प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षासम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
- सामाजिक सुरक्षासम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्डको निर्माण तथा कार्यान्वयन,
- प्रदेशस्तरको मानव संसाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन,
- लोपोन्मुख, सीमान्तकृत, गरिब, ज्येष्ठ नागरिक लक्षित आवाससम्बन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन,
- प्रदेशभित्र रोजगारी प्रवर्धनसम्बन्धी नीति, योजना, कार्यक्रम तथा मापदण्ड तर्जुमा तथा कार्यान्वयन र स्थानीय तहसँग समन्वय,
- युवा तथा खेलकुदसम्बन्धी गतिविधि सञ्चालन,
- स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, अनुगमन र नियमन,
- प्रदेशस्तरीय स्वास्थ्य क्षेत्रको मानवस्रोत विकास र व्यवस्थापन,
- औषधीजन्य तथा स्वास्थ्य प्रविधिसम्बन्धी सामग्रीको उत्पादन तथा सञ्चय, अधिकतम खुद्रा मूल्य निर्धारण, गुणस्तर तथा मापदण्ड निर्धारण,
- उपचार केन्द्र, अन्य स्वास्थ्य संस्था तथा प्रयोगशालाको दर्ता, सञ्चालन, अनुमति र नियमन, स्वास्थ्य सेवा तथा पोषणसम्बन्धी प्रदेश नीति तथा कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,
- सरुवा तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम,
- राष्ट्रिय मापदण्ड अनुरूप स्वास्थ्य सेवासम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन।

१. **लेखापरीक्षण अङ्क -** यो वर्ष मन्त्रालय र मातहतसमेत ४४ कार्यालयको रु.५ अर्ब ४६ करोड १२ लाख ५२ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य	जम्मा
३९४१३२३	२३३५८	११५१९०	१३८१३८१	५४६१२५२

यो वर्ष १९ समिति तथा अन्य संस्थातर्फ रु.४ अर्ब ६ करोड ४९ लाख ९० हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

२. **लेखापरीक्षण** – प्रदेशको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७८ को दफा ३३(१) मा प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ।

२०८१।८२ को स्रेस्ता एवं सोसँग सम्बन्धित कागजात २०८२ भाद्र २३ र २४ मा भएको आन्दोलनको कारण क्षति भएको जनाई पत्र प्राप्त भएको तर स्रेस्ता पेस नभएकोले रोजगार सूचना केन्द्र कार्यालय, कास्कीको विनियोजनतर्फ रु.३० लाख ६४ हजार र अन्य संस्थातर्फ गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठानको रु.१ अर्ब ९८ करोड २३ लाख ९० हजार लेखापरीक्षण गरिएको छैन।

३. **बजेट तथा खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त आर्थिक सङ्केत तथा वर्गीकरणअनुसार मन्त्रालयको यस वर्षको खर्चको विवरण देहायबमोजिम छः

(रु. हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु खर्च				
२१००० पारिश्रमिक/सुविधा	१००७७५१	१०३६०४०	६०३०६८	५८.२१
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	१६३३२	१७०७२	५३२५	३१.१९
२२१०० सेवा महसुल	७२८०३	७७७२८	६०५७८	७७.९४
२२३०० कार्यालय सामान तथा सेवा	७४६०८	७५८०८	६८१५०	८९.९०
२२४०० सेवा तथा परामर्श खर्च	२१४७८३	२१५२८३	१७०७४०	७९.३१
२२५०० कार्यक्रम सम्बन्धी खर्च	२००५८०२	२०५०४५३	१४३७२४३	७०.०९
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	२९०२७	३००२७	२५१६१	८३.७९
२२७०० विविध खर्च	१३४७६	१४०७६	१३४५१	९५.५६
२६४०० सामाजिक सेवा अनुदान	४५०४४७	४५०८९७	३५३५०१	७८.४०
२७१०० सामाजिक सुरक्षा	१००६०	१०४६२	८८३८	८४.४८
२७२०० सामाजिक सहायता	१२१७८०	१३५०८०	११८०७५	८७.४१
२८१०० सम्पत्ति सम्बन्धी खर्च	१७५३०	१६५७०	१०१९३	६१.५१
२८९०० भैपरी आउने चालु खर्च	७००००	०	०	०.००
अन्य (बाँकी खर्च शीर्षकहरू)	७५२५३	७६३४५	७२२८१	९४.६८
जम्मा	**४१७९६५२**	**४२०५८४१**	**२९४६६०४**	**७०.०६**
पुँजीगत खर्च				
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	१२४७७६४	१३३६९६४	९९७७८३	७४.६३
कुल खर्च	**५४२७४१६**	**५५४२८०५**	**३९४४३८७**	**७१.१६**

उल्लिखित विवरणअनुसार चालुतर्फ ७०.०६ प्रतिशत, पुँजीगततर्फ ७४.६३ प्रतिशत र समग्रमा ७१.१६ प्रतिशत खर्च भएको छ।

४. **एकीकृत वित्तीय विवरण -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २५ र नियमावली, २०७९ को नियम ६५ बमोजिम वित्तीय विवरण तयार गरी भाद्र मसान्तभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। मन्त्रालयले यो वर्ष केन्द्रीय लेखा तथा एकीकृत वित्तीय विवरण तयार गरेको छैन। कानुन बमोजिम तोकिएको ढाँचामा एकीकृत वित्तीय विवरण तयार गरी पेस गर्नुपर्दछ।

५. **आवधिक योजना -** प्रदेशको प्रथम पञ्चवर्षीय योजना (२०७६।७७-२०८०।८१) कार्यान्वयन भइसकेकोमा २०८०।०८१ मा समीक्षा गर्नुपर्नेमा सो नगरी २०७९।०८० लाई आधार मानी

दोस्रो पञ्चवर्षीय योजना (२०८१।८२-२०८५।८६) कार्यान्वयनमा ल्याएको देखिन्छ। यस मन्त्रालयसँग सम्बन्धित जनस्वास्थ्य तथा पोषणमा १४, जनसङ्ख्या बसाइँ सराइमा ३, गुणस्तरीय शिक्षामा १०, युवा खेलकुदमा ७, कला, भाषा, साहित्य र सम्पदामा ७, विज्ञान तथा प्रविधिमा ८, श्रम तथा रोजगारीमा ७, गरिबी निवारण तथा सामाजिक संरक्षण ९, लैङ्गिक समानता तथा महिला सशक्तिकरणमा ९ र सामाजिक समावेशीकरणमा ३ समेत ७७ परिमाणात्मक लक्ष्यहरू निर्धारण गरेकोमा मन्त्रालयले आवधिक योजनाले लिएको लक्ष्य अनुरूपको कार्यक्रमगत प्रगति विवरण तयार नगरेकोले थप विश्लेषण गर्न सकिएन।

क्र.सं.	लक्ष्य	एकाइ	२०७९।८० को यथार्थ अवस्था	२०८०।८१ को अनुमान	२०८५।८६ को लक्ष्य
१	पाँच वर्ष मुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा	सङ्ख्या	२३	२०	१५
२	कुल बजेटमा स्वास्थ्यको बजेट हिस्सा	प्रतिशत	६	८	१०
३	परिवार नियोजनका साधन प्रयोग दर	प्रतिशत	३४	३६	५०
४	कुल प्रजजन दर (प्रति महिला)	सङ्ख्या	१.४	१.५	२
५	विद्यालयशिक्षा (१-१२ कक्षा) शिक्षक विद्यार्थी अनुपात	अङ्क	१७.७७	१८	२५
६	प्राविधिक शिक्षा प्रदान गर्ने शैक्षिक संस्था	सङ्ख्या	१५९	१६०	१८०
७	वार्षिक बजेटमा शिक्षा क्षेत्रको विनियोजन	प्रतिशत	५	६	१०
८	वार्षिक स्वरोजगरा उद्यम/व्यवसाय सञ्चालन गर्ने युवा	सङ्ख्या	२२०	२३०	२५०
९	युवा तथा खेलकुद क्षेत्रको वार्षिक बजेट	प्रतिशत	१.२९	१.४०	२
१०	सङ्ग्रहालय भ्रमण गर्ने पर्यटक (हजारमा)	सङ्ख्या	६५७	७५७	१०००
११	विज्ञान प्रविधि विषयो उच्च शिक्षामा अध्ययनरत विद्यार्थी	सङ्ख्या	१९१३	१९१३	२४००
१२	बेरोजगारी दर	प्रतिशत	-	७	५
१३	गरिबीको दर	प्रतिशत	११.८८	११	७
१४	सार्वजनिक प्रशासन सेवामा महिला प्रतिनिधित्व	प्रतिशत	४०	४१	४५
१५	रोजगरी हासिल गरेका अपाङ्गता भएका व्यक्ति	सङ्ख्या	४००	४२५	५५०

*(**स्रोत**: प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय योजना)*

६. **वार्षिक नीति तथा कार्यक्रम -** प्रदेश सरकारको यो वर्षको वार्षिक नीति तथा कार्यक्रममा समावेश कार्यक्रममध्ये युवा उद्यमशीलता प्रोत्साहन गर्न बीउपुँजी उपलब्ध गराउने, विभिन्न क्षेत्रमा योगदान पुऱ्याएका युवाहरूको प्रतिभा पहिचान गरी सम्मान गर्ने, बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि आवासीय विद्यालय सञ्चालन गर्ने, प्रदेशस्तरका खेल मैदान तथा रंगशालाको निर्माण र स्तरोन्नति गर्ने, प्राविधिक शिक्षा र व्यावसायिक तालिमसम्बन्धी नीतिगत र कानुनी व्यवस्था गर्ने, लक्षित वर्गको सशक्तीकरणका लागि गैरसरकारी संस्थाहरूसँग सहकार्य र साझेदारी गर्ने, लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरूको सामाजिक समावेशीकरण र सशक्तीकरण गर्ने, शिक्षकहरूको पेसागत क्षमता विकास र तालिम केन्द्रहरूको सुदृढीकरण गर्ने, प्रविधिमैत्री शिक्षक प्रशिक्षण र सिकाइलाई प्रवर्धन गर्ने लगायतका कार्यक्रमहरूमा बजेट विनियोजन गरेको पाइएन। वार्षिक नीति तथा कार्यक्रममा समावेश भएका योजना तथा कार्यक्रममा बजेट विनियोजन गरी कार्यान्वयन हुनुपर्दछ।

७. **बजेट वक्तव्य -** यस वर्षको बजेट वक्तव्यमा बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि स्थापित विद्यालयलाइ सञ्चालन तथा व्यवस्थापन अनुदान, प्रदेशका विभिन्न क्षेत्रमा योगदान गरेका युवा प्रतिभा पहिचान तथा सम्मान, उच्च उचाइ खेल तालिम केन्द्र पूर्वाधार निर्माण, प्रदेश स्तरको क्रिकेट मैदान

निर्माण, डिजिटल गण्डकीः फ्राइडे फर फ्यूचर, सफ्टवेयर खरिद तथा अद्यावधिक, सामाजिक परिचालनको क्षेत्रमा कार्यरत संस्थाहरूसँग साझेदारी र लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरूका लागि सशक्तीकरण कार्यक्रममा रु.१ करोड ६ लाख २६ हजार बजेट विनियोजन भएकोमा विद्यालय भवन निर्माणाधीन रहेको, जग्गा प्राप्तिको प्रक्रियामा रहेको, साझेदारी कार्यक्रम अगाडि नबढेको जस्ता कारण खर्च हुन नसकेको मन्त्रालयले जनाएको छ। बजेटमा समावेश भएका कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ।

८. **प्रदेश रूपान्तरणकारी आयोजना -** प्रदेशको दोस्रो पञ्चवर्षीय योजना (२०८१।८२-२०८५।८६) मा यस मन्त्रालयसँग सम्बन्धित विश्वविद्यालय, विद्यालय तथा समुदाय साझेदारी कार्यक्रम, युवा नवप्रवर्तन तथा सिर्जनशीलता विकास कार्यक्रम, योग तथा ध्यान केन्द्र निर्माण तथा प्रवर्धन आयोजना, त्रिवेणी गजेन्द्रमोक्ष धाम धार्मिक पर्यटकीय क्षेत्र विकास आयोजना, क्यान्सर, हृदय रोग तथा मृगौला रोग प्रादेशिक विशिष्टीकृत अस्पताल निर्माण आयोजना, आई.टी. इनोभेसन ल्याब विकास कार्यक्रम र नयाँ क्षेत्र र विषय क्षेत्र प्राविधिक शिक्षा विस्तार कार्यक्रमलाई प्रदेश समुन्नतिका रूपान्तरणकारी कार्यक्रम तथा आयोजना उल्लेख छ। उक्त कार्यक्रम तथा आयोजना सञ्चालन गर्न यसवर्ष भएको बजेट व्यवस्था तथा खर्चको अवस्था बारे प्रगति विवरण तयार गरेको देखिएन। आवधिक योजनामा समावेश गरिएका रूपान्तरणकारी कार्यक्रम तथा आयोजना कार्यान्वयनको समीक्षा गर्नुपर्दछ।

९. **साना योजनामा विनियोजन -** आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० को दफा ६ मा प्रदेशबाट एक करोड रुपैँया भन्दा कम लागतका आयोजना कार्यान्वयन नगर्ने उल्लेख छ। सङ्घ, प्रदेश तथा स्थानीय तहबाट सञ्चालन हुने आयोजना वा कार्यक्रममा दोहोरोपना नहुने गरी बजेट तथा कार्यक्रम निर्माण गर्नुपर्नेमा यस मन्त्रालय अन्तर्गत रहेका जिल्लास्थित सामाजिक विकास कार्यालयहरूमा विनियोजित अधिकांश पाँच लाख रुपैयाभन्दा कम रकमको ७१९ योजना तथा कार्यक्रमहरूमा रु.७९ करोड २३ लाख २७ हजार खर्च भएको पाइयो।

(रु. हजारमा)

क्र.सं.	कार्यालयको नाम	अन्तिम बजेट	जम्मा योजना	खर्च रकम
१	सामाजिक विकास कार्यालय, कास्की	१५४१५३	२६१	१३४२२१
२	सामाजिक विकास कार्यालय, तनहुँ	१२७५७६	११५	११२१४५
३	सामाजिक विकास कार्यालय, नवलपुर	१२३८९५	११४	९०९६३
४	सामाजिक विकास कार्यालय, बागलुङ	११२२०६	१८८	८७९७२
५	सामाजिक विकास कार्यालय, गोरखा	१००७१४	१५६	७९२२७
६	सामाजिक विकास कार्यालय, स्याङ्जा	८३४३७	१४४	७०७७०
७	सामाजिक विकास कार्यालय, पर्वत	७५७९५	१४५	५९६३८
८	सामाजिक विकास कार्यालय, लमजुङ	७३२०५	१२०	५६४७९
९	सामाजिक विकास कार्यालय, म्याग्दी	५७२६३	९०	४३४३६
१०	सामाजिक विकास कार्यालय, मुस्ताङ	३९२५६	५१	३२९५६
११	सामाजिक विकास कार्यालय, मनाङ	३२७८९	४५	२४५२०
	कुल जम्मा	**९८०२८९**	**७१९**	**७९२३२७**

स-साना योजना सञ्चालन गर्दा खर्च वृद्धि भई अपेक्षित लाभ नहुँने हुँदा मापदण्डअनुसारका योजना कार्यान्वयन गर्नुपर्दछ।

१०. **अनुदान उपयोग -** विनियोजन ऐन, २०८१ को दफा ७(८) मा सशर्त अनुदान बापतको रकम सोही आर्थिक वर्षमा खर्च हुन नसकेमा सोही आर्थिक वर्षको असार मसान्तसम्म प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले गण्डकी विश्वविद्यालयलाई सरकारी निकाय समिति एव बोर्डहरूलाई सशर्त चालु अनुदान अन्तर्गत सशर्त चालु अनुदानबाट रु.५ करोड र अन्य संस्थालाई सशर्त पुँजीगत अनुदानबाट रु.७ करोड ९६ लाखसमेत कुल रु.१२ करोड ९६ लाख र त्रिवेणी गजेन्द्र मोक्ष दिव्यधाम क्षेत्र विकास समितिलाई सशर्त चालु अनुदानबाट रु.१ करोडसमेत रु.१३ करोड ९६ लाख सशर्त अनुदान उपलब्ध गराएकोमा ती निकायबाट भएको खर्चको विवरण र लेखापरीक्षण प्रतिवेदन पेस भएन। उक्त विवरण प्राप्त गरी खर्चपश्चात् बचत रकम भएमा प्रदेश सञ्चित कोषमा दाखिला गरी अनुदानको सदुपयोग सुनिश्चित हुनुपर्दछ।

११. **कार्यसञ्चालन स्तरका कार्य -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयले नियमावलीमा उल्लेखित प्रमुख कार्यहरूको योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरीवेक्षण, नियमन, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन गर्ने उल्लेख छ। मन्त्रालयले यसवर्ष अपाङ्गता भएका व्यक्तिहरूका लागि सशक्तिकरण, युवा क्लब तथा खेलकुद सम्बन्धी संस्थाहरूका लागि खेलकुद सामग्री प्रोत्साहन, मागमा आधारित संस्कृति संरक्षण, वार्षिक लिटेचर फेस्टिबल, लोक दोहोरी प्रतिष्ठान, युवा क्लब प्रशिक्षण र परिचालन, स्मृति पार्क निर्माण तथा स्तरोन्नति अनुदान, दलित युवाहरूको उद्यमशीलता विकास कार्यक्रम लगायतका १४ कार्यक्रम सञ्चालन गरी रु.२ करोड १० लाख ५५ हजार खर्च गरेको छ। मन्त्रालयबाट खरिद व्यवस्थापन हुनेगरी बजेट विनियोजन गर्ने प्रणालीमा सुधार हुनुपर्दछ।

१२. **औद्योगिक प्रशिक्षार्थी तालिम** - दिगो तथा सम्मानित रोजगारीका लागि २४ महिने औद्योगिक प्रशिक्षार्थी तालिम (अप्रेन्टिशीप) कार्यक्रम अन्तर्गत यस वर्ष मन्त्रालयले रु.८९ लाख ८ हजार खर्च लेखेको छ। प्रि-डिप्लोमा तह २४ महिने औद्योगिक प्रशिक्षार्थी तालिम कार्यक्रम अन्तर्गत यस वर्ष ४०० जनालाई तालिम दिने लक्ष्य रहेकोमा ६ शिक्षालय र विद्यालयहरूमा ४ विभिन्न विषयमा २१० स्वीकृत कोटा सङ्ख्या रहेकोमध्ये १९७ जना प्रशिक्षार्थी भर्ना भएकोमा हाल १६३ जना अर्थात् ८३ प्रतिशत मात्र सो कार्यक्रममा नियमित रहेको देखिन्छ। उक्त कार्यक्रममा भर्ना भएकामध्ये ३४ जना अर्थात् १७ प्रतिशत प्रशिक्षार्थी अनियमित रहेका छन्। लक्षित लाभग्राहीले लाभ प्राप्त गरेको सुनिश्चित गर्नुपर्दछ।

१३. **कोभिड कोष -** प्रदेश सरकारले कोभिड महामारी नियन्त्रण कार्यलाई आवश्यक स्रोत साधनको व्यवस्थापन गर्न कोभिड कोषको स्थापना गरेकोमा यो वर्षसम्म रु.२५ करोड ३१ लाख ४५ हजार मौज्दात रहेकोमा उक्त रकम परिचालन गर्ने सम्बन्धमा आवश्यक नीतिगत व्यवस्था नभएकोले रकम निष्कृय रहेको छ। कोषको प्रयोजनको लागि प्रदेश सञ्चितकोषबाट लिएको रकम फिर्ता दाखिला हुनुपर्दछ।

शिक्षा विकास निर्देशनालय

१४. **कार्यक्रमको प्रभावकारिता -** सामुदायिक विद्यालयमा सिक्दै कमाउदै, कमाउदै सिक्दै कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ मा स्व-आर्जन गरी अध्ययन गर्न इच्छुक विद्यार्थीलाई विद्यालयमा अध्ययनका अतिरिक्त विभिन्न आयमूलक कार्यक्रममा विद्यालयहरूले प्राप्त अनुदान खर्च गर्न सक्ने व्यवस्था छ। निर्देशनालयले साधारण तथा प्राविधिक धार सञ्चालन भएका सामुदायिक विद्यालयमा सिक्दै कमाउँदै, कमाउँदै सिक्दै स्वीकृत वार्षिक कार्यक्रम सञ्चालनका लागि रु.१ करोड ५५ लाख बजेट व्यवस्था भएकोमा रु.१ करोड ७ लाख ३५ हजार खर्च गरेको छ। गतवर्ष अनुदान उपलब्ध भएका विद्यालयहरू १३ तथा नयाँ १७ गरी ३० विद्यालय छनोट गरी भुक्तानी गरेकोमा कार्यक्रम प्रभावकारिताको अनुगमन गरेको छैन।

१५. **स्टिम ल्याब अनुदान -** निर्देशनालयले माध्यमिक विद्यालयमा स्टिम (STEM) ल्याब स्थापना र सञ्चालन अनुदान कार्यक्रमका लागि रु.१ करोड ८५ लाख बजेट व्यवस्था भएकोमा ३६ विद्यालयसँग सम्झौता गरी रु.१ करोड ७९ लाख ६४ हजार भुक्तानी दिएको छ। विद्यालयहरूलाई प्रयोगशाला स्तरोन्नति अनुदान शीर्षकमा सङ्घ तथा स्थानीय तहबाट समेत खर्च हुने गरेको छ। यसरी एकै प्रकृतिका कार्यक्रममा सङ्घ र प्रदेशबाट रकम विनियोजन हुँदा कार्यक्रममा दोहोरोपना हुन सक्ने सम्भावना रहन्छ। अनुदान दिएको कार्यक्रमको अनुगमन गरी सोको प्रभावकारीता सुनिश्चित हुनुपर्दछ।

स्वास्थ्य निर्देशनालय

१६. **स्वास्थ्य सूचना प्रणाली -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३७ मा अधिकार प्राप्त अधिकारीले उपलब्ध स्रोत साधन तथा सम्पत्तिको समुचित उपयोग भएको र सम्पत्ति हानि नोक्सानी नहुने गरी सम्भार तथा संरक्षणको उचित व्यवस्था गरेको सुनिश्चित भएर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ। प्रदेश अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरूले प्रयोग गर्ने वेबमा आधारित विद्युतीय प्रणाली सञ्चालनका लागि यस निर्देशनालय र काठमाडौंस्थित एक प्रा.लि. बीच ४ जिल्लाका ११ स्थानीय तहअन्तर्गतका ५८ स्वास्थ्य संस्थामा विद्युतीय स्वास्थ्य सूचना अभिलेख तथा प्रतिवेदन प्रणाली सञ्चालन गर्न २०८१ जेठमा ३ वर्षको लागि सम्झौता गरेकोमा प्रति स्वास्थ्य संस्था वार्षिक रु.५ हजारका दरले सपोर्ट सेवा बापत भुक्तानी गर्नुपर्ने सर्तबमोजिम यो वर्ष मूल्य अभिवृद्धि करसहित रु.३ लाख २८ हजार भुक्तानी गरेको छ। सोही सेवा प्रदायकसँग सम्झौता गरी स्वास्थ्य कार्यालय, कास्की मार्फत अन्नपूर्ण गाउँपालिका, माछापुच्छ्रे गाउँपालिका र रुपा गाउँपालिका अन्तर्गतका ३५ स्वास्थ्य संस्थाका लागि रु.१ लाख ७५ हजार वार्षिक मर्मत तथा सपोर्ट शुल्क बापत भुक्तानी गरेको छ। प्रणाली सञ्चालनबाट सिर्जित सरकारी तथ्याङ्कको भण्डारण तथा सुरक्षाको सुनिश्चितता हुने व्यवस्था गर्नुपर्दछ।

१७. **नवीकरण दस्तुर -** स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका, २०७० को बुँदा नं. ११ बमोजिम स्वास्थ्य संस्था स्थापना, सेवा विस्तार वा स्तरोन्नति गर्न अनुमति प्राप्त भएमा सम्बन्धित स्वास्थ्य संस्थाले अनुसूची-६ मा उल्लेख भएबमोजिमको अनुमति दस्तुर बुझाउनु पर्ने तथा अनुमतिको अवधि समाप्त भएको मितिले तीन महिनाभित्र नवीकरण गर्नुपर्ने व्यवस्था

भएकोमा २५ देखि ५० शय्यासम्मका मापदण्ड पुगेका कालीगण्डकी अस्पताल, नवलपरासी सूस्ता पूर्व र कास्कीका साइ अर्चना अस्पताल, साहारा अस्पताल, अन्नपूर्ण महिला तथा बाल अस्पताल, मोडल अस्पतालको अनुमति नवीकरण भएको छैन। कानुनबमोजिम तोकिएको अवधिभित्रै नवीकरण व्यवस्थापन गर्नुपर्दछ।

अस्पतालहरू

१८. **औषधी खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चिस लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रियस्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। प्रदेश अस्पताल, गोरखाले ७ आपूर्तकबाट रु.५२ लाख ९८ हजारको औषधी खरिद गरेको छ। औषधी खरिद गर्दा नियमानुसार उत्पादक कम्पनीले प्रकाशन गरेको दररेटमा खरिद गर्नुपर्नेमा खुद्रा व्यवसायीहरूबाट सोझै खरिद गरेको पाइयो। खरिद व्यवस्थापन प्रतिस्पर्धी र मितव्ययी हुनुपर्दछ।

१९. **अस्पताल भवन निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ नियम ११९ मा सार्वजनिक निकायले सम्झौतामा उल्लेख भएबमोजिम मूल्य समायोजन दिन सकिने व्यवस्था छ। प्रदेश अस्पताल, जोमसोमले अस्पताल भवन निर्माण कार्यका लागि एक निर्माण व्यवसायीलाई अन्तिम बिल भुक्तानीमा मूल्य समायोजन दिँदा ठेक्का बिलमा घटाउनुपर्ने बिमा रकम, नयाँ आईटमको रकम, पिएसको रकम र मोबिलाइजेसन पेस्की घटाइ बाँकी रकममा मात्र मूल्य समायोजन दिनुपर्नेमा उक्त रकम नघटाइ रु.१९ लाख १२ हजार बढी हुनेगरी मूल्य समायोजन भुक्तानी गरेको छ।

२०. **पूर्वनिर्धारित क्षतिपूर्ति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ बमोजिम निर्माण व्यवसायीको ढिलाइको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा सम्झौता रकमको ०.०५ प्रतिशत प्रतिदिनको दरले पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ। प्रदेश अस्पताल जोमसोमले प्रदेश अस्पताल भवन निर्माण कार्यको लागि एक निर्माण व्यवसायीसँग २०७७।१२।२ मा रु.१० करोड २१ लाख ८२ हजारमा सम्झौता भएकोमा सम्झौता अवधिमा निर्माण व्यवसायीको ढिलाइको कारण निर्माण कार्यसम्पन्न नभएकोले २०८०।२।२१ मा पूर्वनिर्धारित क्षतिपूर्ति लिने गरी ६ महिना (१८० दिन) म्याद थप भएको देखिन्छ। म्याद थपको निर्णय बमोजिम १८० दिनको पूर्व निर्धारित क्षतिपूर्ति रु.९१ लाख ९६ हजार असुल हुनुपर्नेमा रु.८६ लाख ८५ हजार मात्र क्षतिपूर्ति दाखिला भएकोले नपुग रु.५ लाख ११ हजार असुल हुनुपर्दछ।

२१. **मूल्य समायोजन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ मा मूल्य समायोजनसम्बन्धी व्यवस्था छ। प्रदेश अस्पताल, मनाङले जिल्ला अस्पताल भवन निर्माण कार्यको लागि मूल्य समायोजन बापत रु.१ करोड ९१ लाख ३० हजार भुक्तानी भएको छ। अस्पतालले वार्ताद्वारा कायम नयाँ आइटमको र अघिल्लो बिलमा बढी भुक्तानी भई पछिल्लो बिलबाट कट्टी गरेको रकम अर्थात् बढी भुक्तानी भएको विलको रकममा समेत मूल्य समायोजन भुक्तानी दिएकोले रु.२९ लाख ८३ हजार मूल्य समायोजन बढी भुक्तानी भएकोमा उक्त रकम असुल हुनुपर्दछ।

२२. **उत्पत्तिको प्रमाण पत्र -** प्रदेश अस्पताल, लमजुङले ल्याप्रोस्कोपी मेसिन एक सेट खरिद तथा जडान गर्ने गरी मूल्य अभिवृद्धि करसहित रु.९९ लाख ५० हजारको लागत अनुमान स्वीकृत गरी एक आपूर्तकसँग २०८१।१२।७ मा रु.९७ लाख १५ हजारको सम्झौता भएकोमा आपूर्तिकर्तालाई रु.९६ लाख ८५ हजार भुक्तानी दिएको छ। सम्झौताको विशेष सर्तमा प्याकिङ्ग सूचीको प्रतिलिपि, डेलिभरी नोट, उत्पत्तिको प्रमाणपत्र र कारखाना निरीक्षण प्रतिवेदन पेस गर्नुपर्ने उल्लेख छ। आपूर्तिकर्ताले सर्तअनुसार प्याकिङ लिस्ट, डेलिभरी नोट, वारेन्टी सर्टिफिकेट, उत्पत्तिको प्रमाणपत्र र कारखाना निरीक्षण प्रतिवेदन पेस गरेको देखिएन। सम्झौतामा तोकिएका सर्तहरू पूरा भएको सुनिश्चित गर्नुपर्दछ।

सामाजिक विकास कार्यालयहरू

२३. **टुक्रा खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९७(१) बमोजिम रु.१ करोडसम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउन सकिने व्यवस्था छ। सामाजिक विकास कार्यालय, मुस्ताङले जननर्मल आधारभूत विद्यालयको पूर्वाधार विकासमा यस वर्ष रु.४९ लाख २६ हजार खर्च गरेको छ। बारागुङ मुक्तिक्षेत्र गाँउपालिकाले सोही विद्यालयको छात्रावासको दुई आवासीय ब्लक तथा पर्खाल निर्माण कार्यका लागि रु.९ करोड ४० लाख ३० हजारको विस्तृत परियोजना प्रतिवेदन बमोजिम २०७९।८० मा एक ब्लकको सुपरस्ट्रक्चरको लागि रु.५४ लाख ९८ हजारको लागत अनुमान गरी एक निर्माण व्यवसायीलाई रु.४२ लाख २५ हजार भुक्तानी भएको छ। तत् पश्चात दुई आर्थिक वर्षमा वार्षिक रु.५० लाखका दरले रु.१ करोड फरकफरक उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराइ रु.९५ लाख ३७ हजार खर्च भएको छ। एक विद्यालयको निर्माण कार्य उपभोक्ता समिति र निर्माण व्यवसायीसँग फरकफरक सम्झौतामार्फत प्रदेश र स्थानीय तहले कार्य गर्दा गुणस्तरमा समेत प्रभाव पर्ने देखिएकोले एकै प्याकेजमा काम गरी जनसहभागितमूलक कार्य मात्र उपभोक्ता समितिबाट खरिद व्यवस्थापन हुनुपर्दछ।

स्वास्थ्य कार्यालयहरू

२४. **कोभिड कोष -** कोभिड १९ महामारी रोग नियन्त्रण तथा रोकथाम गर्नका लागि आइसोलेसन प्रिफ्याव ट्रस र पिसिआर भवन निर्माण तथा आइ.सि.यू. स्थापनाका लागि स्वास्थ्य कार्यालय, लमजुङलाई प्राप्त भएको बजेटमध्ये खर्च भई रु.७७ लाख ४३ हजार बाँकी रहेको छ। विविध खातामा बाँकी रहेको रकम सञ्चित कोष खातामा दाखिला गर्नुपर्दछ।

समिति तथा अन्य संस्था

प्रदेश खेलकुद परिषद्

खेलकुदको माध्यमबाट प्रदेश एवं मुलुकको राष्ट्रिय एकता प्रवर्धन गर्दै स्वस्थ, सक्षम र अनुशासित खेलाडी तथा सिर्जनशील नागरिक तयार गर्न तथा खेलाडीको व्यावसायिक सुरक्षा गर्दै प्रदेशस्तरमा खेलकुदको संरक्षण, सम्वर्धन र विकास गर्ने उद्देश्यले यस परिषद्को स्थापना भएको हो।

२५. **आय-व्यय स्थिति -** यो वर्ष परिषद्को आय-व्यय स्थिति निम्नानुसार रहेको छः

(रु.हजारमा)

सुरु मौज्दात	यस वर्षको आय	जम्मा आय	कुल खर्च	मौज्दात रकम
५१	७७३५२	७७४०३	७६७१७	६८६

२६. **कल्याणकारी कोष -** खेलाडी कल्याणकारी कोष स्थापना तथा सञ्चालन कार्यविधि, २०८२ को दफा ५ मा खेलाडी कल्याणकारी कोषको रूपमा छुट्टै बैङ्क खाता खोली एक कोष स्थापना गर्नुपर्ने तथा कोषको प्रमुख उद्देश्यमा खेलाडी, रेफ्री, प्रशिक्षकको हकहित संरक्षण गर्ने, खेल भावनाको विकास गर्ने, खेलाडीलाई राहत तथा क्षतिपूर्ति तथा आर्थिक सहायता पुऱ्याउने रहेको छ। कार्यालयले उक्त कोषमा यस वर्ष रु.५ लाख जम्मा गरी हालसम्म रु.१५ लाख नेपाल बैङ्क लि. मा मौज्दात रहेको देखिन्छ। कार्यविधिको व्यवस्थाअनुसार कोष परिचालन गर्नुपर्दछ।

२७. **जग्गा स्वामित्व -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई, निर्माण स्थलबाट हटाउनुपर्ने रुख बिरुवा लगायतका संरचना हटाउने सुनिश्चितता नभई बोलपत्र आह्वान गर्न नहुने उल्लेख छ। निर्माण कार्यको ठेक्का लगाउँदा वा निर्माण कार्य सुरु गर्दा निर्माण हुने स्थलको स्वामित्व ग्रहण हुनुपर्दछ। यस सम्बन्धमा देखिएको बेहोरा निम्नानुसार छन्:

२७.१. जिल्ला खेलकुद विकास समिति, लमजुङको प्रशासकीय भवन निर्माण कार्यको लागि २०८२।३।२ मा एक निर्माण व्यवसायीसँग २०८३।१।२९ सम्म सम्पन्न गर्नेगरी रु.३६ लाख २ हजारमा सम्झौता भएको छ। प्रशासनिक भवन निर्माण गर्दा समितिको नाउँमा जग्गाको स्वामित्व प्राप्त भएको छैन।

२७.२. जिल्ला खेलकुद विकास समिति, नवलपुरको प्रशासकीय भवन निर्माण कार्यको लागि २०८२।२।२२ मा एक निर्माण व्यवसायीसँग २०८३।१।१८ सम्म सम्पन्न गर्ने गरी रु.३७ लाख ६२ हजारको सम्झौता भएको छ। जग्गाको स्वामित्व सम्बन्धमा कावासोती नगरपालिका वडा नं. ३ कित्ता नं. ४७० क्षेत्रफल १-३-१० रोपनीको जग्गा फिल्डबुकमा खेलमैदान भनि उल्लेख भएको उक्त जमिन खेलकुद विकास समितिको नाममा आएको देखिएन।

जग्गाको स्वामित्व प्राप्त गरी तोकिएको समयमा निर्माण सम्पन्न गराउने तर्फ ध्यान दिनुपर्दछ।

गण्डकी विश्वविद्यालय

समृद्ध राष्ट्र निर्माण गर्न जीवनोपयोगी र गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले गण्डकी विश्वविद्यालय ऐन, २०७६ बमोजिम २०७६ फाल्गुण ४ मा यस विश्वविद्यालयको स्थापना भएको हो।

२८. **वित्तीय विवरण -** विश्वविद्यालयको विगत ३ वर्षको आम्दानी, खर्च र मौज्दातको विवरण देहायअनुसार छः

(रु.हजारमा)

क्र.सं.	विवरण	२०७९।८०	२०८०।८१	२०८१।८२
१	सुरु मौज्दात	१६५६६	५१७७९	५७६५२
२	आम्दानी	२४७९१७	२१८४१३	१७३३६२
३	खर्च	२१२७०३	२१२५४०	१८३४३४
४	अन्तिम मौज्दात	५१७७९	५७६५२	४७५८०

विश्वविद्यालयबाट प्राप्त आय-व्यय विवरणअनुसार गत वर्षको मौज्दात रु.५ करोड ७६ लाख ५२ हजारमा यो वर्षको आय रु.१७ करोड ३३ लाख ६२ हजार थपसहित जम्मा आय रु.२३ करोड १० लाख १४ हजार भएकोमा यो वर्ष रु.१८ करोड ३४ लाख ३४ हजार खर्च भई वर्षान्तमा रु.४ करोड ७५ लाख ८० हजार मौज्दात बाँकी रहेको छ।

२९. **शुल्क अभिलेख** - प्रदेशमा कला, विज्ञान, प्रविधि, व्यवस्थापन, कानुन, शिक्षा लगायतका विषयमा अनुसन्धानमूलक तथा व्यवसायिक उच्च शिक्षा प्रदान गर्न २०७६ सालमा स्थापना गरिएको विश्वविद्यालयले स्नातक तहमा ५ विषयको र स्नातकोत्तर तहमा १ विषयको पठनपाठन गरिरहेको छ। हालसम्मको विद्यार्थी र शिक्षकको सङ्ख्या देहायअनुसार रहेको छः

विवरण	२०७८।७९	२०७९।८०	२०८०।८१	२०८१।८२
विद्यार्थी सङ्ख्या	६५	३४८	५०१	६८४
शिक्षक सङ्ख्या	१४	२३	२९	२९

विश्वविद्यालयमा यस वर्ष ६८४ विद्यार्थी अध्ययनरत रहेको देखिन्छ। अध्ययनरत विद्यार्थीबाट यसवर्ष रु.४ करोड २ लाख २३ हजार शुल्क प्राप्त भएको छ। विश्वविद्यालयले विद्यार्थीगतरूपमा उठ्न बाँकी शुल्कको अभिलेख राखेको छैन। प्रचलित लेखामान बमोजिम लेखा अभिलेख अद्यावधिक गर्नुपर्दछ।

गण्डकी प्रज्ञा प्रतिष्ठान

प्रदेशको सबै भाषा, साहित्य, ललितकला, सङ्गीत तथा संस्कृतिको अध्ययन अनुसन्धान गरी संरक्षण गर्ने उद्देश्यले गण्डकी प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ बमोजिम यस प्रतिष्ठानको स्थापना भएको छ।

३०. **वित्तीय व्यवस्था** - प्रतिष्ठानको यस वर्षको आय-व्यय स्थिति निम्नानुसार रहेको छः

(रु.हजारमा)

सुरु मौज्दात	यस वर्षको आय	जम्मा आय	कुल खर्च	मौज्दात रकम
१२०	२१७९७	२१९१७	२१७०१	२१६

३१. **कार्यसम्पादन** - गण्डकी प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ को दफा ५ मा प्रतिष्ठानको काम, कर्तव्य र अधिकारको व्यवस्था रहेको छ। जसअनुसार प्रतिष्ठानले भाषा, साहित्य, लोक साहित्य, संस्कृति, ललितकला, नाट्यकलासम्बन्धी विभिन्न १२ प्रकारका कार्य गर्ने एवं यो आदेशको उद्देश्य पुरा गर्न अन्य आवश्यक कार्य सम्पादन गर्नुपर्ने उल्लेख छ। प्रतिष्ठानले आफ्नो जिम्मेवारी अनुसारको कार्य प्रभावकारी रूपमा गर्नुपर्दछ।

३२. **कोष व्यवस्थापन -** गण्डकी प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ को दफा २५ मा गण्डकी प्रज्ञा प्रतिष्ठानको आफ्नो एउटा छुट्टै कोष हुने, प्रतिष्ठानलाई प्राप्त हुने सबै रकम सो कोषमा जम्मा गरिने र प्रतिष्ठानको सबै खर्च सो कोषबाट व्यहोरिने व्यवस्था छ। यो वर्ष प्रतिष्ठानले कुनै कोष स्थापना नगरी विभिन्न शीर्षकमा रु.२ करोड १७ लाख १ हजार खर्च गरेको छ। ऐन अनुसार तोकिएको कोष स्थापना गरेर प्रतिष्ठानलाई प्राप्त हुने सबै रकम सो कोषमा राखी तोकिएको व्यवस्था अनुसार कोषबाटै खर्च गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा वार्षिक नीति तथा कार्यक्रम, प्रतिस्पर्धात्मक खरिद विधि अवलम्बन नगरेको, मन्त्रालय मातहतको संरचना भए तापनि अन्य निकायबाट खर्च गरेको, वार्षिक लक्ष्य अनुसार प्रगति हासिल नगरेको, कार्यसञ्चालनस्तरीय कार्य मन्त्रालयबाट सम्पादन गरेको, अनुदानको अनुगमन नगरेको लगायतका बेहोरा औँल्याइएकोमा यस सम्बन्धमा सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण -** यो वर्ष मन्त्रालय र मातहत निकायको लेखापरीक्षणबाट देखिएको बेरुजु रकमको विवरण देहायअनुसार छः
  - सरकारी कार्यालयतर्फ यो वर्ष रु.५ करोड ८ लाख ८४ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१ करोड ६८ लाख ६५ हजार फर्स्यौंट गरी रु.३ करोड ४० लाख १९ हजार बेरुजु बाँकी रहेको छ। सो मध्ये रु.२३ लाख ५६ म्याद नाघेको पेस्की बाँकी रहेको छ। यस सम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ।
  - अन्य संस्था तथा समितितर्फ रु.८ करोड ९० लाख ५४ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१७ लाख ७० हजार फर्स्यौंट गरेकोले रु.८ करोड ७२ लाख ८४ हजार बेरुजु बाँकी रहेको छ। सो सम्बन्धी विवरण **अनुसूची-१०** मा रहेको छ।

प्रदेश नीति तथा योजना आयोग

प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०८१ अनुसार आयोगले देहायका प्रमुख कार्यहरूको योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन, नियमन र प्रतिवेदनसम्बन्धी कार्यहरू गर्दछ।

- वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्दा प्रदेश आवधिक योजनासँग तादात्म्यता मिलाउन विषयगत मन्त्रालयसँग छलफल गर्ने,
- आवश्यकता र औचित्यका आधारमा कार्यक्रम संशोधन र कार्यान्वयनमा प्रदेश मन्त्रालय र अन्य निकायलाई सहजीकरण गर्ने,
- अनुगमन तथा मूल्याङ्कनको विषयमा सरकारी, सार्वजनिक, स्वतन्त्र मूल्याङ्कनकर्ता तथा पेसागत सङ्घ संस्था, नागरिक समाज र विकास साझेदारबीच सञ्जालको विकास र विशेषज्ञताको विकास गर्ने,
- सङ्घ, प्रदेश र स्थानीय तहको विकास नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय, सहयोग र सहजीकरण गर्ने,
- प्रदेश सरकारका क्षेत्रगत नीतिहरूमा परामर्श दिने,
- आयोजना बैङ्क सञ्चालन गर्ने,
- प्रादेशिक नीति, विकास योजना तथा कार्यक्रमको सान्दर्भिकता प्रभावकारिता, आबद्धता, कार्यदक्षता र दिगोपनाका विषयमा स्वतन्त्र विज्ञ, निकाय वा संस्थाबाट शोध तथा अनुसन्धान गर्नेगराउने, प्रणालीको विकास गर्ने,
- प्रदेश सरकारको मन्त्रालयहरूको स्वीकृत वार्षिक विकास कार्यक्रमहरूको चौमासिक/वार्षिक प्रगति समीक्षा गर्ने,
- प्रदेशको समृद्धिका लागि भावी दृष्टिकोणसहितको दीर्घकालीन लक्ष्य, मार्गचित्र, नीति तथा योजना तर्जुमा गरी कार्यान्वयनको सहजीकरण गर्ने,
- आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वातावरणीय, सुशासनका क्षेत्रमा रणनीतिक योजना तयार गर्ने।

१. **लेखापरीक्षण अङ्क -** आयोगको यो वर्ष रु.३ करोड ५४ लाख ५४ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

(रु.हजारमा)

विनियोजन	राजस्व	धरौटी	अन्य	जम्मा
३४९०८	२४	४२४	९८	३५४५४

२. **बजेट तथा खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट आयोगको यस वर्षको आर्थिक सङ्केत तथा वर्गीकरणअनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु. हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक/सुविधा	१९८२४	१९८२४	११५१७	५८.१०
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	३४२	३४२	१०३	३०.१२
२२१०० सेवा महसुल	९१९	९१९	४८३	५२.५६
२२३०० कार्यालय सामान तथा सेवा	१९१०	२४१०	१९८१	८२.२०
२२४०० सेवा तथा परामर्श खर्च	३७२७	३७२७	२९०४	७७.९२
२२५०० कार्यक्रम सम्वन्धी खर्च	४३५०५	४३००५	७८३५	१८.२२
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	१७५०	१७५०	१०३०	५८.८६
२२७०० विविध खर्च	७७०	७७०	७६९	९९.८७
२८१०० सम्पत्ति सम्वन्धी खर्च	६००	६००	०	०.००
अन्य (बाँकी खर्च शीर्षकहरू)	४२५३	४२५३	३०९६	७२.८०
जम्मा	**७७६००**	**७७६००**	**२९७१८**	**३८.३०**
पुँजीगत खर्च				
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	१८०००	१८०००	५१९०	२८.८३
कुल जम्मा	**९५६००**	**९५६००**	**३४९०८**	**३६.५१**

उल्लिखित विवरणअनुसार चालु खर्च ३८.३० प्रतिशत, पुँजीगत खर्च २८.८३ प्रतिशत र समग्रमा ३६.५१ प्रतिशत खर्च भएको छ।

३. **एकीकृत वित्तीय विवरण -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २५ र नियमावली, २०७९ को नियम ६५ बमोजिम वित्तीय विवरण तयार गरी भाद्र मसान्तभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। यो वर्ष केन्द्रीय लेखा तथा एकीकृत वित्तीय विवरण तयार गरेको छैन। कानुन बमोजिम तोकिएको ढाँचामा एकीकृत वित्तीय विवरण तयार गरी पेस गर्नुपर्दछ।

४. **दिगो विकास लक्ष्य -** प्रदेशले दिगो विकास लक्ष्य आन्तरिकीकरण र स्थानीयकरण मार्गचित्र २०७९-२०८७ तयार गरेको छ। आयोगको विवरणअनुसार दिगो विकास लक्ष्य र तिनको उपलब्धि स्थिति निम्नानुसार छः

क्र.सं.	सूचक	इकाइ	आ.व २०८१।८२ को लक्ष्य	आ.व २०८१।८२ सम्मको प्रगति
१	गरिबीको अन्त्य (बहुआयामिक गरिबी सूचकाङ्क -MPI)	प्रतिशत	९.६	११.६
२	भोकमरीको अन्त्य (खाद्यान्न उपलब्धता - अन्न)	के.जी. प्रतिव्यक्ति	३४०	३३८
३	स्वच्छ पिउनेपानी तथा सरसफाइ (आधारभूत खानेपानी पहुँच)	प्रतिशत	९५.३	९४.४
४	किफायती स्वच्छ ऊर्जा (विद्युत जडित क्षमता)	मेगावाट	१०५०	८२४
५	मर्यादित काम र आर्थिक वृद्धि (आर्थिक वृद्धिदर)	प्रतिशत	६.८	३.२७
६	उद्योग नविन खोज र पूर्वाधार (जिडिपीमा उद्योगको योगदान)	प्रतिशत	६.१	५.७
७	दिगो शहर (सुरक्षित आवासमा बस्ने जनसङ्ख्या)	प्रतिशत	४२.८	४०.३
८	जलवायु (जलवायु अनुकूलन योजना तर्जुमा गर्ने स्थानीय तह)	सङ्ख्या	६५	४५
९	वन, जलाधार र जैविक विविधता (वनले ढाकेको क्षेत्र)	प्रतिशत	३८.५	३७.९

उल्लिखित विवरणअनुसार प्रदेश सरकारले ९ वटा लक्ष्य निर्धारण गरी गरिबीको अन्त्य सूचकमा ९.६ प्रतिशतबाट ११.६ प्रतिशत प्रगति भएको छ। भोकमरीको अन्त्य, स्वच्छ पिउने पानी तथा सरसफाइ, स्वच्छ ऊर्जा, दिगो शहर जलवायु, मर्यादित काम, सम्मानित ज्याला र आर्थिक वृद्धि जस्ता लक्ष्यअनुसार प्रगति हासिल हुन सकेको देखिँदैन। दिगो विकास लक्ष्य बमोजिम प्रगति हासिल हुनेगरी कार्यान्वयन हुनुपर्दछ।

५. **आवधिक योजना अवस्था -** प्रदेश सभामा प्रस्तुत भएको २०८१।८२ को नीति तथा कार्यक्रमको बुँदा नं. ६ मा गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजनाका उपलब्धि र रणनीतिलाई समीक्षा गर्दै दोस्रो पञ्चवर्षीय योजनाले "आत्मनिर्भर र समुन्नत प्रदेशः सुखी प्रदेशबासी" को सोच लिएको छ। विकासशील मुलुकमा स्तरोन्नति, दिगो विकास लक्ष्य प्राप्ति, मौलिक हक कार्यान्वयन जस्ता राष्ट्रिय सङ्कल्पप्रति प्रतिबद्धता जनाउँदै सोह्रौं योजना तथा स्थानीय तहका आवधिक योजनासँग सामञ्जस्यता कायम गरेको उल्लेख छ। गण्डकी प्रदेशको दोस्रो पञ्चवर्षीय योजनाले अपेक्षा गरेका लक्ष्य तथा प्रगतिको विवरण देहायअनुसार रहेको छः

क्र.सं.	आवधिक योजनाको विवरण	लक्ष्य	२०७९।८० को यथार्थ अवस्था	२०८०।८१ को अनुमान	२०८५।८६ को लक्ष्य
१	आर्थिक वृद्धि	प्रतिशत	३.६९	४.२३	१०.३८
२	कुल गार्हस्थ्य उत्पादन	दशलमा	४२९१७१	४५७६६५	६९३८०३
३	गरिबी दर	प्रतिशत	११.८८	११	७
४	बहुआयमिक गरिबी	प्रतिशत	९.६	१०	६
५	प्रति व्यक्ति आय	डलर	१४९९	१५९६	२५००
६	रोगजारीमा औपचारिक क्षेत्रको हिँसा	प्रतिशत	४४	४४.१	५५
७	वित्तीय तथा बिमा क्रियाकलाप कुल गार्हस्त उत्पादनमा	प्रतिशत	५.९८	४.५५	८.३६
८	आन्तरिक राजस्व सङ्कलन	रु. करोड	५०९	५१७	७२६
९	कूल बजेट खर्च	रु. करोड	३५९१	३३४३	४२१७
१०	आन्तरिक ऋण परिचालन	रु. करोड	२००	१७०	२३२

*(**स्रोत**: प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय योजना)*

मध्यमकालीन खर्च संरचनाले आर्थिक वर्ष २०८१।८२ मा परिमाणात्मक लक्ष्य निर्धारण गरेको छ। सो बमोजिमको प्रगति मूल्याङ्कन नभएकोले यकिन गर्न सकिएन।

६. **मध्यमकालीन खर्च संरचना -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ५ मा प्रत्येक आर्थिक वर्षको बजेट तर्जुमा गर्नु अघि आगामी ३ वर्षको आम्दानी र खर्च प्रक्षेपणसहितको मध्यमकालीन खर्च संरचना तयार गर्दा आवधिक योजनालाई मार्गदर्शनको रूपमा लिनुपर्ने व्यवस्था छ। मध्यमकालीन खर्च संरचना अनुसार प्रदेश सरकारको २०८१।८२ को चालु तथा पुँजीगत बजेटको अनुमान देहायअनुसार छः

(रु. हजारमा)

शीर्षक	आवधिक योजनाको अनुमान	मध्यमकालीन खर्च संरचनाको अनुमान	वार्षिक बजेटको अनुमान	विनियोजन प्रतिशत
चालु खर्च	१३८६७४००	१३४०५०००	१३१३५४८२	३७.३१
पुँजीगत खर्च	२०४५२०००	१९८५२०००	१९५४३०९३	५५.५२
वित्तीय व्यवस्था	८८०६००	६४३००	३०००००	०.८५
जम्मा	**३५२००००० **	**३३९००००० **	**३२९७८५७५**	**९३.६८**

उपर्युक्त तालिकाअनुसार वार्षिक बजेट अनुमान, आवधिक योजनाको तुलनामा ९३.६८ प्रतिशत, मध्यमकालीन खर्च संरचनाको तुलनामा चालुखर्च ३७.३१, पुँजीगतखर्च ५५.५२ प्रतिशत र वित्तीय व्यवस्था ०.८५ प्रतिशत विनियोजन गरेको देखिन्छ। आवधिक योजनाको बजेट अनुमान रु.३५ अर्ब २० करोड, मध्यमकालीन खर्च संरचनाको अनुमान रु.३३ अर्ब ९० करोड तथा वार्षिक बजेटको अनुमान रु.३२ अर्ब ९७ करोड रहेको छ। आवधिक योजना र मध्यमकालीन खर्च संरचनासँग तालमेल नभएको हुँदा वार्षिक बजेटबीच तालमेल हुनेगरी वार्षिक बजेट तर्जुमा गर्नुपर्दछ।

७. **रूपान्तरणकारी योजना** - प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय योजना (२०८१।८२-२०८५।८६) मा प्रदेश सरकारको लगानी, प्रदेश तथा स्थानीय तह साझेदारी, प्रदेश तथा सङ्घ साझेदारी, सङ्घ-प्रदेश-स्थानीय तह साझेदारी, अन्तरप्रदेश साझेदारी, सार्वजनिक निजी साझेदारी, दातृ निकायको सहयोग, निजी लगानीमा विकास तथा सञ्चालन हुनेगरी प्रदेशले एकल लगानीमा १०, प्रदेश तथा स्थानीय तहको साझेदारीमा ११, सङ्घ प्रदेश साझेदारीमा १२, सङ्घ प्रदेश स्थानीय तह साझेदारीमा १२, अन्तरप्रदेश साझेदारीमा ५, सार्वजनिक निजी साझेदारीमा ५, निजी लगानीमा ६ र वैदेशिक सहयोगमा प्रस्तावित ७ गरी जम्मा ६८ प्रदेश समुन्नतिका रूपान्तरणकारी कार्यक्रम तथा आयोजना घोषणा भएको छ। यो वर्ष बजेट तथा खर्चको अवस्था बारेमा प्रगति विवरण तयार गरेको देखिएन। रूपान्तरणकारी योजनाको प्रगति प्रतिवेदन तयार गरी अभिलेख गर्नुपर्दछ।

८. **निर्णय कार्यान्वयन** - प्रदेश तथा स्थानीय तह अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७७ मा प्रदेश विकास समस्या समाधान समितिको व्यवस्था छ। समितिले प्रदेश तथा स्थानीय तहमा विकास कार्यक्रम र आयोजनाहरूको नीतिगत, व्यवहारगत, कानुनी, कार्यविधिगत तथा अन्य समस्याहरू समाधानका लागि कार्य गर्दै आएको छ। समितिले ३ पटक बैठक बसी उपयोगमा नआएको झोलुङ्गे पुलको तथ्याङ्क, मनोरञ्जन कर, मर्मतसम्भार कोष स्थापना लगायतका २२ निर्णय गरेकोमा ५ पूर्ण र १३ आंशिक कार्यान्वयन भएका छन्। समितिको निर्णय कार्यान्वयनको सुनिश्चतता हुनुपर्दछ।

९. **एकीकृत तथ्याङ्क** - प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्यान्वयन आदेश), २०८१ को बुँदा ८ मा आयोगको काम, कर्तव्य तथा अधिकारको व्यवस्था छ। निकायगत आवधिक योजनाको प्रगति मापन प्रणाली तयार गरेको भएपनि प्राविधिक समन्वय नहुँदा प्रयोगमा आएको छैन। कानुन निर्माण तथा तथ्याङ्कको "डिजिटल भण्डार" कार्य भएपनि विषयगत मन्त्रालयको तथ्याङ्क अभिलेख भएको छैन। एकीकृत तथ्याङ्क प्रणालीको विकास गरी विश्वसनीय तथा भरपर्दो तथ्याङ्क अभिलेख व्यवस्था हुनुपर्दछ।

१०. **वार्षिक प्रतिवेदन** - प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०८१ को दफा २३ मा आयोगले यो वर्ष गरेका प्रमुख काम र त्यसबाट हासिल उपलब्धि, आर्थिक विकासका अवसर तथा सम्भावना, विकासका प्राथमिकताको विषय समेटी वार्षिक प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। आयोगले यो वर्षको वार्षिक प्रतिवेदनमा आयोजना बैङ्क कार्यविधि, अनुदानका कार्यविधि, मध्यमकालीन खर्च संरचनाको विषय एकीकृत गरेको भए तापनि रूपान्तरणकारी योजना कार्यान्वयनको मार्गचित्र, आयोजना बैङ्कको कार्यान्वयन अवस्था, विश्वविद्यालय तथा अन्य प्राज्ञिक संस्थासँग नीति अनुसन्धानमा सहकार्य गर्ने विषय समेटिएको पाइएन। वार्षिक प्रतिवेदनमा रूपान्तरणकारी योजना मार्गचित्र आयोजना बैङ्कको स्थिति र प्राज्ञिक संस्थाको सहकार्य विषय समेटी वार्षिक प्रतिवेदन तयार गर्नुपर्दछ।

११. **निर्णय कार्यान्वयन** - प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, २०८१ को दफा ६ मा आयोगको बैठक वर्षको आवश्यकता अनुसार बस्ने व्यवस्था छ। प्रदेशको वार्षिक

कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, तहगत समन्वय, अध्ययन अनुसन्धान तथा अन्वेषणमा छलफलको लागि ६ पटक बैठक बसेको छ। आर्थिक सूचकहरूको समीक्षा गरी मन्त्रालयलाई निर्देशन दिने, दोस्रो पञ्चवर्षीय योजनाको कार्यान्वयनको लागि सक्रियता लिने, बजेट सीमा निर्धारण गर्ने, मध्यमकालीन खर्च संरचना स्वीकृत गर्ने जस्ता १२ निर्णय गरेको छ।

१२. **प्रतिवेदन कार्यान्वयन -** प्रदेश नीति तथा योजना आयोगको (गठन तथा कार्य सञ्चालन) आदेश, २०८१ को दफा ८ मा आयोगले अध्ययन, अनुसन्धान तथा अन्वेषणसम्बन्धी काम गर्ने उल्लेख छ। आयोगले यो वर्ष गण्डकी प्रदेशको जलवायु बहु-जोखिम नक्साङ्कन र पहिचानसम्बन्धी २ विषयको अध्ययन गरेको छ। विस्तृत आयोजना अध्ययन प्रतिवेदनमा लाभलागत तथा स्रोत व्यवस्थापन ढाँचा खुलाएको र विषयगत मन्त्रालयको कार्यक्षेत्रका विषयमा विषयगत मन्त्रालयसँग समन्वय गरेको देखिएन। आयोगले अध्ययन प्रतिवेदन समन्वयात्मक तवरले कार्यान्वयन गर्नुपर्दछ।

१३. **आयोजना बैङ्क -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा १६ मा बजेट प्रस्ताव गर्दा आयोजना बैङ्कमा प्रविष्टि भएका आयोजना प्रस्ताव गर्ने व्यवस्था छ। आयोगले साना, सैद्धान्तिक, बहुवर्षीय र सालबसाली गरी यसवर्ष ७४५ आयोजना अभिलेख गरेको छ। आयोजना बैङ्कबाट बजेट तथा कार्यक्रम निर्माण हुन सकेको छैन। आयोजना बैङ्कको आधारमा बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्दछ।

१४. **आयोजना स्वीकृति -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ९(१) अनुसार पुँजीगत प्रकृतिको नयाँ योजना तथा कार्यक्रमको लागि बजेट प्रस्ताव गर्दा सम्भाव्यता अध्ययन प्रतिवेदन तयारीको आधारमा प्राविधिक र आर्थिक पुष्टयाई सहित प्रस्ताव गर्नुपर्ने, आयोजना तथा कार्यक्रमको लागि बजेट प्रस्ताव गर्दा आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय उपयुक्तताको आधारमा प्रतिफलको विचार गरी स्वीकृत गर्नुपर्ने व्यवस्था छ। जिल्लास्तरीय आयोजना प्रदेश नीति तथा योजना आयोग वा मन्त्रालयको सचिवले र प्रदेशस्तरीय आयोजना प्रदेश योजना आयोग वा मन्त्रालयले स्वीकृत गर्नुपर्ने व्यवस्था छ। आयोजना कार्यान्वयन गर्नको लागि विस्तृत सर्वेक्षण, ड्रइङ्ग, डिजाइन, लागत अनुमान र सो अनुसार वार्षिक कार्यक्रम निश्चित गरी बजेट तर्जुमा गर्नुपर्नेमा गरेको छैन। पूर्व तयारी पुरा भएका आयोजना प्राथमिकीकरण गरी सञ्चालन गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा अध्ययन अनुसन्धानको प्रतिवेदन, प्रदेश गौरवका आयोजनाहरूको अनुगमन प्रतिवेदन तयार नगरेको, प्रदेश विकास समस्या समाधान समितिको निर्णय कार्यान्वयन नगरेको लगायतका बेहोरा औँल्याइएकोमा यस सम्बन्धमा सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण -** आयोगको यो वर्ष लगती बेरुजु देखिएको छैन। यससम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ।

प्रदेश लोक सेवा आयोग

नेपालको संविधानको धारा २४४ अनुसार प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार प्रदेश कानुन बमोजिम हुने व्यवस्था छ। प्रदेश लोक सेवा आयोग ऐन, २०७६ अनुसार प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, प्रदेशको अन्य सरकारी सेवा, स्थानीय तह समेतको सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको पदमा उपयुक्त उम्मेदवारमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामूखी बनाउन २०७७।१२।११ मा आयोगको स्थापना भएको हो।

१. **लेखापरीक्षण अङ्क -** यो वर्ष आयोगको रु.१५ करोड ९६ लाख ५० हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य	जम्मा
९८११६	६११६२	३१५	५७	१५९६५०

२. **बजेट तथा खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त आर्थिक सङ्केत तथा वर्गीकरणअनुसार आयोगको यस वर्षको खर्चको विवरण देहायबमोजिम छ।

(रु.हजारमा)

खर्च शीर्षक	सुरु विनियोजन	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक/सुविधा	३४४१३	३४११३	२२२८२	६५.३२
२२१०० सेवा महसुल	३०६०	२७१०	२०२०	७४.५४
२२२०० पुँजीगत सम्पतिको सञ्चालन	४२६५	३०६५	२१०६	६८.७१
२२३०० कार्यालय सामान तथा सेवा	२८००	२४००	२१९०	९१.२५
२२४०० सेवा तथा परामर्श	७१५६	६१५६	५२९४	८६.००
२२५०० कार्यक्रम्सम्बन्धी खर्च	५७६१०	५६९६०	५४२६३	९५.२७
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण	१६००	१६००	१२५३	७८.३१
२२७०० विविध खर्च	१०००	१०००	१०००	१००.००
२८१०० सम्पत्ति सम्बन्धी खर्च	३०२०	३०२०	२४९३	८२.५५
जम्मा	**११४९२४**	**१११०२४**	**९२९०१**	**८३.६८**
पुँजीगत खर्च				
३११०० स्थिर सम्पत्ति प्राप्ति	१०९००	५८००	५२१५	८९.९१
कुल जम्मा	**१२५८२४**	**११६८२४**	**९८११६**	**८३.९९**

उल्लिखित विवरणअनुसार चालुतर्फ ८३.६८ प्रतिशत, पुँजीगततर्फ ८९.९१ प्रतिशत र समग्रमा ८३.९९ प्रतिशत खर्च भएको छ।

३. **एकीकृत वित्तीय विवरण -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २५ र नियमावली, २०७९ को नियम ६५ बमोजिम वित्तीय विवरण तयार गरी भाद्र मसान्तभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। यो वर्ष केन्द्रीय लेखा तथा एकीकृत

वित्तीय विवरण तयार गरेको छैन। कानुन बमोजिम तोकिएको ढाँचामा एकीकृत वित्तीय विवरण तयार गरी पेस गर्नुपर्दछ।

४. **पाठ्यक्रम निर्माण -** प्रदेश लोकसेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०८० को दफा ८ मा पाठ्यक्रम निर्माण गरी सार्वजनिक गर्ने व्यवस्था छ। आयोगले हालसम्म विभिन्न सेवा समूहका प्राविधिक र अप्राविधिक तर्फका चौथो तहदेखि एघारौं तहसम्म ११४ प्रकारका पदको पाठ्यक्रम निर्माण गरेको छ।

५. **विज्ञापन तथा सिफारिस -** प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा २६ मा पद सङ्ख्या निर्धारण भएपछि विज्ञापन प्रकाशन गर्ने तथा दफा ३६ मा योग्यताक्रम अनुसारका उम्मेदवारलाई नियुक्तिको लागि सिफारिस गर्ने सम्बन्धी व्यवस्था छ। वार्षिक कार्यतालिका बमोजिम माग सङ्कलन गरी आर्थिक वर्ष २०८१।८२ मा आयोगले प्रदेश सरकार अन्तर्गतका निकाय र कार्यालयको लागि २९४, स्थानीय तहको लागि ४७४ र प्रदेश सङ्गठित संस्थाको लागि १० पद समेत कुल ७७८ पदमा विज्ञापन प्रकाशन गरेको छ। आर्थिक वर्ष २०८०।८१ मा प्रकाशित विज्ञापनमध्ये अन्तर्वार्ता हुन बाँकी पदको अन्तर्वार्ता सम्पन्न भई यस वर्ष आयोगबाट प्रदेशतर्फ २६६, स्थानीय तहतर्फ १ हजार ११८ र प्रदेश सङ्गठित संस्थातर्फ ६ गरी जम्मा १ हजार ३९० उम्मेदवारलाई नियुक्तिको लागि सिफारिस गरेको छ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा नीति तथा कार्यक्रम कार्यान्वयन नभएको, प्रदेश सेवाका पदहरू पूर्ति नगरेको, पाठ्यक्रम निर्माण नगरेको लगायतका बेहोरा औंल्याएकोमा यो वर्ष पनि सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** - आयोगको लेखापरीक्षणबाट यस वर्ष लगती बेरुजु देखिएको छैन। यससम्बन्धी विवरण **अनुसूची-**९ मा रहेको छ।

मुख्य न्यायाधिवक्ताको कार्यालय

नेपालको संविधानको धारा १६० बमोजिम प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक हित वा सरोकार रहेको मुद्दामा संविधान वा कानुनको व्याख्या सम्बन्धी कुनै जटिल संवैधानिक वा कानुनी प्रश्न समावेश भएको वा प्रदेशको सन्दर्भमा सार्वजनिक महत्त्व वा सार्वजनिक सरोकारको विषय निहित रहेको मुद्दामा प्रदेश सरकारको तर्फबाट अदालतमा उपस्थित भई बहस पैरवी गर्ने, गराउने उद्देश्यले यस कार्यालयको स्थापना भएको हो।

१. **लेखापरीक्षण नभएको -** कार्यालयको आ.व.२०८१।८२ को विनियोजनतर्फ रु.१ करोड ९२ लाख ८५ हजार, राजस्वतर्फ रु.३७ हजार, धरौटीतर्फ रु.१ लाख १ हजार र कार्य सञ्चालन कोषतर्फ रु.१ लाख ६ हजार गरी कुल रु.१ करोड ९५ लाख २९ हजारको २०८२ भाद्र २३ र २४ गतेको भौतिक सम्पत्ति, स्रेस्ता, कागजात, अभिलेख तथा अन्य अभिलेख क्षति भएको जानकारी पेस गरेको तर स्रेस्ता तथा अभिलेख पेस नगरेकोले परीक्षण गर्न सकिएन। चालु वर्षको स्रेस्ता परीक्षण गर्न नसकिए तापनि दीर्घकालीन असर पर्ने सेवा प्रवाह तथा मुद्दाको अभिलेख सङ्कलन गरी अद्यावधिक गर्नुपर्ने देखिन्छ।

२. **बजेट तथा खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट आर्थिक सङ्केत तथा वर्गीकरणअनुसार कार्यालयको यो वर्षको बजेट खर्चको विवरण देहाय बमोजिम रहेको छ।

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक / सुविधा	८५१७	८५१७	८०६७	९४.७२
२२१०० सेवा महसुल	२८३	३८३	२६५	६९.२१
२२३०० कार्यालय सामान तथा सेवाहरू	१०३०	१०३०	८६६	८४.०७
२२४०० सेवा तथा परामर्श खर्च	१११८	१११८	१०५९	९४.६८
२२५०० कार्यक्रम सम्बन्धी खर्चहरू	९८३०	९४३०	६२१४	६५.९०
२२६०० अनुगमन,मूल्याङ्कन र भ्रमण खर्च	२९०	२९०	२३९	८२.२७
२२७०० विविध खर्च	४५०	४५०	३०२	६७.२१
अन्य (बाँकी खर्च शीर्षकहरू)	१८२७	२१२७	१८९४	८९.०७
जम्मा	**२३३४५**	**२३३४५**	**१८९०६**	**८०.९९**
पुँजीगत खर्च				
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	१५००	१५००	३७९	२५.२६
कुल जम्मा	**२४८४५**	**२४८४५**	**१९२८५**	**७७.६२**

उल्लिखित विवरणअनुसार चालुतर्फ ८०.९९ प्रतिशत, पुँजीगततर्फ २५.२७ प्रतिशत र समग्रमा ७७.६२ प्रतिशत खर्च भएको छ।

३. **एकीकृत वित्तीय विवरण -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २५ र नियमावली, २०७९ को नियम ६५ बमोजिम वित्तीय विवरण तयार गरी भाद्र मसान्तभित्र

प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। यो वर्ष केन्द्रीय लेखा तथा एकीकृत वित्तीय विवरण तयार गरेको छैन। कानुन बमोजिम तोकिएको ढाँचामा एकीकृत वित्तीय विवरण तयार गरी पेस गर्नुपर्दछ।

४. **मुद्दा दर्ता तथा बहस पैरवी -** मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका सर्तसम्बन्धी ऐन, २०७५ को दफा ४ मा मुख्य न्यायाधिवक्ताको काम कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था रहेको छ। यो वर्ष गण्डकी प्रदेश सरकार अन्तर्गत कार्यालयहरूलाई विपक्षी बनाइ दर्ता भएका उत्प्रेषण, परमादेश, प्रतिशेध, अधिकारपृच्छा लगायतका रिट निवेदन तथा, पुनरावेदन, अदालतको अवहेलना समेत गरी ८६ मुद्दा र गत वर्षको बाँकी ८३ मुद्दा सहित जम्मा १६९ मुद्दाको लगत रहेकोमा कार्यालयबाट यो वर्ष प्रदेश र मातहतको निकायको तर्फबाट ६० मुद्दामा बहस पैरवी गरी १०९ बाँकी रहेको छ।

अनुगमन तथा बेरुजु

- **बेरुजु रकमको विवरण** - कार्यालयको लेखापरीक्षणबाट यस वर्ष लगती बेरुजु देखिएको छैन। यस सम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ।

खण्ड

२

स्थानीय तह

स्थानीय तह

नेपालको संविधानको अनुसूची-८ मा व्यवस्था भएका स्थानीय तहका एकल अधिकार एवं अनुसूची-९ मा भएको साझा अधिकारले परिलक्षित गरेका कार्यसम्पादन गर्न स्थानीय तहहरूबाट कानुन निर्माण, आर्थिक तथा मानवीय स्रोत व्यवस्थापन एवं परिचालन गरी स्थानीय तहमा सेवा प्रवाह भई रहेको छ। जनताको सबैभन्दा नजिकको सरकारको रूपमा स्थानीय तहको गठन भई संविधान बमोजिम कानुन निर्माण गर्ने, स्थानीय बासिन्दाको आवश्यकता, माग र प्राथमिकताका आधारमा योजना तर्जुमा गर्ने, आर्थिक स्रोत साधनको अनुमान, व्यवस्थापन र स्रोतको दक्षतापूर्ण उपयोग गर्ने, सहभागितात्मक तवरले विकास निर्माण सञ्चालन गर्ने र स्वामित्वबोध गराउने, शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन तथा वन व्यवस्थापन, फोहरमैला व्यवस्थापन, स्थानीय सेवा प्रवाह, सार्वजनिक जग्गा संरक्षण र स्थानीय विवाद समाधान गर्ने, गरेका काम कारबाहीको तथ्याङ्क तथा अभिलेख राख्ने लगायतका कार्यहरू स्थानीय तहबाट सम्पादन भइरहेका छन्।

१. **संवैधानिक र कानुनी व्यवस्था** - नेपालको संविधानको धारा २१४ मा स्थानीय तहको कार्यकारिणी अधिकार संविधान र सङ्घीय कानुनको अधीनमा रही गाउँ कार्यपालिका वा नगर कार्यपालिकामा निहित हुने तथा गाउँपालिका र नगरपालिकाको शासन व्यवस्थाको निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा गाउँ कार्यपालिका र नगर कार्यपालिकाको हुने साथै धारा २२१ मा स्थानीय तहका व्यवस्थापकीय अधिकार गाउँ सभा र नगर सभामा निहित रहने व्यवस्था छ। त्यसैगरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत तथा शासन पद्धतिलाई सुदृढ गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा रहेको छ।

२. **संवैधानिक र कानुनी व्यवस्था -** नेपालको संविधानको धारा २१४ बमोजिम स्थानीय तहको कार्यकारिणी अधिकार संविधान र सङ्घीय कानुनको अधीनमा रही गाउँ/नगर कार्यपालिकामा निहित हुने र धारा २२१ मा व्यवस्थापिकीय अधिकार गाउँ सभा र नगर सभामा रहने व्यवस्था छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा गाउँपालिका र नगरपालिकाको हुने उल्लेख छ।

३. **काम, कर्तव्य र अधिकार -** संविधानको अनुसूची-८ मा उल्लेख भए अनुसार स्थानीय तहको अधिकार क्षेत्र अन्तर्गत स्थानीय कर, दस्तुर, स्थानीय सेवाको व्यवस्थापन, स्थानीयस्तरका विकास आयोजना, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाइ, स्थानीय, ग्रामीण तथा कृषि सडक र सिँचाइ, कृषि तथा पशुपालन, ज्येष्ठ नागरिक, अशक्तहरूको व्यवस्थापन, नगर प्रहरी, सहकारी संस्था, एफ.एम. सञ्चालन लगायतका विषय रहेका छन्। सोबाहेक स्थानीय तहले सङ्घ तथा प्रदेशसँगको सहकार्यमा प्रयोग गर्ने साझा अधिकार संविधानको अनुसूची-९ मा उल्लेख छ। सङ्घ वा प्रदेशले संविधान तथा प्रचलित कानुनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रको कुनै विषय स्थानीय तहलाई कानुन बनाइ निक्षेपण गर्नसक्ने समेत व्यवस्था छ।

४. **स्थानीय तहको संरचना -** कुल ७५३ स्थानीय तहमध्ये गण्डकी प्रदेशमा ८५ स्थानीय तह रहेकोमा स्थानीय तहको सङ्ख्या, सिमाना, जनसङ्ख्या, भूगोल, प्रशासनिक सुगमता, पूर्वाधार विकासको अवस्था, आर्थिक सक्षमता, प्राकृतिक स्रोत साधनको उपलब्धता र भाषिक सांस्कृतिक तथा सामुदायिक बनौटको

आधारमा महानगरपालिका १, नगरपालिका २६ र गाउँपालिका ५८ रहेका छन्। गाउँपालिकामा ५ देखि २१ तथा नगरपालिकामा ९ देखि ३५ वडा रहने गरी स्थानीय तह गठन हुने व्यवस्था रहेकोमा यस प्रदेशमा जम्मा वडा ७५९ रहेका छन्।

५. **कानुन निर्माण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधीनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाइ कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। स्थानीय तह सञ्चालनको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ५२ नमुना कानुन उपलब्ध गराएको देखिन्छ। स्रोत सङ्कलन, विकास निर्माण तथा सेवा प्रवाहको लागि आवश्यक पर्ने सबै कानुन स्थानीय तहले बनाएका छैनन्। आवश्यकता अनुसारका कानुन बनाउन नसक्दा स्थानीय तहको कार्यसम्पादन, सेवा प्रवाहमा समेत प्रभावकारिता आउनसकेको छैन। कार्यसम्पादन र नतिजा प्राप्तिका लागि आवश्यक कानुन निर्माणमा स्थानीय तह थप सक्रिय हुनुपर्ने बेहोरा गत विगत वर्ष औंल्याइएकोमा यो वर्ष पनि स्थिति यथावत् छ।

६. **आर्थिक कार्यप्रणाली** - स्थानीय तहको आर्थिक कार्यविधिलाई व्यवस्थित गर्न स्थानीय तहहरूले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ अनुकूल हुने गरी आर्थिक कार्यविधि सम्बन्धी कानुन बनाउन बाँकी रहेको छ। आर्थिक कारोबार सञ्चालन गर्ने कार्य स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्था अनुसार गरेको छ। वित्तीय अनुशासन, जवाफदेहिता र पारदर्शिता प्रवर्धन हुनेगरी आर्थिक कारोबार सञ्चालन गर्न तत्सम्बन्धी कानुन बनाइ लागु गर्नुपर्दछ।

७. **समग्र आय व्यय** - यो वर्ष लेखापरीक्षण भएका ८५ स्थानीय तहको देहाय अनुसार गत वर्षको जिम्मेवारी रु.६ अर्ब ८२ करोड ५३ लाख ८० हजार र यो वर्षको आय रु.६३ अर्ब ७६ करोड ९८ लाख १३ हजारमध्ये रु.६३ अर्ब ७३ करोड ४ लाख १ हजार खर्च भएको छ। कुल खर्चमध्ये चालु खर्च रु.३२ अर्ब ४७ करोड ३६ लाख ९८ हजार, पुँजीगत खर्च रु.१५ अर्ब ७३ करोड ३० लाख ३३ हजार र वित्तीय तथा अन्य खर्च रु.१५ अर्ब ५२ करोड ३६ लाख ७० हजार गरी रु.६ अर्ब ८६ करोड ४७ लाख ९२ हजार आगामी वर्षको लागि जिम्मेवारी सरेको छ।

(रु.हजारमा)

विवरण	सङ्ख्या	लेखापरीक्षण रकम	बेरुजु		सुरु मौज्दात	सङ्घियबाट अनुदान	प्रदेशबाट अनुदान	राजस्व बाँडफाँट	आन्तरिक आय	अन्य आय	कुल आय	चालु खर्च	पुँजीगत खर्च	वित्तीय खर्च	कुल खर्च	मौज्दात बाँकी
			रकम	प्रतिशत												
महानगरपालिका	१	१५२१९२३७६	२१०८२९	१.३९	७०४९२६	३५४१३८१	९३३८१	१२३८३७५	११४४६३८	१६०२५००	७६२०२७५	२८०१०५५	२५४९११४	२२४१९३२	७५९२१०१	७३३१००
नगरपालिका	२६	५३१४२५८१	५९१४०७	१.११	२१४९२१७	१४७०७२८३	६९१९९३	३४३५०२०	१५२८४१२	६२३७६६७	२६६००३७५	१३४८४४२७	६२२८९६०	६८२८८१९	२६५४२२०६	२२०७३८६
गाउँपालिका	५८	५९१४५२५६	५४७७१३	०.९३	३९७१२३७	१७२८२६९९	१०२९४४१	४६८५३६७	८५४६२७	५६९७०२८	२९५४९१६३	१६१८८२१६	६९५४९५९	६५२२९१९	२९५१६०९४	३९२४३०६
जम्मा	**८५**	**१२७५००२१३**	**१३४९९४९**	**१.०६**	**६८२५३८०**	**३५५३१३६३**	**१८१४८१५**	**९३५८७६२**	**३५२७६७७**	**१३५३७१९५**	**६३७६९८१३**	**३२४७३६९८**	**१५७३३०३३**	**१५५२३६७०**	**६३७३०४०१**	**६८६४७९२**

उपरोक्त सङ्घीय र प्रदेश अनुदान रकममा अन्तर सरकारी अख्तियारीको रकम समेत समावेश छ। यस सम्बन्धी विस्तृत विवरण **अनुसूची-१४** मा समावेश छ।

८. **वित्तीय हस्तान्तरण** - महालेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्ष सङ्घीय सञ्चित कोष तथा प्रदेश सञ्चितकोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको स्थिति निम्नानुसार छ।

(रु.हजारमा)

क्र.सं.	अनुदानको किसिम	स्वीकृत बजेट			यथार्थ हस्तान्तरण		
		सङ्घ	प्रदेश	जम्मा	सङ्घ	प्रदेश	जम्मा
१	समानीकरण	८९९१६००	११६००००	१०१५१६००	८२४६८०५	११६००००	९४०६८०५
२	सशर्त	२७१००८१०	२४०००	२७१२४८१०	२३२६३१३८	२४१९४	२३२८७३३२
३	विशेष	९१५५००	२७८०००	११९३५००	६१८०५८	२११५०५	८२९५६३
४	समपूरक	१०४२५००	५४८०००	१५९०५००	६६७९९५	३४७१४३	१०१५१३८
	जम्मा	**३८०५०४१०**	**२०१००००**	**४००६०४१०**	**३२७९५९९६**	**१७४२८४२**	**३४५३८८३८**

स्थानीय तहका लागि स्वीकृत वित्तीय हस्तान्तरणमध्ये नेपाल सरकारबाट ९४.९५ प्रतिशत तथा प्रदेश सरकारबाट ५.०५ प्रतिशत हस्तान्तरण भएको छ।

९. **आन्तरिक स्रोत -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५४ देखि ६३ सम्म स्थानीय तहले लगाउन सक्ने कर तथा शुल्क सम्बन्धी व्यवस्था रहेको छ। यो वर्ष लेखापरीक्षण भएका ८५ स्थानीय तहको २०८१।८२ को कुल आन्तरिक आय रु.३ अर्ब ५२ करोड ७६ लाख ७७ हजार रहेको छ। स्थानीय तहको आन्तरिक आयले चालु खर्चसमेत धान्न नसकेको अवस्था छ। स्थानीय तहको राजस्व क्षमता बढाई आन्तरिक आयमा वृद्धि गर्नुपर्दछ।

१०. **खर्च व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा बजेट पेस र पारित तथा दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि उल्लेख छ। गण्डकी प्रदेशमा रहेका ८५ स्थानीय तहको कुल खर्चमध्ये चालु खर्च रु.३२ अर्ब ४७ करोड ३६ लाख ९८ हजार (५०.९५ प्रतिशत), पुँजीगत खर्च रु.१५ अर्ब ७३ करोड ३० लाख ३३ हजार (२४.६९ प्रतिशत) र वित्तीय तथा अन्य खर्च रु.१५ अर्ब ५२ करोड ३६ लाख ७० हजार (२४.३६ प्रतिशत) खर्च भएको छ। यस स्थितिले अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१(४) बमोजिम स्थानीय तहले आफूले उठाएको आन्तरिक राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व तथा व्ययको अनुमान पेस गर्नुपर्ने प्रावधानको पालना हुन सकेको छैन।

११. **प्रदेश र स्थानीय तह बीचको सम्बन्ध -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ मा प्रदेश तथा स्थानीय तहले गर्ने काम कारबाहीमा नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँट लगायतका अन्तर सम्बन्धित विषयहरूमा समन्वय कायम गर्न प्रदेश समन्वय परिषद् रहने व्यवस्था छ। सबै प्रदेशले प्रदेश समन्वय परिषद्को बैठक सम्पन्न गरे पनि प्रदेश सरकारले स्थानीय तहमा हस्तान्तरण गर्नुपर्ने साना योजनाहरू आफैंले सञ्चालन गरेको, स्थानीय तहले राजस्व बाँडफाँट गरी पठाउनुपर्ने सबै रकम प्रदेश सरकारलाई नपठाएको लगायतको स्थिति देखिएको छ। साझा अधिकार सूचीमा रहेका कार्यको कार्यसम्पादनमा प्रभावकारिता ल्याउन र विकास निर्माणमा सन्तुलन कायम गर्न नियमित रूपमा प्रदेश समन्वय परिषद्को बैठकबाट निर्णय गराइ कार्यसम्पादनमा सहजता आउने गरी प्रदेश सरकार र स्थानीय तहबीच समन्वय कायम गर्नुपर्दछ।

१२. **लेखापरीक्षणमा बेरुजु अङ्क -** यो वर्ष लेखापरीक्षण सम्पन्न भएका ८५ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी उपलब्ध गराइएको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा सैद्धान्तिक ५ हजार ९९२ दफा र लगती ५ हजार २६० दफाबाट रु.१ अर्ब ५८ करोड ५३ लाख ९६ हजार बेरुजु

औंल्याइएकोमा स्थानीय तहहरूबाट प्राप्त प्रतिक्रियाबाट रु.२४ करोड ५० लाख ९ हजार बेरुजु सम्परीक्षण र रु.९५ लाख ६२ हजार थप भई रु.१ अर्ब ३४ करोड ९९ लाख ४९ हजार बेरुजु बाँकी रहेको छ। बाँकी रहेको बेरुजुको वर्गीकरण स्थिति निम्नानुसार छ।

(रु.हजारमा)

वर्गीकरण	बेरुजु अङ्क	कुल बेरुजुको प्रतिशत
१. असुल गर्नुपर्ने	**२२८६५१**	**१६.९४**
२. नियमित गर्नुपर्ने	**१०६२७२४**	**७८.७२**
२.१ अनियमित भएको	६०२०६०	५६.६५
२.२ प्रमाण कागज पेस नभएको	४५०११९	४२.३६
२.३ शोधभर्ना नलिएको	१०५४५	०.९९
३. पेस्की	**५८५७४**	**४.३४**
जम्मा बेरुजु	**१३४९९४९**	**१००.००**

द्रष्टव्यः उल्लिखित पेस्की अङ्कमा म्याद ननाघेको पेस्की समावेश छैन।

यो वर्ष लेखापरीक्षण सम्पन्न भएका ८५ स्थानीय तहको प्रदेशगत लेखापरीक्षण रकम र बेरुजु स्थिति निम्नानुसार छः

(रु.हजारमा)

क सं.	स्थानीय तह	सङ्ख्या	लेखापरीक्षण रकम	म्याद नाघेको पेस्की समेत बेरुजु	बेरुजुमध्ये पेस्की रकम	लेखापरीक्षणको तुलनामा बेरुजु प्रतिशत	पेस्की बाहेक बेरुजु प्रतिशत
१	महानगरपालिका	१	१५२१२३७६	२१०८२९	१३०८५	१.३९	१.३०
२	नगरपालिका	२६	५३१४२५८१	५९१४०७	२२६२३	१.११	१.०७
३	गाउँपालिका	५८	५९१४५२५६	५४७७१३	२२८६६	०.९३	०.८९
जम्मा		**८५**	**१२७५००२१३**	**१३४९९४९**	**५८५७४**	**१.०६**	**१.०२**

१३. **लेखापरीक्षणबाट देखिएका समग्र बेहोरा** - नेपालको संविधान तथा लेखापरीक्षण ऐन, २०७५ बमोजिम यस प्रदेशका स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षणबाट देखिएका मुख्य बेहोरा देहाय अनुसार छन् :

- **कानुन निर्माण तथा परिपालना** - सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेका नमुना कानुन अनुसार केही स्थानीय तहमा कानुन निर्माण गर्न बाँकी रहेको, मौजुदा कानुनमा एकरूपता नरहेको, कानुनको परिपालना नभएको लगायतका बेहोरा देखिएका छन्।
- **वित्तीय विवरण तथा लेखापरीक्षण** - तोकिएको ढाँचामा सबै आर्थिक कारोबार समावेश गरी वित्तीय विवरण तयार नगरेको, एकीकृत वित्तीय विवरण तयार नगरेको, स्वीकृत लेखा फारमहरू प्रयोगमा नल्याएको, गत वर्षको वित्तीय विवरणले देखाएको मौज्दात भन्दा फरक हुने गरी यस वर्ष जिम्मेवारी सारेको, वर्षान्तको मौज्दात फरक परेकोमा बैङ्क हिसाब विवरण तयार नगरेको, सबै आर्थिक कारोबारहरू स्थानीय सञ्चित कोष प्रणाली (सुत्र) बाट नगरेको, आन्तरिक लेखापरीक्षण नगराएको, अन्तिम लेखापरीक्षणबाट देखिएका बेरुजु फर्स्यौंट गरी समयमा सम्परीक्षण नगराएको र बेरुजुको लगत अद्यावधिक गरी राख्ने नगरेको स्थिति देखिएको छ।
- **सङ्गठन संरचना तथा मानव संसाधन** - कार्यबोझको आधारमा दरबन्दी स्वीकृति र पदपूर्ति नगरेको, दक्ष र तालिम प्राप्त जनशक्ति व्यवस्थापन नहुँदा विषयगत शाखाबाट सम्पादन हुने कार्य प्रभावकारी हुन नसकेको, दरबन्दी बेगर करार सेवामा नियुक्ति गरेको, एकमुष्टरूपमा कर्मचारी कल्याणकोषमा रकम ट्रान्सफर गरेको लगायतका बेहोरा देखिएका छन्।

- **योजना तर्जुमा बजेट तथा कार्यक्रम** - केही स्थानीय तहमा तोकिएको समयमा बजेट पेस नभएको, बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक कार्यविधि स्वीकृत नगरेको, योजना तथा कार्यक्रममा न्यून प्रगति भएको, बजेट अवण्डामा राखी पटके निर्णयबाट बाँडफाँट गरी खर्च गरेको, एउटा शीर्षकमा विनियोजन भएको रकम अन्य शीर्षकबाट खर्च भएको, सीमाभन्दा बढी रकमान्तर गरेको र विभिन्न कोषमा रहेका रकम प्रयोजन समाप्त भएपछि सम्बन्धित सञ्चित कोषमा फिर्ता नगरेको स्थिति देखिएको छ।

- **आन्तरिक आय** - लक्ष्यअनुसार सम्पत्ति कर, बहाल कर लगायतका राजस्व असुली नभएको, विभिन्न व्यक्ति वा संस्थाबाट उठ्न बाँकी रकम असुल नगरेको, असुल भएको राजस्व तोकिएको अवधिभित्र सञ्चित कोष दाखिला नगरेको, प्रतिस्पर्धात्मक विधिबाट समयमा नै आय ठेक्का नगरेको एवम् सम्झौता अनुसारको रकम असुल नगरेको, प्रदेश कानुन अनुसार राजस्व बाँडफाँट नगरेको लगायतका बेहोरा देखिएका छन्।

- **खरिद व्यवस्थापन** - विस्तृत आयोजना प्रतिवेदनहरू स्वीकृत गरी कार्यान्वयन नगरेको, तयार भएका विस्तृत आयोजना प्रतिवेदन जिन्सी दाखिला गरी वर्गीकरण अनुसार अभिलेख राख्ने नगरेको, निर्माणस्थलको व्यवस्था नगरी खरिद सम्झौता गरेको, प्रतिस्पर्धात्मक खरिद विधि प्रयोग नगरी सोझै खरिद गरेको, खरिद कार्य समयमा सम्पन्न नगरेको, उपभोक्ता समितिले सम्झौता अनुसारको योगदान नगरेको, भेरिएसन स्वीकृत नगराइ खरिद सम्झौतामा उल्लेख भएको भन्दा बढी परिमाणमा भुक्तानी गरेको लगायतका बेहोरा देखिएका छन्।

- **खर्च व्यवस्थापन** - आन्तरिक आयको विश्लेषण नगरी अतिरिक्त सुविधा एवं भत्ता वितरण र बजेट खर्च गर्दा प्रचलित कानुनी व्यवस्थाको पूर्ण अनुसरण हुन नसकेको, पेस्की रकम म्याद भित्र फस्यौंट नगरेको, आर्थिक सहायता वितरण गरेकोमा सार्जजनिकीकरण नगरेको, वितरित अनुदानबाट प्राप्त नतिजाको अनुगमन नगरेको, कार्यालय सञ्चालन तथा विविध खर्चमा मितव्ययिता हुन नसकेको, खर्च नभई बाँकी रहेको अनुदान रकम सम्बन्धित सञ्चित कोषमा फिर्ता नगरेको लगायतका बेहोरा देखिएका छन्।

- **अभिलेख तथा अनुगमन** - स्थानीय तहले सार्वजनिक सम्पत्तिको अभिलेख नराखेको, पालिकामा प्रयोग भएका सफ्टवेयरको प्राप्ति, प्रयोग र क्षमताको अभिलेख नराखेको, फस्यौंट हुन बाँकी पेस्की र बेरुजुको अभिलेख नराखेको, सामुदायिक विद्यालयको शैक्षिक उपलब्धि एवम् गुणस्तरको अनुगमन नगरेको, पालिकाभित्र सिर्जना भएका फोहोरको वातावरणमैत्री व्यवस्थापन गर्न नसकेको, कार्यक्षेत्रभित्रका सहकारी संस्थाको कार्यसम्पादन अनुगमन प्रभावकारी हुन नसकेको लगायतका बेहोरा देखिएका छन्।

स्थानीय तहले स्रोत, साधनको प्राप्ति र परिचालन, विकास निर्माण, सेवा प्रवाह तथा जिम्मेवारी एवं जवाफदेहिताको पालना सम्बन्धमा देखिएका बेहोराहरू सम्बन्धित स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएको छ।

१४. **बेरुजु फस्यौंट तथा सम्परीक्षण** - गण्डकी प्रदेशका ८५ स्थानीय तहको गत वर्षसम्मको कुल बेरुजु रु.१३ अर्ब ९५ करोड ५७ लाख ९० हजार रहेकोमा यो वर्ष नाम्स प्रणालीबाट रु.१ अर्ब ४५ करोड २८ लाख ६० हजार र म्यानुअल रु.८ करोड १ लाख ७६ हजार गरी रु.१ अर्ब ५३ करोड


३० लाख ३६ हजार सम्परीक्षणबाट फर्स्यौंट भई यस वर्षको लेखापरीक्षणबाट थप भएको रु.२ करोड ८० लाख ३० हजार समेत रु.१२ अर्ब ४५ करोड ७ लाख ८४ हजार बेरुजु बाँकी रहेको छ। प्रदेश अन्तर्गतका स्थानीय तहको विस्तृत बेहोरा सम्बन्धित स्थानीय तहको प्रतिवेदनमा समावेश गरिएको छ।

१४.१. लेखापरीक्षण ऐन, २०७५ को दफा २० मा प्रत्येक गाउँपालिका र नगरपालिकाले महालेखा परीक्षकबाट लेखापरीक्षण गराउनुपर्ने, महालेखापरीक्षकले लेखापरीक्षण सम्पन्न गरिसकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र यसरी जारी भएको प्रतिवेदन स्थानीय तहको प्रचलित कानुन बमोजिम गाउँसभा वा नगरसभामा पेस गरी छलफल गर्नुपर्ने व्यवस्था छ। अधिकांश स्थानीय तहहरूले यस सम्बन्धी कानुन निर्माण गर्न बाँकी रहेकोले प्रतिवेदन छलफल र बेरुजु असुल फर्स्यौंट एवं नियमित गर्ने कार्यविधिको सम्बन्धमा अस्पष्टता रहेको छ।

१४.२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ मा सभाले आफ्नो कार्य प्रणाली व्यवस्थित गर्न नियमावली बनाइ कुनै सदस्यको संयोजकत्वमा लेखा समिति लगायतका समिति गठन गर्न सक्ने उल्लेख छ। स्थानीय तहले लेखा समितिको गठन, कार्यक्षेत्र, बेरुजु फर्स्यौंटको विधि र प्रक्रिया समेत खुलाइ स्पष्ट कानुनी व्यवस्था गरी बेरुजु फर्स्यौंटमा तदारूकता ल्याउनुपर्दछ।

परिच्छेद

८



लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति

परिच्छेद - ४

लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३५ बमोजिम महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई प्रारम्भिक प्रतिवेदनमा औंल्याइएका बेरुजुका सम्बन्धमा सो बेरुजुको सूचना प्राप्त भएको ३५ दिनभित्र सम्बन्धित कार्यालयले तोकिएबमोजिम फर्स्यौंट तथा सम्परीक्षण गरी महालेखापरीक्षकको कार्यालयलाई जानकारी गराउनुपर्ने व्यवस्थाअनुसार बेरुजुको कारबाहीको विवरण प्राप्त भएको छ।

१. **प्रतिवेदन कार्यान्वयन -** लेखापरीक्षण ऐन, २०७५ को दफा १९ (५) मा महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष पेस गरेको प्रतिवेदन मुख्यमन्त्रीमार्फत प्रदेश सभामा पेस गर्ने व्यवस्था छ। महालेखापरीक्षकले गत वर्षसम्म प्रदेशका ७ वटा प्रतिवेदन प्रदेश प्रमुख समक्ष पेस गरेकोमा छैटौं प्रतिवेदनसम्म प्रदेश सभाको सार्वजनिक लेखा समितिमा दफावार छलफल भइसकेको तथा सातौं प्रतिवेदन समितिमा छलफलको क्रममा रहेको छ।


२. **बेरुजु फर्स्यौंट -** यो वर्ष प्रदेशको सरकारी कारोबारतर्फ १५९ कार्यालयको लेखापरीक्षण भएकोमा १४० कार्यालयको सैद्धान्तिक दफा १ हजार ५३३ र लगती दफा ७५४ बाट रु.६१ करोड ८४ लाख ८९ हजार बेरुजु देखिएकोमा ३४ कार्यालयको प्रमाण तथा प्रतिक्रिया पेस भई सैद्धान्तिक दफा ८ र लगती दफा ११२ को रु.१५ करोड ४ लाख ८५ हजार फर्स्यौंट र रु.३ करोड ९० लाख ७७ हजार थप भई यो वर्ष रु.५० करोड ७० लाख ८१ हजार बाँकी रहेको छ। समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षण भएका २१ निकायको सैद्धान्तिक दफा २२७ र लगती दफा ८७ बाट रु.८ करोड ९७ लाख ८ हजार बेरुजु देखिएकोमा ३ निकायको सैद्धान्तिक दफा २ र लगती दफा २४ को रु.१७ लाख ७० हजार बेरुजु प्रतिक्रियाबाट सम्परीक्षण भई यो वर्ष रु.८ करोड ७९ लाख ३८ हजार बाँकी रहेको छ। कानुनबमोजिम बेरुजु असुल फर्स्यौंट गर्नुपर्दछ।

३. **सम्परीक्षण -** गतवर्ष प्रदेशको सरकारी कार्यालय, समिति तथा अन्य संस्थातर्फको रु.२ अर्ब ९८ करोड ५१ लाख २ हजार बेरुजु रहेकोमा रु.७७ करोड १० लाख ६४ हजार सम्परीक्षण भएको छ। उपरोक्त सम्परीक्षण गर्दा रु.२ करोड ४८ लाख ३८ हजार बेरुजु थप भई रु.२ अर्ब २३ करोड ८८ लाख ७६ हजार बेरुजु बाँकी रहेकोमा यो वर्ष रु.५९ करोड ५० लाख १९ हजार थप भएपश्चात् कुल रु.२ अर्ब ८३ करोड ३८ लाख ९५ हजार बाँकी रहेको छ। सम्परीक्षणको क्रममा रु.९ लाख ५५ हजार असुल भई राजस्व दाखिला भएको, प्रदेश सरकार र मातहतका निकायले विभिन्न कानुन तथा निर्देशिका निर्माण गरी कार्यसम्पादन गर्दा आर्थिक अनुशासनको पालना समेत गरेको भनिएता पनि प्रतिवेदन उपर सार्वजनिक लेखा समितिमा दफावार छलफल गरी बेरुजु फर्स्यौंट हुन सकेको छैन।

४. **बेरुजु न्यूनीकरण** - प्रदेश सरकारको आर्थिक कारोबारमा महालेखापरीक्षकबाट औंल्याइएको त्रुटिलाई सुधार गरी आर्थिक अनुशासनको स्थिति प्रभावकारी बनाउनु पर्दछ। प्रदेश कार्यालयहरूको आन्तरिक नियन्त्रण प्रणाली स्थापना, प्रभावकारी आन्तरिक लेखापरीक्षण, खरिदलगायतका कानुनको पालना, अनुगमन तथा नियमन र कर्मचारीतन्त्रमा जिम्मेवारी बहनको स्थितिमा बढोत्तरी गरी बेरुजु न्यूनीकरणमा ध्यान दिनुपर्दछ।

परिच्छेद

५



भविष्यमा गर्नुपर्ने सुधार

परिच्छेद - ५

भविष्यमा गर्नुपर्ने सुधार

स्रोत साधनको प्राप्ति र प्रभावकारी परिचालनमार्फत तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो विकास लक्ष्य हासिल गर्न प्रयत्नशील रहनुपर्दछ। प्रदेशले तर्जुमा भएका नीति कार्यान्वयन, बजेट व्यवस्थापन, छरितो सङ्गठनात्मक संरचना प्रणालीमा आधारित कर्मचारी व्यवस्थापन, प्रादेशिक पूर्वाधार विकास तथा सामाजिक विकास, स्रोत परिचालन तथा व्यवस्थापन लगायतका कार्यहरू मार्फत समृद्धिका अवसरको उपयोग गर्नुपर्दछ। प्रदेश सरकारको निकायहरूमा आर्थिक र वित्तीय अनुशासन कायम गरी पारदर्शिता तथा जवाफदेहिता कायम गर्न देहायका पक्षहरूमा सुधार गर्नुपर्ने देखिएको छः

शासकीय प्रबन्ध

१. नेपालको संविधानको अनुसूचीमा उल्लेख भएका एकल तथा साझा अधिकार सूची अनुसारका कार्य गर्न आवश्यक कानुन तर्जुमा गरी अधिकारको उपयोग तथा कार्यसम्पादन प्रभावकारी बनाउनुपर्दछ।

२. नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासनसम्बन्धी व्यवस्था सङ्घीय कानुनबमोजिम हुने उल्लेख भएकोमा प्रदेश र स्थानीय तहले यससम्बन्धी कानुन निर्माण गर्दा सङ्घीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ।

३. आर्थिक अनुशासन, वित्तीय जवाफदेहिता र पारदर्शिताका लागि कर्मचारी एवं पदाधिकारीले प्रचलित कानुनको प्रभावकारी पालना गर्ने व्यवस्था मिलाउनुपर्दछ।

४. प्रदेश सरकारले निर्णय गरी मन्त्रालयहरूको सङ्ख्या फेरबदल गर्ने गरेकोमा उपयुक्त र आवश्यक सङ्ख्या यकिन गरी स्थिर संरचना कायम गर्नुपर्दछ।

५. मातहतका कार्यालयहरूबाट गराउनु पर्ने कार्यहरू समेत मन्त्रालयले नै गर्ने गरी एकमुष्ट बजेट राखी कार्यसञ्चालन स्तरका काममा संलग्न हुने गरेकोमा नियमन, समन्वय, अनुगमन जस्ता कार्यमा केन्द्रित रही कार्यसञ्चालन स्तरका कार्य मातहतका निकायमार्फत गराउनुपर्दछ।

६. संरचना र काममा हुने दोहोरोपना हटाउन प्रदेश र स्थानीय तहबीच समन्वय कायम गर्नुपर्दछ।

७. सार्वजनिक निकायमा रहेको म्याद नाघेको पेस्कीको विवरण आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था मिलाई सार्वजनिक पदमा नियुक्ति तथा निर्वाचित हुने उम्मेदवार हुनका लागि आवश्यक योग्यता सूचकसँग आवद्ध गर्नुपर्दछ।

८. राजस्वबाट चालु खर्च धान्न कठिनाइ भइरहेको सन्दर्भमा सङ्गठनात्मक संरचना र मानव संसाधनको प्रयोग सम्बन्धमा मानक स्थापित गरी माग र आवश्यकतासँग आवद्ध गर्नुपर्दछ।

९. संविधान र प्रचलित कानुनबमोजिम प्रतिबद्धता जनाइएका अनुदान (समानीकरण) बजेटमा उल्लेख भएबमोजिम निकासा नहुँदा बजेट अभाव भई प्रदेश र स्थानीय तहमा कतिपय खर्चहरू आगामी आर्थिक वर्षमा भुक्तानी गरेको देखिएकोले त्यस्तो अनुदान कटौती नहुने सुनिश्चितता हुनुपर्दछ।

सार्वजनिक वित्त व्यवस्थापन

१०. क्षेत्रगत प्राथमिकता, स्रोत साधनको उपलब्धता, पूर्वाधार विकासको अवस्था र जनसहभागिता लगायतका पक्षमा ध्यान दिई कार्यान्वयन योग्य कार्यक्रम बजेटमा समावेश गरी आयोजनामा बजेट विनियोजन गर्दा पूर्व तयारीका कार्य सम्पन्न भएको यकिन गर्नुपर्दछ। स्रोतको सुनिश्चितता बेगरका कार्यक्रममा आगामी वर्षमा भुक्तानी सार्ने गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

११. बजेट स्वीकृतिपश्चात् नयाँ कार्यक्रम थप गरी स्थानीय तहमा सशर्त अनुदान हस्तान्तरण गर्ने कार्यमा नियन्त्रण गरी स्थानीय तहलाई हस्तान्तरण गरिने कार्यक्रम र योजना वार्षिक बजेट तथा कार्यक्रममा समावेश गर्नुपर्दछ।

१२. पूर्वानुमान गर्न सकिने प्रयोजनका लागि अर्थ विविध वा अवण्डामा बजेट राखी खर्च गर्ने प्रवृत्ति नियन्त्रण गर्नुपर्दछ।

१३. एउटै कामको लागि विभिन्न निकायबाट अनुदान वितरण नगर्ने, लाभग्राही छनोटमा दोहोरोपना हुन नदिने र लागत सहभागिताको आधारमा अनुदान प्रदान गर्ने प्रणाली कार्यान्वयन गर्नुपर्दछ।

१४. व्यावसायिक प्रकृतिका संस्थाहरूलाई पुँजीगत कार्यमा खर्च गर्न अनुदान दिँदा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरू विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुनुपर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन।

१५. प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी बाँडफाँट गर्ने सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (क) र प्रदेशको आर्थिक ऐन, २०८१ को व्यवस्था बाझिएकोले कानुनी रुपमै स्पष्ट गर्नुपर्दछ।

१६. बजेटको आकलन र खर्चलाई यथार्थपरक बनाइ बजेट र खर्च बिचको अन्तर न्यून गर्नुपर्दछ।

१७. प्रदेश मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्य मितव्ययी, पारदर्शी, दक्षतापूर्वक सम्पादन र व्यवस्थित गर्न कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

१८. साना र टुक्रे आयोजनामा सशर्त अनुदान प्रदान गर्ने परिपाटी अन्त्य गर्न वित्तीय हस्तान्तरण सूचना प्रविधिमा आधारित बनाउनुपर्दछ।

१९. बजेट क्रियाकलाप सङ्ख्या अत्याधिक भएकोमा क्रियाकलाप सङ्ख्या घटाई टुक्रे आयोजनामा हुने विनियोजन घटाउनु पर्दछ।

सार्वजनिक सम्पत्ति व्यवस्थापन

२०. प्रदेशका मन्त्रालय तथा मातहतका निकायहरूले जुनसुकै हिसाबले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्यरूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा राख्नुपर्दछ।

२१. सार्वजनिक र सरकारी जग्गाको लगत एकीकृत रूपमा राखी अनधिकृत प्रयोग तथा अतिक्रमण रोक्नुपर्दछ।

२२. जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरू आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोग हुने सुनिश्चितता हुनुपर्दछ। मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था यकिन गरेर मात्र खरिद गर्नुपर्दछ।

विकास व्यवस्थापन

२३. प्रदेश सरकारले आयोजना बैङ्क स्थापना गरी सो बैङ्कमा राखेका आयोजनामा बजेट विनियोजन गरी एउटै आयोजनामादुई वा बढी मन्त्रालयबाट विनियोजन हुने स्थितिमा सुधार गर्नुपर्दछ।

२४. विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदाता माथिको निर्भरता कम गर्नुपर्दछ। आयोजनाको पूर्व तयारी बेगर ठेक्का व्यवस्थापन गर्दा समय र लागतमा वृद्धि भई प्रतिफल प्राप्तिमा ढिलाइ भएको अवस्था छ। यस्तो अवस्थामा सुधार हुनुपर्दछ।

२५. सङ्घबाट प्रदेशमा हस्तान्तरण भएका र प्रदेशबाटै कार्यान्वयन सुरु गरिएका क्रमागत योजनाहरूलाई बजेट विनियोजन नगरी अधुरो राख्ने गरेको देखिएकोले ती योजनाहरूलाई पहिलो प्राथमिकतामा राखी कार्यान्वयन गर्नुपर्दछ।

२६. ठेक्काहरूको पटकपटक म्याद थप गर्दा ठेक्का सम्पन्न गर्ने कार्य र प्रतिफल प्राप्तिमा समेत ढिलाइ हुने गरेको देखिएकोले निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ।

२७. खरिद सम्झौताको म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।

२८. जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्यसमेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ।

२९. उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिएबमोजिमको जनसहभागिताको अंश समितिबाट बेहोर्ने गरी सम्झौता गरेकोमा सो अंश बेहोरेको यकिन गरेरमात्र भुक्तानी गर्नुपर्दछ।

३०. उपभोक्ता समितिहरू मार्फत निर्माण सम्पन्न योजनाहरू मर्मत सम्भारको व्यवस्थासहित उपभोक्ता समितिहरूलाई हस्तान्तरण गर्नुपर्दछ।

सूचना प्रविधि

३१. अधिकांश कार्यालयहरूको वेबसाईटमा सूचना, तथ्याङ्क तथा जानकारीहरु लामो समयमम्म पुरानै रहने गरेकाले नियमित रूपमा अद्यावधिक गर्नुपर्दछ।

३२. खारेज भएका कार्यालयले प्रयोग गरिरहेको सूचना प्रविधि प्रणाली तथा वेबसाईटका सम्बन्धमा स्पष्टरूपमा जिम्मेबारी किटान गरी सञ्चालन र तथ्याङ्क सुरक्षाको व्यवस्था गर्नुपर्दछ।

३३. पुराना तथा क्षति भएका सूचना प्रविधिसम्बन्धी हार्डवेयरमा जडान भएका हार्डडिस्क तथा स्टोरेज डिभाईसमा भण्डारण भएको तथ्याङ्क सुरक्षित हुने व्यवस्था गराइ लिलाम बिक्री, मिन्हा वा हस्तान्तरण गर्नुपर्दछ।

३४. प्रदेश मातहका यातायात व्यवस्था कार्यालयहरूले प्रयोग गरेको विद्युतीय सवारी दर्ता प्रणालीले कार्यालयहरूको आवश्यकतानुसार सूचना प्रदान गर्न नसकेकोले यसमा परिमार्जन गर्नुपर्दछ।

३५. एउटै प्रयोजनका सफ्टवेयर प्रणाली निकाय अनुसार फरक-फरक खरिद नगरी केन्द्रीय निकायले प्रतिस्पर्धाबाट खरिद गरेर एकीकृत रूपमा सञ्चालन तथा व्यवस्थापन गर्नुपर्दछ।

३६. सूचना प्रविधि प्रणाली खरिद गर्दा स्पष्ट रूपमा कामको व्यहोरा खुलाएको कार्यक्षेत्रगत सर्त (टिओआर) तयार गरी खरिद सम्झौता गर्ने र सोही अनुसारको सबै काम सम्पादन भएपछि मात्र खरिद स्वीकार गर्नुपर्दछ।

सार्वजनिक प्रशासन

३७. गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ तथा नियमावली, २०७९ विपरीत अस्थायी दरबन्दी सिर्जना गरी करारमा कर्मचारी नियुक्ति गर्ने र दरबन्दी अनुसारको जनशक्ति स्थायी पदपूर्ति नगरी करारका कर्मचारीबाट काम गराउने प्रवृत्ति नियन्त्रण गर्नुपर्दछ।

३८. प्रदेश र स्थानीय तहमा भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा दरबन्दी पुनरावलोकन गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ।

३९. विशेषज्ञ चिकित्सकसहित अन्य चिकित्सकहरू र स्वास्थ्यकर्मीहरूको रिक्त दरबन्दी पदपूर्ति गरी स्वास्थ्य सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउनुपर्दछ।

४०. प्रादेशिक अस्पतालहरूमा प्रयोगविहिन स्वास्थ्य उपकरण प्रयोगमा ल्याइ बिग्रिएका उपकरणहरू मर्मत सम्भार तथा सञ्चालन गरी सेवा प्रवाह सुलभ र प्रभावकारी बनाउनुपर्दछ।

४१. सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ, सेवाग्राही सन्तुष्टि सर्वेक्षणको माध्यमबाट सेवा प्रवाहलाई पारदर्शी र जवाफदेही बनाउनुपर्दछ।

४२. कर्मचारी सरुवा र बढुवालाई अनुमानयोग्य बनाउने र कार्य विवरण अनिवार्यरूपमा लागु गर्नुपर्दछ।

४३. अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।

सुशासन

४४. अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।

४५. आन्तरिक र अन्तिम लेखापरीक्षण प्रतिवेदनका सुझाव कार्यान्वयनको लागि आवश्यक व्यवस्था गर्नुपर्दछ।

शासन, विकास र सेवा प्रवाह प्रभावकारी बनाइ अपेक्षित प्रतिफल प्राप्त गर्न नीतिगत, कानुनी, व्यवस्थापकीय र प्रक्रियागत विषयमा सुधार गरी सार्वजनिक जवाफदेहिता, आर्थिक सुशासन तथा पारदर्शिता प्रवर्धन गर्दै पूर्वाधार क्षेत्रको विकासमार्फत अधिकतम प्रतिफल प्राप्त गरी जीवनस्तरमा सुधार आउने गरी स्रोत परिचालन गर्नुपर्दछ।



अनुसूचीहरू

अनुसूचीहरू

अनुसूची - १
(प्रतिवेदनको परिच्छेद-१ दफा १ सँग सम्बन्धित)

लेखापरीक्षण गरिएका सरकारी कार्यालयहरूको विवरण र बेरुजु रकम

२०८१।८२

(रु.हजारमा)

क्र.सं.	मन्त्रालय/निकाय/कार्यालयको नाम	कार्यालय सङ्ख्या	बेरुजु भएका कार्यालयका सङ्ख्या	बेरुजु रकम
१	प्रदेश सभा सचिवालय	०	०	०
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१	१	७२५१
३	आर्थिक मामिला मन्त्रालय	१३	१	८०६३
४	ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय	१७	११	१४७५९५
५	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	२७	१२	७६८९
६	कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय (१ बक्यौता समेत)	३७	१५	११९७५
७	भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय	१८	१३	२९०४८९
८	सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय	४४	१५	३४०१९
९	प्रदेश नीति तथा योजना आयोग	१	०	०
१०	प्रदेश लोक सेवा आयोग	१	०	०
११	मुख्य न्यायाधिवक्ताको कार्यालय	०	०	०
	कुल जम्मा	**१५९**	**६८**	**५०७०८१**

अनुसूची - १ (क)

(प्रतिवेदनको परिच्छेद-१ को दफा १ सँग सम्बन्धित)

लेखापरीक्षण गरिएको कार्यालयहरूको विवरण

२०८१।८२

क्र.सं.	मन्त्रालय/निकाय/कार्यालयको नाम	सङ्ख्या
१.	**प्रदेश सभा सचिवालय**	**०**
१.१.	प्रदेश सभा सचिवालय, गण्डकी प्रदेश	०
२.	**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**	**१**
२.१.	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश	१
३.	**आर्थिक मामिला मन्त्रालय**	**१३**
३.१.	आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेश	१
३.२.	प्रदेश लेखा नियन्त्रक कार्यालय, कास्की	१
३.३.	प्रदेश लेखा एकाइ कार्यालय, कास्की	१
३.४.	प्रदेश लेखा एकाइ कार्यालय, गोरखा	१
३.५.	प्रदेश लेखा एकाइ कार्यालय, तनहुँ	१
३.६.	प्रदेश लेखा एकाइ कार्यालय, पर्वत	१
३.७.	प्रदेश लेखा एकाइ कार्यालय, बर्दघाट सुस्ता पुर्व	१
३.८.	प्रदेश लेखा एकाइ कार्यालय, बाग्लुङ	१
३.९.	प्रदेश लेखा एकाइ कार्यालय, मनाङ	१
३.१०.	प्रदेश लेखा एकाइ कार्यालय, मुस्ताङ	१
३.११.	प्रदेश लेखा एकाइ कार्यालय, म्याग्दी	१
३.१२.	प्रदेश लेखा एकाइ कार्यालय, लमजुङ	१
३.१३.	प्रदेश लेखा एकाइ कार्यालय, स्याङ्जा	१
४.	**ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय**	**१७**
४.१.	ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय	१
४.२.	खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, गोरखा	१
४.३.	खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, तनहुँ	१
४.४.	खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, बाग्लुङ्ग	१
४.५.	खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, स्याङ्गजा	१
४.६.	खानेपानी, जलस्रोत तथा सिँचाइ विकास डिभिजन, म्याग्दी	१
४.७.	खानेपानी, जलस्रोत तथा सिँचाइ विकास सव-डिभिजन, मनाङ	१
४.८.	खानेपानी, जलस्रोत तथा सिँचाइ विकास सव-डिभिजन, मुस्ताङ	१
४.९.	जलश्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, बागलुङ	१
४.१०.	जलश्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, लमजुङ	१
४.११.	जलश्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, बर्दघाट सूस्तापूर्व	१
४.१२.	जलश्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, कास्की	१
४.१३.	जलश्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय,गोरखा	१
४.१४.	जलश्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, तनहुँ	१
४.१५.	जलश्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, पर्वत	१
४.१६.	जलश्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, स्याङ्गजा	१
४.१७.	भूमिगत जलश्रोत तथा सिँचाइ कार्यालय, नवलपरासी बर्दघाट सुस्ता पूर्व	१
५.	**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**	**२७**
५.१.	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	१
५.२.	वन निर्देशनालय	१
५.३.	डिभिजन वन कार्यालय, कास्की	१
५.४.	डिभिजन वन कार्यालय, म्याग्दी	१
५.५.	डिभिजन वन कार्यालय, बर्दघाट सुस्ता पुर्व	१

क्र.सं.	मन्त्रालय/निकाय/कार्यालयको नाम	सङ्ख्या
५.६.	डिभिजन वन कार्यालय, स्याङ्गजा	१
५.७.	डिभिजन वन कार्यालय, गोरखा	१
५.८.	डिभिजन वन कार्यालय, पर्वत	१
५.९.	डिभिजन वन कार्यालय, बाग्लुङ	१
५.१०.	डिभिजन वन कार्यालय, तनहुँ	१
५.११.	डिभिजन वन कार्यालय, मनाङ्ग	१
५.१२.	डिभिजन वन कार्यालय, मुस्ताङ्ग	१
५.१३.	डिभिजन वन कार्यालय, लमजुङ	१
५.१४.	पर्यटन तथा उद्योग कार्यालय, गोरखा	१
५.१५.	पर्यटन तथा उद्योग कार्यालय, तनहुँ	१
५.१६.	पर्यटन तथा उद्योग कार्यालय, पर्वत	१
५.१७.	पर्यटन तथा उद्योग कार्यालय, बर्दघाट सुस्ता पुर्व	१
५.१८.	पर्यटन तथा उद्योग कार्यालय, बाग्लुङ	१
५.१९.	पर्यटन तथा उद्योग कार्यालय, मनाङ	१
५.२०.	पर्यटन तथा उद्योग कार्यालय, मुस्ताङ	१
५.२१.	पर्यटन तथा उद्योग कार्यालय, म्याग्दी	१
५.२२.	पर्यटन तथा उद्योग कार्यालय, लमजुङ	१
५.२३.	पर्यटन तथा उद्योग कार्यालय, स्याङ्गजा	१
५.२४.	पर्यटन तथा उद्योग कार्यालय, कास्की	१
५.२५.	भू तथा जलाधार व्यवस्थापन कार्यालय, पर्वत	१
५.२६.	भू तथा जलाधार व्यवस्थापन कार्यालय, तनहुँ	१
५.२७.	वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, कास्की	१
६.	**कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय**	**३७**
६.१.	कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय	१
६.२.	कृषि विकास निर्देशनालय, पोखरा, कास्की	१
६.३.	पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय, पोखरा, कास्की	१
६.४.	सहकारी रजिष्ट्रारको कार्यालय	१
६.५.	कृषि ज्ञान केन्द्र, तनहुँ	१
६.६.	कृषि ज्ञान केन्द्र स्याङजा	१
६.७.	कृषि ज्ञान केन्द्र, कास्की	१
६.८.	कृषि ज्ञान केन्द्र, गोरखा	१
६.९.	कृषि ज्ञान केन्द्र, नवलपरासी बर्दघाट सुस्तापूर्व	१
६.१०.	कृषि ज्ञान केन्द्र, पर्वत	१
६.११.	कृषि ज्ञान केन्द्र, बागलुङ	१
६.१२.	कृषि ज्ञान केन्द्र, मनाङ	१
६.१३.	कृषि ज्ञान केन्द्र, मुस्ताङ	१
६.१४.	कृषि ज्ञान केन्द्र, म्याग्दी	१
६.१५.	कृषि ज्ञान केन्द्र, लमजुङ	१
६.१६.	कृषि विकास स्रोत केन्द्र, स्याङ्जा	१
६.१७.	कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, कास्की	१
६.१८.	पशु सेवा तालिम केन्द्र, पोखरा, कास्की	१
६.१९.	पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना कार्यान्वयन एकाइ, कास्की	१
६.२०.	बागवानी विकास स्रोत केन्द्र, कास्की	१
६.२१.	बाली संरक्षण प्रयोगशाला, कास्की	१
६.२२.	बीउविजन प्रयोगशाला, पोखरा, कास्की	१
६.२३.	भेटनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पोखरा	१
६.२४.	भेटनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, लमजुङ	१

क्र.सं.	मन्त्रालय/निकाय/कार्यालयको नाम	सङ्ख्या
६.२५.	भेटेरीनरी अस्पताल तथा पशु विज्ञ केन्द्र, मनाङ	१
६.२६.	भेटेरीनरी अस्पताल तथा पशु विज्ञ केन्द्र, मुस्ताङ	१
६.२७.	भेटेरीनरी अस्पताल तथा पशु विज्ञ केन्द्र, नवलपुर	१
६.२८.	भेटेरीनरी अस्पताल तथा पशु विज्ञ केन्द्र, पर्वत	१
६.२९.	भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, बागलुङ	१
६.३०.	भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, गोरखा	१
६.३१.	भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, तनहुँ	१
६.३२.	भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, म्याग्दी	१
६.३३.	भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, स्याङ्जा	१
६.३४.	मत्स्य विकास केन्द्र, मिर्मी	१
६.३५.	माटो तथा मल परीक्षण प्रयोगशाला, कास्की	१
६.३६.	व्यवसायिक किट विकास केन्द्र, कास्की	१
६.३७.	मालपोत कार्यालय, तनहुँ (२०७९।८० बक्यौता)	१
७.	**भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय**	**१८**
७.१.	भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय	१
७.२.	पूर्वाधार विकास निर्देशनालय, कास्की	१
७.३.	ग्रामिण सडक सञ्जाल सुधार आयोजना, आयोजना कार्यान्वयन एकाइ, कास्की	१
७.४.	पूर्वाधार विकास कार्यालय, कास्की	१
७.५.	पूर्वाधार विकास कार्यालय, गोरखा	१
७.६.	पूर्वाधार विकास कार्यालय, तनहुँ	१
७.७.	पूर्वाधार विकास कार्यालय, पर्वत	१
७.८.	पूर्वाधार विकास कार्यालय, नवलपरासी बर्दघाट सुस्तापूर्व	१
७.९.	पूर्वाधार विकास कार्यालय, बागलुङ	१
७.१०.	पूर्वाधार विकास कार्यालय, मनाङ	१
७.११.	पूर्वाधार विकास कार्यालय, मुस्ताङ	१
७.१२.	पूर्वाधार विकास कार्यालय, म्याग्दी	१
७.१३.	पूर्वाधार विकास कार्यालय, लमजुङ	१
७.१४.	पूर्वाधार विकास कार्यालय, स्याङ्जा	१
७.१५.	यातायात व्यवस्था कार्यालय, नवलपरासी बर्दघाट सुस्तापूर्व	१
७.१६.	यातायात व्यवस्था कार्यालय, बागलुङ	१
७.१७.	यातायात व्यवस्था सेवा कार्यालय, डुम्रे, तनहुँ	१
७.१८.	शहरी विकास तथा भवन कार्यालय, कास्की	१
८.	**सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय**	**४४**
८.१.	सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय	१
८.२.	शिक्षा विकास निर्देशनालय, कास्की	१
८.३.	स्वास्थ्य निर्देशनालय, कास्की	१
८.४.	स्वास्थ्य तालिम केन्द्र, कास्की	१
८.५.	प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, कास्की	१
८.६.	स्वास्थ्य कार्यालय, गोरखा	१
८.७.	स्वास्थ्य कार्यालय, नवलपरासी बर्दघाट सुस्तापूर्व	१
८.८.	स्वास्थ्य कार्यालय, पर्वत	१
८.९.	स्वास्थ्य कार्यालय, स्याङ्जा	१
८.१०.	स्वास्थ्य कार्यालय, कास्की	१
८.११.	स्वास्थ्य कार्यालय, तनहुँ	१
८.१२.	स्वास्थ्य कार्यालय, बागलुङ	१
८.१३.	स्वास्थ्य कार्यालय, मनाङ	१
८.१४.	स्वास्थ्य कार्यालय, मुस्ताङ	१

क्र.सं.	मन्त्रालय/निकाय/कार्यालयको नाम	सङ्ख्या
८.१५.	स्वास्थ्य कार्यालय, म्याग्दी	१
८.१६.	स्वास्थ्य कार्यालय, लमजुङ	१
८.१७.	आयुर्वेद स्वास्थ्य केन्द्र, नवलपरासी बर्दघाट सुस्तापूर्व	१
८.१८.	आयुर्वेद स्वास्थ्य केन्द्र, लमजुङ	१
८.१९.	आयुर्वेद स्वास्थ्य केन्द्र, गोरखा	१
८.२०.	आयुर्वेद स्वास्थ्य केन्द्र, तनहुँ	१
८.२१.	आयुर्वेद स्वास्थ्य केन्द्र, पर्वत	१
८.२२.	आयुर्वेद स्वास्थ्य केन्द्र, मनाङ	१
८.२३.	आयुर्वेद स्वास्थ्य केन्द्र, मुस्ताङ	१
८.२४.	आयुर्वेद स्वास्थ्य केन्द्र, म्याग्दी	१
८.२५.	आयुर्वेद स्वास्थ्य केन्द्र, स्याङ्जा	१
८.२६.	क्षयरोग उपचार केन्द्र, कास्की	१
८.२७.	गण्डकी आयुर्वेद औषधालय, कास्की	१
८.२८.	धौलागिरी आयुर्वेद औषधालय, बागलुङ	१
८.२९.	सामाजिक विकास कार्यालय, पर्वत	१
८.३०.	सामाजिक विकास कार्यालय, तनहुँ	१
८.३१.	सामाजिक विकास कार्यालय, लमजुङ	१
८.३२.	सामाजिक विकास कार्यालय, कास्की	१
८.३३.	सामाजिक विकास कार्यालय, मुस्ताङ	१
८.३४.	सामाजिक विकास कार्यालय, गोरखा	१
८.३५.	सामाजिक विकास कार्यालय, स्याङ्जा	१
८.३६.	सामाजिक विकास कार्यालय, बागलुङ	१
८.३७.	सामाजिक विकास कार्यालय, मनाङ	१
८.३८.	सामाजिक विकास कार्यालय, नवलपरासी, बर्दघाट सुस्तापूर्व	१
८.३९.	सामाजिक विकास कार्यालय, म्याग्दी	१
८.४०.	प्रदेश जनस्वास्थ्य प्रयोगशाला, कास्की	१
८.४१.	प्रदेश संग्रालय गण्डकी प्रदेश, कास्की	१
८.४२.	व्यावसायीक तथा सीप विकास कार्यालय, पर्वत	१
८.४३.	व्यावसायीक तथा सीप विकास कार्यालय, कास्की	१
८.४४.	शिक्षा तालिम केन्द्र, दमौली, तनहुँ	१
९.	**प्रदेश नीति तथा योजना आयोग**	**१**
९.१.	प्रदेश नीति तथा योजना आयोग, कास्की	**१**
१०.	**प्रदेश लोक सेवा आयोग**	**१**
१०.१.	प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश	१
११.	**मुख्य न्यायाधिवक्ताको कार्यालय**	**०**
११.१.	मुख्य न्यायाधिवक्ताको कार्यालय	**०**
	जम्मा	**१५९**

अनुसूची - २

प्रतिवेदनको परिच्छेद-१ को दफा १ र १.१ सँग सम्बन्धित

प्रदेश कार्यालयको लेखापरीक्षण रकम
२०८१।८२

(रु.हजारमा)

क.सं.	मन्त्रालय/निकायको नाम	विनियोजन				राजस्व				धरौटी				अन्य कारोबार				लेखापरीक्षण सम्पन्न रकम
		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		
		एकाइ	रकम	एकाइ	रकम	एकाइ	रकम	एकाइ	रकम	एकाइ	रकम	एकाइ	रकम	एकाइ	रकम	एकाइ	रकम	
१	प्रदेश सभा सचिवालय	१	१४०५८४	०	०		३३		०	१	७४१	०	०	१	१३७९७८	०	०	०
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१	५१०६२१	१	५१०६२१	१	४३५७४	१	४३५७४	१	२२५४१	१	२२५४१	१	३३६८७०	१	३३६८७०	९१३६०६
३	आर्थिक मामिला मन्त्रालय	१३	१८३३४४०	१३	१८३३४४०	१३	८२१२८५६	१३	८२१२८५६	१३	२२४५०	१३	२२४५०	१३	५४७८९	१३	५४७८९	१०१२३५३५
७	उर्जा जलस्रोत तथा खानेपानी मन्त्रालय	१७	३८६७८२०	१७	३८६७८२०	१७	१६८६६	१७	१६८६६	१७	५८९८५६	१७	५८९८५६	१३	२५९४४	१३	२५९४४	४५००४८६
४	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	२८	१३०५५६२	२७	११३८०८४	२६	२७१५६४	२५	२७१०५८	२७	१३६५४१	२६	१३५२६७	१३	१३५६२२	१३	१३५६२२	१६८००३१
५	कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय	३७	१४१३२३२	३७	१४१३२३२	३४	११४११४०	३४	११४११४०	३२	२५४०७	३२	२५४०७	६	१८८०	६	१८८०	२५८१६५९
६	भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय	२०	९७२४७२०	१८	९६५७५२३	२०	२६७१७४३	१८	९८२४०५	२०	१२२३९७७	१८	१२१८७५९	६	१२३१७	६	१२३१७	११८७१००४
८	सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय	४५	३९४४३८७	४४	३९४१३२३	३७	२३३५८	३७	२३३५८	४२	११५१९०	४२	११५१९०	१९	१३८१३८१	१९	१३८१३८१	५४६१२५२
११	प्रदेश नीति तथा योजना आयोग	१	३४९०८	१	३४९०८	१	२४	१	२४	१	४२४	१	४२४	१	९८	१	९८	३५४५४
९	प्रदेश लोक सेवा आयोग	१	९८११६	१	९८११६	१	६११६२	१	६११६२	१	३१५	१	३१५	१	५७	१	५७	१५९६५०
१०	मुख्य न्यायाधिवक्ताको कार्यालय	१	१९२८५	०	०	१	३७	०	०	१	१०१	०	०	१	१०६	०	०	०
	जम्मा	**१६५**	**२२८९२६७५**	**१५९**	**२२४९५०६७**	**१५१**	**१२४४२३५७**	**१४७**	**१०७५२४४३**	**१५६**	**२१३७५४३**	**१५१**	**२१३०२०९**	**७५**	**२०८७०४२**	**७३**	**१९४८९५८**	**३७३२६६७७**

नोटः आर्थिक वर्ष २०७९।८० को मालपोत कार्यालय, तनहुँको विनियोजन रु.४ लाख २९ हजार समावेश छ।

अनुसूची-२(क)

प्रतिवेदनको परिच्छेद-१ को दफा १.३ सँग सम्बन्धित

सरकारी निकाय/मन्त्रालय लेखापरीक्षण बक्यौता विवरण

२०८१।८२

(रु.हजारमा)

क्र.सं.	मन्त्रालय/निकायको नाम	विनियोजन		राजस्व		धरौटी		जम्मा	
		एकाइ	रकम	एकाइ	रकम	एकाइ	रकम	एकाइ	रकम
१	स्वास्थ्य कार्यालय म्याग्दी (आ. व. २०७५।७६)	१	१७१०७	१	१०	१	९३६	३	१८०५३
	२०८१।८२								
२	आँपपिपल अस्तपाल, गोरखा	१		१		१		१	
३	आदिकवि भानुभक्त जन्मस्थल विकास समिति, रम्घा,तनहुँ	१	१३००	०	०	०	०	०	१३००
	जम्मा	**३**	**१८४०७**	**२**	**१०**	**२**	**९३६**	**४**	**१९३५३**

अनुसूची-२(ख)

प्रतिवेदनको परिच्छेद-१ को दफा १.४ सँग सम्बन्धित

स्रेस्ता पेस नभएकोले लेखापरीक्षण नभएको विवरण

२०८१।८२

(रु.हजारमा)

क्र.सं.	निकाय	कार्यालयको नाम	विनियोजन	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१	प्रदेश सभा सचिवालय	प्रदेश सभा सचिवालय	१४०५८४	३३	७४१	१३७९७८	२७९३३६
२	भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय	यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमति पत्र, पोखरा	४१९९१	२१८२५२	४९१०	०	२६५१५३
		यातायात व्यवस्था कार्यालय, सवारी, कास्की	२५२०६	१४७१०८६	३०८		१४९६६००
३	सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय	रोजगार सूचना केन्द्र	३०६४	०	०	०	३०६४
४	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	पर्यटन, वाणिज्य तथा उपभोक्ता हकहित संरक्षण निर्देशनालय	८७९००	४८७	२००		८८५८७
		वन तथा वातावरण मन्त्रालयतर्फ	७९५७८	१९	१०७४		८०६७१
५	मुख्य न्यायाधिवक्ताको कार्यालय	मुख्य न्यायाधिवक्ताको कार्यालय	१९२८५	३७	१०१	१०६	१९५२९
		जम्मा	**३९७६०८**	**१६८९९१४**	**७३३४**	**१३८०८४**	**२२३२९४०**
	अन्य संस्थातर्फ						०
क्र.सं.	**निकाय**	**कार्यालयको नाम**				**आय-व्यय**	**जम्मा**
१	गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान	गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान				१९८२३९०	१९८२३९०
२	पोखरा उपत्यका नगर विकास समिति कास्की	पोखरा उपत्यका नगर विकास समिति कास्की				१९५८०५	१९५८०५
		जम्मा	**०**	**०**	**०**	**२१७८१९५**	**२१७८१९५**
		कुल जम्मा	**३९७६०८**	**१६८९९१४**	**७३३४**	**२३१६२७९**	**४४१११३५**

अनुसूची - ३

(प्रतिवेदनको परिच्छेद १ को दफा १.२ सँग सम्बन्धित)

समिति तथा अन्य संस्थाको लेखापरीक्षण विवरण

२०८१।८२

(रु.हजारमा)

क्र.सं.	मन्त्रालय/निकायको नाम	लेखापरीक्षण		प्रतिवेदन		लेखापरीक्षण सम्पन्न रकम	बक्यौता वर्ष
		गर्नुपर्ने	सम्पन्न	अन्तिम	प्रारम्भिक		
१	अस्पताल विकास समितिहरू	१४	१३	१३	१३	३३९०३७३	-
२	प्रतिष्ठानहरू	५	४	४	४	५२२८५६	-
३	तालसंरक्षण तथा प्राधिकरण	१	१	१	१	२३०८८	-
४	त्रिवेणी क्षेत्र विकास समिति	१	१	१	१	२०५००	-
५	प्रदेश खेलकुद परिषद्	१	१	१	१	१५४०६९	-
६	नगर विकास कोषहरू	३	१	१	१	२०५६९	
जम्मा		**२५**	**२१**	**२१**	**२१**	**४१३१४५५**	-

अनुसूची - ४

प्रतिवेदनको परिच्छेद १ को दफा १.२ सँग सम्बन्धित

आय-व्यय हिसाब तयार गर्ने अन्य संस्था तथा समितिका लेखापरीक्षण रकम बेरुजु र सञ्चालन नतिजा

२०८१।८२

(रु.हजारमा)

क.सं.	संस्थाको नाम	जिल्ला	लेखापरीक्षण गर्नुपर्ने आर्थिक वर्ष	लेखापरीक्षण रकम	बेरुजू रकम	लेखापरीक्षण भएको अन्तिम वर्षको संचालन नतिजा										यो वर्षको बचत	वर्षान्तको मौज्दात
						वर्षको शुरु मौज्दात	आय				व्यय						
							बिक्री/सेवा शुल्क	अनुदान	अन्य आय	जम्मा	प्रत्यक्ष खर्च	सञ्चालन खर्च	कर्मचारी खर्च	अन्य खर्च	जम्मा खर्च		
१	**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश**			**४३३७७**	**६५४**	**०**	**०**	**२१६८९**	**०**	**२१६८९**	**०**	**३५३८**	**६३४५**	**११८०६**	**२१६८८**	**०**	**०**
१.१	गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान	कास्की	२०८१।८२	४३३७७	६५४	०	०	२१६८९	०	**२१६८९**	०	३५३८	६३४५	११८०६	२१६८८	०	०
२	**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**			**२३०८८**	**०**	**०**	**०**	**११५४४**	**०**	**११५४४**	**०**	**०**	**०**	**११५४४**	**११५४४**	**०**	**०**
२.१	ताल संरक्षण तथा विकास प्राधिकरण	कास्की	२०८१।८२	२३०८८	०	०		११५४४		**११५४४**				११५४४	११५४४		
३	**सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश**			**४०६४९९०**	**८७२८४**	**१६३३९३**	**६३७६५०**	**११४८७६२**	**२७८०७२**	**२०६४४८४**	**५४८९३२**	**५७९२४४**	**४९१०६६**	**३८९२६२**	**२०००५०६**	**६३९८२**	**२२७३७४**
३.१	धौलागिरी प्रादेशिक अस्पताल	बागलुङ	२०८१।८२	३२४१६६	८५	६३७२	४६८६५	०	१२०४०६	**१६७२७१**	५४१८०	७८१६	४७२९९	४७५९९	१५६८९५	१०३७६	१६७४८
३.२	प्रदेश अस्पताल, कुश्मा	पर्वत	२०८१।८२	२६३८६८	८५३	३३३०	२४८७३	१०२५६८	३५०९	**१३०९५०**	२०४४६	५७४५९	५५०१३	०	१३२९१८	-१९६७	१३६४
